# गढवा गाउँपालिकाको आवधिक योजनाको विस्तृत प्रतिवेदन

## आ. व.: २०७८/२०७९ - २०८२/२०८३



## गढवा गाउँ कार्यपालिकाको कार्यालय

देउखुरी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## असार, २०७८





## विषय सूची


**अध्याय १: परिचय ..... १**

१.१. पृष्ठभूमि ..... १

१.२ गाँउपालिकाको संक्षिप्त परिचय ..... २

१.३ योजनाको औचित्य ..... ३

१.४ योजना निर्माणको उद्देश्य ..... ३

१.५ योजनावद्ध विकासको राष्ट्रिय र स्थानीय परिवेश ..... ४

१.६ रणनीतिक योजना परिचय ..... ६

१.७ योजना निर्माणका आधारहरु ..... ७

१.८ आवधिक योजना तर्जुमा विधि र पक्रिया ..... १०

१.९ सिमा ..... १५

**अध्याय २. स्थिति नक्सांकन ..... १६**

२.१ गाँउपालिकाको विकास सूचक तथा लक्ष्यहरु ..... १६

२.२ गाँउपालिका विकासका सम्भावना र समस्याहरुको विश्लेषण ..... २०

२.३ गाँउपालिकाको अवसर तथा चुनौतिहरु ..... ३२

**अध्याय ३: सोच, लक्ष्य, रणनीति तथा कार्यनीतिहरु ..... ४०**

३.१ गाँउपालिकाको दीर्घकालीन सोच ..... ४०

३.२ गाँउपालिकाको आवधिक लक्ष्य तथा उद्देश्य ..... ४०

३.३ गाँउपालिकाको प्रमुख रणनीति ..... ४१

३.४ गाँउपालिकाको कार्यनीति तथा प्रमुख कार्यक्रम (प्राथमिकता क्षेत्र) हरु ..... ४३

**अध्याय ४ : क्षेत्रगत योजना ..... ५६**

४.१ आर्थिक विकास ..... ५६

४.२ सामाजिक विकास ..... ७९

४.३ पूर्वाधार विकास ..... १००

४.४ वन, वातावरण तथा विपद व्यवस्थापन ..... ११३

४.५ न्याय, सुशासन तथा संस्थागत विकास ..... ११८

**अध्याय ५: वित्तीय व्यवस्थापन ..... १२४**

५.१ कानुनी आधार ..... १२४

५.२ श्रोत अनुमानका क्षेत्रहरु ..... १२४

५.३ वृद्धिदर अनुमानको आधार ..... १२५

५.४ गाँउपालिकाको कुल आवधिक आम्दानी अनुमान ..... १२६

५.६ योजनाहरुको प्राथमिकी करणका आधार ..... १२९

५.७ वित्तीय व्यवस्थापन तथा बजेट परिचालन ..... १५८

**अध्याय ६: लैंगिक समानता तथा सामाजिक समावेशीकरण ..... १५९**

६.१ गढवा गाँउपालिकामा लै.स.सा.स को अवस्था ..... १५९

६.२ प्रमुख कार्यक्रमहरु ..... १५९

६.३ समानता तथा समावेशीकरणका क्षेत्र र कार्यान्वयन रणनीतिहरु ..... १६०

**अध्याय ७ : सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन ..... १६२**

७.१.सेवा प्रवाह तथा संस्थागत विकास ..... १६२

७.२ गाँउपालिकाको सँगठन सेवा प्रवाह तथा सदाचारिता ..... १६३

७.३ सरोकारवाला तथा भूमिका विश्लेषण ..... १६३

७.४ सुशासन तथा पारदर्शिता ..... १७४

**अध्याय ८: योजना, अनुगमन, मूल्यांकन तथा अभिलेख व्यवस्थापन ..... १७७**

८.१ योजना प्रक्रिया ..... १७७

८.२ कार्यान्वयन प्रक्रिया ..... १७८

८.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया ..... १७८

८.४ अभिलेख व्यवस्थापन ..... १८१

८.५ अनुसन्धान र विकास ..... १८१

**अनुसूची १: रोजगारी तथा आय आर्जनका क्षेत्रगत रुपमा लागि सम्भाव्य क्षेत्रहरु ..... १८२**

**अनुसूची २: पर्यटन पवर्द्धनका प्याकेजहरु ..... १८३**

**अनुसुची ३: गढवा गाँउपालिका शिक्षा शाखाको सोच पत्र २०७८ ..... १८५**

**अनुसुची ४: गढवा गाँउपालिका स्वास्थ्य शाखाको सोचपत्र ..... १९१**

**अनुसुची ५: गा. पा. को विभिन्न हावापानी र भुगोल अनुसारको भु उपयोग सोचपत्र ..... १९८**

**अनुसूची ६: एकीकृत बस्ती विकास योजना अवधारणा ..... २००**

**सर्न्दभ सामाग्री ..... २०१**

# मन्तव्य

नेपालको संविधान २०७२ जारी भएपश्चात करिब २० वर्षपछी सम्पन्न स्थानीय तहको निर्वाचनबाट चुनिएर आएका जनप्रतिनिधिहरुको नेतृत्वमा  गढवा गाउँपालिकाले आफ्नो स्थानीय सरकार पाएको छ । “समृद्ध नेपाल, सुखी नेपाली” राष्ट्रिय नारा सफल पार्नको लागि स्थानीय स्तरबाटै पहल गर्नुपर्ने हुन्छ । संविधानले स्थानीय तहहरुलाई आफ्ना सम्भावना र चुनौतीहरुलाई पहिचान गरी स्थानीय गाँउ ठाउँलाई उपयुक्त हुने खालका विकास योजनाहरु समावेश गरी स्थानीय तहको आवधिक विकास योजना बनाएर लागु गर्नसक्ने अधिकार दिएको छ ।

विश्व नै विकासको बाटोमा तिब्र गतिमा हिडिरहेको समयमा हाम्रो समाजमा सामाजिक, सांस्कृतिक तथा आर्थिक विषमता चुनौतिपूर्ण छ । परम्परागत कृषि प्रणाली, वर्षेनी डुबान तथा कटानको समस्या, कुपोषण, नयाँ संक्रामक रोग र महामारी, सामाजिक तथा लैंगिक विभेद एवं निरपेक्ष गरिबी हाम्रा प्रमुख चुनौतीहरु हुन्  । तसर्थ, दिगो विकास र सुशासनद्वारा समृद्धि हाँसिल गर्नु तथा समृद्धिलाई सामाजिक न्याय र समानताको जगमा उभ्याई वातावरणीय सुरक्षा र गाउँ बासीहरुको सुख सुनिश्चित गर्नु हाम्रो दायित्व हो ।

समाजप्रतिको दायित्व पुरा गर्ने एउटा महत्वपूर्ण कार्य स्वरुप “**कृषि, पर्यटन र पूर्वाधारः गढवा गाँउपालिकाको समृद्धिको आधार**” दिर्घकालिन सोचका साथ गढवा गाउँपालिकाको यो प्रथम आवधिक योजना तयार गरिएको छ । यस योजनामा भौतिक पूर्वाधार, पर्यटन, वातावरण संरक्षण, व्यवसायिक कृषि, साना उद्योग लगायत शिक्षा, स्वास्थ्य, लैंगिक समानता, गरिबी निवारण, बालबालिकाको क्षमता विकास तथा सुशासनका क्षेत्रमा उल्लेख्य उपलब्धी हाँसिल गर्ने दिर्घकालिन लक्ष्य लिईएको छ । आवधिक गाउँ विकास योजनाको दस्तावेज बनाएर मात्रै पुग्दैन र यो आफै कार्यान्वयन हुने योजना पनि होइन । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजनाको लागि वार्षिक योजनामा रुपान्तरण गर्नुपर्ने हुन्छ ।  योजना कार्यान्वयनको लागि सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र र विकास साझेदार लगायतका सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहने विश्वास लिएको छु ।

अन्त्यमा, आवधिक योजना बनाउने क्रममा मत्वपूर्ण भूमिका खेल्नु भएका गाउँ उपप्रमुख, विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु, वडाध्यक्ष ज्यूहरु, वडा कार्यालय, विद्यालय, महिला संजाल, बालबालिका,  सामाजिक परिचालकहरु, विभिन्न संस्थाका कर्मचारीहरु, लक्षित वर्गका सदस्यहरु, सम्पूर्ण गाउँ वासीहरु तथा यस विकास योजनालाई यो रुप दिन सहयोग गर्नु भएका परामर्शदाता श्री **प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.** लाई धन्यवाद दिन चाहन्छु । योजनाले परिलक्षित गरेको विकास कार्यक्रमहरुको सफल कार्यान्वयन गर्न हामी सबैको सक्रियता र जिम्मेवारी रहनेमा विश्वस्त छु ।

.........................

**अध्यक्ष**

**सहजराम आहिर**

# मन्तव्य

सामाजिक, भौतिक तथा आर्थिक लगायत समग्र विकासलाई लेखाजोखा गर्न तथा उचित प्रतिफल प्राप्त गर्न व्यवस्थित र वैज्ञानिक योजनाको आवश्यकता हुन्छ । नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई आफ्नो योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । वार्षिक योजनाहरु नियमित रुपमा तयार भई कार्यान्वयन भइरहेता पनि गढवा गाउँपालिकाको आवधिक विकास योजना भने यो नै पहिलो हो । दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजनापद्धतिको आवश्यकता पर्ने हुनाले यस गढवा गाउँपालिकाको आवधिक विकास योजना तयार गरिएको छ ।

गाउँपालिकाको दिर्घकालीन सोच **"कृषि, पर्यटन र पूर्वाधारः गढवा गाँउपालिकाको समृद्धिको आधार"** तय गरिएको छ । प्रशस्त वनजंगल र कृषि क्षेत्रले भरिपूर्ण  यस गढवा गाउँपालिकामा व्यवसायीक कृषि तथा पशुपालन, पर्यटन तथा भौतिक क्षेत्रको विकासबाट  आर्थिक विकासको सम्भावना प्रबल रहेको छ। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय नारा तथा परिकल्पनालाई सार्थक बनाउनका लागि सहयोगी हुने गरी यस गढवा गाउँपालिकाको आवधिक विकास योजना तयार भएको छ ।

योजना तर्जुमा गर्दा स्थानीय रुपमा सम्भावना भएका कृषि, पशुपालन, घरेलु उद्योग, सिँचाई, वातावरण संरक्षण, महिला सशक्तिकरण, बालअधिकार संरक्षण लगायतकाका क्षेत्रमा विशेष जोड दिइएको छ । यसै गरी शिक्षा, स्वास्थ्यको गुणस्तर सुधार तथा स्वरोजगारी सृजना गरी गाउँबासीहरुको जीवनस्तर उकास्न योजन परिलक्षित छ ।

आ-आफ्नो महत्वपूर्ण समय दिएर यस योजनालाई मुर्त रुप दिन सहयोग गर्नुहुने गाउँपालिका प्रमुख ज्यू, वडाध्यक्ष ज्यूहरु, सम्पूर्ण शाखागत कर्मचारी ज्यूहरु, वडा कार्यालय, महिला संजाल, बालबालिका, विद्यालय,  सरोकारवालाहरु लगायत परामर्शदाता **प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.** लाई हार्दिक धन्यवाद व्यक्त गर्दै योजना कार्यावन्ययनमा समेत सहयोग रहने विश्वास लिएको छु ।

............................

उपाध्यक्ष

शान्ति चौधरी

# मन्तव्य

नेपालको संविधान २०७२ को अनुसुचि ८ मा उल्लेखित २२ ओटा अधिकारको प्रायोगको लागि स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई स्थानीय सरकार संचालनको लागि प्रशस्त मार्गदर्शन गरेको छ । स्थानीय तहलाई प्राप्त अधिकार एवं स्थानीय सरकार संचालन ऐन सहित संघीय सरकारका नीतिगत दस्तावेज, कार्यक्रम, प्रादेशिक नीति तथा कानुनहरु बमोजिम स्थानीय तहले पुरा गर्नुपर्ने योजना तर्जुमा सम्बन्धी जिम्मेवारी र अधिकारलाई मनन गरी गढवा गाउँपालिकाको आवधिक गाउँ विकास योजना तयार गरिएको छ ।
प्रशस्त वनजंगल र कृषि क्षेत्रले भरिपूर्ण यस गढवा गाउँपालिकामा व्यवसायीक कृषि तथा पशुपालन, पर्यटन तथा भौतिक पूर्वाधारको विकासबाट आर्थिक विकासको सम्भावना प्रबल छ । सोही तथ्यलाई मध्यनजर गर्दै यस गाउँपालिकाको दिर्घकालीन सोच **“कृषि, पर्यटन र पूर्वाधारः गढवा गाँउपालिकाको समृद्धिको आधार”** तय गरिएको छ ।

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजनापद्धतिको आवश्यकता पर्दछ । स्थानीय तहको योजना स्थानीयस्तरको आवश्यकता परिपूर्तीमार्फत जनताको आवश्यकता पुरा गर्न सक्ने व्यवहारिक खालको हुनुपर्दछ । योजनालाई व्यवहारिक बनाउनका लागि गाउँपालिकाका विषयगत शाखाका कर्मचारी, विज्ञ टोलीको संलग्नता सहित प्रतिनिधिमुलक रुपमा जनताको सहभागितामुलक विधिबाट आवधिक योजना तर्जुमा गरिएको छ ।

गढवा गाउँपालिकाको पहिलो आवधिक योजना (पञ्च वर्षिय) का लागि सुरुवातको चरण देखि गढवा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनीधिहरु, कर्मचारीहरु, स्थानिय संघ संस्था, कृषि तथा अन्य सहकारीहरु, टोल विकास संस्थाहरु, बालबालिका तथा किशोर किशोरीहरु, गैर सरकारी संस्था र अन्य स्थानिय सरोकारवाला निकायहरुले सहकार्य र सहजीकरणमा महत्वपूर्ण भूमिका खेल्नु भएकोमा मेरो व्यक्तिगत तर्फ बाट धन्यवाद दिन चाहन्छु । साथै यस आवधिक योजनालाई मूर्त रुप दिन परामर्शदाताको रुपमा **प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.** मार्फत सहयोग पुऱ्याउने विषय विज्ञ टोलीहरुलाई समेत धन्यवाद दिन चाहन्छु । यस आवधिक योजनाले परिलक्षित गरेको विकास कार्यक्रमहरुको सफल कार्यान्वयन हुने कुरामा हामी विश्वस्त छौं ।

प्रमुख प्रशासकीय अधिकृत
लाल बहादुर योगी

# अध्याय १: परिचय

## १.१. पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको थालनी वि.सं. २०१३ मा प्रथम पञ्चवर्षीय योजनाबाट भएको थियो ,जसको शुरुवात भएको पनि ६ दशक भइसकेको छ । हाल राष्ट्रिय स्तरमा पन्ध्रौ आवधिक विकास योजना तर्जुमा भई कार्यन्वयन भइरहेको छ । योजनावद्ध विकास प्रक्रियाको अवलम्बन गरेमा मात्र व्यवस्थित, सन्तुलित, जनमुखी एवं प्रभावकारी दिगो विकास हुन सक्छ । नेपालको संविधानले लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही सुशासन, विकास र समृद्धि हाँसिल गर्ने राष्ट्रिय कार्यसूची निर्धारण गरेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्ने व्यवस्था छ । नेपाल सकारले स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि योजना बनाई लागू गर्नुपर्ने जिम्मेवारी सुम्पिएको छ । सोही अनुरुप  स्थानीय सरकारलाई आफ्नो योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” ले गाँउपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना स्थानीय स्तरमै बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यसरी स्थानीय तहको योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । स्थानीय तहले संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माण गर्नुपर्ने हुन्छ । यसैगरी सुशासन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यानमा राखेर योजना बनाउनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएको छ । यसका साथै योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको छ । स्थानीय तहले कार्यसञ्चालनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग गरी प्रभावकारी सेवा प्रवाह गर्ने सम्बन्धमा स्पष्ट रुपमा व्यवस्था गरेको छ ।

संविधान प्रद्धत अधिकारको प्रयोग र कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई उक्त ऐनमा स्थानीय सरकारले आफ्ना लागि वार्षिक, आवधिक रणनीतिक योजनाहरु बनाई लागु गर्दै जानुपर्ने प्रावधान अनुरुप यस गढवा गाँउपालिकाको यो नै पहिलो आवधिक योजना हो ।

नयाँ ऐन बमोजिम एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०७८/०७९-२०८२/८३) तर्जुमा गरिएको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि बनाई अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुसार कार्यविधि निर्माण गरी सोही अनुसार यो आवधिक विकास योजना तर्जुमा गरिएको हो । यस योजनाले आगामी ५ वर्षमा गाँउपालिकालाई  कुन दिशामा र कुन अवस्थामा पुऱ्याउने भन्ने लक्ष्य किटान गरी सो लक्ष्य प्राप्तिका लागी श्रोत परिचालनको योजना समेत तय गरेको छ ।

गाँउपालिकाको नतीजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरूको वार्षिक योजना तर्जुमामा यो आवधिक योजना महत्वपूर्ण मार्गदर्शक दस्तावेज सावित हुने विश्वास लिइएको छ ।

## १.२ गाँउपालिकाको संक्षिप्त परिचय

लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लामा अवस्थित गढवा गाउँपालिका साविकको गोवरडिहा, गँगापरस्पुर, कोइलाबास र गढवा गाविसहरुलाई गाभेर बनाइएको हो । दाङ जिल्लाका १० स्थानीय तह मध्ये एक यस गाँउपालिकामा ८ वटा वडाहरु रहेका छन् । यस गाँउपालिका दाङ जिल्लाको प्रमुख दुई उपत्यकाहरु दाङ र देउखुरी मध्य देउखुरी उपत्यकामा अवस्थित छ । पूर्वमा अर्घखाँची र कपिलवस्तु जिल्ला, पश्चिममा राजपुर गाँउपालिका, उत्तरमा लमही नगरपालिका र राप्ति गाँउपालिका तथा दक्षिणमा भारतको सिमाना रहेको छ । विश्व मानचित्रमा ८२$^{0}$२८'0"देखी ८२$^{0}$४८'५०" सम्म पूर्वी देशान्तर र २७$^{0}$४१'५०" देखि २७$^{0}$५०'२०" उत्तरी अक्षांशसम्म अवस्थित यो गाँउपालिका समुन्द्र सतहदेखि करिब १९५ मिटर देखी ८८५ मिटर सम्मको उचाइमा छ । दाङ जिल्लाको दक्षिण पूर्व भागमा पर्ने ३५८.५७ वर्ग किलोमिटर (श्रोतः संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय) क्षेत्रफल भएको गाँउपालिका हो । खुला दिसामुक्त र पूर्ण खोपयूक्त यस गाँउपालिकाको चारैतिर खेतीयोग्य जमीन रहेको छ । २०६८ को जनगणनाअनुसार यस गाँउपालिकाको जनसंख्या ३८,५९२ रहेको छ जसमध्ये महिलाको जनसंख्या २०,१०३ (५२.०९ प्रतिशत)र पुरुषको जनसंख्या १८,४८९ (४७.९१ प्रतिशत) रहेको छ । त्यसैगरी जनगणनाअनुसार सबैभन्दा बढी थारु जाति १७,५६३ जना (४५.५१%), दोस्रोमा क्षेत्री ३,४५५ (८.९५%) र तेस्रोमा मगर ३,२२४ (८.३५%) हरूको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतहरूमा व्यापार, व्यवसाय, नोकरी, साना तथा मझौला उद्योगहरू र विकल्पको रूपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको उत्तम विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाँउपालिकामा आधारभूतदेखि माध्यमिकतहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूरहेका छन् । गुणस्तरीय र प्राविधिक उच्च शिक्षाको लागि यस गाँउपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाँउपालिकाबाट समेत आउने गरेका छन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाँउपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ ।दशैं, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

यस गाँउपालिकाको दक्षिणी भागमा अवस्थित चुरे पहाड तथा गाँउपालिकाको बिचमा रहेको खहरे खोलाका कारण यहाँ अवस्थित चुरे पर्वतमाला र वनजंगलको कारणले नै यो गाँउपालिका सुन्दर र मिलेको देखिन्छ । यहाँको अधिकांश जमिन वलौटे कंकड र केही स्थानमा चिम्टाइलो प्रकारको माटो पाइन्छ । यहां मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहुं, मकै, मास, मसुरो, रहर, आलस, तोरी, केराउ, भटमास, उखु, कपास,सनपाट, आलु आदि हुन । आजभोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हाँस, कुखुरा पालन गरिदै

आएको छ । हुलाकी राजमार्ग यस गाँउपालिकाको वडा नं. ८ बाहेक सबै वडा भएर जाने र महेन्द्र राजमार्गसँगको करीब ८ कि.मि. दुरी र कपिलवस्तु जिल्लासँगको पहुँच भएकाले उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय बजारहरु (गढवा, गोबरडिहा, गँगापरस्पुर, कालाकाँटे आदि), लमही र कपिलवस्तुमा बेचबिखन गरिन्छ । जलवायुको हिसाबले गढवा गाँउपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि भाद्रसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम अधिकतम ३४.९ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम ४.८ डिग्री सेल्सियससम्म पुग्न जान्छ ।

## १.३ योजनाको औचित्य

नेपालमा विगतमा स्थानिय निकायको विकासका निम्ति धेरै प्रयासहरु भए र विभिन्न मोडलबाट गाँउका आवधिक योजनाहरु बने । योजनाहरु त बने तर नगण्य मात्र कार्यान्वयन भएका देखिन्छन् । कार्यान्वयन नहुनुको मुख्य कारण मध्ये योजना तर्जुमा गर्ने पद्धति हो । धेरैजसो योजनाहरु बाहिरी सहयोगमा गाँउ बाहिरका सिमीत समयको लागि आउने परामर्शदाताहरुबाट द्धितिय श्रोतका तथ्याङ्कमा आधारित रहेर बनाइने चलन छ । जसले गर्दा स्थानीय स्तरमा नै खास समस्या के हो र स्थानिय स्तरमा त्यसको उपयुक्त समाधान कसरी हुन सक्ला भनेर योजनाले समेट्न सकेन र योजना पनि खासै कार्यान्वयन हुन सकेन । उक्त कुरालाई मनन गर्दै यस रणनीतिक योजनामा गढवा गाँउपालिकाको आफ्नै श्रोत साधनमा गाँउ गाँउ भित्रबाट उत्पादित जनशक्तिहरुको अग्रसरता तथा कार्यपालिकाका सदस्यहरुको अगुवाइमा वडा तथा वस्तीस्तर सम्म गई योजना तयारी गर्ने जमर्को गरिएको छ भने स्थानिय जनसमुदायले बुझ्ने सरल भाषा, ईकाई तथा मापदण्डहरु राख्ने प्रयास गरिएको छ । यस योजना अन्तर्गत दीर्घकालीन रुपमा गाँउलाई कतातर्फ लैजाने हो र नगरउन्मुख कसरी बनाउने भनी एउटा निश्चित सोच बनाई गाँउका प्रमुख समस्यालाई सम्बोधन हुने गरी ५ वर्षको आवधिक योजना बनाइएको छ । यसको अलावा विगतमा तयार भएका भएका योजनाहरु धेरैजसो भौतिक पूर्वाधारमा केन्द्रित थिए । शिक्षा, स्वास्थ्य, आर्थिक समृद्धि आदि जस्ता सामाजिक र आर्थिक पक्षहरुलाई ती योजनाहरुले तुलनात्मक रुपमा कम समेटेको देखिंन्थ्यो । यिनै कमजोरीहरुलाई समेटेर यस गाउँपालिकाको पहिलो आवधिक विकास रणनीतिक योजनाले भौतिक मात्र नभई सामाजिक, आर्थिक, वित्तिय तथा संस्थागत जस्ता विकासका निम्ति अत्यावश्यक विषयबस्तुलाई पनि समेट्ने प्रयास गरिएको छ ।

## १.४ योजना निर्माणको उद्देश्य

आवधिक योजनाको प्रमुख उद्देश्य स्थानीय तहको आर्थिक, सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो । योजना कार्यान्वयनबाट योजना अवधिमा स्थानीय तहको आर्थिक, सामाजिक साथै वातावरणीय पक्षमा समेत सुधार हुनु आवश्यक हुन्छ । नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक, सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्न आवश्यक छ ।

गाँउपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, समुदायमा आधारित संस्था, नीजि क्षेत्र तथा गाँउबासीहरू लाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाँउ विकास योजनाको उद्देश्य हो । योजनाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन् ।

- भौतिक, सामाजिक, वातावरणीय व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास एवं गाँउपालिकाको सर्वाङ्गिण विकासको उद्देश्य र तदनुरुपका लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकारवालाहरु (Stakeholders) को पहिचानलाई समेत समेटी योजना तयार गर्नु ।
- गाँउपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको विश्लेषण गरी स्थानीय सरकारको मूल्य तथा स्थानीय आवश्यकता तथा सहभागितात्मक छलफलका आधारमा गाँउपालिकाको विकासको खाका कोर्ने,
- गाँउपालिकाको नेतृत्वमा एकीकृत, नतीजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवाला लाई एकै थलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने,
- गाँउ विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- गाँउ विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतीजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरू तय गर्ने,
- गाँउ विकासको अनुगमन तथा मुल्यांकनको खाका तय गर्ने

### १.५ योजनावद्ध विकासको राष्ट्रिय र स्थानीय परिवेश

वि.सं. २०१३ सालबाट शुरु भएको नेपालको योजनाबद्ध विकास प्रक्रियाको छ दशक पुरा भैसकेको छ । यसबीचमा देशले तीस वर्षे पञ्चालयतकाल, सोह्र वर्षे प्रजातान्त्रिक काल र बाह्र वर्षे गणतान्त्रिक काल पुरा भइ संघीय शासन लागु भएको भर्खर चौथो वर्ष पार भएको छ । गणतान्त्रिक व्यवस्था आउनुअघि देशले एक दशक लामो द्वन्द्वसहित तीन वर्ष लामो संकटकाल पनि भोगेको थियो । गणतन्त्रको घोषणापछि पनि संघीय शासन लागु हुन फेरि एक दशक लाग्यो । विकासको संघर्षपूर्ण यो यात्राले देशलाई धेरै सवालहरुको पाठ सिकाइसकेको छ । यसको मूल शिक्षा भनेको समावेशी, समतामूलक र प्रविधियुक्त विकास नै हो । संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र देशले प्रतिवद्धता जनाएको विकासका अन्तरराष्ट्रिय आधारहरु दिगो विकासका लक्ष्यसमेतलाई मध्यनजरमा राखी प्रस्तुत आवधिक योजना तयार गरिएको छ । विद्यमान सन्दर्भमा विकासको राष्ट्रिय प्राथमिकता सामाजिक न्यायसहितको आर्थिक समृद्धि हो र नेपालले अन्तरराष्ट्रिय प्रतिवद्धता जनाएअनुसार संयुक्त राष्ट्रसंघले अवलम्बन गरेको दिगो विकास लक्ष्य २०३० बमोजिम नेपालले आफ्नो योजनामा १७ वटा विकास क्षेत्रका सूचकहरु अंगीकार गरेको छ । ती समेतलाई आधार लिइ संघीय सरकाले तय गरेका विकास प्राथमिकता तथा रणनीति र आवधिक लक्ष्यहरुलाई आधार मानी गाँउपालिकाले आफ्नो गाउक्षेत्रको विकासको आवधिक विकासको खाका तयार गरेको छ ।

नेपालको संविधान २०७२ को धारा ५७ (४) ले स्थानीय सरकारलाई राज्यशक्तिको प्रयोग गर्ने ठोस अधिकारहरु प्रदान गरेको छ । यस अन्तर्गत स्थानीय सरकारले विकासका लागि गर्नुपर्ने कामहरुको दायरा धेरै विस्तार भएको छ । यसका साथै स्थानीय सरकार, प्रदेश र संघबीचका अधिकारहरुको बाँडफाड पनि गरेको छ । संविधानको भाग १७, १८ र १९ले स्थानीय कार्यपालिका, व्यवस्थापिका र आर्थिक कार्यप्रणालीको व्यवस्था गरी स्थानीय सरकारको कार्यव्यवथालाई निर्देशित गरेको छ । स्थानीय तह एक त्यस्तो स्थानिय सरकार हो जसमा भौगोलिक एकाईको रुपमा गाँउ तथा गाँउपालिका, स्थानीय कार्यकारी संयन्त्रको रुपमा गाँउकार्यपालिका र स्थानीय व्यवस्थापकीय संयन्त्रको रुपमा गाँउपालिका सभा रहन्छ । साथै गाँउपालिका र गाँउ कार्यपालिकाहरुबीच समन्वय कायम गर्न जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था रहेको छ । मूलतः स्थानीय तहका अधिकार र माथिल्लो तहका अधिकार तथा जिम्मेवारीसम्बन्धी योजनासमेत सम्बोधन हुने गरी यो रणनीतिक योजना तयार गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नु पर्ने उल्लेख गरेको छः

- योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरूको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाँउपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक नीजि साझेदारीमा सम्भाव्य आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरूको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग कार्य गर्नु पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र समन्वयमा कार्य गर्नुपर्ने

## १.६ रणनीतिक योजना परिचय

यो रणनीतिक योजना गाँउपालिकाको हालको अवस्था तथा गाँउ विकासको भावी गन्तव्यको दृष्टान्त दिने एउटा सोच पत्र हो र यसले वर्तमान अवस्था र भविष्यमा देख्न चाहेको अवस्थाको बीचको खाडल (Gap) पहिल्याउँदै समृद्ध गढवाको चाहना पुरा गर्न लिनु पर्ने नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरुको कार्यदिशा दिने प्रयास गरेको छ । माथिको उद्देश्य खण्डमा भनीए झै यो रणनीतिक योजना ५ वर्षे मध्यकालिन आवधिक योजना नै हो । यो योजना निर्माणको समयमा नेपालमा वित्तिय व्यवस्थापन, सांगठानिक र प्रशासनिक पुर्नसंरचनाले पुर्णता पाई नसकी आन्तरिम व्यवस्थापन अनुसार परिचालित हुन पर्ने अवस्था रहेको सन्दर्भमा संविधानको अनुसूचि बमोजिमका अधिकारहरुको बाँडफाड, वृस्तृतिकरण प्रतिवेदन तथा स्थानिय सरकार सञ्चालन ऐनले दिएका दायित्वहरु पुरा गर्ने तथा गाँउपालिकालाई समृद्धि तर्फ डोऱ्याउने उपायहरुको सँगालोको रुपमा यो रणनीतिक योजना तयार पारिएको छ ।

गाँउको विकासका लागि लामो समयदेखि प्रतिक्षारत जनताका अनेकौं ईच्छा, आकांक्षा र मागहरु तथा सार्वजनिक महत्वका कार्यहरु धेरै रहेको तर त्यसको व्यवस्थापनका लागि थुप्रै व्यवस्थापकिय चुनौतीहरु रहेका छन् । भर्खरै स्थापना भएको गाँउपालिकामा गाँउपालिकाको भौगोलिक क्षेत्र, अधिकार क्षेत्र, गाँउपालिकाको सांगठानिक स्वरुप, प्रशासनिक संयन्त्र तथा नेतृत्व लगायतका धेरै संरचनाहरु निर्माणाधिन रहेको अवस्थमा ती मागहरु व्यवस्थित सम्बोधनका लागि गाँउ कार्यपालिकाले एउटा जननिर्वाचित स्थानिय सरकारको हैसियतमा दीर्घकालीन ढाँचाको तर्कबद्ध योजनाको आवश्यक्ता महसुस गरेको र यस्तो योजना गाँउको कानुनी दायित्व पनि भएकोले सो अनुसारको रणनीतिक योजना तयार गर्ने निर्णयअनुसार यो रणनीतिक योजना तयार भएको हो । प्रस्तुत योजनाले गाँउपालिकाको विद्यमान वस्तुस्थितिको आधारमा आगामी पाँच वर्षको विकास मागर्दशन अवलम्बन गरेको छ । यो रणनीतिक योजनामा चार खण्डहरु रहेको छ पहिलो खण्डमा गाँउपालिका वस्तुगत विवरण, दोश्रोमा स्रोत नक्साहरुको सँगालो, तेश्रोमा रणनीतिक योजना र चौथौमा बजेट कार्यक्रम (कार्ययोजना) रहेको छ । गाँउको वस्तुगत विवरण तयारीका लागि घरधुरी सर्वेक्षण, स्रोत सर्वेक्षण तथा नक्सांकन, विभिन्न सरकारी निकायहरुबाट प्रकाशित तथा सँग्रहित स्रोत सामग्रीको प्रयोग गरिएको र योजना तर्जुमा तर्फ वस्ती, वडा, विषयगत कार्यालय तथा गाँउपालिकाको विषयगत समितिहरुबीच श्रृंखलावद्ध छलफल गरी अन्तमा गाँउ कार्यपालिका स्तरीय बैठकबाट पारित गरिएको हो । यो रणनीतिक योजनाले गाँउको दिगो विकासका लागि मूलतः समावेशी, समतामूलक र प्रविधियुक्त विकास अवलम्बन गर्ने अवधारणा लिएको छ । जस अन्तर्गत विकासमा सबै वर्ग, पेशा, भूगोल, जाति, लिंग, अवस्थाका व्यक्तिहरुको सहभागिता र पहुँच वृद्धि गर्ने तथा प्रविधितर्फ विशेषतः कृषि, पुर्वाधार, खानेपानी र सूचना प्रविधिको पहुँच वृद्धि गर्ने अवधारणा रहेको छ । प्रस्तुत योजनाको अवधि आ.व. २०७८/०७९ देखि २०८२/०८३ सम्म पाँच वर्षको रहेको छ ।

### १.७ योजना निर्माणका आधारहरु

यस रणनीतिक योजना निर्माणको सन्दर्भमा विभिन्न कानुनी तथा नीतिगत आधारहरु,नेपाल पक्ष रहेका अन्तराष्ट्रिय महासन्धि, सम्झौताहरु एवं राज्यका दायित्वहरुलाई आधार लिइएका छन् । ति आधारहरुको संक्षिप्त विवरण यस उपखण्डमा गरिएको छ ।




प्रकृति र संस्कृति समाजका पहिचान हुन्, जहाँ मानविय शिल्पी हातको सकारात्मक, कलात्मक र सिर्जनात्मक प्रयोगले दुरगामी योजना निर्माणमा योगदान गर्ने गर्छ । प्रकृति पद्धत्त श्रोत साधनहरु निशुल्क प्राप्त सामाजिक सम्पत्ति हुन । संस्कृति परापुर्वकाल देखि समाज र मानवलाई अनुशासन, कर्तव्य, जिम्मेवारी र संस्कारमा डोहोर्‍याउन बनाईएको अलिखित तथा अव्यक्त कानुन हो । प्रकृति र संस्कृतिका सकारात्मक र सुन्दर पक्षहरुको कलात्मक प्रयोगले सम्बन्धित क्षेत्रको पहिचानलाई उजागर गर्न सहयोग पुर्‍याउँछ । पहिचान समाजको मार्गदर्शक हो जसका आधारमा गरिएको विकासमा सामाजिक अपनत्वको भाव झल्कन्छ ।

सामाजिक तथा आर्थिक विकास सँगसँगै जोडिएर आउने अर्को विषयवस्तु भनेको द्वन्द्व हो । विकास सबैको आवश्यकता हुँदाहूदै पनि सामाजिक अन्तर्यालाई नबुझी गरिएको विकासले द्वन्द्वको अवस्था निम्त्याउन सक्ने सम्भावना पनि उत्तिकै हुन्छ । तसर्थ महत्वपूर्ण पक्ष भनेकै तीन तहका सरकारबीच सहमती, सहकार्य र सहअस्तित्वको सम्बन्ध हो, जुन दीर्घकालीन रुपमा एक आपसमा हुन सक्ने द्वन्द्वको निरुपण गर्दै समतामुलक विकासको बाटो सहायक सिद्ध हुनसक्छ ।

विकासको पूर्व सर्त यसले कुन हदसम्म स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्छ भन्ने कुरामा निर्भर गर्छ । गढवा गाँउपालिका प्रचुर सम्भावना हुँदाहुँदै पनि अपेक्षाकृत रुपमा अघिबढ्न नसकिरहेको गाँउपालिका हो । तसर्थ आवधिक योजनाले ती स्थानीय सम्भावनाहरुको पहिचान र उत्पादनशील प्रयोगमा ध्यान पुर्‍याउनुपर्ने हुन्छ ।

उदारीकरण, नीजिकरण र बजार प्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैबाट निर्देशित नेपाल सरकारको नीतिबाट यो गाँउपालिका अछुतो रहने कुरै भएन । तसर्थ प्रतिस्पर्धी बजार

अर्थतन्त्रको मार्गदर्शक सिद्धान्तका आधारमा प्रस्तावित आवधिक योजना निर्माण गरिएको छ । यसले गढवा गाँउपालिकाको विकार, उत्पादन, उद्यमशीलता, रोजगारी जस्ता विषयवस्तुलाई आन्तरिक बजारको माग र आवश्यकता बमोजिम अघि बढाउन सहयोग गर्नेछ । विशेषत:माथि उल्लेखित चार खम्बे सैद्धान्तिक अवधारणका आधारमा यस गाँउपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

### १.७.१ संवैधानिक तथा कानुनी आधारहरु

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनुसूची ८ बमोजिम हुने व्यवस्था गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले मिति २०७४।६।२९ गते स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरी लागु गरेको आवस्था छ । सो ऐनले गाँउपालिकालाई एकल अधिकार अन्तर्गत २२ वटा, संघ प्रदेश र कानूनको अधिनमा रही ११ वटा र यसका अतिरिक्त सञ्चार र यातायात सेवाको समेत जिम्मेवारी दिएको छ । उक्त ऐनको दफा २४ मा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिक,बार्षिक,रणनीतिक बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास क्षेत्रको योजना बनाई लागू गर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, रणनीतिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ भने नेपाल सरकारको आवधिक योजनाहरु अन्तर्गत चालु पन्ध्रौं योजनाले विभिन्न क्षेत्रगत लक्ष्य र उद्धेश्यहरु तय गरेका छन् । उक्त दिग्दर्शन तथा योजनाहरुलाई समेत नीतिगत आधारको रुपमा लिइएको छ ।

### १.७.२ दिगो विकास लक्ष्य (SDG Goals)

संयुक्त राष्ट्र संघको साधारण सभाले गत सन् २०१५ को सेप्टेम्वर महिनामा सन २०१६ देखि २०३० सम्ममा दिगो विकासका १७ वटा लक्ष्य १६९ वटा उपलक्ष्यहरु र २४४ वटा सुचकहरु पारित गरेको थियो ।त्यस  त्यस लक्ष्यमा नेपालले पनि प्रतिवद्धता जाहेर गरेको छ । यो दिगो विकास लक्ष्य (SDG Goals) नेपाल सरकारको दिर्घकालिन लक्ष्य पनि रहेको सन्दर्भमा वडा तथा वस्ती भेलाबाट रणनीतिक योजना तयारीको खाका निर्माण गर्दा यी लक्ष्यहरुलाइ पनि आधार बनाईएको थियो । यी लक्ष्यहरुलाई तलको चित्रमा देखाइए झैँ मुलतः तीनवटा पक्षहरु (वातावरणिय पक्ष, सामाजिक पक्ष र आर्थिक पक्ष) मा समुहकृतहुने गरी यथासक्य त्यसका सूचकहरुलाई समेत आधार मानी योजना निर्माणमा सहजीकरण गरिएको थियो । नेपाल सरकारको दीर्घकालिन लक्ष्य पुरा गर्ने सन्दर्भमा यस योजनाले सो लक्ष्य पुरा गर्ने सवालमा स्थानिय तहको योजनाको खाका प्रदान गर्ने अपेक्षा गरिएको छ ।




चित्र १: दिगो विकासका लक्ष्यहरु

### १.७.३ लैंगिक तथा सामाजिक समावेशिकरण

गढवा गाँउपालिकाको सन्दर्भमा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूमा मुख्यत: महिला, दलित, आदिवासी जनजाति, सोह्र वर्ष मुनिका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रम बसेका जनताहरु हुन । संविधानले दिएको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८ (३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने र धारा ३८ (५) बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने विषयहरु योजना निर्माणको खाकामा राखी छलफल गराईएको थियो । नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोविकासका लक्ष्यका सुचकहरुलाई योजना निर्माणको आधारको रुपमा लिइएको छ ।

### १.७.४ जलवायु परिवर्तन अनुकुलन

जलवायु परिवर्तनको चुनौति सामना गर्न तथा त्यस्का प्रभावहरु सँग अनुकूलित हुन नेपाल सरकारले जलवायु परिवर्तन नीति २०६७, जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्ययोजना (नापा) २०६७ एवं स्थानीय अनुकूलन कार्ययोजना (लापा) को राष्ट्रिय कार्ययोजनाको संरचना समेत तयार गरी स्थानीय स्तरको अनुकूलनलाई प्राथमिकता दिएको छ । विश्वव्यापी रुपमै जलवायु परिवर्तनले व्यापक चर्चा पाइरहेको वर्तमान सन्दर्भमा यस गाँउपालिकामा समेत जलवायु परिवर्तनका लक्षण तथा प्रभावहरु देखा परेका छन् । जलश्रोत क्षेत्रमा पानी मुहान, सुख्खा खडेरी, उत्पादन क्षेत्रमा कृषि उत्पादन, वन क्षेत्रमा जैविक विविधता, विश्व तापक्रम, प्राकृतिक सौन्दर्यमा असामान्य परिवर्तन भई

प्राकृतिक प्रकोपका घटना बढी रहेका छन् । योजना निर्माणका खाकामा जलवायु परिवर्तन अनुकुलनका यी सवालहरुलाइ आधार बनाइएको छ ।

### १.७.५ बालमैत्री स्थानीय शासन

नेपालको संविधान २०७२ ले बालअधिकार सम्बर्द्धनका धेरै पक्षलाई समावेश गरेको छ । मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हकसम्बन्धी दस वटा उपधारा छन् । जसमा बालबालिकालाई पहिचानसहित नामाकरण र जन्मदर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, बालसहभागिता, जोखिमपूर्ण कार्यमा लगाउन नहुने, बालविवाह, विभिन्न किसिमका दुर्व्यवहार, शारीरिक तथा मानसिक यातना लगायत गैरकानुनी ओसारपसार गर्न नपाइने, असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउनेजस्ता संवैधानिक हकको व्यवस्था छ ।

बालअधिकारको संरक्षण तथा संवर्द्धनका लागि नेपाल सरकारले विगतदेखि शारीरिक तथा मानसिक दण्ड सजाय रोकथाम तथा नियन्त्रण, बालविवाह रोकथाम तथा न्यूनीकरण, बालमैत्री स्थानीय निकाय घोषणा, विद्यालय शान्ति क्षेत्र घोषणा, बालबालिका बेचबिखन तथा ओसारपसार नियन्त्रण, बालश्रम निवारण तथा न्यूनीकरण, सडक बालबालिका मुक्त सडक अभियान, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका उद्दार तथा संरक्षण अभियानजस्ता अभियानलाई विभिन्न तहमा सञ्चालन गर्दै आएको छ । यस्ता अभियानलाई यस योजनामा निरन्तरता दिने र थप पूर्णता प्रदान गर्ने नीति तथा कार्यक्रमहरु समावेश गरिएका छन् ।

## १.८ आवधिक योजना तर्जुमा विधि र पक्रिया




**चित्र २: आवधिक योजना निमार्णका चरणहरु**

### १.८.१ मुख्य विशेषताहरु

**क. सन्दर्भ सामग्रीहरुको अध्ययन**

आवधिक योजना तर्जुमाका लागि गढवा गाँउपालिकासँग सम्बन्धित अभिलेख, तथा उपलब्ध लेख रचना वा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी यस गाँउपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावना विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त गढवा गाँउपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषण साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गत ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, गढवा गाँउपालिका सँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक योजना निर्माण निर्देशिका, गढवा गाँउपालिकाको पार्श्वचित्र, वार्षिक नीति तथा कार्यक्रम तथा अन्य सम्बन्धित स्रोत सामाग्रीहरुको अध्ययन गरियो । यी अध्ययनहरुको आधारमा गढवा गाँउपालिकाले अगिंकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

**ख. आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्विकृती**

योजना तर्जुमाको पहिलो चरण अन्तर्गत गढवा गाँउपालिकाको कार्यपालिका वैठकबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना) २०७५, नेपालको पन्ध्रौ योजना (आ.व. २०७६/०७७-२०८०/०८१) लगायतका दस्तावेजमा उल्लेखित विधि तथा प्रक्रिया अवलम्बन गरी गढवा गाँउपालिकाको आवधिक विकास योजना तर्जुमा गर्ने निर्णय गरेको छ । यस क्रममा गाँउपालिकाले

विशेषगरी प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. तथा अन्य सहयोगी साझेदारहरुको सहयोग तथा सहजीकरणमा आवधिक योजना तर्जुमा गर्ने निर्णय गरेको हो ।

### ग. बहुसरोकारवालाहरु सँग प्रारम्भिक छलफल

तोकिए बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम गढवा गाँउपालिकाको आयोजना तथा प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. को प्राविधिक सहयोगमा वि.सं. २०७७ फागुन ९ गते आवधिक विकास योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी योजना तर्जुमा कार्य औपचारिक रुपमा प्रारम्भ गरियो । प्रारम्भिक चरणमा गाँउपालिकाको सहयोगमा गाँउपालिका स्थित बहुसरोकारवालाहरुसँग आवधिक योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर छलफल गरियो । गाँउपालिकाका सरोकारवाला (निर्वाचित, जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, गैर सरकारी संस्थाहरुका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफल संघिय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुकले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा छलफल भयो । साथै आवधिक योजना निर्माणमा सबै समुदायको सम्मान, समतामुलक तथा समानुपातिक प्रतिनिधित्वका लागि पालिका स्तरीय समितिहरु गठन गरियो । जस अन्तर्गत गा.पा. अध्यक्षको अध्यक्षतामा मुल निर्देशक समितिको गठन निर्माण गरियो भने विषयगत समितिका अध्यक्षहरुको संयोजकत्वमा विषयगत समितिहरु गठन गरियो । यी समितिहरु गठनको मुख्य उद्देश्य भनेको कार्यशालामा आवधिक योजनाको अवधारणा, उद्धेश्य, औचित्य तथा सम्बन्धीत विषयमा अभिमुखीकरण सहित विषयगत विज्ञ तथा विषयगत शाखा प्रमुखहरुको सहजीकरण र समन्वयमा दीर्घकालिन सोच, गाँउ विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, सम्भावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, गाँउ विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गर्नु रहेको थियो ।

### घ. आधार रेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजनाको खाका तयार गर्नुपुर्व गढवा गाँउपालिकाको ८ वटै वडामा गई वडाको वस्तुस्थिति, समस्या, सम्भावना लगायतका विषयमा जानकारी लिने कार्य भएको थियो । साथै आवधिक योजना तर्जुमा कार्यमा सहयोग गर्ने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको गाँउपालिकाको पार्श्वचित्र, वि.सं. २०७५ मा नै तयारी सम्पन्न भइसकेको थियो । वस्तुगत विवरणमा भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुनेगरी तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### ङ. आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी अभिमुखीकरण कार्यक्रम तथा वडास्तरीय तथा लक्षित समूह परामर्शबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिबद्ध गरी २०७७ फागुन १५ र १६ गते दोश्रो चरणको दुई दिने योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । गाँउपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, गाँउ विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाँउ विकासको लक्ष्य, उद्देश्य निर्धारण सहित नतिजा खाकामा ढाल्ने कार्य सम्पन्न गरियो ।

यस क्रममा सबै विषय क्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको छ । यस चरणमा विगतका कार्यशालाहरुबाट प्राप्त उपलब्धी तथा सूचनाहरु समेतको सहयोग मार्फत योजना तर्जुमा भएको छ । गाँउपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाँउपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ वर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरियो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नतिजामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरियो ।

### च. सूचना /तथ्याङ्क प्रशोधन, व्यवस्थापन, विश्लेषण तथा योजना दस्तावेज तयारी

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेज मुख्य चार परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, वस्तुस्थिति विश्लेषण, योजना अवधारणा तथा प्रारुप र कार्यान्वयन योजना रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा नेपालको पन्ध्रौ योजना (आ.व.२०७६/०७७-२०८०/०८१), गाँउपालिकाको विगतका योजना, साविकका गाविसहरुका एकीकृत तथा विषय क्षेत्रगत योजनाहरुलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषय विज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सबै विषय एवं प्राविधिक पक्षहरुलाई तार्किक र वस्तुनिष्ठ रुपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ । पहिलो चरणको कार्यशाला पश्चात राष्ट्रिय योजना आयोगद्धारा प्रस्तुत स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गदर्शन, नतीजामूलक योजना खाका र गाँउपालिकामा सहमत ढाँचामा आवधिक गाँउ विकास योजना दस्तावेज तयार गरिएको थियो । त्यसपश्चात दोश्रो चरणको कार्यशाला आयोजना गरी आवधिक विकास योजनाको प्रथम खाका सरोकारवालाहरुलाई प्रस्तुत गरी पुनः विषयगत शाखा, वडा कार्यालय तथा गोष्ठीमा सहभागीहरुबाट प्राप्त पृष्ठपोषणलाई समावेश गर्दै गढवा गाँउपालिकाको आवधिक विकास योजनाको प्रारम्भिक दस्तावेज तयार गरियो । योजनामा राष्ट्रिय योजनाको ढाँचा, सूचक र लक्ष्य तथा दिगो विकासका लक्ष्य एवं खाका समेतलाई ध्यान दिइएको छ ।

**छ. योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी**

माथि उल्लेखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजना सम्बन्धी प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि गढवा गाँउपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरियो । प्रमाणीकरण गोष्ठीमा गाँउपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पुर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझावलाई संग्रहित गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरि गढवा गाँउपालिकाको पाँच (५) वर्षे आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरिएको छ ।

### १.८.२ रणनीतिक योजनाका विशेषताहरु

यस रणनीतिक योजनाको मुख्य विशेषता निम्नअनुसार रहेको छः

**क. योजनाका ४ संग्रह**

यस रणनीतिक योजनाका ४ खण्ड रहेका छन् । पहिलो खण्ड वस्तुगत विवरण रहेको छ । दोस्रो खण्डमा विस्तृत स्रोत नक्साहरु रहेका छन् । यी नक्साहरु प्रिन्ट र विद्युतीय ढाँचामा रहनेछन् र तथ्याङ्क थप भएपछि नक्सा अद्यावधिक गर्न सकिनेछ । तेस्रो खण्ड रणनीतिक योजना रहेको छ । चौथो खण्डमा रणनीतिक योजनाको अतिरिक्त खण्डको रुपमा वडागत योजना विवरणहरु समावेश छन् ।

**ख. आवधिक कार्यक्रमः**

गाँउपालिकाका निर्वाचित पदाधिकारीहरुको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी यस योजनामा रणनीतिक योजना रणनीतिक कार्यदिशाको अतिरिक्त वडागत र विषयगत विस्तृत कार्ययोजनासमेत समावेश गरिएको छ ।

**ग. विद्युतीय सूचना र पहुँचः**

गाँउपालिकाका हरेक योजना, गतिविधि र प्रगतिहरुको जानकारी आम नागरिक तथा सरोकारवालासम्म पुऱ्याउन र तीबाट सुझावहरु संकलन गर्न सकिने गरी सूचनाहरुलाई मोबाइल एप्लिकेसन तथा वेबसाइटमा राख्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

**घ. रणनीतिक कार्यक्रमः**

गाँउपालिकाको आर्थिक समृद्धिसहितको समग्र क्षेत्रलाई नेतृत्व गर्न ७ वटा क्षेत्रलाई अग्रणी कार्यक्रमको रुपमा पहिचान गरिएको छ र यसलाई अनुसूचि १ देखी ७ सम्म अवधारणा पत्रको रुपमा छुट्टै राखीएको छ । यिनै योजनाहरुको केन्द्रविन्दुमा रणनीतिक योजना कार्यान्वयन हुनेछन् ।

**ङ. परिवर्तनशीलः**

प्रस्तुत परियोजना गाँउपालिकाको पहिलो रणनीतिक योजना भएकोले विकासको अनुभवजन्य आधार र सोको आधारमा दूरदृष्टि, रणनीति तथा व्यवस्थापकीय पक्षहरु शुरुवातीचरणमा भएकोले यस

योजनालाई हरेक वर्षको वार्षिक सभामा समीक्षा गर्ने व्यवस्था गरिएको छ र दुई वर्षपछि मध्यावधि मूल्यांकन गरी आवधिक लक्ष्य, रणनीति र कार्यक्रमका प्राथमिकताहरु संशोधन गर्न सकिनेछ ।

### १.९ सिमा

गाँउपालिकाको नेतृत्व र गाँउ विकासका सरोकारवालाको सहभागितामा परामर्श तथा सहभागितामूलक छलफल विधिद्वारा तर्जुमा गरिएको आवधिक गाँउ विकास योजना स्थानीय तहको पुनसंरचना पछिको पहिलो आवधिक योजना हो । साविकका स्थानीय निकायमा लामो समयसम्म जनप्रतिनिधि बिहीन अवस्थामा रहँदा योजनाबद्ध विकासले गति लिन सकेको थिएन । लामो समय जनप्रतिनिधि बिहीन अवस्थाको अन्त्य गर्दै संघीय संरचना अनुरुप पुनर्गठित गाँउपालिकामा स्थानीय तह निर्वाचन २०७३ बाट जनप्रतिनिधि बहाल भएको अवस्थामा तर्जुमा भएको योजना विगतको योजना तर्जुमाका अभ्यास तथा स्थानीय सरकार सञ्चालन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा समेत आधारित छ । योजनालाई सूचनामा आधारित, सहभागितामूलक र नतीजामूलक बनाउन अधिकतम प्रयास गरिएको छ । आवधिक गाँउ विकास योजना तर्जुमा प्रक्रियाले गाँउपालिकाको नेतृत्वमा गाँउ विकासका सरोकारवालाहरुको पहिचान गरी, गाँउ विकासका गतिविधि र लगानीको नक्शांकन भएको छ ।

लामो अन्तराल पश्चात् जनप्रतिनिधि सहितको स्थानीय तहको बहाली र तुलनात्मक रुपमा विगत भन्दा पर्याप्त श्रोत साधन प्राप्ति, तर अपर्याप्त कार्यविधि निर्देशिका, सीमित जनशक्ति तथा क्षमताका बीचमा, भविष्यमा सुधार हुने आशामा यो योजना तर्जुमा गएिको छ र पूर्ण कार्यान्वयनको अपेक्षा गरिएको छ । यसै गरी यो योजनालाई गाँउपालिका स्तरका विषयगत योजनाहरूको छाता योजनाको रुपमा प्रस्तुत गरी विषय क्षेत्रगत रणनीति योजना, राष्ट्रिय योजना तथा नीतिसँग तादात्म्यता कायम गरी कार्यान्वयनको अपेक्षा गरिएको छ । आवधिक योजनालाई सांकेतिक योजनाको रुपमा प्रस्तुत गरिएको छ, यद्यपि, आवश्यकताका आधारमा भौगोलिक तथा वार्षिक रुपमा समेत स्पष्ट गर्ने प्रयास गरिएको छ ।

# अध्याय २. स्थिति नक्सांकन

## २.१ गाँउपालिकाको विकास सूचक तथा लक्ष्यहरु

यस उपशिर्षकमा आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकास जस्ता विकासका विविध पक्षहरु तथा उपलब्ध भए सम्म दिगो विकास लक्ष्यका सुचकका विभिन्न पक्षहरुमा गाँउको वर्तमान अवस्थाको चित्रण तथ्यांकीय रुपमा गरीएको छ । यसले गर्दा हाम्रो गाँउको वर्तमान अवस्था जिल्ला तथा प्रदेशस्तर र राष्ट्रीयस्तरसँग तुलना गर्न सजिलो हुने अपेक्षा गरिएको छ ।

विकासका प्रमुख सूचकहरुलाई हेर्दा गाँउपालिकामा कृषि विकासका लागि भूमिको उपलब्धता, मातृशिशु स्वास्थ्य, सबै वडामा बाटोको पहुँच, गा. पा. का सबै वडाहरुको कार्यालय व्यवस्थापन, तथा ऐन नियमहरुको निर्माण आदि विषयहरु तुलनात्मक रुपमा बलियो देखिएका छन् भने स्थानीय रोजगारी, शैक्षिक पूर्वाधार तथा गुणस्तरीयता, सिँचाइ, खानेपानी, पक्की पुल, वनजन्य स्रोत, बजार, आर्थिक गतिविधि, आदि क्षेत्रहरु तुलनात्मक कमजोर देखिएका छन् । बलिया क्षेत्रहरुको प्रवर्द्धन र कमजोर क्षेत्रहरुको विशेष सुधार तथा सबलीकरण गर्ने गरी नीति तथा कार्यक्रम निर्माण गरिएको छ । गा. पा. वस्तुगत विवरण खण्डबाट तथ्यांक उलपब्ध भएका केही क्षेत्रगत अवस्थाहरुको विवरण तथा लक्ष्य तालिका २ मा राखिएको छ ।

**तालिका २. १: क्षेत्रगत अवस्थाहरुको विवरण तथा लक्ष्य**

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचाकं | जिल्ला सँगको तुलना प्रतिशतमा | लक्ष्य |
|---|---|---|---|---|---|
| १ | **आर्थिक विकास** | | | | |
| १.१ | **कृषि तथा खाद्य सुरक्षा** | | | | |
| १.१.१ | खेतीयोग्य जमिन | हेक्टर | ४६८९.२ | | |
| १.१.२ | अन्न बाली | मे.टन. | ४३८३७.२ | | |
| १.१.३ | नगदे बाली उत्पादन | मे.टन. | | | |
| १.१.४ | फलफुल (आपँ, अम्वा, केरा, लिची अन्य) | प्रतिशत | | | |
| १.१.५ | कुल आयमा कृषि क्षेत्रको प्रतिशत | घरधुरी | | ६८५३५ | |
| १.१.६ | पुर्ण रुपमा कृषिमा निर्भर घरधुरी | घरधुरी | | १९८६१ | |
| १.१.७ | बैशाखदेखि साउन महिनामा खाद्यान्न अभाव हुने घरधुरी | घरधुरी | | | |
| १.१.८ | ताजा तरकारी उत्पादन हुने परिमाण | मे.टन. | | | |
| १.१.९ | खाद्यान्न बालीको उत्पादन | मे.टन | | | |
| १.१.१० | प्रति व्यक्ति आय | रु | ११२७ | ११२७ | |
| १.१.११ | आधुनिक तथा व्यवसायीक कृषि कार्य गर्ने संस्था | संख्या | | | |
| १.२ | **पशुपालन** | . | | | |
| १.२.१ | कृषि तथा पशुपालनमा रोजगारी सिर्जना (१४-६० वर्ष) | | | | |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचाकं | जिल्ला सँगको तुलना प्रतिशतमा | लक्ष्य |
|---|---|---|---|---|---|
| १.२.२ | पशुपंक्षी पालनमा संलग्न कुल सक्रिय संख्या | प्रतिशत | | | |
| १.२.३ | कुल आयमा पशुपालन क्षेत्रको प्रतिशत | रु लाखमा | | | |
| १.३ | **पर्यटन** | | | | |
| १.३.१ | महत्वपूर्ण पर्यटकीय स्थलहरु | वटा | ३ | | |
| १.३.२ | पर्यटन क्षेत्रको प्रत्यक्ष रोजगारी | संख्या | | | |
| १.३.३ | गाँउपालिकामा सूचीकृत भएका होटल | संख्या | | | |
| १.३.४ | पर्यटन क्षेत्रको प्रत्यक्ष राजस्व आय | रु. | | | |
| १.४ | **उद्योग, वाणिज्य तथा आपूर्ति** | | | | |
| १.४.१ | उत्पादनमुलक उद्योग | संख्या | | | |
| १.४.२ | घरेलु तथा साना उद्योग दर्ता | संख्या | | | |
| १.४.३ | लघु उद्यमीहरु व्यवसाय दर्ता | जना | | | |
| १.४.४ | उद्यम तथा लघु उद्यमबाट रोजगार संख्या | जना | | | |
| १.५ | **सहकारी तथा बैक व्यवस्थापन** | | | | |
| १.५.१ | सहकारी संघ संस्था | संख्या | | | |
| १.५.२ | सहकारी संस्थामा आवद्ध घरधुरी | घरधुरी | | | |
| १.५.३ | कृषि पशुपालन सहकारीमा आवद्ध घरधुरी | घरधुरी | | | |
| १.६ | **भूमि व्यवस्थापन** | | | | |
| १.६.१ | भूमिको व्यवसायिक वर्गीकरण भएका क्षेत्रहरु | स्थान | | | |
| १.६.२ | शहरीकरणका लागि बर्गीकरण गरिएको भूमि | क्षेत्रफल | | | |
| १.६.३ | एकीकृत तथा सुरक्षित वस्ती विकासका लागि वर्गीकरण गरिएको भूमि | स्थान | | | |
| १.६.४ | कुल उत्पादनमूलक भूमि | प्रतिशत | १३.०८ | | |
| १.७ | **श्रम तथा रोजगारी** | | | | |
| १.७.१ | पुर्ण बेरोजगार संख्या | संख्या | | | |
| १.७.२ | ज्यालादारी गर्ने घर परिवार | घरधुरी | | | |
| १.७.३ | बैदेशिक रोजगारी (तेश्रो मुलुकमा) | संख्या | | | |
| २ | **सामाजिक विकास** | | | | |
| २.१ | **शिक्षा** | | | | |
| २.१.१ | सहजै देखिने भर्नादर (वा.वि.के.) | प्रतिशत | | | |
| २.१.२ | खुद प्रवेश दर कक्षा १ | प्रतिशत | | | |
| २.१.३ | प्रा. वि. तहको शिक्षक विद्यार्थी अनुपात (सामुदायिक स्कृत | अनुपात | | | |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचाकं | जिल्ला सँगको तुलना प्रतिशतमा | लक्ष्य |
|---|---|---|---|---|---|
| | दरवन्दी) | | | | |
| २.१.४ | नि. मा. वि. तहको शिक्षक विद्यार्थी अनुपात (सामुदायिक स्कृत दरवन्दी) | अनुपात | | १:८४ | |
| २.१.५ | आधारभुत तहको शिक्षक विद्यार्थी अनुपात (सामुदायिक स्कृत दरवन्दी) | अनुपात | | १:६९ | |
| २.१.६ | मा. वि. तहको शिक्षक विद्यार्थी अनुपात (सामुदायिक स्कृत दरवन्दी) | अनुपात | | | |
| २.१.७ | साक्षरता दर | प्रतिशत | | | |
| २.२ | **स्वास्थ्य** | | | | |
| २.२.१ | मातृ मृत्युदर प्रति (लाखजिवीत जन्म) | जना | | | |
| २.२.२ | ५ बष मुनीको बाल मृत्युदर प्रति (जिवीत हजार जन्म) | जना | | | |
| २.२.३ | नवजात शिशु मृत्युदर प्रति ह ( जिवीत जन्म) | जना | | | |
| २.२.४ | डिपिटी हे.प. खोप तेश्रो प्राप्त गर्ने बालबालिका | प्रतिशत | | | |
| २.२.५ | सरकारी स्वास्थ्य संस्था प्रयोग गर्ने घरधुरी | संख्या | | | |
| २.३ | **खानेपानी** | | | | |
| २.३.१ | आधारभुत सेवाबाट बञ्चीत जनसंख्या | घरधुरी | | | |
| २.३.२ | पानीको सुविधा प्रयोग गर्ने घरधुरी | घरधुरी | | | |
| २.३.३ | पानी सुद्धिकरण नगरी खाने घरधुरी | घरधुरी | | | |
| २.४ | **सरसफाई** | घरधुरी | | | |
| २.४.१ | शौचालय प्रयोग नगर्ने | प्रतिशत | | | |
| २.४.२ | गा.पा.को फोहोरमैला व्यवस्थापन साइट | संख्या | | | |
| २.५ | **संस्कृति प्रवर्द्धन** | | | | |
| २.५.१ | सम्पदा सूचीमा दर्ता भएका सम्पदाहरु | संख्या | | | |
| २.५.२ | मुख्य भाषाहरु | संख्या | | | |
| २.५.३ | प्रमुख सांस्कृतिक पर्वहरु | संख्या | | | |
| २.६ | **सञ्चार सेवा** | | | | |
| २.६.१ | टि.भी. प्रयोग गर्ने | घरधुरी | | | |
| २.६.२ | मोबाइल प्रयोग गर्ने घुरधुरी | घरधुरी | | | |
| २.६.३ | रेडियो प्रयोग गर्ने घुरधुरी | घरधुरी | | | |
| २.७ | **लक्षित वर्ग कार्यक्रम** | | | | |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचाकं | जिल्ला सँगको तुलना प्रतिशतमा | लक्ष्य |
|---|---|---|---|---|---|
| २.७.१ | गा. पा. बाट सामाजिक सुरक्षाभत्ता पाउने कुल संख्या | जना | | | |
| २.७.२ | गा. पा. मा सूचीकृत भएका विभिन्न लक्ष्यित वर्गका किसिम | संख्या | | | |
| २.७.३ | गा. पा. को गत वर्षको लक्ष्यितवर्गमुखी बजेट विनियोजन | लाख | | | |
| २.८ | **जनसंख्या व्यवस्थापन** | | | | |
| २.८.१ | वसाइ सराइ गरेर जाने घरधुरी प्रतिवर्ष | घरधुरी | | | |
| २.८.२ | बसाइ सराइ गरेर आउने घरधुरी प्रतिवर्ष | घरधुरी | | | |
| ३ | **पूर्वाधार विकास** | | | | |
| ३.१ | **सडक तथा पुल** | | | | |
| ३.१.१ | कालोपत्रे सडक | कि.मी. | ४८.७४ | | |
| ३.१.२ | ट्र्याक ओपेन र धुले कच्ची सडक सञ्जाल | कि.मी. | २९५.०९ | | |
| ३.१.३ | ग्रामिण सडक कालोपत्रै | कि.मी. | ११.०९ | | |
| ३.१.५ | पक्की पुल | वटा | १३ | | |
| ३.१.६ | जम्मा सडक सञ्जाल | कि.मी. | ३४३.८२ | | |
| ३.२ | **सिँचाइ** | | | | |
| ३.२.१ | सञ्चालनमा रहेका ठूला सिँचाइ आयोजनाहरुका संख्या | संख्या | ७ | | |
| ३.२.२ | सतह सिंचाई आयोजनाहरुबाट सिंचित क्षेत्रफल | हेक्टर | २०६१.५ | | |
| ३.२.३ | खेतीयोग्य जमीनमध्ये कुल सिंचाइ नपुगेको भूमि | हेक्टर | २५५३.२ | | |
| ३.३ | **विद्युत तथा उर्जा** | | | | |
| ३.३.१ | विद्युतमा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९६ | | |
| ३.३.२ | सोलार भएको घरधुरी | प्रतिशत | ० | | |
| ३.३.३ | अन्य उर्जा भएको घरधुरी | प्रतिशत | ० | | |
| ४ | **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| ४.१ | **वन तथा भू संरक्षण** | | | | |
| ४.१.१ | वनले ओगटेको क्षेत्र | हेक्टर | २३४०७ | २०१९०० | |
| ४.१.२ | सामुदायिक वन | संख्या | | | |
| ४.१.३ | कबुलियती वन | संख्या | | ९४६९१ | |
| ४.१.४ | निजि वन दर्ता | संख्या | | २६४ | |
| ४.१.५ | काठ उत्पादन | क्यु.फि. | | | |
| ४.१.६ | सा.व.मा आवद्ध घरधुरी | घरधुरी | | | |
| ४.१.७ | उपजलाधार १५ देखी २५ व.की.मी. | संख्या | १२ | ८६ | |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचाकं | जिल्ला सँगको तुलना प्रतिशतमा | लक्ष्य |
|---|---|---|---|---|---|
| ५ | **सुशासन तथा संस्थागत विकास** | | | | |
| ५.१ | **प्रशासकीय सुशासन** | | | | |
| ५.१.१ | आफ्नै स्वामित्वको गा. पा. तथा वडा कार्यालय भवन | संख्या | | | |
| ५.१.२ | ऐन, नियम तथा कार्यविधिहरुको संख्या | संख्या | | | |
| ५.१.३ | दरबन्दी अनुसारको कर्मचारी आपूर्ति | प्रतिशत | | | |
| ५.२ | **न्याय तथा सुरक्षा** | | | | |
| ५.२.१ | गा. पा. मा दर्ता भएका महिला हिसां सम्बन्धी मुद्दा | संख्या | | | |
| ५.३ | **गैरसरकारी संस्था व्यवस्थापन** | | | | |
| ५.३.१ | सुचीकृत गैससहरु | संख्या | | | |
| ५.३.२ | गा. पा. को समन्वयमा सञ्चालन हुने सामुदायिक समूहहरु | संख्या | | | |
| ५.४ | **जवाफदेहिता** | | | | |
| ५.४.१ | गत आ.व. मा सम्पन्न सार्वजनिक सुनुवाइ कार्य | संख्या | | | |
| ५.४.२ | गत आ.व. मा सम्पन्न सामाजिक परीक्षण कार्यक्रम | संख्या | | | |

**नोटः** ००* सूचना उपलब्ध नभएको ।

## २.२ गाँउपालिका विकासका सम्भावना र समस्याहरुको विश्लेषण

विकास कसैले दिने वा लिने विषय नभै हामी सम्पुर्ण गाँउपालिकाबासी मिलेर गर्ने विषय हो । यदि हामी हरेक गाँउपालिकाका नागरिकहरु गाँउपालिका विकासको लागि जागरुक भयौं भने विकासका हाम्रै पालामा आफ्नै गाँउ ठाउँमा सम्भव छ । ऐतिहासिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधताले भरीपूर्ण गढवा गाँउपालिकामा कृषि, पशुपालन, पर्यटन तथा प्राकृतिक स्रोत साधनहरुको उपयोगको प्रसस्त सम्भावनाहरु छन् त्यस्तै विकासका कार्यहरु गर्न गाँउपालिका भित्र अनेकौं समस्याहरु पनि छन् । गाँउपालिका विकासको विशेष सम्भावना भएको क्षेत्र र विद्यमान समस्या र तिनका कारणहरुलाई यस उपशिर्षकमा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

### २.२.१. आर्थिक विकास

यस शिर्षकमा कृषि, पशु, पर्यटन, सहकारी तथा वित्तिय संस्था, उद्योग तथा व्यापार र खाद्य सुरक्षा आदि क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति, समस्या तथा चुनौती र समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : आर्थिक विकास (सम्भावना, समस्या तथा गाँउबासीले चाहेको अवस्था)

**समस्या विश्लेषण**

| समस्याका क्षेत्रहरु | समस्याका कारणहरु | समस्या समाधानका उपायहरु |
|---|---|---|
| कृषि बजारको अभाव | - व्यवसायिक सोचका साथ खाद्यान्न बाली एवं तरकारी खेती हुन नसक्नु<br>- कृषि उपजको उचित बजार व्यवस्थापनमा कमी<br>- सिंचाईं सुविधामा अपर्याप्तता | - व्यवसायिक खेती कार्य सञ्चालन गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने<br>- बिउ बिजन तथा मल खादको पर्याप्त वितरण गर्ने |

| | | |
|---|---|---|
| | - यान्त्रिकरणको प्रयोगका लागि अनुदान एवं प्रविधि सञ्चालन सम्बन्धी सीपको कमी हुनु<br>- नगदे बाली खेतीका लागि पर्याप्त बिउबिजन वितरण नहुनु<br>- व्यवसायिक कृषि फर्म सञ्चालन गर्न प्रवर्द्धनका कार्यक्रम सञ्चालन नहुनु<br>- हाट बजार प्रवर्द्धन कमी<br>- कृषक समूह सहकारीहरूको व्यवसाय सञ्चालनमा क्षमता कमजोर हुनु<br>- जनशक्ति कम हुनाले कृषि प्राविधिक सेवा पर्याप्त नहुनु | - सिंचाई सुविधाका लागि डिप बोरिङको व्यवस्था मिलाउनु पर्ने<br>- कृषि यान्त्रिकरणको प्रयोगका लागि अनुदानका कार्यक्रमहरू सञ्चालन गर्ने<br>- व्यवसायिक कृषि कार्यमा अनुदान एवं क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने<br>- कृषि बजार पूर्वाधारको विकासका लागि कार्यक्रम सञ्चालन गर्ने<br>- प्राविधिक जनशक्ति विकासका क्रियाकलापहरू सञ्चालन गर्ने |
| **सिँचाई सुविधाको अभाव** | - बोरिङ्गको सुविधा पर्याप्त नहुनु<br>- कुलो नहर आदिको व्यवस्थापन नहुनु<br>- वर्षे झरीको पानीमा निर्भर रहेर सिंचाई गर्नुपर्ने । | - बोरिङ्ग/डिप बोरिङ्गको सिंचाइ आयोजना सञ्चालन गर्ने ।<br>- कुलो/पैनी निर्माण एवं मर्मत गर्ने । |
| **दक्ष जनशक्तिको कमी** | - समायानुकुल जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी गतिविधि सञ्चालन नहुनु ।<br>- जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी सरकारी नीति सञ्चालनमा नआउनु<br>- उत्पादित जनशक्ति प्रतिस्पर्धात्मक रुपमा बजारमा आउन नसक्नु<br>- दक्षता र सिप सम्बन्धी तालिम तथा औपचारिक शिक्षाको व्यवस्था नहुनु | - सरकारी तथा निजि क्षेत्रको समन्वयमा दक्ष जनशक्ति व्यवस्थापन गर्ने ।<br>- दक्षता र सिपमुलक तालिमहरुको सञ्चालनमा पहल गर्ने । |
| **कृषि उत्पादनमा ह्रास** | - पर्याप्त मात्रामा मल तथा उन्नत बिउबिजन उपलब्ध नहुनु,<br>- सुपथ मुल्यमा मल तथा बिउ नपाउनु,<br>- बालि विविधिकरण नहुनु,<br>- हावापानी सुहाउँदो विउ विजन उपलब्ध नहुनु | - स्थानीय स्तरमै कृषक समुह सहकारी माध्यमबाट विउ उत्पादन गर्नुपर्ने ।<br>- विउ उत्पादनमा अनुदानको व्यवस्था हुनुपर्ने<br>- स्थान अनुसारको कृषि बाली पकेट क्षेत्र निर्धारण गरी उत्पादन वृद्धि गर्ने ।<br>- धरातलीय हावापानी सुहाउँदो विउ विजनको खोजी गरी सिफारिस गर्ने ।<br>- माटो परीक्षण तथा प्रविधिमैत्रि कृषि प्रणालीलाई प्रोत्साहन गर्ने । |
| **फलपुल उत्पादन न्युन** | - फलफुल उत्पादनका क्षेत्रहरुमा रोग फैलिनु,<br>- फलफुल खेती सम्बन्धी व्यवसायिक ज्ञानको अभाव, | - स्थानीय स्तरमै निजि नर्सरी स्थापना गर्नुपर्ने<br>- व्यवसायिक फलफुल बगैंचा रोपण गर्नुपर्ने |
| **पशु विकास** | - दक्ष जनशक्तिको अभाव एवं भवन लगायतका पूर्वाधार<br>- उन्नत नश्लको कमी भएको<br>- उत्पादन ज्यादा दिने पशुपालनको कमी<br>- चरन क्षेत्रको विकास नहुनु एवं किसान व्यवसायिक घाँस पालनमा कम क्रियाशील हुनु<br>- पशु स्वास्थ्य सेवा पर्याप्त नहुनु<br>- खाद्य स्वच्छता एवं सरसफाईमा कमी<br>- कृषक समूह एवं सहकारीहरूको व्यवसायिक क्षमता कम हुनु | - जनशक्ति व्यवस्थापन एवं पूर्वाधार विकास गर्ने<br>- उन्नत नश्लको बोका, राँगा वितरण गर्ने<br>- कृत्रिम गर्भाधानको कार्यक्रम सञ्चालन गर्ने<br>- चरन क्षेत्र विकासको कार्यक्रम सञ्चालन गर्ने<br>- व्यवसायिक पशुपालन फार्म विकासका लागि अनुदानका कार्यक्रम सञ्चालन गर्ने<br>- पशु उपचार सेवामा एग्रोभेट फर्मा हरूलाई प्रोत्साहित गर्ने<br>- कृषक समूह एवं सहकारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने<br>- सुरक्षित पशु बधस्थल सञ्चालन गर्ने<br>- मासुपसल सुधार कार्यक्रम सञ्चालन गर्ने<br>- दुग्ध संकलन केन्द्रहरुको स्थापना गर्नेपनृ<br>- व्यवसायिक दुग्ध प्रशोधन उद्योगको स्थापना गर्ने |
| **उद्योग, व्यापार व्यवसाय** | - स्थानीय कच्चा पदार्थमा आधारित उद्योग कल कारखानाको कमी<br>- उपयुक्त प्रविधि तथा मेशिनरी बारे ज्ञान नहुनु<br>- रोजगारमूलक उद्योगहरूको स्थापना हुन नसक्नु<br>- व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिम | - औद्योगिक क्षेत्रको स्थापना गरी ठूला, मझौला तथा साना उद्योगको स्थापनामा प्रोत्साहन गर्ने<br>- स्थानीय स्तरबाट कच्चापदार्थहरुको पहिचान गरि स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्नुपर्ने |

| | | |
|---|---|---|
| | कार्यक्रमहरू सञ्चालन नहुनु<br>- व्यवसायिक सोचमा कमी हुनु<br>- उद्यमशिलता तथा दक्ष जनशक्तिको अभाव<br>- युवा जनशक्ति पलायन हुनु<br>- विद्यमान वित्तिय संस्थाहरुबाट उद्योग क्षेत्रमा लगानी नहुनु<br>- घरेलु तथा साना उद्योग स्थापना नभएको<br>- मझौला तथा ठुला उद्योगको स्थापना नभएको | - व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्ने<br>- परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहन गर्ने<br>- उद्योग स्थापनामा अनुदानका क्रियाकलापहरू सञ्चालन गर्ने<br>- व्यवस्थित बजारको विकासका निमित्त निजी क्षेत्रसँग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालन गर्ने |
| **पर्यटन** | - पर्यटकीय सुविधायुक्त पूर्वाधार नहुनु<br>- शौचालय सुविधा अपर्याप्त हुनु, सेडहरू नहुनु एवं प्रचार प्रसारको कमी हुनु<br>- पर्यटकीय सम्भावनाहरुको खोजी नहुनु<br>- मन्दिरहरुको उपर्युक्त मर्मत संभार नहुनु<br>- बत्ती, खानेपानी धारा, शौचालय नहुनु<br>- पर्यटक बस्ने सेड नहुनु<br>- पिकनिक स्पट, शौचालय एवं धारा सुविधा नहुनु<br>- हाट तथा मेला व्यवस्थापन एवं प्रचार प्रसारको कमी | - पर्यटकीय होटल तथा होम स्टे कार्यक्रम सञ्चालन गर्ने ।<br>- पर्यटकीय स्थलको प्रचार प्रसार गर्ने एवं उपुक्त व्यवस्थापन गर्ने ।<br>- साँस्कृतीक धरोहरलाई पर्यटकीय आकर्षणको रुपमा विकास गर्न सकिने जस्तै ४६ प्रतिशत थारु जातिको बसोबास रहेकोले थारु संस्कृतीको खाना, होमस्टे जस्ता कुराहरुलाई पर्यटकीय हिसाबमा विकास गरिनुपर्ने । |
| **बैंक, वित्तीय तथा सहकारी** | - विपन्न वर्गको पहुँचमा कमी तथा कारोवार समेत कम हुनु<br>- लाभान्वित समूहहरू दोहोरिनु, पर्याप्त ऋणको उपयोग व्यवसायिक कार्यमा कम हुनु<br>- सहकारीहरू उद्देश्यमा तोकिए अनुसार सञ्चालनमा नरहेको<br>- बैंक तथा वित्तीय संस्थामा विपन्न तथा पिछडिएका वर्गका घरपरिवारको पहुँच कमी हुनु | - बैकिङ्ग कारोवारमा अभ्यस्त गराउन एक घर एक बैंक खाता लागू गर्ने<br>- वित्तीय सुविधामा देखिएको दोहोरोपना हटाउने<br>- व्यवसायिक सीप तालिम सञ्चालन गर्ने<br>- सहकारी ऐनको प्रभावकारी कार्यान्वयन गराउने, सहकारीको विनियमको पूर्ण पालना गराउने<br>- सहकारी सम्बन्धी शिक्षा, तालिम र सूचनाको व्यवस्था गर्ने<br>- सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने |

## सम्भावना विश्लेषण

| प्रमुख सम्भावना तथा अवसरहरु | आधारहरु | प्रतिफलहरु |
|---|---|---|
| **कृषि तथा सिँचाई** | | |
| - खेतीयोग्य समथर जमिन प्रशस्त रहेको<br>- ताजा तरकारीको उत्पादनका लागि उपयुक्त जमिन हुनुका साथै थोरै भएपनि व्यवसायीक उत्पादन भएको<br>- व्यवसायीक कागति तथा केरा खेतीको उपयुक्त वातावरण रहेको<br>– वगर खेतीको लागि उपयुक्त क्षेत्र रहेको<br>– बाटोको सुविधा भएको र विस्तार हुदै गइरहेको<br>- आधुनिक खेती प्रणाली एवं यान्त्रीकरणको प्रसार एवं उपयोग गर्न सकिने अवसर रहेको<br>- हाटबजार व्यवस्थापनका लागि जग्गाको कमी नभएको<br>- डिप बोरिङ सिँचाईको प्रशस्त सम्भावना रहेको<br>- खोला नाला पर्याप्त रहेको | - उपयुक्त हावापानी तथा माटो<br>- बिउ बिजन तथा मल खादको बढ्दो माग | - कृषि व्यवसायीकरण तर्फ अगाडि बढेको हुनेछ ।<br>- स्थानीय उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ<br>- सिँचाई सुविधा पर्याप्त भएको हुनेछ ।<br>- कृषि आधुनिकिकरण तथा यान्त्रीकरण तर्फ अगाडि बढेको हुनेछ । |
| **पशु विकास** | | |
| - व्यवसायिक पशुपालनका लागि चरन क्षेत्रको रुपमा विकास गर्न सकिने क्षेत्र रहेको<br>- भैसी पकेटको लागि सम्भावना रहेको<br>- बाखा पकेटको लागि प्रसस्त सम्भावना रहेको<br>-दुध तथा दुध जन्य उत्पादनको लागि | - उपयुक्त हावापानी तथा जैविक अनुकुलता रहेको । | - पशुपालन व्यवसाय गढवा गाँउपालिकाको आर्थिक क्रियाकलापको मुख्य पक्षको रुपमा विकास भएको हुनेछ । |

| प्रमुख सम्भावना तथा अवसरहरु | आधारहरु | प्रतिफलहरु |
|---|---|---|
| सम्भावना रहेको<br>- माछापालनको लागि उपयुक्त हावापानी | | |
| **उद्योग, व्यापार, व्यवसाय** | | |
| - पशुपन्छी पालन प्रशस्त मात्रामा भइरहेको<br>- प्रशस्त मात्रामा तरकारी उत्पादन भइरहेको<br>- लघु तथा घरेलु उद्योग तथा व्यवसाय सञ्चालनको प्रशस्त सम्भावना रहेको ।<br>- कपडा, खाद्यान्न, फलफूल र तरकारीका खुद्रा व्यवसाय सञ्चालनमा रहेको<br>-दैनिक उपभोग्यका सामग्री सम्बन्धी व्यवसाय सञ्चालनमा रहेका | - स्थानीय स्तरमा थोरै भएपनि उत्पादकत्व रहेको । | - आर्थिक सबलता भएको हुनेछ । |
| **पर्यटन** | | |
| -धार्मिक स्थलहरु स्थापना भइरहेको<br>-प्राचिन थारु समुदाय तथा विभिन्न जातजातीको कला संस्कृति र रितीरिवाजले सु सम्पन्न रहेको | - पर्यटकीय सम्भावना बोकेका स्थलहरु, हरियालि क्षेत्र, खुला क्षेत्र आदि प्रशस्त रहेको | - पर्यटनमा आधारित व्यवसाय सञ्चानल हुनेछ |
| **बैंक, वित्तिय तथा सहकारी संस्था** | | |
| - ६ ओटा वाणिज्य बैंकहरू रहेको<br>४२ वटा वचत तथा ऋण सहकारीहरू समेत | - आर्थिक क्रियाकलाप बढ्दो क्रममा रहेको । | - एक घर एक बैंक खाता भएको हुनेछ ।<br>- सबै खाले पारिवारिक अवस्था भएकाहरुसमेत वित्तीय प्रणालीमा आधारित भएको हुनेछन् । |

## २.२.२. सामाजिक विकास

यस शिर्षकमा गाँउपालिकाका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, आदि क्षेत्रका सम्भावना तथा अवसर , उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : सामाजिक विकास (सम्भावना, समस्या तथा गाँउवासीले चाहेको अवस्था)**

| समस्याहरु | समस्याका कारणहरु | समस्या समाधान उपायहरु |
|---|---|---|
| **शिक्षा** | – भौतिक पूर्वाधार (व्यवस्थीत कक्षाकोठा, कार्यालय र पुस्तकालय, प्रयोगशाला र खेलमैदान) को कमी<br>– विद्यार्थी संख्या अनुसार विषयगत शिक्षक संख्या कमी<br>– विद्यार्थीहरूको नियमित उपस्थिति नहुनु<br>– अति विपन्न परिवारका अभिभावकहरु समेत जिम्मेवार नहुनु<br>– अभिभावकहरूमा शिक्षाको महत्वबारे जानकारीमा कमी रहेको<br>– गरिवीको कारण विद्यालय उमेरका विद्यार्थी विद्यालय जान नसकेको<br>– बालबालिकालाई विद्यालय प्रति आकर्षण गर्ने कार्यक्रममा कमी<br>– प्राविधिक धारको पर्याप्त विद्यालय नरहेको<br>– बाल विवाहाको कारण बीचैमा विद्यालय छाड्ने दर बढ्दो अवस्थामा रहेका<br>– सबै विद्यालयहरूमा विद्यूत सुविधा नरहेको<br>– सबै विद्यालयहरूमा घेराबारा नरहेको<br>– भूकम्पीय मापदण्डका भवन नभएको | – आवश्यकता अनुसार भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउने<br>– सबै विद्यालयहरूमा विद्यूत सुविधा पुऱ्याउने<br>– आवश्यकता अनुरुप विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको व्यवस्थापन गर्नुपर्ने ।<br>– सबै विद्यालयहरूमा व्यवस्थीत घेराबार गर्नुपर्ने<br>– भूकम्प प्रतिरोधात्मक भवन निर्माण गर्नुपर्ने<br>– सम्बन्धित निकायसँगको समन्वयमा विद्यार्थी अनुपात अनुसार दरबन्दी श्रृजना गरी शिक्षक संख्या आपूर्ति गर्ने ।<br>– प्राविधिक शिक्षलाई समेत प्रोत्साहन गरि सञ्चालनमा ल्याउने ।<br>– विद्यार्थीको नियमित उपस्थितिको लागि सम्बन्धित विद्यालयको प्र.अ. शिक्षक अभिभावक जनप्रतिनिधि, महिला सञ्जाल तथा वाल क्लवका सदस्यहरूलाई सकृय बनाउने<br>– अति विपन्न वर्ग र शिक्षा प्रति जागरुक नभएका अभिभावकहरूलाई सचेतनामूलक कार्यक्रम (अन्तरकृया, सडक नाटक, शिक्षामुलक प्रदर्शनी तथा शैक्षिक सम्मेलनहरू) को आयोजना गरी जागरुक बनाउने<br>– विपन्न परिवारका बालबालिकालाई विद्यालय सम्म पुऱ्याउन छात्रवृत्ति लगायतका आकर्षित गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने<br>– १ देखि ५ कक्षा सम्म दिवा खाजा सबै विद्यालयमा |

| समस्याहरु | समस्याका कारणहरु | समस्या समाधान उपायहरु |
|---|---|---|
| | | लागू गर्नुपर्ने ।<br>– दलित तथा विपन्न परिवारका छात्रछात्रालाई विद्यालय पोसाकको व्यवस्था गर्ने<br>– मा.वि तहमा अध्ययनरत छात्रा किशोरी मैत्री (सेनीटरी प्याड वितरण, ईन्सिलेटर सहितको शौचालय), वातावरण मैत्री बनाउने ।<br>– विद्यालयमा खेलकुदको पूर्वाधार वृद्धि गर्नुका साथै खेलकुद सामग्री प्रशस्त व्यवस्था मिलाउने तथा अतिरिक्त क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गर्ने ।<br>– विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको लागि फोकल शिक्षक तोक्ने व्यवस्था मिलाउने<br>– सबै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्थागर्ने<br>– गाँउपालिकास्तरबाट आवश्यक अनुगमनको कार्यक्रमहरु हुनुपर्ने |
| स्वास्थ्य | – स्वास्थ्य पूर्वाधारहरुको पर्याप्त व्यवस्था नहुनु<br>– औषधीको पर्याप्त वितरण नभएको<br>– स्थानीयहरु सरकारी स्वास्थ्यचौकी भन्दा नीजि क्लिनिकहरुमा आकर्षित रहेको ।<br>– स्वास्थ्यचौकीहरु स्तरीकरण नभएको<br>– आमा समूहहरू सक्रिय हुन नसकेको<br>– गाँउपालिका भित्र ट्रमा सेन्टर नभएको<br>– गाँउपालिका भित्र रहेको विद्यमान स्वास्थ्य समस्या (नसर्ने रोग, समस्या, कुपोषण, मानसिक रोग आदि) व्याप्त रहेको | – प्रत्येक वडामा वर्थिङ सेन्टर स्थापना गरी प्रसुति सेवालाई प्रभावकारी बनाउनुको साथै ५ वर्ष भित्र घरमा सुन्य प्रशुति घोषणा गर्ने<br>– प्रत्येक वडा एम्बुलेन्स सेवाको व्यवस्था मिलाउने<br>– ८ वटै वडामा स्तरीय स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्ने<br>– सबै स्वास्थ्य संस्थामा भरपर्दो विजुली सेवाको व्यवस्था मिलाउने<br>– सबै स्वास्थ्य संस्थाको निजि जग्गा तथा भवनको व्यवस्था मिलाउने<br>– प्रति ४०० जना जनसंख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका हुने गरी व्यवस्था मिलाउने<br>– आवश्यक गुरुयोजना तयार पारी आमा समूह तथा स्वास्थ्य सञ्जाललाई सक्रिय बनाउने<br>– प्राथमिक स्वास्थ्य केन्द्र वडा नं. ६ मा १० शैयाको अस्पताल बनाउने (सर्पदम्स र रेविज रोग विरुद्धको सेवा सहित स्तरीय ल्याव सेवा)<br>– कुपोषण पुन:स्थापना गृह स्थापना तथा सञ्चालन गरी ५ वर्ष भित्र कुपोषणमुक्त घोषणा गर्ने<br>– नसर्ने रोग र मानसिक रोगको छुट्टै युनिट खडा गरी सेवा सञ्चालन गर्ने<br>– सबै वडामा योगा तथा व्यायम स्थलको व्यवस्था मिलाउने<br>– आयुर्वेद औषधिमा आत्मनिर्भर हुने र सामुदायिक वन जंगलमा रहेको जडिबुटिहरुको पहिचान गर्ने<br>– महिला तथा किशोरीहरूको लागि सेनेटरी प्याड बनाउने उद्योग सञ्चालनमा ल्याई सेवालाई सर्वसुलभ बनाउने<br>– सबै स्वास्थ्य केन्द्रहरुमा पर्याप्त दक्ष प्राविधिक जनशक्तिको दरबन्दी प्रदान गरिनुपर्ने । |

## सम्भावना विश्लेषण

| प्रमुख सम्भावना तथा अवसरहरु | आधारहरु | प्रतिफलहरु |
|---|---|---|
| **शिक्षा** | | |
| प्रत्येक विद्यालयहरुमा बाल विकास केन्द्रहरु स्थापित भइसकेका र खुलेका शैक्षिक संस्थालाई आधारशिला बनाई तह थप एवं स्तर वृद्धिको सम्भावना रहेको | - ECD, प्रा.वि., नि.मा.वि., मा.वि., उमावि र क्याम्पस स्थापना भईसकेका ।<br>- स्थानीय तहहरुबाट शैक्षिक क्षेत्रमा | - साक्षरता दरमा वृद्धि<br>- निम्नस्तरिय जनशक्ति उत्पादन हुने ।<br>- ससाना बाल बालिकाहरुलाई आवत जावतमा सुविधा हुने । |

| प्रमुख सम्भावना तथा अवसरहरु | आधारहरु | प्रतिफलहरु |
|---|---|---|
| | लगानी वृद्धि भएको | |
| प्राविधिक तथा व्यवसायिक शिक्षा दिने शिक्षालयहरु स्थापना गरी मध्यम स्तरीय जनशक्ति उत्पादन गर्न सकिने । | - मावि, उमावि जस्ता संस्थाहरुबाट विद्यार्थीहरु उत्पादन हुनु ।<br>- माग अनुसारको प्राविधिक जनशक्ति स्थानीयस्तरमा व्यवस्था हुन नसक्नु । | - स्वरोजगारका नँया नँया अवसरहरुको खोजी हुने ।<br>- शिक्षा व्यवसायिक र आत्मनिर्भर उन्मुख हुने ।<br>- आवश्यक पर्ने निम्न तथा मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन हुने । |
| स्थानीय तह र स्थानीय अभिभावकहरुलाई क्षमता अभिवृद्धि गरी शैक्षिक व्यवस्थापन र निर्णय प्रक्रियामा उत्तरदायी बनाउन सकिने । | - सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र अभिमावक संध गठन भएको ।<br>- स्थानीय सरोकारवालाहरुको सहभागीतामा स्कुल सुधार योजना, गाँउ शिक्षा योजना बन्न सुरुवात भएको । | - शैक्षिक विकेन्द्रिकरण भई विद्यालय सञ्चालनमा स्थानीय तह, विद्यालय व्यवस्थापन समितिहरु तथा अभिभावकहरुको सहभागितामा वृद्धि हुने ।<br>- शिक्षा क्षेत्रमा सुशासनको प्रत्याभुति हुने । |
| वर्तमान शैक्षिक विकास र उपलब्धीहरुलाई आधार बनाई सर्वशुलभ एवं अनिवार्य शिक्षा प्रदान गर्न सकिने । | - स्थानीय तहहरुबाट शैक्षिक क्षेत्रमा गरिने लगानी वृद्धि हुँदै गएको ।<br>- स्थानीय स्तरमा रहेको सामुदायिक संघ संस्थाहरुबाट समेत शिक्षा क्षेत्रमा लगानी हुने गरेको ।<br>- | - विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालय भर्ना हुने ।<br>- शैक्षिक पहुँच अवसर र विकल्पहरुको सुनिश्चितता<br>- सबै बालबालिकालाई सबै प्रकारको शिक्षा सरल र सहजरुपमा उपलब्ध हुने । |
| **स्वास्थ्य** | | |
| जनताको स्वास्थ्य सेवामा पहुँच र उपयोग सुनिश्चितता बढेको । | - सरकारी, गैरसरकारी संघ संस्थाहरु सँगको समन्वय र सहकार्य प्रभावकारी बनाई कार्यान्वयनमा ल्याउने । | - सिमान्तकृत वर्ग, दलित, पिछडिएको क्षेत्रमा सहज पहुँच हुने । |
| स्वास्थ्यलाई पहिलो प्राथमिकता दिँदै राष्ट्रिय, अन्राष्ट्रिय र स्थानीय स्तरबाट स्वास्थ्य क्षेत्रमा लगानी बढेको । | - बढ्दो राष्ट्रिय र अन्राष्ट्रिय स्वास्थ्य सुव्यवस्था नीति अवलम्बन हुनु । | - महिला, दलित, नवजातशिशु, बालबालिका, वृद्ध तथा पिछडिएको समुदायको पहुँच हुने । |
| भौतिक पूर्वाधार निर्माणको योजना | - १५ शैया स्वास्थ्य केन्द्र अस्पतालको भवन निर्माण चरणमा पुग्न लागेको । | - स्वास्थ्य सेवाको दृष्टिकोणले क्षमता वृद्धि भएको हुनेछ । |
| अधिकांश स्वास्थ्य चौकीहरुलाई प्राथामिक स्वास्थ्य केन्द्रमा स्थापना गर्ने | - सडक यातायातको दृष्टिले नजिक, भौतिक पूर्वाधारको विकास, स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागिता | - गाँउपालिका भरिको स्वास्थ्य स्तरमा वृद्धि हुने । |
| **खानेपानी तथा सरसफाई** | | |
| - उपभोक्ता समितिको व्यापारिक कार्ययोजना बनाई समितिलाई सक्षम बनाउन सकिने ।<br>- पानीको सम्भावित श्रोतहरुको पहिचान तथा संरक्षण भएको ।<br>- खानेपानी उपभोक्ता समितिहरुको क्षमता, संस्थागत विकास तथा परिचालन<br>- विद्यालयहरुमा लैगिंक तथा बालमैत्री शौचालयहरुको निर्माण पक्रियाको सुरुवात | - क्षमता विकास तालिमहरु<br>- डिप बारिङको आवश्यकता पहिचान भएको ।<br>- सरकारी तथा गैरसरकारी संस्थाहरु विभिन्न क्षेत्रमा प्रतिबद्ध भई कार्यरत रहेको । | - दिर्घकालिन रुपमा योजना सञ्चालन गर्न सक्षम हुने ।<br>- खानेपानीमा पहुँच सुनिश्चित भईसकेको हुनेछ ।<br>- दिगो सरसफाई व्यवस्थापन<br>- सरसफाई युक्त विद्यालय क्षेत्र |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | | |
| समुह गठन गरि व्यवसायिक विकास तालिम संचालन गर्न महिला सहकारी भवनहरुको स्थापना भएको । | - महिलाहरुमा संस्थाहरु प्रति अपनत्वको भावना जागृत भएको । | - महिलाहरुको चेतना वृद्धि भई व्यवसायिक, प्रशासनिक आदि क्षेत्रमा समेत पहुँच तथा सहभागिता भएको हुनेछ । |
| **युवा तथा खेलकुद** | - | - |
| क्षेत्रिय तथा राष्ट्रियस्तरका खेलाडी उत्पादन | - स्थानीय तहबाट खेलकुद रंगशाला निर्माण भइरहेको | - खेलाडीले अवसर प्राप्त गर्ने, स्थानीय क्षेत्रको गौरव बढ्ने |

| प्रमुख सम्भावना तथा अवसरहरु | आधारहरु | प्रतिफलहरु |
|---|---|---|
| एक विद्यालय, एक मैदान | - सरकारी नीति<br>- खेल मैदानहरुको लागि पर्याप्त खालि जग्गाहरु रहेको । | - विद्यालयदेखि खेलकुदको विकास हुने । |
| **भाषा तथा संस्कृती** | | |
| - विद्यालयहरुमा मातृभाषा शिक्षा प्रणाली सुरुवात गर्न सकिने ।<br>- भाषा संस्कृतिको जर्गेणा गरी पर्यटकिय अवसरहरु खोजी गर्न सकिने सम्भावना रहेको । | - अधिकतम जनसंख्या थारु समुदायबाट रहेको ।<br>- | - भाषा संस्कितिको संरक्षण हुनेछ ।<br>- स्थानिय स्तरको पर्यटन विकास भएको हुनेछ ।<br>- विद्यालयहरुमा मातृभाषा शिक्षा प्रणालीको विकास भएको हुनेछ । |

## २.२.३. पूर्वाधार विकास

यस शिर्षकमा गाँउपालिकाका सडक तथा यातायात, विपद व्यवस्थापन र वातावरण क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: पूर्वाधार विकास (सम्भावना, समस्या तथा गाँउबासीले चाहेको विकासको अवस्था)**

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| **सुचना तथा सञ्चार** | – टेलिकम टावरहरुको संख्या पर्याप्त नभएको<br>– सञ्चार सुविधाको कमी भएको<br>– इन्टरनेटको पहुँच सर्वसुलभ रुपमा उपलब्ध नभएको,<br>– आई.सि.टी सीप भएको जनशक्तिहरुको कमी,<br>– पञ्जीकरणलाई व्यवस्थीत गर्न गा.पा. स्तरमा सुचना व्यवस्थापन प्रणाली नहुनु | – टेलिकम टावरहरु नयाँ निर्माणमा पहल तथा क्षमता अभिवृद्धि गर्ने,<br>– टावर रेखदेखको व्यवस्था मिलाउनु पर्ने,<br>– इमेल इन्टरनेटको प्रयोग गर्ने दक्ष जनशक्ति उत्पादन गर्ने र गा.पा.को वेबसाईट लाई नियमित अपडेट गर्ने,<br>– सूचना व्यवस्थापन प्रणाली (MIS) लाई संस्थागत गरी बैङ्किङ प्रणाली द्वारा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रणाली सञ्चालन गर्ने,<br>– स्थानीय रेडियो तथा पत्रपत्रिकाहरुलाई प्रोत्साहन गरी गाँउपालिकास्तरीय विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, |
| **सडक यातायात तथा झोलुङ्गे पुल** | – गाँउपालिकाले तोकेको मापदण्ड अनुसार सडक चौडा नभएको र मोडहरू नमिलेको<br>– पानी निकासको लागि नाला नभएको<br>– सडकहरूको नियमित, आकस्मिक, आवधिक मर्मत संभार नभएको<br>– ठाउँठाउँमा पुल तथा कल्भर्ट र कजवे नभएको<br>– सार्वजनिक यातायात चालु नभएको<br>– सडकको उचित क्षेत्राधिकार निर्धारण नभएको | – गाँउपालिका स्तरीय सडक निर्माण गुरुयोजना बनाई सडक निर्माणको कार्यलाई प्राथामिकिकरण गरि व्यवस्थापन गर्ने,<br>– सडक विस्तारको लागि क्षेत्राधिकार निर्धारण गर्ने,<br>– निर्माण भइसकेका सडकहरुको उचित मर्मत सम्भार गर्नुपर्ने,<br>– सडकहरुको स्तरोन्नती हुनुपर्ने र सडकको गणस्तरको लागि अनुगमन गर्नुपर्ने,<br>– मोटरेवल पुल तथा झोलुङ्गे पुलहरुको आवश्यकता पहिचान गरि योजना बनाउने,<br>– |
| **आवास, वस्ती भवन र बजार** | – सडक नाली तथा पानी निकासको व्यवस्था नभएको<br>– प्रतिक्षालय, बसस्टायण्ड र पार्किङ्गको व्यवस्था नभएको<br>– सार्वजनिक शौचालयको जग्गा र संरचना नभएको<br>– भवन निर्माण मापदण्ड तथा निमयवली तर्जुमा नभएको<br>– भवन नक्शापास तथा भूकम्प प्रतिरोधी भवन बारे सचेतना तथा जानकारीमा कमी रहेको<br>– हाटबजारका लागि जग्गा उपलब्ध नभएको, | – पानी निकास नाली, प्रतिक्षालय, बसस्ट्याण्ड, पाकिङ्ग, सार्वजनिक शौचालय, हरियाली खुल्लास्थान सहित बजार व्यवस्थित गर्ने ।<br>– हाटबजारको लागि जग्गा, बजारसेड, संकलन तथा वितरण केन्द्र, सार्वजनिक शौचालय, सडक तथा पार्कीङ्गको व्यवस्था गर्ने<br>– पार्कसहित बृद्धाश्रम तथा बालउद्यानहरुको निर्माण गर्ने<br>– जनता आवास कार्यक्रमको थप विस्तार गर्ने<br>– सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने |

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| | बजार सेड, संकलन तथा वितरण केन्द्र, सार्वजनिक शौचालय, सडक तथा पार्किङ्गको व्यवस्था नभएको<br>– सामुदायिक भवन र सुरक्षित आश्रयस्थलको कमी रहेको | – वस्ती/वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माण गर्ने<br>– प्राविधिक, निर्माण व्यवसायी र मेसनको लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धी तालिम प्रदान गर्ने<br>– नक्शा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने |
| विद्युत तथा उर्जा | – सबै वस्तीमा विद्यूत सेवा उपलब्ध नरहेको<br>– विद्यूत उपलब्ध रहेको स्थानहरूमा ट्रान्सफर्मरको क्षमता र संख्यामा कमी रहेको<br>– विद्युत लाइनमा पोल तथा तार जिर्ण भएको<br>– वैकल्पिक उर्जा पर्वद्धनको लागि कुनै किसिमको कार्यक्रमहरु नरहेको । | – नपुगेको स्थानहरूमा विद्युत लाइन विस्तार गर्ने<br>– ट्रान्सफर्मरको संख्या थप गर्ने तथा क्षमता वृद्धि गर्ने<br>– कृषि विद्युतीकरण लाइन विस्तार गर्ने<br>– जिर्ण पोल र तार मर्मत गर्ने<br>– वैकल्पिक उर्जा पवर्द्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम सञ्चालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने |

## २.२.४. वन, वातावरण तथा विपद् व्यवस्थापन

यस शिर्षकमा गाँउपालिकाका वन तथा जैविक विविधता, विपद व्यवस्थापन र वातावरण क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापन (सम्भावना, समस्या तथा गाँउवासीले चाहेको अवस्था)**

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| वन र जैविक विविधता | – अनाधिकृत वन फडानी तथा विनास तथा वार्षिक रुपमा अत्याधिक डढेलो लाग्नु<br>– नयाँ बोट विरुवा रोपाईको अभाव<br>– खुल्ला, चरिचरन<br>– सामुदायिक वन उपभोक्ता समुहका सदस्य तथा उपभोक्ता समितिका पदाधिकारी सक्रिय हुन नसक्नु ।<br>– चोरी निकासी (आन्तरिक हुनु)<br>– गाई-भैसी अनियन्त्रित र खुल्ला रुपमा छोड्ने<br>– जग्गाको पहिचान नभएको तथा अतिक्रमण भएको<br>– सबै जातजातिको विरुवाको अभाव तथा संरक्षणको अभाव<br>– जडिबुटिको पहिचान नभएको तथा अरु सम्भावित क्षेत्रमा ध्यान नपुगेको<br>– वन विनासबाट वासस्थान, खानपिन लगायत अन्य समस्या<br>– बजारको पहिचान नभएको<br>– समुहको क्षमता विकास तालिम<br>– लेखा अभिलेखा कार्यालय व्यवस्थापन कमी<br>– वनमा आश्रित वर्ग समुदायमा सीपमुलक तालिमको कमी,जीविकोपार्जन सुधार योजना तथा कार्यक्रमको कमी | – वन जगंल संरक्षण गर्न वन व्यवस्थापन समितिलाई व्यवस्थित, सक्रिय तथा क्षमता अभिवृद्धि गर्ने<br>– नयाँ विरुवा रोप्ने<br>– चरिचरनमा रोक लगाउने<br>– जग्गा यकिन गरी अतिक्रमित जग्गा समेत लाई संरक्षण गर्नु पर्ने<br>– विभिन्न जातजातिको विरुवा वेर्नाको उपलब्धता सहित घेरावेरा एवं संरक्षण<br>– सम्वन्धित विज्ञबाट पहिचान गराई जडिबुटिको व्यवसायिकरण गर्ने ।<br>– जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने ।<br>– हरित पार्क तथा पिकनिक स्थलको निर्माण र व्यवस्थापन<br>– जडिबुटि उत्पादन र संकलन गर्ने<br>– जडिबुटी संरक्षणका लागी जनचेतना कार्यक्रम<br>– बजार व्यवस्थापन र बिक्रि प्रवर्द्धन क्षेत्र विस्तार गर्ने<br>– समुहका पदाधिकारीहरूको लागि क्षमता विकास, लेखा व्यवस्थापन तालिम सञ्चालन गर्ने<br>– उपभोक्ताहरूलाई सीपमुलक तथा जीविकोपार्जन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने |
| भू संरक्षण तथा जलाधार | – जलाधार र सिमसार क्षेत्रहरु पहिचान नहुनु<br>– उचित संरक्षणको अभाव<br>– खुल्ला प्रवेश क्षेत्र भएको<br>– सिमसार क्षेत्रको उचित व्यवस्थापन नभएको<br>– निती निर्माण सम्बन्धी जानकारी नभएको | – लागत संकलन गर्ने<br>– उचित व्यवस्थापन र ठेक्का प्रकृयामा कार्यान्वयन गर्ने<br>– माछा पालन कार्यको प्रवर्द्धन गर्ने<br>– भुरा उत्पादन गर्ने |

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| | – चराचुरंगी र जीवहरूको पहिचान नभएको<br>– उचित संरक्षण नभएको<br>– सिमसार बारे  महत्वको जानकारीको कमी | – तार जाली, तटवन्ध, बृक्षारोपण गर्ने<br>– पार्क क्षेत्र गर्ने, पर्यटकीय क्षेत्रको निर्माण गर्ने ।<br>– आरक्ष क्षेत्र सिमामा तार घेराबार गरी संरक्षीत गर्ने<br>– नीतिका कुराहरू व्यवहारमा लागू गराउने<br>– जनचेतना जगाउने,<br>– सीमसार क्षेत्रमा निजी चौपाया प्रवेश निषेध गरी अनुगमन गर्ने<br>– पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने<br>– नदी कटान तथा संवेदनशील क्षेत्रको पहिचान गर्ने<br>– नदी नियन्त्रण तथा मर्मत सम्भार (बायो इन्जिनियरिङ्गको कार्य) सञ्चालन गर्ने ।<br>– स्थानीय स्तरमा सीमसारको महत्व तथा उपयोगी हुने कार्यक्रम सञ्चालन गर्ने । |
| **वातावरण तथा फोहर मैला व्यवस्थापन** | – वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि चेतनाको अभाव रहेको<br>– फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र पुनः प्रयोग सम्बन्धि चेतनाको अभाव<br>– सौर्यबत्तीको अभाव<br>– क्रसर, इट्टा भट्टाहरुको मापदण्ड र उचित वातावरणीय अनुगमन नभएको<br>– घाट क्षेत्रको उचित व्यवस्थापन नभएको<br>– प्लाष्टिक झोलाको प्रयोग<br>– फोहोर पानी जमेको<br>– ढल निकासको व्यवस्थापन नभएको<br>– वातावरण प्रदूषण<br>– सार्वजनिक शौचालय नभएको<br>– सुधारिएको चुलो व्यवस्था नभएको | – जनचेतना कार्यक्रम सञ्चालन<br>– बृक्षारोपणमा जागरुक गराउनु पर्ने<br>– फोहर मैला संकलन ,उचित व्यवस्थापन प्रयोगमा ल्याउनु पर्ने<br>– सरसफाई सम्बन्धी सचेतीकरण<br>– प्रत्येक घरधुरीमा कम्तिमा २ बिरुवा रोप्ने अभियान सँगै गार्डेन र करेसावारी विकास गर्ने<br>– प्रत्येक घरधुरीले धुवाँ रहित चुलो प्रयोग गरिनु पर्ने,<br>– सौर्यबत्ती जडान गरिनु पर्ने ।<br>– प्लाष्टिक झोला मुक्त पालिका बनाउने ।<br>– घाट गृह निर्माण, बधशाला निर्माण, सिनो व्यवस्थापन गर्ने<br>– ढलको निर्माण, मर्मत सम्भार<br>– पुरानो मोटर गाडीलाई व्यवस्थापन गर्ने ।<br>– सार्वजनिक शौचालय निर्माण  गरिनु पर्ने ।<br>– फोहोरमैला व्यवस्थापनलाई गाँउपालिकास्तरीय ल्याण्डफिल साइट निर्माण गरिनुपर्ने ।<br>– घुम्ती फोहोर संकलन गरिनुपर्ने । |
| **विपद् व्यवस्थापन** | – न्यून संख्यामा रहेको स्वास्थ्य संस्थामा पूर्वाधारको कमी<br>– समन्वयको आवश्यकता भएको<br>– उपकरणको कमी रहेको<br>– उचित समन्वयको कमी भएको<br>– संख्या र तालिमको कमी भएको<br>– नदी कटान, डुवान, बाढी<br>– सर्प दंश<br>– शीतलहर<br>– खडेरी<br>– आगलागी<br>– महामारी<br>– भूकम्प प्रतिरोधी भवनको कमी<br>– अव्यवस्थित भवन एवं वस्ती विकास निर्माण | – स्वास्थ्य संस्थाको स्तरोन्नती सहित आवश्यक संख्यामा एम्बुलेन्स तथा शव वाहनको व्यवस्था गरिनुपर्ने<br>– प्रहरी निकायसँग समन्वय सहित विपद सम्बन्धी उपकरण हरू,<br>– हरेक वस्ती पिच्छे खुला क्षेत्र तथा सुरक्षित आवास गृहको निर्माण एवं तालिम<br>– विपद जोखिमबाट बच्ने उपायको अभ्यास लगायत झटपट झोला प्रयोगको तालिम<br>– सूचनाको लागि साईरन आदिको व्यवस्था<br>– गाँउपालिकाक्षेत्र भित्र भएका सर्पदंश उपचार केन्द्रको क्षमता अभिवृद्धि तथा व्यवस्थापन गर्ने<br>– भवन निर्माण संहिताको पालना गरी मात्र भवन पूर्वाधार निर्माण गर्ने<br>– भु उपयोग नीति निर्माण गरी कार्यान्वयन गर्ने<br>– नदी किनारामा बोल्डर क्रेटिंग तारजाली<br>– बाँध निर्माण, नदी नियन्त्रणको लागि जोखिमयुक्त |

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| | | क्षेत्र संरक्षण गर्न डि.पी.आर.तयार गरी आवधिक रुपमा कार्यान्वयन गर्ने । |

### २.२.५. सुशासन तथा संस्थागत विकास

यस शिर्षकमा संस्थागत विकास तथा सुशासन विषय क्षेत्रमा संस्थागत तथा सँगठन, श्रोत परिचालन, सहभागितामूलक योजना, अनुगमन तथा सुपरिवेक्षण, स्थानीय सुशासन तथा जवाफदेहिता, जस्ता क्षेत्रका सम्भावना तथा अवसर स उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७: सुशासन तथा संस्थागत विकास (सम्भावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)**

| समस्याहरु | समस्यका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| **संस्थागत संरचना तथा मानव संशाधन** | – समय सापेक्ष अनुसार कर्मचारीहरूको क्षमतामा कमी ।<br>– स्थानिय सरकार सञ्चालन सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरूमा समय सापेक्ष तथा आवश्यकता अनुसार ज्ञान सिप तथा सूचना प्रभावको कमि ।<br>– आवश्यक्तानुसार सवारी साधन पर्याप्त नभएको<br>– कम्प्यूटर अनुसार विद्युतीय माध्यमबाट सेवा प्रभावकारी नभएको ।<br>– जनप्रतिनिधिहरू आवश्यक्तानुसार क्षमता विकास गर्नुपर्ने<br>– विधुतिय शासन स्थापना गर्न नसक्दा सार्वजनिक सेवा प्रवाहमा ढिला सुस्ती उतपन्न<br>– जनप्रतिनिधि तथा कर्मचारीहरूमा सूचना प्रविधि सम्बन्धि ज्ञानको कमी रहेको<br>– गुणस्तरीय, अपांगमैत्री, बालमैत्री शौचालय नभएको<br>– वडा कार्यालयमा व्यवस्थित खानेपानी नभएको | – दरबन्दी र आवश्यक्तानुसारको कर्मचारी बढाउने र व्यवस्थापन गर्ने ।<br>– कर्मचारीहरूको क्षमता विकास कार्यक्रम अनुसार<br>– सवारी साधन उचित व्यवस्थापन गर्ने<br>– गाँउपालिका, वडा, विषयगत शाखाहरूलाई व्यवस्थित गर्ने<br>– जनप्रतिनिधीलाई स्थानीय तह सञ्चालन सम्बन्धी क्षमता विकास तालिम<br>– आधुनिक सूचना प्रविधि व्यवस्थित ( ल्यापटप सहित)<br>– जनप्रतिनिधीलाई सूचना प्रविधिको क्षमता अभिवृद्धि तालिम ।<br>– प्रत्येक वडामा गुणस्तरीय शौचालय निर्माण<br>– गाँउपालिका, वडा तथा अन्तर्गतका कार्यालयमा शुद्ध खानेपानीको साथै व्यवस्थित शौचालय निर्माण गर्ने |
| **श्रोत परिचालन** | – सम्भावना अनुसार आन्तरिक आय संकलनमा कमी रहेको ।<br>– केन्द्रिय अनुदान प्रयाप्त नरहेको ।<br>– विकास साझेदारहरूको लगानी र समन्वयको कमी भएको ।<br>– आन्तरिक नियन्त्रण प्रणालीका लागी संरचना तथा कार्यविधि नभएको<br>– निजी क्षेत्रहरूले पर्याप्त विकास कार्यमा र गाँउपालिकाक्षेत्रसँग समन्वय नगरी लगानी गरेको । | – आन्तरिक आयको सम्भावना संकलन अध्ययन गर्ने ।<br>– सबैलाई करको दायरामा ल्याउने तथा नितिगत सुधार गर्ने ।<br>– जनसंख्या र भौगोलिक आधारमा वृद्धि गर्न पहल गर्ने ।<br>– विकास साझेदारहरूसँग समन्वय गर्ने निति ल्याउनुपर्ने<br>– आन्तरिक नियन्त्रण प्रणालीका लागी संरचना तथा कार्यविधि तयार पारी लागू गर्ने<br>– वेरुजु न्यूनिकरणका लागी निति तथा कार्यक्रम बनाउने<br>– निजी क्षेत्रसँग समन्वय गरी लगानी गर्न वातावरण बनाउने ।<br>– निजी क्षेत्रलाई विकासको लागी लगानी गर्न प्रोत्साहन गर्ने । |

| समस्याहरु | समस्यका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| योजना व्यवस्थापन | – ऐन तथा संघीय कार्यविधि अनुसार योजना तर्जुमा तथा कार्यान्वयनमा कठिनाई ।<br>– तथ्याङ्क र आवश्यकताको आधारमा वैज्ञानिक पद्दतीको योजना तर्जुमा अभ्यासमा कमि<br>– उपभोक्ता परिचालन सम्बन्धी कार्यविधि तथा निर्देशिकाको प्रभावकारी कार्यान्वयन नभएको ।<br>– योजना तथा बजेट तुर्जमा प्रकृया सहभागिमूलक हुन नसक्नु<br>– बजेट तर्जुमाको समय अनुसार पछि परेको<br>– कार्ययोजना तर्जुमा गरी नतिजामूलक अभ्यासमा कमि रहेको | – ऐन तथा कार्यविधिको प्रावधान र समय अनुसार वार्षिक योजना तर्जुमाको प्रकृया अवलम्बन गर्ने ।<br>– तथ्याङ्क र स्थानीय आवश्यकताको आधारमा योजना तर्जुमा गर्ने ।<br>– योजना कार्यन्वयन तथा प्रगतिको समिक्षा सम्बन्धी प्रकृया तयार गरी कार्यान्वयन गर्ने ।<br>– नतिजामुलक आवधिक योजना तथा क्षेत्रगत रणनीतिक योजना तर्जुमा गर्ने ।<br>– आवधिक योजनाको लक्ष्य तथा रणनीतिको आधारमा नतिजा खाकामा योजना तर्जुमा गर्ने<br>– प्रभावकारी अनुगमन तथा सुपेरिवेक्षणका लागी क्षमता विकास कार्यक्रम |
| सुशासन, ऐन, नियम तथा जवाफदेहिता | – स्थानीय तहको जिम्मेवारी वहनका लागि आवश्यक सबै ऐन, नियम तथा कार्यविधिहरू समयमै बन्न नसक्नु<br>– सुशासन तथा सामाजिक उत्तरदायित्वका लागि व्यवस्थित प्रकृया अवलम्बन नहुनु ।<br>– सबैले वुझ्ने गरी नागरिक बडापत्र अद्यावधिक गरी सेवा प्रवाह हुन नसकेको<br>– गाँउपालिका केन्द्र, वडा तथा विषयगत शाखाहरूको सेवाको सन्तुष्टीको मात्रा कमि रहेको<br>– सामाजिक जवाफदेहिता, पारदर्शिता तथा उत्तरदायित्व सम्बन्धी कार्यविधि तथा प्रभावकारी अभ्यास को कमि भएको<br>– ईमेल ईन्टरनेटको प्रयोगमा सबै कर्मचारी तथा जनप्रतिनिधीहरू दक्ष हुन नसक्नु ।<br>– निति नियम, तथा अन्य व्यवस्थापन निरन्तर परिवर्तन भएतापनि समयमै जानकारी गराउन नसक्नु ।<br>– एक द्वार पद्धतीको अवलम्वन हुन नसक्नु ।<br>– भाषिक समस्या विधमान रहनु ।<br>– सार्वजनिक सुनुवाई निरन्तर भएतापनि जन सहभागिता न्युन हुनु साथै प्रभावकारी हुन नसक्नु<br>– कर्मचारी कर्मचारी, कर्मचारी जनप्रतिनिधि विचमा समन्वयको कमि । | – सबै कार्यालयहरूमा नागरिक बडापत्र तयार गरी प्रभावकारी विधि द्वारा जनतालाई जानकारी गराउने<br>– तर्जुमा भएका ऐन, नियम तथा कार्यविधि प्रभावकारी रुपमा जानकारी तथा कार्यान्वयन गर्ने<br>– आफ्नो अधिकार क्षेत्रका विषयमा बाँकी रहेका बढी भन्दा बढी ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने ।<br>– आवश्यक दक्ष जनशक्ति र सेवाको गुणस्तर वृद्धि गर्ने<br>– उपभोक्ता समिति परिचालन कार्यविधि सबै वडा कार्यालय लगायतलाई जानकारी गराउने साथै उनिहरूलाई तालिमको व्यवस्था गर्ने ।<br>– कार्यविधि बनाई सेवाग्राहीको सन्तुष्टि मापन गर्ने र सुझाव पेटिका मार्फत सुझाव संकलन गर्ने ।<br>– सूचना अधिकारी र गुनासो सुनुवाईको कार्यविधि तय गर्ने लागु गर्ने तथा प्रभावकारी कार्यान्वयन गर्ने<br>– तेश्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने<br>– ईमेल ईन्टरनेटको प्रयोगमा सबै कर्मचारी तथा जनप्रतिनिधीहरू दक्ष बनाउन तालिमको व्यवस्था गर्ने ।<br>– सुशासन तथा पारदर्शिताको कार्यविधि तयार गरी लागु गर्ने ।<br>– पारदर्शिता तथा जबाफदेहीता सम्बन्धी स्पष्ट कार्यविधि र निर्देशिका तयार गरी लागु गर्ने ।<br>– समयमा पेस्की फर्छ्यौट हुन तथा बेरुजु असुलउपर गर्न प्रभावकारी कदम चाल्ने,<br>– हेलो सरकार,चेक लिस्ट, सुचना प्रवाह, |

| समस्याहरु | समस्यका कारणहरु | समाधानका उपायहरु |
| --- | --- | --- |
| | | स्टडि सर्कल , सार्वजनिक बैठक अर्न्तक्रिया, ई गोभरमेन्टस, वाच डग ग्रुप, सन्तुष्टि सर्वेक्षण हरूको व्यवस्थापन गर्ने । |

## २.३ गाँउपालिकाको अवसर तथा चुनौतिहरु

यस उप खण्डमा गाँउँपालिकाका रणनीतिक योजनाका ५ वटा मुख्य क्षेत्र र तिनका उपक्षेत्रहरुको विस्तृत संक्षिप्त विश्लेषण गरिएको छ। यी विश्लेषणको आधारमा दीर्घकालीन रणनीतिहरु तय गरिएको छ। हरेक विषयगत क्षेत्रका अवसर तथा चुनौतिहरु तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका २. २: गाँउपालिकाका अवसर तथा चुनौतिहरु**

| क्र.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| १ | **आर्थिक विकास** | | | | |
| १.१ | कृषि | - १३ प्रतिशत भन्दा वढी खेतियोग्य जमिन<br>- अन्नबाली, फलफुल, दलहन तथा तरकारी पकेट क्षेत्र | - परम्परागत कृषि विचौलिया हावी<br>- सिँचाईको कमि | - खाध्य वस्तु निर्यात<br>- फलफूल प्रशोधन<br>- गेडागुडी निर्यात | - विषयविज्ञ, वीमा, सेवा अभाव, |
| १.२ | पशुपालन | - स्थानीय स्तरमा पशुपालन व्यवसायीकरण तर्फ उन्मुख | - पशु विकास रणनिती नबन्नु।<br>- औषधी पसल, पशु प्राविधिक अभाव। | - व्यवसायिक गाई, भैसी तथा बाख्रापालन | - पशुपालन प्रविधिमैत्री व्यवसायिक नबन्नु |
| १.३ | पर्यटन | ऐतिहासिक मन्दिर, संस्कृति, पोखरीहरु, सिमसार क्षेत्रहरु | योजना, पूर्वाधार, सूचना तथा प्रचार र बजेट कमी। | - पुननिर्माण तथा नयाँ तथा पर्यटक तान्न सक्ने संरचनाको निर्माण गर्नु। | निजीक्षेत्रको संलग्नता तथा लगानी वातावरण नहुनु। |
| १.४ | उद्योग तथा वाणिज्य | - साना उद्योगहरु सञ्चालन हुनु।<br>- व्यवसाय गर्नको लागि कृषि सहकारी, महिला सहकारी तथा अन्य वित्तीय संस्थाहरु हुनु। | -स्थानीय कच्चापदार्थको पहिचान नहुनु<br>-सहकारीहरुको आवश्यक वित्तीय क्षमता नहुनु। | - कृषि औद्योगिकरण गर्न सकिने।<br>- दुग्ध प्रशोधन उद्योग आदि स्थापना गर्न सकिने। | - लगानीको वातावरण नहुनु<br>-स्थानीय कच्चापदार्थको पहिचान नहुनु |
| १.५ | सहकारी व्यवस्थापन | पर्याप्त सहकारी, सरल ऋण पहुँच। | दर्ता भएकामध्ये सबै सहकारीहरु कृयाशिल नहुनु | -विप्रेषणलाई बचत तथा लगानीको रुपमा विकास गर्न | - कृषि सहकारी व्यवसायिक बन्न |

| क.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | | । | सकिने ।<br>-सहकारीलाई उद्यम प्रवर्द्धनमा लगानीका वातावरण बनाउने । | नसक्नु । |
| १.६ | बैंकिङ प्रवर्द्धन | लघु वित्त संस्थाहरुबाट छिटो, सरल तरिकाबाट ऋण दिने । | -सदस्यहरुलाई कम व्याज दिने र विश्वास कम ।<br>-विपन्न वर्गको बैंकिङ पहुँच नरहेको | - आर्थिक क्रियाकलाप सशक्त हुनु । | - रकम जोखिममा<br>- आर्थिक क्रियाकलाप सम्बन्धी ज्ञानको कमि |
| १.७ | भूमि व्यवस्थापन | खेतियोग्य जमिन पर्याप्त | - अनुत्पादन भूमि धेरै ।<br>- सिमसार क्षेत्रको व्यवस्थापन गर्न नसक्नु | जग्गाको सामुहिक प्रयोजन बनाउन सक्नु । | प्रभावकारी भूउपयोग नहुनु । |
| १.८ | खानी व्यवस्थापन | बालुवा, ढुङ्गा, गिटीका स्रोत खाली जग्गाहरु | खानीको उचित पहिचान हुन नसक्नु | पद्धति विकास खानीमा आधरित रोजगारी । | योजनाको कमी ।<br>कानुनी झन्झटहरु । |
| १.९ | श्रम तथा रोजगार | रेमिट आम्दानीले स्थानीय अर्थतन्त्र सञ्चालन | - युवाहरु विदेश पलायन हुनु<br>- वैदेशिकरोजगारी असुरक्षित हुनु । | वैदेशिक रोजगारीमा गएका युवाहरुलाई स्वदेशमा रोजगारीका अवसर । | - लगानी वातावरण कमजोर । |
| **२. सामाजिक विकास** | | | | | |
| २.१ | शिक्षा | -विद्यालयहरु पर्याप्त हुनु ।<br>-वार्षिक विद्यार्थी भर्नादर उच्च हुनु ।<br>- आधारभुत विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन हुनु । | -प्राविधिक विद्यालयको अभाव<br>-विद्यालय समायोजनले गर्दा साना वालवालिकालाई टाढा जानुपर्ने । | शिक्षा गुरुयोजना बनाइ सामुदायिक स्कुललाई आकर्षण बनाउन सकिने ।<br>- प्राविधिक विद्यालयहरुको स्थापना गर्न सकिने । | आधारभूत सुविधा सहितका गुणस्तरीय शिक्षा । |
| २.२ | स्वास्थ्य | - सबै वडाहरुमा स्वास्थ्य चौकी तथा प्रसुती सेवा । | यौनजन्य रोगहरुको लागि जनचेतना कमी | प्राकृतिक तथा आर्युवेद सेवा विस्तार । | नयाँनयाँ रोगहरुको बढ्दो क्रम । |

| क्र.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | - १५ शैया अस्पताल निर्माण योजना | -निशुल्क औषधीहरु सहज नहुनु ।<br>- पर्याप्त जनशक्तिको व्यवस्थापन गर्न नसक्नु | | |
| २.३ | खानेपानी | - खानेपानी वजेट प्राथमिकता दिएको । | ठूला र व्यवस्थित खानेपानि योजनाको अभाव । | बृहत खा. पा. योजना सञ्चालन नहुनु । | खानेपानीको लागी प्रर्याप्त लगानीको कम<br>खानेपानीको शुद्धता परीक्षण |
| २.४ | सरसफाई | प्रत्येक घरमा शौचालयको व्यवस्था भएको ।<br>- बजार क्षेत्रमा नालाहरुको व्यवस्थापन भएको । | - सार्वजनिक शौचालयहरु नहुनु<br>- पानीको अभावका कारण फोहरमैला नियन्त्रण नहुनु<br>- ल्याण्डफिल्ड साईट नहुनु । | स्वच्छ सुन्दर गाँउपालिका निर्माण ल्याण्डफिल्ड स्थापना । | ल्याण्डफिल्ड साईटको लागी जग्गाको अभाव हुन सक्नु । |
| २.५ | संस्कृति प्रवर्द्धन | - स्थानियवासीको संस्कृति<br>- थारु जनसंख्या ४६ प्रतिशत रहेको कारण थारु संस्कृति प्रवर्द्धन गर्न सकिने । | – स्थानीय कला, साहित्य, भाषा, संस्कृति लोप हुन थालेको । | -सँग्रहालय,साङ्गीतिक केन्द्र, विचार बैंकल नागरिक अभियानहरु प्रवर्द्धन । | भाषा, कला साहित्य र संस्कृति प्रेमीहरुका कमजोर । |
| २.६ | सञ्चार सेवा | - ईन्टरनेट प्रयोग तथा विस्तार बढेको ।<br>- गाँउपालिका तथा प्रत्येक वडामा ईन्टरनेटको पहुँच रहेको । | – टेलिफोन सेवा गुणस्तर नहुनु<br>– एफएम कभरेजको स्थानिय भाषामा प्रसारणको कमी<br>– स्थानीय पत्रिकाहरु | - टेलिफोन, एफएम, पत्रिकाको सेवा वृद्धि गर्ने ।<br>हुलाकलाई ईसेवामा सञ्चालन गर्ने ।<br>- स्थानीय रेडियो स्टेशनमा गा.पा.को तर्फबाट | - मोवाइलको नेटवर्क समस्या<br>अन्य सेवाहरु सहज विस्तार नहुनु |

| क्र.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | | नहुनु | सार्वजनिक रेडियो कार्यक्रम सञ्चालन गर्न सकिने । | |
| २.७ | जनसंख्या व्यवस्थापन | - आर्थिक सक्रिय जनसंख्या बढी । | जनपरिचालनलाई प्राथमिकता नदिनु<br>युवा पुरुषहरु भारत तथा अन्य देशमा आकर्षित हुनु | आर्थिक योजनाहरु सञ्चालन नहुनु । | सक्रिय उमेर समूह गाँउबाहिर हुनु । |
| २.८ | लक्षितवर्ग कार्यक्रम | लक्षित वर्गको लागी बजेट प्राथमिकता तथा विभिन्न कार्यक्रमहरु सञ्चालन भएको | - कार्यक्रमको निश्चित मापदण्ड नहुनु, हुनेखानेको पहुँच | - स्थानीय सरकारले प्रभावकारी व्यवस्थापन गर्ने | परनिर्भरतामुखी संस्कार |
| २.९ | खेलकुद | - गाँउपालिकास्तरीय खेलकुद प्रतियोगीता<br>खेलकुद रंगशाला निर्माण चरणमा रहेको । | - खेल क्षेत्रलाई प्रोत्साहन नगर्नु | - स्थानीय स्तरमा खेलकुदमार्फत युवाहरु सँगठीत गर्ने । | - पर्याप्त मैदान तथा रंगाशालाहरु निर्माण नहुनु । |
| ३ | **पूर्वाधार विकास** | | | | |
| ३.१ | सडक तथा पुल | अधिकांश वडाहरु सडक सञ्जाल विस्तार भएको<br>हुलाकी राजमार्गले गढवा गाँउपालिकाको मध्यभाग बाट जाने भएकोले ७ वटा वडा लाई छोएको । | - सडक गुरुयोजना नबनाउनु ।<br>- सडक निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्क नगर्नु ।<br>डिजाइन तथा इष्टिमेटमा लापरवाही । | ट्र्याकहरु २ वर्ष भित्र कालोपत्र गरिसक्ने ।<br>सडक गुरुयोजना बनाई सडकलाई प्राथामिकिकरण गर्ने । | - सडकहरुको सञ्जाल विस्तार भएतापनी आवश्यक कार्यनीति नहुँदा ढिला सुस्ती तथा मर्मत सम्भार नहुनु । |
| ३.२ | भवन, वस्ती तथा शहरी विकास र पुननिर्माण | - हुलाकी राजमार्गको कोरिडोरमा अधिकतम वस्ती विकास भएको | -पुर्ननिर्माण मापदण्डका घरहरु उपयुक्त नबन्नु | - एकीकृत वस्ती व्यवस्थापन | - स्थानीय बजारहरु व्यवस्थितहुन नसक्नु |

| क्र.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| ३.३ | सिँचाइ | सिचाइको लागी कुलो तथा डिप बोरिङ्ग सञ्चालनमा रहेको । | योजनाहरुको दिगो व्यवस्थापन नहुनु र सरकारको मुख ताक्ने | डिप बोरिङ्ग सिँचाइ , खाद्य सुरक्षा अभिवृद्धिका लागि कृषि कार्यक्रम | गाँउपालिकासँग वजेटको कमि । |
| ३.४ | उर्जा | - बजार क्षेत्रमा एल.पी. ग्याँस प्रयोगमा रहेको । | - केहि स्थानहरुमा विद्युत सञ्चालन हुन नसक्नु । | प्रदेश सरकारसँग पहल गर्ने । | निति नियममा अस्पष्टता । |
| ३.५ | यातायात | -सडक सञ्जालले सबै वडाहरु जोडिनु ।<br>-ठुला तथा साना सवारी साधनको उपलव्धता । | -बाटो थोरैभागमा मात्र पक्कि सडक ।<br>-गाडीको पर्याप्त व्यवस्था नहुनु । | -सेवा विस्तार हुने ।<br>-हुलाकी राजमार्ग लाई उचित प्रयोगमा ल्याउन सकिने ।<br>-बस पार्क तथा ट्याम्पु स्ट्याण्डहरुको व्यवस्थापन गर्न सकिने । | सडक सावधानी उपायको उचित ज्ञान नहुँदा दुर्घटनाको जोखिम । |
| ४ | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | |
| ४.१ | भू तथा जलधार संरक्षण | सिमसार क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न योजना बन्नु । | पोखरी तथा सिमसार क्षेत्रको पहिचान तथा व्यवस्थापन नहुनु । | पुराना पोखरीहरु तथा आहाल प्रसस्त रहेकोले पुर्नउत्थान र संरक्षण सकिने । | पर्यटकीय दृष्टिले उचित प्रचार प्रसार गर्न नसक्नु । |
| ४.२ | जैविक विविधता संरक्षण | - दक्षिणी भागमा वन जंगल हुनु<br>- विविध जनावर तथा बोट विरुवा हुनु | - वन क्षेत्रमा भएको जडिबुटिहरुको उचित पहिचान हुन नसक्नु ।<br>- वन पैदावरको उचित प्रयोग हुन नसक्नु । | - जैविक विविधता क्षेत्र विस्तार गर्न सकिने ।<br>- जंगल केन्द्रित पर्यटकीय स्थलहरुको विकास गर्न सकिने । | - जैविक विविधता सम्वन्धी ज्ञान शीप नहुनु ।<br>जलवायु परिवर्त हुनु । |
| ४.३ | फोहोरमैला व्यवस्थापन | आफ्नो घरबाट निस्कने फोहर आफैले व्यवस्था गर्न थालेको । | गाँउपालिकामा रहेको मुख्य बजार क्षेत्रहरुमा फोहोर व्यवस्थापन | - सफा गढवा ।<br>- ल्याण्डफिल साईटको निर्माण हुनु । | नागरिक जागरणमा कमि । |

| क्र.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | | दीगो नहुनु | | |
| ४.४ | प्रकोप नियन्त्रण | - गाँउपालिका स्तरीय विपद व्यवस्थापन समितिले विभिन्न योजना गाँउपालिकालाई सुझाउनु । | - जोखिम स्थानमा वस्ती बस्न वाध्यता । | अन्य निकायहरुको समन्वयमा कार्य गर्न सकिने । | प्रकोप नियन्त्रण सम्बन्ध गाँउपालिकामा स्पष्ट नीति नहुनु । |
| ४.५ | विपद व्यवस्थापन | - गाँउपालिकामा २ वटा एम्बुलेन्स सञ्चालन | विपदको पुर्वानुमान गर्न नसक्नु । | अन्य संस्थाहरु सँग सम्वन्ध विस्तार गरि कार्यक्रम गर्न सक्ने । | विपद्बारे समुदाय सचेत नहुनु र विपद योजना नबन्नु । |
| ४.६ | अग्नि नियन्त्रण | - अग्नी नियन्त्रण तालिम लिएका व्यक्तिहरु हुनु ।<br>- गाँउपालिकाले वारुण यन्त्रको व्यवस्था गर्नु । | आगलागी हुन सक्ने नजीकरहेका वस्ती ।<br>वनजंगलमा वर्षेनी डढेलो लाग्नु । | - अग्नी नियन्त्रण तथा वारुण यन्त्र व्यवस्थापन | घरहरु नजिकै हुनु । |
| **५** | **सुशासन तथा संस्थागत विकास** | | | | |
| ५.१ | कार्यालय व्यवस्थापन | न्यायिक समिति मेलमिलापकर्ताको व्यवस्था । | न्याय सम्पादनको लागी छुट्टै वकीलको व्यवस्था नभएको | न्यायिक समितिवाट छिट्टै न्याय पाउने हुदाँ सम्म नै विवाद न्युनिकरण हुनु | न्याय सम्पादनमा बाहिरी दवाव हुनु |
| ५.२ | जनशक्ति व्ययवस्थापन | आवश्यक कर्मचारी व्यवस्थापन हुनु । | कर्मचअरीहरुको दक्षता अभिवृद्धि गराउन नसक्नु | - उपलब्ध कर्मचरीबाट आधारभूत सेवा प्रभावकारी बनाउ सकिने । | आवश्यकता अनुसार कर्मचारी भर्ना गर्न आर्थिक स्रोतको अभाव |
| ५.३ | कार्यालय व्यवस्थापन | - गाँउपालिकाका आफ्नै भवन निर्माण<br>- प्राय सबै वडा कार्यालयहरु निर्माण भईसकेको, २ वटा वडाको कार्यालय निर्माण चरणमा रहेको | प्रविधि मैत्री कार्यालयको व्यवस्थापन हुन नसक्नु ।<br>वडा नं. १ र २ मा सिमा विवाद रहनु | स्थानीय रोजगारीको अवसर हुन सक्ने । | - स्थानीय विवाद र हस्तक्षेप हुनु । |
| ५.४ | कार्यालय | - नागरिक बडापत्र तथा | सबै फाँट अनुसार | सेवा प्रवाहको व्यवस्थित हुनु | गाँउपालिकाको केन्द्र |

| क.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | सार्वजनिक सुनुवाई गर्ने । | कर्मचारीहरुलाई व्यवस्थापन गर्न नसक्नु । | | सबै वडाहरुलाई पायक पर्ने स्थानमा नहुनु |
| ५.५ | सूचना तथा प्रविधि | - गाँउपालिकाको वेवसाईट अद्यावधिक नहुनु ।<br>- सुचना तथा प्रविधी अधिकृत व्यवस्थापन । | गाँउपालिकाको तथ्यांक तथा जानकारीहरु प्रयाप्त संकलन तथा सार्वजनिक नहुनु । | - गाँउपालिकाबाट भएका राम्रा कामहरुको प्रचार प्रसार ।<br>- महत्वपुर्ण सिकाईहरु आदानप्रदान गर्न सकिने । | - भरपर्दो ईन्टरनेट सेवा नहुनु । |
| ५.६ | राजस्व परिचालन | - नयाँ उद्योग व्यवसाय, बजार विस्तार ।<br>- | - व्यवसाय तथा उद्योगहरु व्यवस्थित सञ्चालन नहुनु | - व्यवस्थित बजार विकास गर्न सकिने ।<br>- आन्तरिक आयमा वृद्धि हुनु | राजस्व संकलन र परिचालनमा सरकारी नीतिगत समस्या रहनु |
| ५.७ | वित्तीय व्यवस्थापन तथा सुशासन | - नदीजन्य पदार्थहरुको बिक्रि वितरणको लागि प्रारम्भिक वातावरणीय अध्ययन भएको । | - वास्तविक लागत जनसहभाति न्यून हुनु ।<br>-नीजी, सहकारी र सरकारी लागत सहभागिता न्युन हुनु | - प्राकृतिक स्रोतबाट आय बढाउन सकिने । | - वित्तिय अनुशासन संयन्त्र फितलो । |
| ५.८ | पारदर्शिता र जवाफदेहिता | - ठुला योजनाको सूचना पाटी ।<br>- सार्वजनिक सुनुवाई । | कतिपय कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नहुनु । | पारदर्शिताको विभिन्न गतिविधीहरु गरेर नमुना गाँउपालिका बन्न सक्छ । | डिजिटल प्रविधिको प्रयोग |
| ५.९ | प्रशासकीय सुशासन | - विभिन्न स्थानीय ऐन कानुनहरु निर्माण । | सबै तहमा कानुनी साक्षरता अभिवृद्धि गर्न नसक्नु । | - सुशासन र सन्तुष्टि वृद्धि । | - कानुनको पालना गर्न कठिन हुन सक्छ । |
| ५.१० | न्याय तथा सुरक्षा | - स्थानीय न्यालयको स्थापना तथा व्यवस्थापन । | न्यायलयको लागि छुट्टै भवन तथा कोठाको व्यवस्थापन गर्न नसक्नु । | सामान्य मुद्धाहरुलाई स्थानीय स्तरमा नै समाधान गर्नसके समय खर्च कम हुने छ । | स्थानीय तहमा मिलाउन नसक्ने मुद्धाहरु पनि आउन सक्छन । |
| ५.११ | सामुदायिक तथा | - ठुला गैससहरु र पुँजी परिचालन गर्ने सामुदायिक संस्था | एकद्धार प्रणलीमा परियोजना सञ्चालन गर्न नसक्नु । | - अन्य क्षेत्रको लगानी | - संस्थाको उद्देश्य र गाँउपालिकाको |

| क्र.स. | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | गैसस व्यवस्थापन | हुनु । | | भित्र्याउन सजिलो पर्दछ | आवश्यकता मेल नखान सक्छ । |
| ५.१२ | अन्तरसम्बन्धित क्षेत्रहरु | विषयगत समिति र कार्यालयहरु रहेको छ | विषयगत कार्यालय र समिति समन्वयमा कठिनाई । | विषयगत कार्यालय र विषयगत समितिको समन्वय हुन सकेमा विकासले फड्को मार्ने | एकअर्काको भुमिका स्पष्ट नहुनु । |

## अध्याय ३: सोच, लक्ष्य, रणनीति तथा कार्यनीतिहरु

यस अध्यायमा गाँउपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य तथा उद्देश्य, प्रमुख क्षेत्रगत कार्यक्रम र गाँउपालिकाको विकासलाई मूलधारमा सञ्चालन गर्न मद्दत पुऱ्याउने प्रमुख कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

### ३.१ गाँउपालिकाको दीर्घकालीन सोच

गढवा गाँउपालिकाका निर्वाचित जनप्रतिनिधि, विषयगत समिति तथा बहुसरोकारवालाहरुको सहभागितामा भएको घनिभुत अन्तरकृया, गोष्ठीमा सहभागीहरु बीचको छलफल, विषयविज्ञको सुझाब तथा परामर्शका आधारमा गढवा गाँऊपालिकाको दीर्घकालिन सोच (Vision) देहाय अनुसार तय गरिएको छ ।

- आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र सुशासनसहितको समृद्ध गढवा ।
- नाराः कृषि, पर्यटन, सडक र खानेपानी गाँउपालिकाको दिगो विकासको मेरुदण्ड हुनेछ । यसलाई निम्न नाराको रुपमा स्थापित गरिनेछः

**“कृषि, पर्यटन र पूर्वाधारः गढवा गाँउपालिकाको समृद्धिको आधार”**

### ३.२ गाँउपालिकाको आवधिक लक्ष्य तथा उद्देश्य

आवधिक विकास योजनाले गढवा गाँउपालिकाको समग्र लक्ष्य “शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार क्षेत्रमा विषेश लगानी गरी-पूर्वाधारयुक्त, सुखी, शिक्षित, सुन्दर, स्वस्थ तथा समृद्ध गढवा भएको हुनेछ” तय गरेको छ ।

यसै गरी अन्य विस्तृत उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

| | | |
|---|---|---|
| **आर्थिक विकास** | समष्टिगत उद्देश्य | • स्थानीयस्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर वृद्धि भई गाँउपालिकाबासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने । |
| | क्षेत्रगत उद्देश्य | • कृषि व्यवसायको व्यवसायीकरणमा जोड दिँदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने ।<br>• उत्पादनमा वृद्धि गरी रोजगारीका अवसरहरु श्रृजना गर्ने ।<br>• उद्योग, व्यापार, सहकारी र पर्यटन व्यवसायलाई गाँउपालिकाको आर्थिक विकासको महत्वपूर्ण हिस्साको रुपमा विकास गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना गराई समन्यायिक विकास लगायत सामाजिक स्थितिमा सुधार गर्ने । |
| **सामाजिक विकास** | समष्टिगत उद्देश्य | • स्थानीय विकास र शासनमा महिला, बालबालिका, दलित, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विपन्न क्षेत्र र वर्ग समुदायका व्यक्तिहरुको पहुँच अभिवृद्धि गराई समन्यायिक विकास लगायत सामाजिक स्थितिमा सुधार गर्ने । |

| | | |
|---|---|---|
| | | |
| | क्षेत्रगत उद्देश्य | • विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरु विद्यालयमा भर्ना भई गुणस्तरीय शिक्षा प्राप्त हुनुका साथै प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी तालिमका लागि पूर्वाधार निर्माण गर्ने ।<br>• स्वाास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरि गाँउपालिकाबासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।<br>• समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको संस्थागत विकासमा सुधार ल्याउने ।<br>• सशक्तिकरण मार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, असाहय, एकल महिलाहरुको सामाजित तथा आर्थिक अवस्थामा सुधार ल्याउने । |
| **भौतिक पूर्वाधार विकास** | समष्टिगत उद्देश्य | • गाँउपालिकावासीको पूर्वाधार विकासका क्षेत्रमा पहुँच अभिवृद्धि भएको हुनेछ । |
| | क्षेत्रगत उद्देश्य | • सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरु सरोकारवालाहरुको सहकार्यमा निर्माण गरी प्रभावकारी ढङ्मा लागु गर्ने ।<br>• सडक, यातायात, सिँचाई र अन्य सार्वजनिक पूर्वाधारको विकास र विस्तार गर्ने ।<br>• सञ्चार, मानव वस्ती लगायत स्थानीय पूर्वाधार तथा संरचना निर्माण व्यवस्थित, सुरक्षित र दीगो विकासको अवधारणा अवलम्बन गर्ने । |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | समष्टिगत उद्देश्य | • वत, वातावरण प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण, सम्बर्द्धन र वितरण प्रणालीमा सुधार गराई गाँउपालिकामा विपद् व्यवस्थापन सम्बन्धी दिगो उपायहरु अवलम्बन गर्ने । |
| | क्षेत्रगत उद्देश्य | • समुदायको संलग्नता वृद्धि गर्दै दिगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमबाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धि गर्ने । |
| **संस्थागत विकास** | समष्टिगत उद्देश्य | • गाँउपालिकाबासीलाई गुणस्तरीय, छिटो, छरितो, प्रभावकारी र पारदर्शी सार्वजनिक सेवा प्रदान गर्न स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्ने । |
| | क्षेत्रगत उद्देश्य | • स्थानीय स्तरमा प्रवाह हुने सबै संघ संस्थाका सेवाहरुलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउने । |

## ३.३ गाँउपालिकाको प्रमुख रणनीति

गाँउपालिका तथा गाँउपालिकावासीको समष्टिगत अर्थतन्त्रको चित्रण र सो अनुसार समृद्धि हासिल गर्ने प्रमुख रणनीति निम्न अनुसार हुने छ ।

**सामाजिक आर्थिक अवस्थाको चित्रण**

- परम्परागत पेशाका रुपमा रहीआएको निर्वाहमुखी कृषि
- गैह्र कृषि क्षेत्रको ठूलो हिस्सा रहेको आर्थिक संरचना
- संरचनात्मक विभेदमा हुर्किएको समुदाय
- ठुलो श्रमशक्ति विशेषतः भारत र अन्य देश पलायन भई पुरुष जनशक्ति एकदमै न्युन
- आर्थिक रुपमा सक्रिया जनसंख्या वढि र परिवारमा आश्रीत जनसंख्या थोरै
- साक्षर जनसंख्याको ठुलो हिस्सा
- उत्पादन र उत्पादकत्व दुवै कमजोर र प्रतिस्पर्धात्मकता कम
- प्राकृतिक स्रोत साधनको प्रयोगलाई नविनतम् सोच र समृद्धिसँग जोड्न नसकेको अवस्था
- लगानी वातावरण तथा समृद्धी उन्मुख कार्यक्रम,कार्यनितिको अभाव
- लगानीको प्रतिफल न्युन, खर्चको मापदण्ड तथा नीतिमा आधारित बजेटको फितलो प्रयोग

**प्रमुख रणनीति**

- समृद्धि प्राप्तिका लागि आर्थिक एजेण्डालाई केन्द्रिय विषय बनाई सर्वपक्षीय प्रयास
- स्थानीय सम्भावनाको खोजी र उपयोग, विभिन्न पालिका र तहहरुबीच सहकार्य एवं साझेदारी
- विद्यमान भौतिक, सामाजिक एवं मानवीय पूर्वाधारहरुको भरपूर प्रयोग
- कृषि क्षेत्रमा आधुनिकिकरण र व्यवसायीकरण गर्ने गरी कृषि विकास रणनीतिलाई पूर्ण कार्यान्वयनमा लैजाँदै अर्थतन्त्रको प्रमुख आयामका रुपमा विकास गर्ने
- आन्तरिक पर्यटनलाई अर्थतन्त्रको अभिन्न आयामका रुपमा विकास गर्ने
- स्थानिय उद्योगधन्दा र परम्परागत व्यवसायको प्रतिस्पर्धात्मक क्षमताको विस्तार गर्ने, बजारीकरण गर्ने
- गाँउपालिकालाई सडकमार्ग, सुचना प्रविधि, सञ्चार र Connectivity मा सुधार गर्ने
- वैदेशिक रोजगारीबाट आर्जन भएको रकमलाई उत्पादन मुलक कार्यमा प्रयोग हुनेगरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने
- बजेट अनुशासन र वित्तीय जवाफदेहिताको कानूनी र व्यवस्थापकीय प्रबन्ध गर्ने
- समुत्थान क्षमतासहितको समुदाय, व्यवस्थित सहरीकरण र प्रविधिमैत्री कार्यप्रणालीको प्रयोग
- सेवा प्रवाहमा संरचनात्मक सुधार र प्रभावकारी औजारहरुको सन्तुलित प्रयोग गर्ने
- गाँउपालिकाको समग्र उन्नतीका लागि नागरिक सहभागिता जुटाउने र कर्म गर्ने कार्य संस्कृतिलाई केन्द्रिय विषय बनाउने,

- मेहनत, इमान्दारिता, सहकारीता, आत्मसम्मानलाई दाङबासीको पहिचान बनाउने
- हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने
- परनिर्भर र अन्तरनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ डोऱ्याउने ।
- सांस्कृतिक र धार्मिक विविधताको संरक्षण र व्यवस्थापन गर्ने ।
- शिक्षालाई गुणस्तरीय र प्रतिफलमुलक बनाउने ।
- स्वस्थ र सृजनशिल र श्रमशिल नागरिकहरु तयार गर्ने ।

### ३.४ गाँउपालिकाको कार्यनीति तथा प्रमुख कार्यक्रम (प्राथमिकता क्षेत्र) हरु

गाँउपालिकाको रणनीतिक योजनाको मुख्य लक्ष्य गरीबी निवारण, आय तथा रोजगारी अभिवृद्धि हुने र सो को मुख्य प्राथमिकता क्षेत्र व्यवसायिक कृषि तथा पशुपालन, सुख्खा क्षेत्रको व्यवस्थापन तथा उत्थानशिलता अभिवृद्धि, आन्तरिक पर्यटन प्रवर्द्धन, पुर्वाधार, खानेपानी तथा सिंचाई सेवा विस्तार, शिक्षा र स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर अभिवृद्धि हुनेछ ।

**प्रमुख क्षेत्रहरुको क्षेत्रगत लक्ष्य र कार्यनीति निम्नअनुसार हुनेछ ।**

### ३.४.१. आर्थिक विकास सँग सम्बन्धित

**(क) कृषि विकास**

गढवा गाँउपालिकामा मुख्यतः सिँचाईको समस्या रहेको र वर्षात पनि अनियमित रुपमा हुने गरेकोले जलवायु परिवर्तन अनुकुलन कृषि कार्यक्मलाई जोड दिइनेछ । यस गा. पा. भित्र परम्परागत रुपमा हुने बालीहरु जस्तैः धान तथा गहुँलाई प्रबर्द्धन गर्ने, फलफूल तथा तरकारी खेतीलाई व्यावसायिकरण गरिनेछ । यसको लागि निम्न कार्यनीतिहरु अपनाईने छ :

१. प्रत्येक वडामा व्यवसायीक तथा प्रविधिमैत्री कृषि कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने

२. कृषिमा यान्त्रिकरणको प्रयोगलाई प्रोत्साहित गरिने छ । यस कार्यका लागि कृषक समूह र सहकारीलाई यन्त्र उपकरण खरीदमा ३० प्रतिशत अनुदान उपलब्ध गराइने छ भनें निजी फर्मको हकमा २० प्रतिशत अनुदान उपलब्ध गराउने

३. नमुना व्यवसायीक कृषकलाई सम्मान तथा प्रोत्साहन गर्ने

४. सिँचाई सुविधाको वैकल्पिक व्यवस्था मिलाउने

५. कृषिकरणको प्रयोगको लागि अनुदानको कार्यक्रम सञ्चालन गर्ने

६. प्राविधिक जनशक्ति विकासका क्रियाकलापहरु सञ्चालन गर्ने

७. वडाबाटै विउ विजन वितरण गर्ने

८. सामुहिक लगानी, सामुहिक खेतीको व्यवस्था मिलाउने

९. कृषि बजार, पूर्वाधारको विकासका लागि कार्यक्रम सञ्चालन गर्ने

१०. व्यवसायीक कृषि कार्यमा अनुदान एवं क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने

११. रोग किरा नियन्त्रणका लागि कार्यक्रम गर्ने

१२. गाँउपालिका स्तरीय कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ।

१३. कृषि र पशुपालनलाई एकिकृत रुपमा लगिने,

१४. प्राङ्गारिक खेती लाई जोड दिने,

१५. पानी संरक्षण प्रविधिहरु जस्तैः थोपा सिंचाई , कालो प्लाष्टिकले जमीन ढाकी तरकारी खेती आदि लाई जोड दिने

१६. कृषि सहकारी वा कृषक समुह बनाई मूल्य अभिवृद्धि श्रृङ्खलामा कृषकहरुलाई सहभागी गराउने,

**ख) पशुपालन**

१. भैसीपालक किसानहरुलाई व्यवसायीकरण तर्फ उन्मुख गर्नका लागि क्षमता विकास गर्ने, अनुदान सहयोग गर्ने

२. पशु सम्बन्धी थप दक्ष जनशक्ति व्यवस्थापन एवं पूर्वाधार विकास गर्ने

३. प्रत्येक वडामा आवश्यकताको आधरमा निश्चित संख्या उन्नत नश्लको बोका, राँगा वितरण गर्ने

४. नश्ल सुधार कार्यक्रम, घाँस उत्पादन केन्द्र स्थापना र प्रवर्द्धन गर्ने

५. पशु हाटबजार तथा पशुजन्य उत्पादनको बजारीकरणको व्यस्थापन गर्ने

६. कम्तिमा २ स्थानमा चिस्यान केन्द्रको स्थापना गर्ने

७. किसानलाई प्राविधिक ज्ञान उपलब्ध गराउने

८. कृषक समुह एवं सहकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने

९. पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने, पशु बिमा सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने

१०. व्यवसायिक पशुपालन फार्म विकासका लागि अनुदानका कार्यक्रम सञ्चालन गर्ने

११. पशु उपचार सेवामा एग्रोभेट फर्मा हरूलाई प्रोत्साहित गर्ने

**ग) सिंचाई**

१. सम्भाव्यता र आवश्यकता अनुसार बोरिङ्ग, डिप बोरिङ्ग सञ्चालन तथा जडान गर्ने

२. पक्की कुलो, नहरको व्यवस्था गरी सञ्चालन गर्ने

३. जिर्ण कुलोहरुको मर्मत सम्भार तथा व्यवस्थापन गर्ने

४.पालिकाको दक्षिणी चुरे पर्वतमाला जलधारको संरक्षण गरी सिंचाइमा सदुपयोग गर्ने

**घ) पर्यटन**

१. होमस्टे सहितको नमुना गाँउको रुपमा विकासका लागि पर्यटन पुर्वाधारको विकास गर्ने

२. पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निर्माण गरिनेछ ।

३. पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तर स्थानीय तह लगायत प्रदेश सरकार र संघसँग पहल गरिने छ ।

४. साँस्कृतिक पर्यटनलाई जर्गेना गर्न थारु संस्कृति सँग्रहालय, होम स्टे आदिको निर्माण गरिनेछ।

**ङ) उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन**

१. गुणस्तरीय दाना उत्पादन गर्ने उद्योग सञ्चालनका लागि अनुदान दिने

२. दुध प्रशोधन एवं चिस्यान केन्द्र स्थापना गर्ने

३. शितघर निर्माण गरी तरकारी जन्य वस्तु बजारीकरण गर्ने

४. व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्ने

५. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहन गर्ने

६. उद्योग स्थापनामा अनुदानका क्रियाकलापहरू सञ्चालन गर्ने

७. व्यवस्थित बजारको विकासका निमित्त निजी क्षेत्रसँग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालन गर्ने

**च) बैंक तथा वित्तीय संस्था**

१. वित्तीय सुविधामा देखिएको दोहोरोपन हटाउन सहकारी ऐनको तथा विनियमको प्रभावकारी कार्यान्वयन गरिने छ ।

२. सहकारी सम्बन्धी शिक्षा, तालिम र सूचनाको व्यवस्था गरिने छ।

३. कमजोर क्षमतामा संचालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण गरिने छ।

४. बचत प्रोत्साहन, उत्पादनमुलक क्षेत्रमा लगानी वृद्धिका लागि छलफल तथा जनचेतना कार्यक्रम सञ्चालन गरिने छ।

५. वित्तीय साक्षरताका कार्यक्रम जनस्तरसम्म सञ्चालन गरिने छ।

६. सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिनेछ।

७. सहकारीहरूबाट प्रदान गरिने सेवामा सबैको सुलभ पहुँचका निमित्त सहजीकरण गरिने छ।

८. बैङ्किङ सेवाको वातावरण निर्माण गरी एक घर एक खाताको नीति अवलम्बन गरिने छ।

९. व्यवसाय सञ्चालनमा सहुलियत कर्जा उपलब्ध गराइने छ।

**३.४.२. समाजिक विकास सँग सम्बन्धित**

**क) शिक्षा**

१. प्रारम्भिक, आधारभूत तथा माध्यमिक विद्यालय शिक्षामा पहुँच र शिक्षाको गुणस्तरमा वृद्धि भएको हुनेछ।

२. शिक्षक-विद्यार्थी अनुपात तथा शिक्षक-कक्षा अनुपातको आधारमा दरवन्दी र पद मिलान गरिएको हुनेछ।

३. विद्यालयको वर्तमान भौतिक संरचना वृद्धि गरी शिक्षकलाई तालिम र शैक्षिक सामाग्रीको व्यवस्था मिलाइने छ।

४. संस्थागत विद्यालयसँग प्रतिस्पर्धा गर्न आधारभुत तहदेखि नै अंग्रजी माध्यममा पढाउने नीति लिइनेछ।

५. विद्यालयहरुको मासिकरुपमा अनुगमन गरि उत्कृष्ट विद्यालय तथा शिक्षकलाई पुरस्कृत गरिनेछ।

६. गुणस्तरीय शिक्षाका लागि एक वडा एक नमुना मा.वि. र गाँउपालिकास्तरमा छात्रवास सहितको मेघा विद्यालय सञ्चालनको अवधारणलाई अगाडि बढाइनेछ।

७. विद्यालयमा विज्ञान प्रयोगशाला, एक विद्यालय एक पुस्तकालय, कम्प्युटर शिक्षा प्रणाली तथा ई-लाइब्रेरीको व्यवस्था गरिने छ।

८. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अङ्गको रुपमा एकीकृत गर्दै अध्यापन गराइनेछ ।

९. शैक्षिक प्रशासनमा निरन्तर सुधार तथा गुणस्तर र सुशासनलाई संस्थागत गर्न नियमित रुपमा विद्यालय अनुगमन गरी सुचक सहितको मुल्याङ्कन पद्धतिको विकास गरिने छ ।

१०. शिक्षकहरुको प्राज्ञिक उन्नयन एवं पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यमः अवधिका तालिम सञ्चालन गरिनेछ ।

११. शिक्षकहरुको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

१२. सबै प्रकारका शैक्षिक संस्थाहरुको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ । विद्यार्थीहरुको सिकाइमा समेत विपद् व्यवस्थापनको विषयहरु समावेश गरिनेछ ।

१३. सामुदायिक विद्यालयहरुमा सबै बर्गको पहुँचका लागि प्रोत्साहन गर्न छात्रवृत्ति, पाठ्यपुस्तक, खेल सामग्री एवं दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको हुनेछ ।

१४. माध्यमिक तह (कक्षा ११ र १२) अध्ययनरत दलित, सिमान्तिकृत एवं विपन्न विद्‍यार्थी सहयोग कार्यक्रम सञ्चालन गरिएको हुनेछ ।

१५. विद्यालयमा विद्यूत, सफा खानेपानी तथा घेराबारा आदि पूर्वाधारको विकास भएको हुनेछ ।

१६. विद्यालयहरुमा जीवनउपयोगी सिप र किशोरकिशोरीको जीवनवृत्ति योजना प्रवर्द्धन गरिने छ ।

**ख) स्वास्थ्य**

१.आधारभूत स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर अभिवृद्धि गरिने छ ।

२. खोप केन्द्र हरु व्यवस्थित गरिने छ ।

३. १५ शैयाको अस्पताल निर्माण सहित २४ घन्टे आकस्मिक उपचार सेवा तथा सुरक्षित प्रसुती सेवा उपलब्ध गराईने छ ।

४. स्वास्थ्य चौकीका भवनहरु सुविधा सम्पन्न बनाई आवश्यक सबै सेवा सञ्चालनमा ल्याइनेछ ।

५. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पुर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।

६. "स्वस्थ घर तथा स्वस्थ गाँउ "को अवधारणा बनाई कार्यान्वयन गरिनेछ ।

७. स्वास्थ्यकर्मीको कार्यक्षमता अभिवृद्धि गर्न पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

८. स्वास्थ्य स्वयंसेविकाको कार्य प्रभावकारी बनाइने छ ।

९. गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्यपदार्थको प्रयोग बढाउँदै कुपोषण न्युनीकरण गरिने छ ।

१०. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

१२. जेष्ठ नागरिक उपचार सेवा सञ्चालनमा ल्याइने छ ।

१३. आकष्मिक महामारी रोगहरु नियन्त्रण सहित सुलभ र सहज स्वास्थ्य सेवा प्रवाहका लागि कोष खडा गरी परिचालन गरिने छ ।

**ग) खानेपानी तथा सरसफाई**

१. सबै वडामा गुणस्तरिय खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता भएको हुनेछ ।

२. सबै क्षेत्रका ट्युबवेलको पानी परिक्षण गरिएको हुनेछ ।

३. प्रत्येक गाँउबासीको घरमा चर्पी बनेको हुनेछ साथै सबै परिवारका प्रत्येक सदस्य चर्पीमा दिसा गर्ने बानीको विकास भैसकेको हुनेछ ।

४. प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था मिलाइने छ ।

५. विशेषतः मा.वि. विद्यालयहरुलाई किशोरी मैत्री भएको हुनेछ ।

६. प्रत्येक विद्यालयमा साबुन पानीले हात धुने ठाँउको उचित व्यवस्थापन गरिने छ।

७. जलवायु अनुकूलन आयोजनको निर्माण, जलाधार क्षेत्रको संरक्षण, परम्परागत स्रोतको संरक्षण जस्ता कार्यलाई प्राथमिकता दिइनेछ ।

८. खानेपानी र अन्य प्रयोजनको लागि पानीको विवेकशील प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिनेछ ।

**घ) महिला, बालबालिका र लक्षित वर्ग:**

१. सिर्जनशील तथा व्यवसायीक युवाशक्ति विकास भएको हुनेछ ।

२. स्थानीय कला, संस्कृति, संम्पदा संरक्षण तथा प्रर्वद्धन भएको हुनेछ

३. विपन्न तथा लक्षित वर्गको क्षमता विकास तथा सशक्तिकरण भएको हुनेछ ।

४. बालमैत्री स्थानीय शासन लागु गरिएको हुनेछ ।

५. किशोर किशोरीको अगुवाईमा विकासको अवधारणाको प्रवर्द्धन हुनेछ ।

६. स्थानीय शासनका सबै तह र प्रक्रियामा विपन्न तथा वञ्चितिमा परेका वर्ग तथा समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

७. लक्षित समुदायहरुको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी निजी एवं गैरसरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

८. लक्षित वर्गको स्वास्थ्य तथा शिक्षा सम्बन्धी कार्यक्रममा बजेट वृद्धिका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

९. लक्षित समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्बन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. प्राथामिक तहको शिक्षामा मातृभाषा शिक्षणलाई पर्वद्धन गरिनेछ ।

११. अन्तरपार्टी महिला सञ्जाल, महिलासँग सम्बन्धित सहकारी तथा गैरसरकारी संस्था र महिला समूह सक्रिय संलग्नतामा कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. लक्षित वर्गको लागि विनियोजित रकमलाई लक्षित वर्गमै लगानी र उपयोग गर्नको लागि पहल गरिनेछ ।

१३. चेलिबेटी, मानव बेचविखन गर्ने , बालश्रम शोषण गर्ने, जातिय विभेद गर्नेलाई सामाजिक रुपमा बहिष्कार गर्दै मानव विरोधी घोषणा गरी कानुनको दायरामा ल्याइएको हुनेछ ।

१४. अपाङ्गता भएका व्यक्ति लगायत लक्षित तथ्याङ्क नियमित रुपमा आवधिक भएको हुनेछ ।

### ३.४.३. पूवाधार विकास सँग सम्बन्धित

**क) सडक, पुल तथा यातायात**

१. सडक, पुल तथा भवन निर्माण गर्नु पूर्व आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना स्वीकृत गरिनेछ ।

२. गाँउ यातायात गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक आयोजना निर्माण गरिनेछ ।

३. आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १० प्रतिशत र ग्राभेल, माटो तथा कुलोपैनीको कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई आयोजना सञ्चालन गरिनेछ ।

४. उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परीक्षण तथा फरफारक आदि) विषयमा व्यवस्थित रुपमा तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

५. उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि तयार गरी सो अनुसार उपभोक्ता समितिद्वारा आयोजना कार्यान्वयन गरिनेछ ।

६. अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रुपमा स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।

७. पूर्वाधार तथा संरचना निर्माण आयोजना कार्यान्वयन गर्दा आयोजना मितव्ययी, समुदायको सहभागिता र प्रभावकारिता वृद्धि हुने भएको अवस्थामा मात्र उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

८.आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिवृद्धि गरिनेछ ।

९. टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा गरी आवतजावत सुचारु गरिनेछ ।

१०. स्थानीय समुदायको सहभागिता गाँउपालिकाबाट स्वीकृत भवनसंहिता र मापदण्ड अनुसार सडक चौडा गरिनेछ ।

११. पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको सञ्चालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता वृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समूह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक तथा मध्यवर्ती वन उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत समेत कार्यान्वयन गर्ने व्यवस्थापन गरिनेछ ।

**ख) आवास, वस्ती, बजार तथा भवन**

१. सडक अधिकार क्षेत्र, भवनको मापदण्ड तयार गरी गाँउवासीलाई जानकारी दिई सो को परिपालना अभिवृद्धि गरिनेछ ।

२. भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि बारे स्थानीय समुदायलाई जानकारी दिने तथा नक्शा पास अनिवार्य गरिनेछ ।

३. बाँध, तटबन्ध, स्पर तथा नालाको निर्माण गरी जोखिममा रहेका वस्ती, पूर्वाधारहरूको संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ ।

४. निर्धारित सडक अधिकार क्षेत्र र मापदण्ड अनुसार आवास र भवन निर्माण सम्बन्धी व्यवस्था लागू गरिनेछ ।

५. ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापन बारे कानूनी तथा नीतिगत व्यवस्थाको लागि नेपाल सरकारसँग पैरवी गरिनेछ ।

६. टोल वस्तीको मूल सडक चौडाई कम्तीमा ८ मिटर र भित्री सडकको चौडाई कम्तीमा ६, दुईवटा सडक जोड्ने सडक ४ मिटर कायम गरी सडक निर्माण गरिनेछ ।

**ग) विद्यूत र वैकल्पिक उर्जा**

१. गैर सरकारी संस्था र टोल विकास संस्था परिचालन गरी विद्यूत तथा वैकल्पिक उर्जाको प्रवर्द्धन र विस्तार गरिनेछ ।

२. स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरी विद्यूत चोरी नियन्त्रण गरिनेछ ।

३. स्थानीय उपभोक्ता तथा गाँउपालिकाको सहभागिता (२०-८०) लागत सहभागिता विद्यूत ट्रान्सफर्मर तथा विद्यूत लाईन विस्तार गरिनेछ ।

**घ) सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित**

१. विद्यूतीय हाजिरी, ग्रुप एसएमएस, इन्ट्रानेट, इन्टरनेट जस्ता सूचना प्रविधि प्रवर्द्धन गरी सेवा प्रवाह विद्यूतीय प्रणालीमा आधारित र चुस्त बनाइनेछ ।

२. गाँउपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण, सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरिक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणकोलागि स्थानीय मिडियाको परिचालन गरिनेछ ।

३. गाँउ कार्यपालिका कार्यालमा एकीकृत सेवा प्रवाहसँगै CCTV क्यामेरा जडान तथा सबै वडा कार्यालय, सेवा केन्दहरूमा क्रमशः पनि विस्तार गरिनेछ ।

**३.४.४. वन, वातावरण तथा विपद् व्यवस्थापन**

**क) वन तथा जैविक विविधताः**

१. वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुनेछ ।

२. वातावरण संरक्षण तथा गाँउ क्षेत्रलाई हराभरा बनाउन सडक किनारा तथा खालि जमिनमा वृक्षरोपण कार्यलाई प्राथमिकता दिइनेछ ।

३. नदिले कटान गरेको जमिन वा बगरमा घाँस तथा वृक्षारोपण गरि हरियाली बनाइने छ ।

४. वन, वनस्पति, वातावरण र जैविक विविधताको बारेमा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरुको वातावरण संरक्षणमा सहयोग बढाउन निजी क्षेत्र, सामाजिक संस्था आदिको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना गरिनेछ ।

**ख) जलाधार तथा भुमि संरक्षणः**

१. जलाधार तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा वृद्धि भएको हुनेछ ।

२. जोखिम नक्सा र क्षेत्र निर्धारण गरी नदि विशेष नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

३. रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा बाढी विश्लेषण जस्ता विधिहरुको प्रयोग गरि प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।

४. स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गरी प्रकोप न्यनीकरण तथा राहत वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. जलउत्पन्न प्रकोप नियन्त्रणका लागि निर्मित संरचनाहरुको उचित मर्मत सम्भार गरी दिगो र भरपर्दो बनाइनेछ ।

**ग) सुन्दरता तथा स्वच्छताः**

१. गाँउको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिवृद्धि भएको हुनेछ ।

**घ) विपद् व्यवस्थापनः**

१. विपद् जोखिम तथा क्षती न्यूनीकरण भएको हुनेछ ।

२. विपद् सम्बन्धी तथ्य, तथ्याङ्कहरुलाई, व्यवस्थि तगर्न एकिकृत सूचना केन्द्रको विकास गर्दै योजना, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरुमा विपद्का कारण हुनसक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

३. विपद् सम्बन्धी सूचनाहरुलाई एकीकृत रुपमा संकलन, प्रशोधन र भण्डारण गरी विपद् जोखिम व्यवस्थापनका लागि उपयोगमा ल्याइनेछ ।

**३.४.५ सुशासन तथा क्षमता विकास**

**क) संस्थागतः**

१. भवन भएका वडाहरूमा फर्निचर, विद्यूत, सूचना प्रविधि सहितको कार्यकक्ष व्यवस्थापन गरिनेछ ।

२. सबै वडा र गाँउपालिकामा सुविधा सम्पन्न वैठक कक्ष व्यवस्थापन गरिनेछ ।

३. दरबन्दी र आवश्यकतानुसारको कर्मचारी व्यवस्थापनको लागी संघ तथा प्रदेशमा पहल गरिनेछ ।

४. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । (स्थानीय सरकार सञ्चालन तथा सूचना प्रविधि)

५. सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको नागरिक बडापत्र कार्यान्वयन गरिनेछ ।

६. मोबाइल एप्सबाट पञ्जीकरणको व्यवस्था तथा विद्युतीय नागरिक बडापत्रको व्यवस्था मिलाइनेछ ।

७. सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।

८. आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होर्डिडबोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ ।

९. कार्यसञ्चालन र प्रशासनिक कार्यलाई छिटो, छरितो , प्रभावकारी, पहुँचयोग्य, पारदर्शी, भ्रष्टचारमुक्त, जनमैत्री र नतिजामुलक बनाई सुशासन स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. गाँउपालिकाको संस्थागत क्षमता विकास गर्न निर्वाचित जनप्रतितिधि तथा नव समायोजित कर्मचारीहरुका लागि अभिमुखिकरण, तालिम, गोष्ठी अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. गाँउपालिकालाई आन्तरिक श्रोतमै आत्मनिर्भर बनाउन थप राजश्वको श्रोतहरुको खोजी गरिनेछ ।

१२. गाँउपालिका भित्र रहेका सबै खाले व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१३. स्थानीय स्रोत र अनुदानबाट प्राप्त हुने पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. कर प्रणलीलाई सरल र पारदर्शी बनाउदै क्रमशः स्मार्ट कर प्रणाली लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. आर्थिक पारदर्शिता ल्याउने गरी कर प्रणालीलाई स्वच्छ र तटस्थ बनाइनेछ ।

१६. सबै किसिमका कर सम्बन्धी विवरणहरु विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाइनेछ।

१७. आम नागरिकहरुसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको यथोचित मूल्य,आपूर्ति र गुणस्तर कायमगर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यन्वयन गरिनेछ।

१८. सबै वडा तथा विषयगत शाखाहरूमा आधुनिक सूचना प्रविधि (ल्यापटप सहित) सहित व्यवस्थित गरिनेछ ।

१९. सेवा ग्राही तथा प्रत्येक वडामा गुणस्तरीय र सबै वर्गको लागी मैत्री पूर्ण शौचालय निर्माण गरिनेछ ।

२०. गाँउपालिका, वडा तथा अन्तर्गतका कार्यालयमा शुद्ध खानेपानीको व्यवस्थापन गरिनेछ ।

२१. गाँउपालिका तथा सबै वडा कार्यालयमा सेवाग्राही प्रतिक्षालयको व्यवस्थापन गरिनेछ ।

**ख) गाँउपालिकाको आम्दानी तथा खर्च व्यवस्थापनः**

१. आन्तरिक आयको सम्भावना अध्ययन तथा प्रक्षेपण गरिनेछ ।

२. स्थानीय तहको अधिकार क्षेत्र र सम्भावना भएका श्रोतलाई करको दायरामा ल्याइनेछ ।

३. जनसंख्या र भौगोलिक आवश्यकताको आधारमा विषयगत र वडागत बजेट तोक्ने पद्दतिलाई निरन्तरता दिइनेछ ।

४. विकास साझेदारहरूसँग समन्वय र साझेदारीमा आयोजनाहरू सञ्चालन गरिनेछ ।

५. आन्तरिक नियन्त्रण प्रणालीका लागी संरचना तथा कार्यविधि तयार पारी लागू गरिनेछ ।

६. वेरुजु न्यूनिकरणका लागी निति तथा कार्यक्रम गरिनेछ ।

७. निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी लगानी गर्न वातावरण बनाइनेछ ।

८. निजी क्षेत्रलाई विकासको लागी लगानी गर्न प्रोत्साहन गर्ने निति लिइनेछ ।

**ग) योजना तर्जुमा तथा अनुगमनः**

१. संघीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरिनेछ ।

२. स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमा गरिनेछ ।

३. चौमासिक योजना कार्यन्वयन तथा प्रगतिको समिक्षा सम्बन्धी प्रकृया तयार गरी कार्यान्वयन गरिनेछ ।

४. नतिजामुलक आवधिक योजना लागु गरिनेछ ।

५. विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरी लागू गरिनेछ ।

**घ) सुशासनः**

१. नागरिक वडापत्र अद्यावधिक सहित प्रभावकारी विधि द्वारा जनतालाई जानकारी गराइनेछ ।

२. आवश्यक ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरिनेछ ।

३. प्रत्येक शाखाको कार्यविवरण र कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

४. सबै जनप्रतिनिधि तथा कर्मचारीहरूको स्पष्ट कार्यविधि तोकी लागू गरिनेछ ।

५. आवश्यक दक्ष जनशक्ति र सेवाको गुणस्तर वृद्धि गरिनेछ ।

६. विद्युतिय माध्यमबाट सेवा प्रवाह गरिनेछ ।

७. उपभोक्ता समिति परिचालन कार्यविधि पूर्ण रुपमा कार्यान्वयन लागु गरिनेछ ।

८. प्रत्येक वर्ष कार्यविधि वनाई सेवा ग्राहीको सन्तुष्टि मापन गरिनेछ ।

९. सुशासन, पारदर्शिता र जवाफदेहिताको कार्यविधि तयार गरी लागु गरिनेछ ।

## अध्याय ४ : क्षेत्रगत योजना

यस अध्यायमा मुख्य पाँच विषयगत क्षेत्र र ती अन्तर्गत ३२ वटा उपक्षेत्रका सोच, प्रमुख लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति तथा कार्यक्रमका मुख्य क्षेत्रहरु समावेश गरिएको छ । साथै कार्यनीतिसँग सम्बन्धित सात वटा विविध विषयको अवधारणा तथा सोच पत्र समेत अनुसुचिमा छुट्टै समावेश गरिएको छ। यस अध्यायमा वस्ती, वडा भेलाबाट आएका बजेट तथा कार्यक्रमहरु तथा गाँउपालिकाका विभिन्न विषयगत समिति र विषयगत निकायहरुसँग छलफल गरी सो का आधारमा तय गरीएको क्षेत्रगत सोच, कार्यनीति तथा कार्यक्रमहरु समावेश गरिएको छ। वडागत रुपमा विस्तृत बजेट, कार्यक्रमहरु भने रणनीतिक योजनाको चौथो भाग (भाग ४ बजेट तथा कार्यक्रम खण्डमा) समावेश गरिएको छ।

### ४.१ आर्थिक विकास

#### ४.१.१ कृषि

**(क) पृष्ठभुमी**

दाङ जिल्लाको दुई प्रमुख उपत्यका दाङ, देउखुरी मध्ये देउखुरीमा पर्ने यस गढवा गा.पा भने पर्याप्त सिंचाई को सुविधा नहुँदा छिमेकी मुलुकबाट कृषि जन्य उत्पादन आयात गर्ने बाध्यात्मक अवस्थामा छ। यस गाँउपालिका क्षेत्रमा २१३६ हेक्टर सिँचाई सुविधा पुगेको छ र अधिकांश कृषि मनसुने वर्षातमा निर्भर रहेको अवस्थामा कृषि पकेट क्षेत्र निर्धारण चुनौतीको विषय रहेको छ।

**(ख) प्रमुख समस्या**

**तालिका ४. १: कृषिको प्रमुख समस्या तथा कारणहरु**

| समस्या/सवालहरू | कारणहरू |
|---|---|
| सिंचाईको अपर्याप्तता | • बजेटको अभाव, स्थानीय स्रोतको कमी |
| रासायनिक मलको अपर्याप्तता | • रासायनिक मलमा निर्भरता |
| मलखादको समावेशी वितरण नहुनु | • भारत सँगको निर्भरता |
| आवश्यक कृषि तालिमको अपर्याप्तता | • प्राविधिक जनशक्तिको कमि हुनु |
| कृषि अनुदान समावेशी नहुनु | • पहुँचवाला वर्ग केन्द्रित अनुदान वितरण हुनु |

**(ग) चुनौति तथा अवसर**

माथि उल्लेखित समस्या आफैमा यस गा.पा.का चुनौती रहेका छन। कृषि क्षेत्रको मुख्य चुनौती भने सिंचाईको विकास हो। वर्षातको पानीमा निर्भर सिँचाई प्रणालीमात्र यस गाँउपालिकाको आर्थिक समृद्धिको लागी पर्याप्त छैन। मुख्यतः प्रत्येक वस्तीमा सिंचाई सुविधा उपलब्ध गराउन डीप बोरिंग तथा ३ फेजको विद्युत लाइनको व्यवस्थापन अत्यावश्यक रहेको छ। सिंचाईको उपयुक्त व्यवस्थापन भएको खण्डमा यस गा.पा. आफ्नो कृषि उत्पादन र उत्पादकत्व स्वतः वृद्धि हुने देखिन्छ। कृषि तालिम तथा उपयुक्त बिउबिजनको उपलब्धताले कृषि क्षेत्रको आम्दानी वृद्धि गर्नुको साथ साथै समग्र गा.पा. को आर्थिक उन्नति सुनिश्चित गर्छ।

घ. सोच

- खाद्य आत्मनिर्भरतासहित बाह्य निकासीमा वृद्धि हुनेछ ।
- कृषिमा आधुनिकिकरण, यान्त्रीकरण र व्यवसायिकरण हुनेछ ।

ङ. प्रमुख लक्ष्य

- व्यवसायिक कृषि उत्पादनका लागि कृषकहरुको संस्थागत संरचना स्थापना भएको हुनेछ ।
- प्रमुख खाद्यान्नबाली मकै, धान, गहुँमा आत्मनिर्भरतामा वृद्धि भएको हुनेछ ।
- फलफूल तथा तरकारी दलहन बालीको नियमित निकासीमा वृद्धि भएको हुनेछ ।

च. उद्देश्य

- कृषि समूह तथा सहकारीहरु प्रवर्द्धन गर्ने ।
- भू-उपयोगको आधारमा स्थानीय योजना निर्माण गर्ने ।
- कृषि क्षेत्रको लगानीमा अनुदान वृद्धि गर्ने ।
- जलवायु अनुकुलन कृषि प्रणालीको विकास गर्ने ।

छ. रणनीति तथा कार्यनीति

- कृषि व्यवसायीकरणका लागि वि.सं २०७८–२०८२ सम्मको कृषि विकास रणनीति तयार गर्ने ।
- किसानहरुलाई फर्म तथा समुह दर्तामार्फत सँगठित गरी परिचालन गर्ने ।
- कृषि प्रदर्शनीस्थलहरुको स्थापना र प्राविधिकबाट नियमीत फिल्ड कोचिङको प्रबन्ध मिलाउने ।
- एकिकृत कृषिवन तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने ।
- उन्नत प्रजातिको विकासका साथै स्थानीय प्रजाति संरक्षण र जैविक खेती प्रवर्द्धन गर्ने ।
- कृषि र पशु उद्यममा आधारित १ घर, १ स्वरोजगार अभियान अघि बढाउने ।
- कृषि र पशु उद्यममा अनुदान र क्षमता विकास लगायतका सेवासहित युवा परिचालन गर्ने ।
- बाली तथा पशुधन सुरक्षाका लागि बिमा नीति लागु गर्ने ।
- हरेक उत्पादनको पकेटक्षेत्र विस्तार गरी कार्यान्वयन गर्ने ।
- सूचना, सञ्चार, साझेदारी, अनुसन्धान, प्रविधिमैत्री बनाई कृषि उद्यमलाई आधुनिकीकरण गर्ने ।
- गाँउपालिकास्तरीय विउ बैंक, गोदाम घर तथा सेवा केन्द्र सञ्चालन गर्ने ।
- गाँउपालिकालाई ग्रिन भिलेज कार्यक्रमको रुपमा विकास गर्ने ।
- विपन्न पहिचान गरि सार्वजनिक जग्गामा उत्पादन प्रोत्साहन गर्ने ।
- वडाको विषेशता अनुसार अर्गानिक उत्पादनसहित १ पकेटक्षेत्र, १ अगुवा कृषक विकास गर्ने ।
- फलफूल नर्सरीको लागि स्क्रीन हाउस निर्माण गर्न सहयोग गर्ने ।

**ज. प्रमुख परिमाणात्मक नतीजा**

● गाँउपालिकाको सबै जमीनमा सिँचाइ पुर्‍याइ उत्पादनको अन्न भण्डार क्षेत्रको रुपमा विकास गर्ने ।

● सिंचित हुन सक्ने क्षेत्रमा हालको उत्पादकत्व ४.१ टन प्रती हे.बाट बढाएर ४.५ टन प्रती हे. बनाउने ।

● हालको प्रमुख खाद्यान्न बाली को औषत उत्पादन १.१२ टन प्रति हे. बाट बढाएर ५ वर्षमा १.५ टन प्रति हे.पुऱ्याउने ।

● हालको तरकारी बालीको औषत उत्पादन ०.५५ टन प्रति हे.बाट बढाएर ५ वर्षमा १ टन प्र.हे. पुऱ्याउने

● हालको फलफुलबालीको औषत उत्पादन ०.१ टन प्रति हे.बाट बढाएर ५ वर्षमा ०.२५ टन प्र.हे. पुऱ्याउने ।

● हालको नगदेबालीको औसत उत्पादन ०.०१६ टन प्रति हे.बाट बढाएर ५ वर्षमा ०.१५ टन पुऱ्याउने ।

● १० - १५ प्रतिशत बाझो जग्गा जमीनलाइ शुन्य बनाउने ।

**झ. प्रमुख कार्यक्रमहरु**

गा. पा. को कृषि जैविक हावापानी (**Agro Ecological Zone**) तथा सम्भाव्य खेती पद्धतीको विवरण विस्तृत अनुसूचि ६ मा रहेको छ भने वडा तथा वस्ती अनुसारको कार्यक्रम बजेट भाग ४ बजेट तथा कार्यक्रम खण्डमा रहेको छ । वडा तथा वस्तीस्तरमा माग भएका र सम्भाव्य कार्यक्रमहरुको मुख्य सार निम्न बमोजिम छन् ।

**तालिका ४. २: कृषि क्षेत्रको वस्तीस्तरमा माग भएका र सम्भाव्य कार्यक्रमहरु**

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उप क्षेत्र : कृषि | आधुनिक एवं व्यवसायीक अन्नबाली, नगदेबाली एवं तरकारी खेतीको लागि तालिम दिने (आलु, बदाम खेती, अन्य तरकारी खेती) | १-८ | सबै वडाहरुमा |
| | तरकारी हाट बजार व्यवस्थापन | १, ४, ६ | |
| | तरकारी संकलन केन्द्र | १-८ | सबै वडाहरुमा |
| | खाद्यान्नको बीजवृद्धि कार्यक्रम सञ्चालन (धान, गहुँ र मकै) | १-८ | सबै वडाहरुमा |
| | गा.पा. स्तरमा खाद्यान्न भण्डारण गृहको निर्माण | ६ | गढवा बजार |
| | फलफुल तथा तरकारीको उन्नत जातको वीउ, विरुवा वितरण | १-८ | सबै वडाहरुमा |
| | कृषक समूह गठन एवं परिचालन | १-८ | सबै वडाहरुमा |
| | व्यवसायिक खेतीका लागि यान्त्रिकरणमा अनुदान (समूह, सहकारी र निजी उद्यमीलाई) | १-८ | सबै वडाहरुमा |

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| | व्यवसायिक आलु, केरा, लिचि, भुइकटहर खेती कार्यक्रम सञ्चालन (समूह, सहकारी र निजी उद्यमीलाई) | १-८ | सबै वडाहरुमा |
| | उन्नत मल, बीऊ, औषधीमा सहज पहुँच कार्यक्रम (कृषक समूह एवं सहकारी मार्फत) | १-८ | सबै वडाहरुमा |
| | माटो परीक्षण प्रयोगशाला स्थापना | २,६ | गा पा |
| | माटो परिक्षणका लागि नमुना संकलन तालिम र माटो परिक्षण कार्यक्रम | १-८ | सबै वडाहरुमा |
| | व्यवसायिक कृषि फर्म सञ्चालन तथा पवर्द्धन कार्यक्रम (निजी, सहकारी वा समूह) | १-८ | सबै वडाहरुमा |
| | बाली उपचार शिविर सञ्चालन | १-८ | सबै वडाहरुमा |
| | कृषि बाली बीमाको व्यवस्था | १-८ | सबै वडाहरुमा |
| | उत्कृष्ट कृषक समुहलाई पुरस्कारको व्यवस्था | १-८ | सबै वडाहरुमा |
| | दक्षिणी कृषि सडकको व्यवस्थापन | २ | गा पा |
| | कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्थापन र क्षमता विकास | १-८ | सबै वडाहरुमा |
| | वन कृषि (एग्रो फरेष्टी) कार्यक्रम लागु गर्ने | १-८ | सबै वडाहरुमा |
| | बहुउद्देश्यीय  नर्सरी स्थापना (सहकारीको साझेदारीमा) | १-८ | सबै वडाहरुमा |
| | रेशम खेती क्षेत्र विस्तार | १-८ | सबै वडाहरुमा |
| | च्याउ पकेट निरन्तरता प्राविधिक/आर्थिक | १-८ | सबै वडाहरुमा |
| | तरकारी पकेट क्षेत्र विकास | १-८ | सबै वडाहरुमा |
| | गड्यौला मल उत्पादन गर्ने (भर्मी कम्पोष्ट) | १-८ | सबै वडाहरुमा |
| | कृषि पर्यटन क्षेत्रको विकास | १-८ | सबै वडाहरुमा |
| | कृषि मेला प्रदर्शनी | १-८ | सबै वडाहरुमा |

(ड) अपेक्षित उपलब्धि

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.३: कृषि क्षेत्रको अपेक्षित उपलब्धि**

| सि. नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७/७८ अनुमानित | आ.व. २०८२/८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | प्रमुख खाद्यान्न बाली को औषत उत्पादन | टन प्रति हे | ४.१ टन | ४.५ टन | गा.पा | गा.पा | मौसमी प्रभाव, अनुत्पादक बिउबिजन |
| | तरकारी बालीको औषत उत्पादन | टन प्रति हे | ०.५५ | १ | गा.पा | गा.पा | मौसमी प्रभाव, अनुत्पादक बिउबिजन |
| | फलफुलबालीको औषत उत्पादन | टन प्रति हे | ०.१ | ०.२५ | गा.पा | गा.पा | मौसमी प्रभाव, अनुत्पादक बिउबिजन |
| | नगदेबालीको औसत उत्पादन | टन प्रति हे | ०.०१६ | ०.२५ | गा.पा | गा.पा | मौसमी प्रभाव, अनुत्पादक बिउबिजन |

### ४.१.२.पशुपालन

**क) पृष्ठभुमी**

गढवा गाँउपालिकामा मुख्यत: पशुपालन भैसी पालानमा मात्र सिमित रहेको छ । पर्याप्त शुद्ध पिउने पानीको अभावले बाखा पालन खासै नरहेको अवस्था छ । सिमित व्यक्तिले कुखुरा पालन गरेतापनि अपेक्षित आम्दनी गर्न नसकेको अवस्था छ । समग्रमा यस गढवा गा.पा. पशुपालानको क्षेत्रलाई आवश्यक कार्यक्रमहरु अगाडि बढाउनुपर्ने देखिन्छ ।

**(ख) प्रमुख समस्या**

**तालिका ४.४: : पशुपालन क्षेत्रका प्रमुख समस्या तथा कारणहरु**

| समस्या/सवालहरू | कारणहरू |
|---|---|
| शुद्ध पिउने पानीको सुविधा छैन | ● स्थानीय सरकारको लागनीमा कमी |
| राम्रो जातको बाखा , कुखुरा , भैँसी उपलब्ध छैन | ● आवश्यक कार्यक्रम नभएको |
| पशुपालनको सहकारी मार्फत विकास छैन | ● जनता आफै मिली लगानी गर्ने असक्षम |
| कृषि विकास कार्यालयको बेवास्ता | ● स्थानीय को दबाब मा कमी कृषि सहकारीको कमी |

**(ग) चुनौति तथा अवसर**

स्थानीय कृषकहरुको समूह बनाई सबै वडामा पशुपालन सम्बन्धि तालिम तथा उन्नत जातका पशुपंक्षी सहूलियतमा प्रदान गर्नु यस गा.पा.को आर्थिक विकास चुनौतीको विषय हो ।

पर्याप्त शुद्ध पिउने पानीको उपलब्धता, गुणस्तरहिन् पशुपंक्षी निर्यातमा कडाई, उन्नत जातका पशुपंक्षीको बढावा तथा पर्याप्त बजारको संचलान तथा अनुगमन गा.पा. स्तर बाट भएको खण्डमा पशुपालक कृषक समूहले थप उर्जा पाउने र पशुपंक्षी व्यवसायबाट लाभ सृजना गर्न सक्ने छन् । यसले गा.पा. को आम्दानीमा निकै टेवा पुऱ्याउने देखिन्छ ।

**घ. सोच**

- पशुपंक्षीजन्य उत्पादनमा (मासु, अण्डा र दुग्ध) आत्मनिर्भर गाँउपालिका बनाउने ।

**ङ. प्रमुख लक्ष्य:**

- पशुजन्य उत्पादनमा वृद्धिसँगै पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्ने ।

**च. उद्देश्य**

- पशुपन्छी पालनलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउने र निर्यात प्रवर्द्धन गर्ने ।
- पशुजन्य उत्पादनको प्रशोधन गरी मुल्य अभिवृद्धि गर्ने ।

**छ. रणनीति तथा कार्यनीति**

- पशु गोठ तथा थला सुधार गर्न निश्चित प्रतिशत अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने
- पशु जन्य रोग नियन्त्रण अभियानलाई उल्लेख्य न्युनीकरण गर्ने जनशक्ति र सेवाहरु वृद्धि गर्ने ।
- विमित गाई भैसिलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई प्रभावकारी र पारदर्शी कार्यान्वयन गर्ने ।

- दुग्ध तथा मासु उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन सरकारी कार्यविधिलाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- कृषि वन प्रणालीलाइ प्रवर्द्धन गरी डालेघाँसका विरुवाहरु रोप्ने र हुर्काउने ।
- पशुजन्य उत्पादनको प्रशोधन गर्ने र डेरी फ्रेस हाउस, प्याकेजीङ, ड्राई फुड (सुकुटी) बनाएर मुल्य अभिवृद्धी गर्ने ।

**ज. प्रमुख परिमाणात्मक नतीजा**

- हालको सर्वेक्षणमा देखिएको पशुपालनजन्य आम्दानीलाई ५ वर्षमा दोब्बर बनाउने ।
- कुखुराको दानामा प्रयोग हुने मकै भटमास लगायतका कच्चा पदार्थ ७० प्रतिशत आयात भई रहेको वर्तमान अवस्थालाई न्यूनीकरण गरी कम्तीमा ५० प्रतिशत निर्भरतामा झर्नेछ ।
- १ वडा १ कृषि, १ पशु प्राविधिक विकास गर्ने ।
- दुग्ध उत्पादनको पकेट क्षेत्रहरुको पहिचान गर्दै आगामी ५ वर्ष भित्र दूग्ध उत्पादनलाई दोब्बर बनाउने ।
- प्रत्येक वर्ष कम्तीमा एक तिहाइका दरले कृतिम गर्भधारणको संख्यामा वृद्धि गर्ने ।

**झ. प्रमुख कार्यक्रमहरु**

वडा तथा वस्ती अनुसारको बृस्तृत कार्यक्रम बजेट भाग ४ (बजेट तथा कार्यक्रम खण्ड) मा रहेको छ । वडा तथा वस्तीस्तरमा माग भएका र सम्भाव्य कार्यक्रमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

**तालिका ४.५: पशुपालन क्षेत्रका प्रमुख कार्यक्रमहरु**

| प्रमुख क्षेत्र आर्थिक विकास | कार्यक्रमहरु |
|---|---|
| पशुपालन | पशु बीमा कार्यक्रम |
| | बाखा पालन पकेट क्षेत्र आयोजना (बोयर जात) |
| | पशु पालन खोर सुधार र आधुनिक खोरको लागि अनुदान |
| | डाँलेघाँस रोपण तथा नर्सरी व्यवस्थापन |
| | मत्स्यपालन कार्यक्रम |
| | कुखुरापालन कार्यक्रम |
| | व्यवसायिक पशु पन्छी पालनमा अनुदान सहयोग कार्यक्रम (समूह, सहकारी र निजी) |
| | थला सुधार तथा गोठ व्यवस्थापन |
| | नयाँ प्रविधि र प्राविधिक सहयोग |
| | दाना उद्योगको स्थापना |
| | कोल्ड स्टोर (फ्रेस मिट हाउस) संचाललमा अनुदान |
| | एक गाँउ एक पशु स्वास्थ्य कार्यकर्ताको व्यवस्था |
| | स्थानीय स्तर देखी राजधानी सम्म बजार अध्ययन र व्यवस्थापन |

(ड). अपेक्षित उपलब्धि

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.६: पशुपालन क्षेत्रको अपेक्षित उपलब्धि

| सि. नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७/७८ अनुमानित | आ.व. २०८२/८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | पशुपालनजन्य आम्दानी | नेरु लाखमा | ३०० | ४०० | गा.पा | गा.पा | पशुरोग |
| | कुखुराको दानामा प्रयोग हुने मकै भटमास लगायतका कच्चा पदाथ आयात | प्रतिशतमा | ७० | ३५ | गा.पा | गा.पा | कम लगानी |
| | प्राविधिक विकास | १ वडा १ कृषि, १ पशु | | | गा.पा | गा.पा | कम लगानी |
| | दूग्ध उत्पादन | लि. | १००,००० | २,५०,००० | गा.पा | गा.पा | पशुरोग |
| | कृतिम गर्भधारणको संख्यामा वृद्धि | प्रतिशत | १०० | २६५ | गा.पा | गा.पा | प्राविधिक कमी |

### ४.१.३.पर्यटन

**क) पृष्ठभुमी**

गढवा गा.पा. लाई ऐतिहासिक, सांस्कृतिक, धार्मिक पर्यटनको रुपमा विकास गर्ने अवसर रहेको छ । यसका साथै ऐतिहासिक रुपमा पनि गढवा र वरिपरिको क्षेत्र साँस्कृतिक रुपमा पनि थारु जातिको बाहुल्यता छ । त्यसकारण पुराना परम्परा तथा भेषभुषा अझै पनि चलनचल्तीमा रहेकाले आन्तरिक पर्यटकहरु प्रसस्त आउने सम्भावना रहेको छ । साथै, सिमसार क्षेत्रलाई व्यवस्थित गर्न सके बाह्य पर्यटकहरुलाई समेत आर्कषण गर्ने गरी हाललाई विभिन्न कार्यक्रम प्रस्ताव गरिएको छ ।

**(ख) प्रमुख समस्या**

**तालिका ४.७: पर्यटन क्षेत्रका प्रमुख समस्या**

| समस्या/सवालहरू |
|---|
| पर्यटकिय क्षेत्रको पहिचान नहुनु । |
| पर्यटन पर्वद्धनमा बजेटको अभाव । |
| सिमसार क्षेत्रहरु व्यवस्थित हुन नसक्नु । |

**(ग) चुनौति तथा अवसर**

साँस्किृतिक तथा धार्मिक पहिचानलाई कायम राखेर पर्यटन पवर्द्धन गर्नु एउटा मुख्य चुनौति हो । पर्यटकिय स्थल, ताल तलैया तथा मठ मन्दिर सँग जोडिने सडक मार्ग व्यवस्थित बनाउन सके आर्थिक क्रियाकलापमा वृद्धि हुने देखिन्छ ।

**घ. सोच**

- पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

**ङ. प्रमुख लक्ष्य**

- स्थानीय भाषा तथा संस्कृतिको प्रवर्द्धन हुनेछ ।
- ऐतिहासिक महत्वका स्थानहरुको प्रवर्द्धन र संरक्षण हुनेछ ।
- स्थानिय रोजगारी सृजना हुनेछ ।

**च. उद्देश्य**

- गा. पा. का विभिन्न भागहरुलाइ पर्यटकीय आकर्षक गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्ने ।
- स्थानिय उत्पादनहरुको खपत गर्ने ।
- सांस्कृतिक विविधिकरण, संरक्षण गर्ने ।

**छ. रणनीति तथा कार्यनीति**

- पर्यटन विकासको लागि गाँउपालिका स्तरीय पर्यटन गुरुयोजना बनाई सम्भावित पर्यटकिय स्थलहरुलाई समेटेर विकास गर्ने ।

- पर्यटन प्याकेजहरु बनाइ प्रवर्द्धन गर्ने । गाँउपालिकालाई आफ्नो कला, संस्कृती तथा ईतिहासमा आधारित पर्यटन प्रवर्द्धन गर्ने । अनुसूचिमा उल्लेखित पर्यटन प्याकेजको पवर्द्धन गर्ने ।
- पर्यटनबाट रोजगारी र आयआर्जन बनाउन मनोरञ्जन प्रकृतिका पुरातात्विक, ऐतिहासिक, धार्मिक र साहसिक पर्यटनको पुर्वाधार निर्माण, वजार प्रवर्द्धन र सेवा सुविधाको विस्तार गर्ने ।
- पर्यटकिय स्थलको बारेमा जानकारी दिने सुचना वोर्ड राख्ने, सुरक्षित यातायात सुविधा र आवास सुविधा व्यव्स्था गर्ने ।

**ज. प्रमुख परिमाणात्मक नतीजा**

- पर्यटनका लागि आवश्यक पुर्वाधारहरु स्तरीय होटल तथा रिसोर्टहरु, मठ, मन्दिर तथा गुम्बाहरु संरक्षण पर्यटकिय सुचना बोर्ड, सुरक्षित यातायात लगायतका पर्यटन मैत्री वातावरण सिर्जना गर्ने ।

- ऐतिहासिक सम्पदा गढवा मन्दिरलाई प्रमुख पर्यटन गन्तव्यको रुपमा विकास गरी पर्यटन बोर्डमा सूचिकृत गर्न पहल गर्ने ।

**झ. प्रमुख कार्यक्रमहरु**

पर्यटन प्रर्वधनका प्रस्तावित प्याकेजहरुको बृस्तृत विवरण अनुसुचि ३ मा रहेका छ भने वडा तथा वस्ती अनुसारको कार्यकम बजेट भाग ४ (बजेट तथा कार्यकम खण्ड)मा रहेको छ । वडा तथा वस्तीस्तरमा माग भएका र सम्भाव्य कार्यकमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

**तालिका ४.८: पर्यटन क्षेत्रको प्रमुख कार्यक्रमहरु**

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| **उप क्षेत्र : पर्यटन** | पर्यटन गुरुयोजना निर्माण गर्ने | १-८ | गा.पा. |
| | होमस्टे सञ्चालन सम्बन्धि तालिम सञ्चालन गर्ने | २,८,७ | गा.पा. |
| | जातिय भाषा पहिचान हुने गरि आवश्यक कार्यक्रम गर्ने | १-८ | सबै वडाहरुमा |
| | पर्यटकीय स्थलहरुको प्रचार प्रसार | १-८ | सबै वडाहरुमा |

(ड). **अपेक्षित उपलब्धि**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.९: पर्यटन क्षेत्रको अपेक्षित उपलब्धि**

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८११८२ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | पर्यटन पदमार्ग निर्माण | वडा | छैन | १,२,५,८ | गा.पा | गा.पा | कम लगानी |
| | होमस्टे | वडा | छैन | २,७ | गा.पा | गा.पा | कम लगानी |
| | जातिय भाषा पहिचान भेष भुषा | वडा | छैन | २ | गा.पा | गा.पा | कम लगानी |
| | गढवा गाउपालिका भित्रका मन्दिरको प्रचार प्रसार | वडा | छैन | १ - ८ | गा.पा | गा.पा | कम लगानी |

### ४.१.४.उद्योग, वाणिज्य तथा आपूर्ति

गढवा गा.पा. उद्योग क्षेत्र मा निकै पिछडीएको छ । उपयुक्त स्रोत साधान, उपकरण, लगानी तथा तालिमको कमी ले यस क्षेत्रको उद्योग विकास हुन नसकेको देखिन्छ । स्थानीय कच्चापदार्थमा आधारित उद्योग स्थापनामा जोड दिन सकिएमा गढवा गा.पा.को आर्थिक उन्नतीले गति लिन सक्छ ।

**प्रमुख समस्या**

**तालिका ४. १०: उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका प्रमुख समस्याहरु**

| समस्या/सवालहरू | कारणहरू |
|---|---|
| स्थानीय कच्चा पदार्थको पहिचान नहुनु | ● वैज्ञानिक खोजिकार्य नहुनु<br>● गा.पा. भन्दा बाहिरको बजार सँग प्रतिस्पर्धा गर्न नसक्नु<br>● तलिम तथा लगानीकर्ताको कमी |
| उच्च व्यापार घाटा | |
| मुख्य बजार लमही र कपिलवस्तु रहेको | |

**क. सोच**

- अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- घरेलु तथा साना उद्योग विस्तार गरी स्थानीय रोजगारी विकास गर्ने ।

**ग. उद्देश्य**

- घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- स्थानीय उद्योग विकासमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको साझेदारी विस्तार गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- संघीय सरकारको आर्थिक सहायता प्रदेश सरकारको सहजीकरणमा स्थानीय तह (सरकार) र निजी क्षेत्रका छाता संस्थाका प्रतिनिधि र अन्य सरोकारवाला समेतको एउटा उपसमिति गठन गरी गाँउपालिका भित्र कम्तिमा ४० कठ्ठा जग्गाको छनोट गरी (भए सम्म सरकारी वा सार्वजनिक जग्गा) नपुगेमा निजी जग्गा खरिद गरी वा भाडामा लिई अध्ययन अनुसन्धान गरी उद्योग ग्राम स्थापना गर्ने र सो स्थापना र सञ्चालन गर्ने प्रदेश सरकारको मातहतमा एउटा कार्य विधि बनाई स्थानीय तहलाई उपलब्ध गराउने

- लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्ने ।
- स्थानीय उत्पादन अभिवृद्धि योजनामा लगानी बढाउने ।
- स्थानीय उद्यमीहरुलाई सँगठित र व्यवसायिक बनाउन मद्दत गर्ने ।

ङ. प्रमुख परिमाणात्मक नतीजा

- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना हुनेछ ।

च.प्रमुख कार्यक्रमहरु

घरेलु उद्योग प्रवर्द्धन, साना उद्योग प्रवर्द्धन, ठूला उद्योग प्रवर्द्धन, आपूर्ति व्यवस्थापन तथा गुणस्तर नियन्त्रण, संस्थागत विकास, उद्यमशीलता क्षमता विकास यस उपक्षेत्रका प्रमुख कार्यक्रमहरु हुन । सम्भाव्य लघु घरेलु उद्योग, आय तथा रोजगारीका सम्भाव्य क्षेत्रहरुको विस्तृत विवरण अनुसुचि १ मा दिईएको छ भने वडा तथा वस्ती अनुसारको कार्यक्रम बजेट भाग ४ (बजेट तथा कार्यक्रम खण्ड)मा रहेको छ । वडा तथा वस्ती स्तरमा माग भएका र सम्भाव्य कार्यक्रमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

तालिका ४. ११: उद्योग, वाणिज्य तथा आपूर्तिका प्रमुख कार्यक्रमहरु

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उप क्षेत्र :उद्योग तथा वाणिज्य | फर्निचर, दुग्ध प्रशोधन, दालमोठ (भटमास), फर्निचर उद्योग | ४, ६, ८ | बजार क्षेत्रहरुमा |
| | स:मिल तथा काष्ठ उद्योग | ८, १, ५,७ | गा पा |
| | गहुँ, बेकरी उद्योग | ६,१ | गा पा |
| | दुग्ध संकलन केन्द्र स्थापना | २,५,६ | गा पा |
| | क्रसर, बालुवा उद्योग अनुसन्धान | १-५, ७ | गा पा |
| | व्यावसाय शुरु तथा पवर्द्धन (TOPE /TOSE) तालिम सञ्चालन | १-८ | सबै वडाहरुमा |
| | उद्यमीलाई नयाँ प्रविधि हस्तान्तरण | १-८ | सबै वडाहरुमा |
| | ग्रिल उद्योग स्थापना | ६ | गा पा |
| | इट्टा भट्टा तथा माटोको भाडा उद्योग | १,७,२,५ | गा पा |

(ङ). अपेक्षित उपलब्धि

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

| सि. नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | फर्निचर, दुग्ध प्रशोधन, दालमोठ ( भटमास), फर्निचर उद्योग, वाट उत्पादन हुने सामाग्री | वडा | छैन | ४, ६, ८ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | स:मिल तथा काष्ठ उद्योग | वडा | ३,४ | ८, १, ५,७ | गा.पा | गा.पा | लगानी कर्ताको कमी बजारको कमी |
| | बेकरी उद्योग | वडा | छैन | ६,१ | गा.पा | गा.पा | लगानी कर्ताको कमी बजारको कमी |
| | दुग्ध संकलन केन्द्र स्थापना | वडा | छैन | २,५,६ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | क्रसर ,वालुवा उद्योग अनुसंन्धान | वडा | छैन | १-५, ७ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | व्यावसाय शुरु तथा पवर्द्धन (TOPE /TOSE) तालिम सञ्चालन | वडा | छैन | १-८ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | ग्रिल उद्योग तालिम तथा स्थापना | वडा | छैन | ६ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | इटा तथा माटोको भाडा उद्योग | वडा | १,७ | १,७,२,५ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |

### ४.१.५. सहकारी तथा वित्त व्यवस्थापन

गा.पा. मा सहकारी तथा वित्तिय संस्था निकै कमजोर एवं आर्थिक रूपले समृद्ध नरहेकोले उचित रकम उपलब्ध नभएको अवस्था छ । आमा समूहहरु निष्क्रिय छन भने युवाहरुको परिचालान कमजोर रहेको छ । गढवा बजार क्षेत्रमा कृषि विकास बैंक र अन्य ६ वटा नीजि बैंकहरु रहेका छन । गा.पा. मा रहेका केहि सहकारी संस्थाहरु सक्रिय रहेता पनि जिल्ला सहकारी सँग उचित समन्वय हुन नसक्दा अधिकतम जनता लाभान्वित हुन सकिरहेका छैनन् । स्थानीय महिला युवा तथा कृषकहरुले गा.पा. को सहयोग र जिल्ला सहकारी सँग समन्वय गरी थप सहकारी सञ्चालन गर्न सकेको खण्डमा र भईरहेको सहकारीहरुको क्षमता अभिवृद्धि हुन सकेमा गा.पा मा रोजगारी सृजना भई आर्थिक उन्नति हुने देखिन्छ ।

**क. सोच**

- आय र रोजगारीका लागि आवश्यक पुँजी, प्रविधि, सहुलियत ऋणमा सहज पहुँच, सरल रुपमा कर्जा उपलब्ध गर्न मद्दत गर्ने ।
- स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै गाँउवासीको आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रगति हासिल गर्ने ।

**ख. प्रमुख लक्ष्यः**

- गढवा गाँउपालिकाको सहकारी ऐन, २०७५ को मर्म र भावना अनुरुप स्थानीय उद्यम व्यवसायी र सर्वसाधारणले सहज रुपमा वित्तीय तथा मौद्रिक पहुँच वृद्धि गर्नका लागि वडास्तरमा विषयगत सहकारीहरु, विकास तथा व्यवसायिक बैंकहरुको शाखा स्थापना, शाखारहित बैंकिङ् सेवा सञ्चालन र लघु वित्त तथा विषयगत सहकारीहरु विस्तार गर्ने ।

**ग. उद्देश्य**

- विप्रेषणबाट प्राप्त आम्दानीलाई स्थानीय रोजगारीमा वृद्धि गर्ने ।
- सहकारी संस्थाहरूको प्रवर्द्धन गर्ने र नियमन गर्ने ।
- निजी, सरकारी, सहकारी साझेदारीको माध्यमबाट आयआर्जनका क्षेत्र विस्तार गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउने ।
- गरिवी निवारण कोषको सहयोगमा गठित सामुदायिक संस्थाहरु, तथा सामुदायिक वन उपभोक्ता समुहहरुलाई आय आर्जनका क्षेत्रमा परिचालन गर्ने ।
- विषयगत सहकारी संस्थाहरुको समन्वयबाट स्थानीय उत्पादन प्रणाली बलियो बनाउने ।

**ङ. प्रमुख नतीजा**

- सहकारी संस्थामार्फत सञ्चालन हुने दुध, मासु, फलफुल तथा तरकारीजन्य प्रशोधन उद्योगको लागि आवश्यक उपकरण खरिदमा २५ प्रतिशत अनुदान दिन बजेट व्यवस्थापन गर्ने ।
- सहकारी संस्थाहरुमार्फत सुपथ मुल्य पसल खोल्ने व्यवस्था मिलाई राज्य सुरक्षा परिचय पत्र भएका नागरिकले सुपथ मुल्यमा आधारभुत खाद्य प्राप्त गर्ने व्यवस्थापनको लागि अनुदान व्यवस्था गर्ने ।

**च. प्रमुख कार्यक्रमहरु**

- सहकारी मार्फत रेमिट्यान्स सञ्चालन
- सहकारी प्रवर्द्धन
- लघु वित्त तथा शाखारहित बैंकहरुको शाखा विस्तार
- कृषि सहकारी स्थापना र व्यवस्थापन गर्ने
- सहकारी शिक्षा सञ्चालन
- सहकारी सचेतना कार्यक्रम सञ्चालन गर्ने
- सहकारीमा आधारित उद्यमहरुको स्थापना

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

| सि. नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | शाखारहित वैक सेवा | संख्या | ० | १ | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | सहकारी मार्फत रेमिट्यान्स सञ्चालन | प्रतिशत | १०० | ३०० | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | लघु वित्त तथा शाखारहित वैंकहरुको शाखा विस्तार | प्रतिशत | १०० | ३०० | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |
| | कृषि सहकारी स्थापना र व्यवस्थापन गर्ने | प्रतिशत | १०० | ३०० | गा.पा | गा.पा | लगानी कर्ताको कमी, बजारको कमी |

### ४.१.६.भूमि व्यवस्थापन

**क. सोच**

- भू-क्षमता, भू-बनौट र हावापानी अनुसार भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्व विकास गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- भू-बनोटमा आधारित कृषि, पशु तथा वस्ती विकास क्षेत्रहरु विस्तार गर्ने ।
- भू-उपयोग नीति २०७२ बमोजिम भूमीको वर्गीकरण गरी भू उपयोग गर्ने ।

**ग. उद्देश्य**

- भूमि तथा भूमिस्रोतको उत्पादनशिल प्रयोग मार्फत आय तथा रोजगारी बढाउने र गरिवी न्युनिकरण गर्ने, बाझो पर्ति जग्गा जमीनहरुको सदुपयोग गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- भू उपयोग नीति २०७२ बमोजिम भूमीको वर्गीकरण गरी भू उपयोग गर्ने ।
- भू-व्यवस्थापन योजनाअनुसार उत्पादन तथा बसोबासको व्यवस्था मिलाउन नमूना क्षेत्र विकास गर्ने ।
- गा. पा. को आर्थिक समृद्धि हुने गरी भू उपयोग गर्ने सोच पत्र अनुसुचि ६ मा दिईएको छ । सो अनुसार कार्यक्रमहरु विकास गरी सञ्चालन गर्ने ।
- भू सामाजिक अवस्था सुरक्षित र आकर्षक क्षेत्रमा एकिकृत वस्ती विकास गर्दै जाने ।
- गा. पा. क्षेत्रमा पूर्ण वा आंशिकरुपमा जोखिम संवेदनशिल भू-उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयारी गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- भूउपयोगमा आधारित कम्तीमा १ वटा नमूना क्षेत्र विकास ।
- गाँउ भित्रका बाँझो जग्गाको तथ्याङ्क सहित र सदुपयोग ।
- खेर गएको बारी तथा पाखाहरुमा बहुउपयोगी घाँस तथा विरुवाहरु रोपण ।

**च. प्रमुख कार्यक्रमहरुः**

भू उपयोग नीति २०७२ बमोजिम भूमीको वर्गीकरण गरी भू उपयोग गर्ने यस उपक्षेत्रको प्रमुख कार्यक्रम हुनेछ । यसै गरी वडा तथा गा. पा. को सिमा व्यवस्थापन, सरकारी जमिन अतिक्रमण नियन्त्रण, भिरालो जमिन व्यवस्थापन (डालेघाँस रोपण) लगायत हावापानी अनुसार सम्भाव्य खेती पद्यतीको बृस्तृत विवरण अनुसुचि ६ मा र एकिकृत वस्ती विकासका आधारहर क्षेत्रहरुको विस्तृत विवरण अनुसुचि ७ मा दिईएको छ भने वडा तथा वस्ती अनुसारको कार्यक्रम बजेट पछिल्लो अध्यायमा रहेको छ ।

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

| सि. नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | भूउपयोगमा आधारित नमूना क्षेत्र विकास । | संख्या | ० | ४ | गा.पा | गा.पा | क्षेत्रनिर्धारण |
| | गाँउ भित्रका वाँझो जग्गाको तथ्यांक सहित र सदुपयोग | हेक्टर | ० | ३०० | गा.पा | गा.पा | क्षेत्रनिर्धारण |
| | खेर गएको वारी तथा पाखाहरुमा वहुउपयोगी घाँस तथा विरुवाहरु रोपण | हेक्टर | ० | ३० | गा.पा | गा.पा | क्षेत्रनिर्धारण |
| | खोलाको बगर क्षेत्रमा रहेका अधिकांश सुख्खा जमिनलाइ संरक्षण गरी एग्रोफरेस्ट्रीमा प्रोमोट गर्ने | हेक्टर | ० | ५०० | गा.पा | गा.पा | क्षेत्रनिर्धारण |

### ४.१.७. खानी तथा खनिज पदार्थ हरुको सदुपयोग

**क. सोच**

- खानी तथा खनिज पदार्थको दिगो र वातावरणमैत्री उपयोग गर्ने ।
- सम्भाव्य खानी क्षेत्रको पहिचान तथा खोजी गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- सम्भाव्य सबै खानी तथा खनिज पदार्थको पहिचान र व्यवस्थापन योजना तयार गर्ने ।

**ग. उद्देश्य**

- सम्भाव्य खानीक्षेत्रहरु पहिचान गरी संरक्षण तथा उपयोग योजना बनाउने ।
- दिगो र वातावरणमैत्री विधिमा खनिज पदार्थहरुको उपयोग गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- स्थानीय स्तरमा आवश्यक पर्ने निर्माण सामाग्रीहरुको व्यवस्थापनको लागि बालुवा माटो लगायतका खानी सञ्चालन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- वडा नं. २ को चिमचिमे खोलामा चम्किने ढुङ्गा (स्लेट) को सम्भाव्यता अध्ययन गरि उद्योग सञ्चालन सम्बन्धि आवश्यक प्रक्रिया अघि बढेको हुनेछ ।
- गा.पा. भित्ररहेको नदी तथा खोला बगरहरुमा रहेको ढुङ्गा, गिट्टी तथा बालुवा उद्योग सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढेको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- खानी तथा खनिज पदार्थ सम्भाव्यता अध्ययन, आर्थिक उपार्जन सहितको दिगो उपयोगको योजना निर्माण
- बालुवा खानी सञ्चालन, साइन ढुङ्गाको उपयोग
- नदिजन्य पदार्थ तथा खानी क्षेत्रको वातावरणीय परीक्षणको योजना

**छ) अपेक्षित उपलब्धिहरु**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

| सि. नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | खानी तथा खनिज पदार्थ सम्भाव्यता अध्ययन, आर्थिक उपार्जन सहितको दिगो उपयोगको योजना निर्माण | संख्या | ० | १ | गा.पा | गा.पा | लगानि कमी |
| | नदिजन्य पदार्थको खानी सञ्चालन | संख्या | ० | ६ | गा.पा | गा.पा | व्यवस्थापनमा कमी |

## ४.१.८. श्रम तथा रोजगारी

**क. सोच**

- दक्ष, सिपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- रोजगारीका अवसरहरू सिर्जना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्ने ।

**ग. उद्देश्य**

- स्थानीय तथा स्वदेशी रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्ने ।
- वैदेशिक रोजगारीलाई बढी सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- वेरोजगार जनशक्ति दर्ता र रोजगारीका अवसरको सुचना आदान प्रदान गर्न प्रदेशको सहकार्यमा रोजगार सुचना केन्द्र स्थापना गर्ने ।
- युवा स्वरोजगारको लागि जिल्ला युवा परिषद तथा केन्द्रिय युवा परिषद सँग सहकार्य गर्ने
- विप्रेषण आय वैंकिङ प्रणलीबाट भित्र्याई यस्तो रकम उत्पादनमुलक लघु तथा साना उद्योग, पर्यटन, कृषि व्यवसाय र रोजगारमुलक सेवा क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने ।
- रोजगारका सम्भावनाहरु विस्तारका लागि सिर्जनात्मक अभियानहरुलाई प्रवर्द्धन गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- जिल्ला युवा परिषद तथा केन्द्रिय युवा परिषद सँगको सहकार्यमा युवा सञ्चार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास, ग्रामिण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकासलगायत विभिन्न कार्यक्रमहरू कार्यान्वयनका हुने छन् ।
- गा. पा. स्तरीय श्रम तथा रोजगार सूचना एवम प्रशिक्षण केन्द्र स्थापना हुनेछ ।
- स्थानिय तह बाट नै शैक्षिक प्रमाण पत्रको धितोमा ऋण उपलब्ध गराउने व्यवस्था लागु हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- युवाहरुको सहभागितामा युवा स्वरोजगार योजना निर्माण
- उद्यमी विकास कार्यकम, महिला उद्यमी विकास कार्यकम, वस्तुविकास तथा प्रशिक्षण
- वडा तथा गा. पा. मा रोजगार सेवा तथा सुचना केन्द्र सञ्चालन
- युवा तथा साना व्यवसायी कोष कार्यकम मार्फत सहयोग तथा सहजीकरण
- वैदेशिक रोजगारबाट फर्केर स्वदेशमा काम गर्न चाहने युवाहरुलाई सिपमा आधारित उद्यम सञ्चालन गर्न विशेष युवा स्वरोजगार कार्यकम सञ्चालन गर्ने
- युवा उद्यमी सम्मेलन, व्यवसाय शिक्षण
- सूचना तथा प्रशिक्षण केन्द्र स्थापना र व्यवस्थापन
- स्वरोगार सिर्जनात्मक कार्यक्रम

**छ) अपेक्षित उपलब्धिहरु**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपलव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८२८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | गा.पा. स्तरीय श्रम तथा रोजगार सूचना एवम प्रशिक्षण केन्द्र स्थापना | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |
| | युवा सञ्चार कार्यक्रम, | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |

## ४.२ सामाजिक विकास

### ४.२.१. शिक्षा

#### क. सोच

- प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको पवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।

#### ख. प्रमुख लक्ष्य

- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी जनशक्ति उत्पादन गरी आर्थिक सामाजिक रूपान्तरण गर्ने ।
- शिक्षा क्षेत्रमा प्रविधिमैत्री र प्रतिस्पर्धात्मक प्रणाली विकास गर्ने ।

#### ग. उद्देश्य

- सबै विद्यालयहरुलाई पूर्वाधार, शिक्षक, शिक्षण सामग्री, शिक्षण विधि, परीक्षा प्रणाली र शैक्षिक गुणस्तरले युक्त बनाउँदै लैजाने ।
- उच्च शिक्षा तथा प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ बनाउने ।

#### घ. रणनीति तथा कार्यनीति

- शिक्षालाई समय अनुकुल, व्यवहारिक, प्राविधिक र उत्पादनमूलक एवम जीवनमुखी बनाउनका लागि पालिकास्तरीय शिक्षा गुरुयोजना बनाइ लागु गर्ने ।
- निम्न तथा मध्यम वर्गबाट उत्कृष्ट अङ्क ल्याउने एक छात्र एक छात्रालाई प्रत्येक वर्ष उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने ।
- बालबालिका, युवा तथा नागरिकहरुमा पठन संस्कृति विकासका लागि वडाहरुमा सामुदायिक अध्ययन केन्द्र तथा गा. पा. मा पुस्तकालय सञ्चालन गर्ने ।
- अंग्रेजी भाषा र कम्प्युटर सीप अभिवृद्धिका लागि अंग्रेजी भाषा शिक्षण विधिलाई प्रभावकारी बनाउने ।
- विद्यालयहरुको आधारभुत तहमा मातृभाषा शिक्षालाई अवलम्बन गर्ने ।
- विद्यालयहरुको यथार्थ स्थिति अध्ययन गरी आवश्यक्ता अनुसार समायोजन गर्ने ।
- विद्यालयहरु प्रविधिमैत्री, बालमैत्री बनाउने ।
- प्राविधिक जनशक्ति आपूर्तिका लागि क्षेत्रीयस्तरको प्राविधिक शिक्षालय स्थापना गर्ने ।
- विद्यालयहरुको क्षेत्रगत सुधारको लागि पालिकास्तरीय आवास सहितको मेगा विद्यालय सञ्चालनमा ल्याउने ।

#### ङ. प्रमुख परिमाणात्मक नतिजा

- सामुदायिक अध्ययन केन्द्र तथा गाँउ पुस्तकालय सञ्चालन, अंग्रेजी भाषा तथा मातृभाषा शिक्षण विधि, कम्प्युटर सीप अभिवृद्धि, अभिभावक शिक्षामा अभिवृद्धि भएको, विद्यालयहरुको पुर्वाधार व्यवस्थापन, दक्ष शिक्षकको दरबन्दी, दिवा खाजा, विद्यालयहरु प्रविधिमैत्री भएको विद्यालय संख्या कम्तीमा ५०% पुग्नेछ ।
- शैक्षिक संस्थामा विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूल बारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुने छ ।

### च. प्रमुख कार्यक्रमहरु

गढवा गाँउपालिकाले शिक्षा क्षेत्रको विकास र व्यवस्थापनका लागि गढवा गाँउपालिकाको शिक्षा ऐन, लागु गर्ने । सो अनुरुप गा.पा. को शिक्षा क्षेत्रको विकास र व्यवस्थापनका लागि गाँउपालिकाको शिक्षा शाखाको सोच पत्र तयार गरी अनुसुचि ४ मा छुट्टै पेश गरिएको छ । उक्त ऐन तथा सोच पत्रमा रहेका कार्यक्रमहरु गा. पा. ले प्राथमिकताका साथ सञ्चालन गर्ने छ । वडा तथा वस्ती अनुसारको कार्यक्रम बजेट भाग ४ (बजेट तथा कार्यक्रम खण्ड) मा रहेको छ । वडा तथा वस्ती भेलाबाट आएका मुख्य मुख्य कार्यक्रमहरु निम्न रहेका छन् ।

**तालिका ४. १२: शिक्षा क्षेत्रका प्रमुख कार्यक्रमहरु**

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| | भूकम्प प्रतिरोधात्मक एव बालमैत्री, अपाङ्गमैत्री विद्यालय भवन निर्माण तथा आवश्यकता अनुसार मर्मत र व्यवस्थापन गर्ने । | १ - ८ | सबै विद्यालयहरु |
| | दरबन्दी तथा आवश्यकता अनुसार योग्य विषयगत शिक्षक तथा कर्मचारीको व्यवस्था गर्ने | १ - ८ | सबै विद्यालयहरु |
| | विद्यालय छोडेका किशोरी तथा गृहिणीहरुलाई लक्षित गरी गृहिणी स्कुल सञ्चालन ( अनौपचारिक शिक्षा) | १ - ८ | सबै विद्यालयहरु |
| | विषयगत शिक्षक पुनर्ताजगी  तालिम | १ - ८ | सबै विद्यालयहरु |
| | प्र अ हरूको शशक्तिकरण तालिम | १ - ८ | सबै विद्यालयहरु |
| | आ.वि. तथा मा.वि. तहमा खेल सामग्री तथा उपकरणहरू (पीङ, चिप्लेटी, चक्काचुली निर्माण र फुटबल, भलिबल, नेट, ब्याडमिन्टन, क्रिकेट सामग्री, क्यारमबोर्ड, लुडो, चेस आदि) | १ - ८ | सबै विद्यालयहरु |
| | शत प्रतिशत विद्यार्थी भर्ना अभियान | १ - ८ | सबै विद्यालयहरु |

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| | प्राविधिक शिक्षा तथा आई.सि.टी मा आधारित शिक्षा प्रणालीको विकास | १ - ८ | सबै विद्यालयहरु |
| | पुस्तकालय व्यवस्थापन | १ - ८ | सबै विद्यालयहरु |
| | माध्यमिक विद्यालयमा ल्याब व्यवस्थापन | १ - ८ | सबै विद्यालयहरु |
| | उच्च शिक्षाको लागि प्रोत्साहन | १ - ८ | सबै विद्यालयहरु |
| | आवसिय मेगा विद्यालय सञ्चालन अवधारणा | ६ | सबै विद्यालयहरु |

**छ) अपेक्षित उपलब्धिहरु**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपलब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ : शिक्षा क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक अध्ययन केन्द्र तथा गाँउ पुस्तकालय सञ्चालन | संख्या | १ | ३ | गा.पा | गा.पा | लगानिमा कमी |
| | दक्ष शिक्षकको दरबन्दी | संख्या | - | ७ | गा.पा | गा.पा | लगानिमा कमी |
| | विद्यालयहरु प्रविधिमैत्री भएको विद्यालय | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमाकमी |
| | खेल मैदान कम्पाउण्ड | संख्या | १० | १५ | गा.पा | गा.पा | व्यवस्थापनमा कमी |

४.२.२ स्वास्थ्य

क. सोच

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास गर्ने

ख. प्रमुख लक्ष्य

- सबै नागरिकलाई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध गराउने ।

ग. उद्देश्य

- आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर वृद्धि गर्ने ।
- एकीकृत स्वास्थ्यसेवा मार्फत सबै नागरिकहरुलाई स्वस्थ जीवनयापनको आधार निर्माण गर्ने ।
- बढ्दो क्रममा रहेको सर्ने, नसर्ने रोगहरुको प्रकोपलाई स्वस्थ्य जीवनशैली मार्फत नियन्त्रण गर्ने ।

घ. रणनीति तथा कार्यनीति

- स्वास्थ्य चौकीहरुलाई थप प्रविधि र सहज सेवायुक्त बनाउने ।
- निशुल्क वितरीत हुने औषधीहरु सबै स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइहरुबाट वितरण गर्ने ।
- अन्य साझेदारीमा आँखा, मुटु, मृगौला तथा स्त्री रोग सम्बन्धी शिविरहरु सञ्चालन गर्ने ।
- सरुवा तथा यौनजन्य रोगहरु नियन्त्रणका लागि जनचेतना अभियानलाई प्रभावकारी बनाउने
- आमा समूह तथा सञ्जालहरुलाई सक्रिय रुपमा परिचालन गराइ सामुदायिक स्वास्थ्यलाई सुदृढ बनाउने ।
- सबै वडाहरुमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य चौकीलाई सुविधायुक्त बनाउने ।
- स्वास्थ्य केन्द्रहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
- शारिरीक, मानसिक, आध्यात्मिक स्वास्थ शिक्षा सेवा आम मानिसमा पुऱ्याउने ।
- स्वास्थ्य सेवा पवर्द्धनको लागि गाँउको स्वास्थ्य शाखाको सोचपत्र अनुसुचि ५ मा छुट्टै दिइएको छ । सो अनुसारको सेवा प्रवाह गरिने छ ।

ङ. प्रमुख परिमाणात्मक नतीजा

- सुत्केरी आमा तथा नवजात शिशु मृत्युदर शून्यमा कायम राख्न २४ घण्टे प्रसुती सेवा सञ्चालन रहेका वडामा थप व्यवस्थित गर्ने र बाँकीमा उक्त सेवा विस्तार भएको हुनेछ ।
- सबै वडामा रहेका स्वास्थ्य चौकीहरुमा पूर्ण दरबन्दी र पूर्ण सेवा दिनसक्नेछन् ।
- प्राकृतिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि प्राकृतिक चिकित्सा, आयुर्वेद, अकुप्रेसर, योग ध्यान र स्थानीय जडीबुटीमा आधारित स्वास्थ्य सेवाकेन्द्र सञ्चालनमा आउनेछ ।
- नेपाल सरकारद्धारा निशुल्क वितरीत ३४ थरीका औषधीहरु सबै स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य इकाइहरुबाट वितरण भएको हुनेछ ।

- सबै स्वास्थ्य सेवा दिने निकायहरुमा पुर्ण मानवीय संसाधनको व्यवस्था गरिनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- गा.पा. स्तरीय १५ शैया सम्मको अस्पतालमा विकास गर्ने ।
- अन्य अस्पतालसँग मिलेर स्वास्थ्य बिषयका व्यवसायिक तालिम केन्द्रको स्थापना ।
- हरेक वडाहरुको वस्तीहरुमा आमा, बच्चा र वृद्ध, वृद्धाहरुको स्वास्थ्य प्रवर्द्धन इकाइहरुको व्यबस्था गर्ने ।
- हरेक विद्यालयहरु, अस्पतालहरु र समुदायहरुका फोहोरहरु एक स्थानमा जम्मा गरि कम्पोष्टिंग, रिसाइकलका लागि कार्यक्रमहरुको व्यबस्था गर्ने ।
- खानेपानी, चर्पी, र महीनावारी र अन्य समयमा महिलाहरुका लाीग नुहाउने स्थानको व्यबस्था मिलाउने ।
- विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यक्रमका साथै किशोरीहरुका लागि महिनावारीका समयमा सहज हुने छात्रामैत्री शौचालय र सेनिटरी प्याडहरुको व्यबस्था गर्ने ।
- पोषण, करेसाबारी, तरकारी र फलफुलका लागि नागरिकहरुलाई उत्साहित गर्ने कार्यक्रमहरु
- किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रममा जोड दिदै सानो उमेरमा आफुखसि विवाह र गर्भलाइ निरुत्साहित गर्ने र परामर्श प्रदान गर्ने ।
- हरेक परिवारमा मनोसामाजिक परामर्श, आयआर्जन, अर्थोपार्जन र स्वास्थ्यमा लगानीका बारेमा प्रोत्साहित गर्ने ।
- खोपको कार्यक्रमलाइ हरेक परिवारमा अनिवार्य रुपमा पुग्ने ढाँचामा विकास गर्ने ।
- हरेक गर्भवतीको उचित जाँच र सरसल्लाह दिने व्यवस्था मिलाउने ।
- महिलाहरुको स्तनको क्यान्सर, पाठेघरको मुखको क्यान्सरको छनोट र उपचारको कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयहरुमा वार्षिक रुपमा अनिवार्य आँखा तथा दाँत परीक्षण, स्वास्थ्य शिक्षा र उपचारको व्यबस्था ।
- वृद्ध वृद्धाहरुका लागि सम्पुर्ण स्वास्थ्य परिक्षण सजिलै उपलब्ध हुने व्यवस्था निर्माण गर्ने ।
- फरक क्षमता भएका नागरिकहरुका लागि स्वास्थ्य सेवाको व्यबस्था

**छ) अपेक्षित उपलब्धिहरु**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४: स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | २४ घण्टे प्रसुती सेवा सञ्चालन | संख्या | ० | ८ | गा.पा | गा.पा | लगानिमा कमी |
| | स्वास्थ्य चौकीहरुमा पूर्ण दरबन्दी | संख्या | ० | ८ | गा.पा | गा.पा | लगानिमा कमी |
| | निशुल्क वितरीत ३४ थरीका औषधीहरु वितरण | वडा संख्या | ० | ८ | गा.पा | गा.पा | लगानिमा कमी |
| | पुर्ण मानवीय संसाधनको व्यवस्था गरिनेछ | वडा संख्या | ० | ८ | गा.पा | गा.पा | लगानिमा कमी |

### ४.२.३ खानेपानी तथा सरसफाई

**क. सोच**

- भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- सबै जनसङ्ख्यालाई आधारभूत शुद्ध खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

**ग. उद्देश्य**

- मध्यम तथा उच्चस्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- खानेपानी सेवालाई व्यवस्थित गर्न स्रोत अनुसारको उपभोक्ता समिति र वडास्तरको खानेपानी व्यवस्थापन समिति बनाइ नियमित सेवाहरु सन्चालन गर्ने ।
- खानेपानी सेवालाई प्रभावकारी बनाउन वडा स्तरमा खानेपानी साहायक टेक्नीसियन (खापासटे) व्यवस्था गरी परिचालन गर्ने ।
- खानेपानी व्यवस्थापन समितिको प्रभावकारिता बढाउन आवश्यक कार्यवीधिको निर्माण गर्ने ।
- भुमिगत जलस्रोतको उत्खनन गरी सबै वडाका सर्वसाधारणलाई वितरण गर्ने ।

**ङ. प्रमुख नतीजा**

- वडास्तरको खानेपानी व्यवस्थापन समिति निर्माण भएको हुनेछ ।
- पानीको बढी आवश्यक्ता र स्रोतको सम्भावना भएका ठाउँहरुमा भुमिगत जलस्रोत उत्खनन गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।
- खानेपानी व्यवस्थापन समितिको कार्यवीधि निर्माण हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- स्वच्छ तथा पिउनयोग्य खानेपानीको सुनिश्चितता गर्ने ।
- पानीको स्रोत संरक्षण तथा व्यवस्थापनमा समुदायलाई परिचालन गर्ने खालको कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थागत विकास तथा दीगो व्यवस्थापनको लागी विशेष कार्यक्रम सञ्चालन गर्ने ।

तालिका ४.१५: खानेपानी तथा सरसफाई क्षेत्रका प्रमुख कार्यक्रमहरु

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| | खानेपानी वितरण कार्यक्रम ( पाइपलाइन विस्तार सहित) | १–८ | सबै वडा |
| | निर्माणाधिन टंकी योजना सञ्चालन | १–८ | सबै वडा |
| | कलधाराको पानी परिक्षण (आर्सेनिक परिक्षण)गरी पिउन योग्य अयोग्य छुट्याउने | १–८ | सबै वडा |
| | पोष्ट ओडिएफ तथा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन | १–८ | सबै वडा |
| | सार्वजनिक शौचालय निर्माण | १,४,६ | |
| | सार्वजनिक तथा वजार क्षैत्रमा डस्टवीनको व्यवस्थापन (कुहिने नकुहिने र शिसाजन्य धातु,प्याष्टीक जन्य फोहोरको लागि सुइरो कार्यकम | १–८ | सबै वडा |

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपलव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.१६: खानेपानी तथा सरसफाई क्षेत्रका अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | खानेपानी व्यवस्थापन समिति निर्माण | वडा संख्या | केहि | १ देखि ८ | गा.पा | गा.पा | लगानिमा कमी |
| | भुमिगत जलस्रोत उत्खनन | वडा संख्या | २ | २ र ४ | गा.पा | गा.पा | लगानिमा कमी |
| | खानेपानी व्यवस्थापन समितिको गुरु योजना निर्माण | वडा संख्या | ० | १ देखि ८ | गा.पा | गा.पा | लगानिमा कमी |

### ४.२.४. भाषा, कला साहित्य र संस्कृति प्रवर्द्धन

**क. सोच**

■ बहु सांस्कृतिक पहिचान र सहअस्तित्वपूर्ण सद्भावमा आधारित समाजको निर्माण भएको हुनेछ ।

**ख. प्रमुख लक्ष्य**

■ भाषिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र संवर्द्धन हुनेछ ।

**ग. उद्देश्य**

■ सबै जाति/समुदायहरूको आ-आफ्नो मौलिक सांस्कृतिक परम्पराहरूको जगेर्ना गरी नेपालको सांस्कृतिक पहिचानको संवर्द्धन गर्नु ।

■ भाषा, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रको संरक्षण तथा विकास गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

■ दीर्घकालिन विकासका लागि गा. पा. का कला, साहित्य, सँगीतकार, चित्रकार मुर्तिकार, संस्कृतिकर्मी आदिलाई सँगठित गराई परिचालन गर्ने ।

■ पर्यटकीय क्षेत्रलाई केन्द्रित गरी सांस्कृतिक सँग्रहालय, साङ्गीतिक केन्द्रहरु स्थापना गरी संस्कृति संरक्षणमा टेवा पुऱ्याउने ।

■ स्थानीय जातजातिहरुको पर्व, असल परम्परा एवम् जात्राहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

■ वडाका विभिन्न क्षेत्रका नागरिकहरुको सिर्जना, सुझाव, सहयोग, विचार, संकलनका लागि नागरिक विचार बैंक स्थापना गर्न प्रोत्साहन गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

■ भाषा, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रको संरक्षण तथा विकास भएको हुनेछ ।

■ दीर्घकालिन विकासका लागि वडाका कला, साहित्य, सँगीतकार, चित्रकार मुर्तिकार, संस्कृतिकर्मी आदिलाई सँगठित भएको हुनेछ ।

■ गा. पा.स्तरमा सुविधा तथा प्रविधि सम्पन्न सामुदायिक अध्ययन केन्द्र एवम पुस्तकालय स्थापना भएको हुनेछ ।

■ स्थानीय जातजातिहरुको भेष भुषा, भाषा साहित्य, संस्कृति, बाजा आदिको सरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

■ पुरातात्विक सम्पदा संरक्षण तथा पूर्वाधार विकास

■ सांस्कृतिक सँग्रालय स्थापना (थारु संस्कृति)

■ कला साहित्य संगित प्रवर्द्धन (स्थानीय विकासमा साहित्य जागरण), भाषालिपी, भेषभुषा संरक्षण

- मन्दिर संरक्षण
- नाटक हल सहितको पुस्ताकालय
- भाषा,साहित्य,सँगीत, संस्कृति प्रवर्द्धन
- चित्रकला, मूर्तिकला प्रवर्द्धन
- सांस्कृतिक जागरण अभियान
- बाल उद्यान तथा हरियाली पार्क

### छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७: भाषा, कला साहित्य र संस्कृति प्रवर्द्धन क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | थारु सस्कृति सग्रालह निर्माण गरी थारु सस्कृतिको जर्गेना गर्ने | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |
| | सामुदायिक अध्ययन केन्द्र एवम पुस्तकालय स्थापना | संख्या | ० | २ | गा.पा | गा.पा | लगानिमा कमी |
| | कला, साहित्य, सँगीतकार, चित्रकार मुर्तिकार, संस्कृतिकर्मी आदिलाई सँगठित | संख्या | ० | ४ | गा.पा | गा.पा | लगानिमा कमी |

### ४.२.५.सञ्चार सेवा

**क. सोच**

■ नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार सेवामार्फत सामाजिक, सांस्कृतिक विकास तथा आर्थिक समृद्धिमा टेवा पुगेको हुनेछ ।

**ख. प्रमुख लक्ष्य**

■ ग्रामिणस्तरमा उपलब्ध हुनसक्ने सञ्चार प्रणालीका सेवाहरु सहज रुपमा उपलब्ध गराउने ।

**ग. उद्देश्य**

■ सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई स्थानीय विकासमा योगदान पुर्‍याउने ।

■ गा. पा. र आम नागरिकबीच विकासका सूचना तथा विचारहरु आपसी पहुँचमा पुर्‍याउने ।

**घ. रणनीति तथा कार्यनीति**

■ स्थानीय रेडियो तथा पत्रपत्रिकाहरुलाई स्थानीय नागरिकको विकासमा टेवा पुर्‍याउने गरी प्रोत्साहन र परिचालन गर्ने ।

■ सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यासलाई अनुसरण गरी सरकारले प्रदान गर्ने सबै सेवालाई क्रमश विद्युतीय प्रणालीमा रुपान्तरण गरी सेवा प्रदायक सम्म पुर्‍याउने ।

**ङ. प्रमुख परिणात्मक नतीजा**

■ टेलीफोन सेवाको सहज पहुँच हुनेछ ।

■ वडास्तरमा रहेका सबै कार्यालयहरुमा इन्टरनेटको सेवा पुगेको हुनेछ ।

■ स्थानीय सरकारबाट हुने सम्पुर्ण सूचना र प्रगतिहरु विद्युतीय माध्यमबाट उपलब्ध हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

**तालिका ४.१८: सञ्चार सेवा क्षेत्रका प्रमुख कार्यक्रमहरु**

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उप क्षेत्र : सञ्चार सेवा | मोवाईल फोन टावर क्षमता विस्तार | १- ८ | आवश्यक स्थानमा |
| | सबै सरकारी कार्यालय तथा विद्यालयहरुमा इन्टरनेटको सुविधा पुर्‍याउने | १- ८ | सबै वडाहरुमा |
| | डिजिटल प्रविधिबाट गा. पा. का हरेक नागरिकको सूचना सँग्रह र अद्यावधिक गर्ने । | १- ८ | सबै वडाहरुमा |
| | सबै वडाकार्यालय र गा. पा. लाई सूचना प्रविधिबाट जोड्ने | १- ८ | सबै वडाहरुमा |

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.१९: सञ्चार सेवा क्षेत्रका अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | वडास्तरमा रहेका सबै कार्यालयहरुमा इन्टरनेटको सेवा | वडा संख्या | ८ | १ देखि ८ अभिवृच्दि | गा.पा | गा.पा | लगानिमा कमी |
| | स्थानीय सरकारबाट हुने सम्पुर्ण सूचना र प्रगतिहरु विद्युतीय माध्यमबाट उपलब्ध | वडा संख्या | ० | १ देखि ८ | गा.पा | गा.पा | लगानिमा कमी |
| | पालिकाका विद्यालय तथा क्याम्पसहरुमा इन्टरनेटको सेवा पुर्‍याउने | संख्या | ० | ७ | गा.पा | गा.पा | लगानिमा कमी |

४.२.६. जनसंख्या व्यवस्थापन

क. सोच

- सङ्ख्या, वातावरण र विकासबीच सामञ्जस्य कायम गरी दिगो विकासका माध्यमबाट जीवनस्तरमा गुणस्तरीय सुधार गर्ने ।

ख. प्रमुख लक्ष्य

- आर्थिक रुपमा सक्रिय जनसंख्याको ठूलो हिस्सा गाँउमै परिचालन भएको हुनेछ ।

ग. उद्देश्य

- दक्षता, रुचि, क्षमताको आधारमा गा.पा. का नागरिकहरुलाई विकास कार्यमा आम परिचालन गर्ने ।
- विभिन्न सहयोगी संस्थामार्फत जनसंख्या व्यवस्थापन शिक्षालाई गाँउ स्तरमा पुर्याउने ।
- एकिकृत वस्ती विकास तर्फ लैजाने

घ. रणनीति तथा कार्यनीति

- ग्रामिण क्षेत्रमा एकिकृत वस्ती व्यवस्थापनको अवधारणा अनुसार शिक्षा, स्वास्थ्य, पुर्वाधार, रोजगारीका अवसर पवर्द्धन गर्ने ,लघु घरेलु उद्यम, उद्योग ग्राम,स्थान विशेषका विभिन्न विशेषतायुक्त ग्रामको अवधारणा अनुसार विकास गर्ने ।

ङ. प्रमुख नतीजा

- आन्तरिक बसाइँ-सराइको व्यवस्थापन भइ एकीकृत शहरी विकास हुनेछ ।
- गाँउमै बसी स्वरोजगारमा संलग्न हुने दक्ष जनशक्तिको दर उल्लेख्य वृद्धि हुनेछ ।

च. प्रमुख कार्यक्रमहरु

- जनसंख्या शिक्षा
- गाँउ फर्क अभियान
- व्यवस्थित बसोबास
- युवा स्वरोजगार योजना निर्माण

४.२.७. लक्षित वर्ग कार्यक्रम

क. सोच

- आर्थिक, शारीरिक तथा सामाजिक रुपमा सक्षम समुहलाई विकासको मूलधारमा परिचालन गर्ने तथा कमजोर वर्गहरुलाई पारिवारिक तथा संस्थागत संरक्षण र आयआर्जनको बढाउने ।

ख. प्रमुख लक्ष्य

- विकासको मूलधारमा पहुँच नपुगेका विपन्न तथा अल्पसंख्यक, जनजाति र महिलाहरुलाई शिक्षा स्वास्थ्य रोजगारी लगायतका क्षेत्रमा न्यायोचित पहुँच वृद्धि गर्ने ।

### ग. उद्देश्य

- विकास तथा सामाजिक समावेशीकरणमा स्थानीय संरचनाको आधारमा सबै लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व प्रवर्द्धन गर्ने ।
- महिला तथा लक्षित वर्गको आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच वृद्धि गर्ने ।

### घ. रणनीति तथा कार्यनीति

- परिवार ईकाइ केन्द्रित सामाजिक परिचालन पद्धति अपनाई अन्तरपुस्ता सम्बन्ध बलियो बनाउने ।
- आर्थिक, शारीरिक तथा सामाजिक रुपमा कमजोर रहेका वर्गहरुलाई संरक्षण र आयआर्जनको पहुँच बढाउने ।
- दलित समुदायका बालबालिकाहरुलाई व्यवसायिक तथा प्राविधिक शिक्षामा छात्रवृत्ति व्यवस्थापन, जातीय विभेदका विरुद्ध कानुनी साक्षरता कार्यक्रमलाई अभियान, गाँउमा वैदेशिक रोजगारी सम्बन्धी सुचना डेस्क स्थापना, जेष्ठ नागरिक विचार चौतारी सञ्चालन, बाल विवाह मुक्त गा.पा., असक्त, असाहय, बेबारिसे व्यक्तिहरुको संरक्षणका लागि अस्थायी संरक्षणकेन्द्र निर्माण गर्ने ।
- महिलाहरुको शारीरिक, मानसिक तथा सामाजिक सुरक्षाको अवस्थालाई सुदृढ गर्न न्याय समितिको क्षमता, दक्षता, योजनाहरुको विशेष प्रवर्द्धन गर्ने ।
- अशक्त तथा अपाङ्गहरुको हकहित, सुरक्षा र क्षमता अभिवृद्धिका लागि सामाजिक सुरक्षा कार्यक्रमका साथै आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ङ. प्रमुख नतीजा

- बालमैत्री स्थानीय शासन लागु भएको हुनेछ । बालबालिकाको अधिकार सुनिश्चित भई उनीहरुको समग्र स्थितिमा सुधार भएको हुनेछ ।
- विपन्न र पिछडिएका महिलालाई सिप तथा उद्यमशिलता विकासमार्फत रोजगारीको अवसर वृद्धि हुनेछ ।
- बाल विवाह, दाईजो प्रथा लगायत सबै प्रकारका कुरीती अन्धविश्वास र महिला हिंसामा न्युनीकरण हुनेछ ।
- महिला तथा लक्षित वर्गका निर्णय प्रकृयामा संलग्ता वृद्धि भएको हुनेछ ।
- सामाजिक लैङ्गिक तथा जातिय विभेदमा कमी आएको हुनेछ ।
- अपाङ्गता, अशक्त नागरिकको सामाजिक सुरक्षा र सम्मानको अवस्थामा वृद्धि भएको हुनेछ ।

### च. प्रमुख कार्यक्रमहरु

वडा तथा वस्तीबाट आएका विस्तृत बजेट तथा कार्यक्रमहरु खण्ड ४ मा रहेको छ जसको सारांश निम्न बमोजिम रहेको छः

**बालबालिका** : बालमैत्री स्थानीय शासनका न्युनतम सुचक तथा मापदण्ड प्राप्ती तथा बालअधिकार सुनिश्चितताका लागि आवश्यक सम्पूर्ण कार्यक्रम

**लक्षित वर्ग कार्यक्रम** : महिला समूह/सञ्जाल गठन/पुर्नगठन, महिला उद्यम दर्ता, संयुक्त लालपुर्जाको वितरणमा वृद्धि, महिला स्वरोजगार सिर्जना कार्यक्रम, सामाजिक नेतृत्व विकास तालिम, महिला रोजगारमा प्रोत्साहन लोकसेवा तालिम, एकल महिला संजाल गठन, एकल महिला आयआर्जन कार्यक्रम, गाँउ स्तरीय महिला सञ्जाल गठन र दिर्घकालीन योजना निर्माण, समग्र महिला विकास सोच तयारीका लागि गाँउ स्तरीय महिला सम्मेलन आयोजना, वस्ती स्तरीय महिला सञ्जाल सञ्चालन तथा व्यवस्थापन, वडा स्तरीय सूचना तथा सञ्चार केन्द्र स्थापना र सञ्चालन, गाँउ स्तरीय वार्षिक जेण्डर अडिट, महिला अभियानकर्मी नेतृत्व विकास तथा सामाजिक परिचालन कार्यशाला, वडा स्तरीय महिला स्वास्थ्य शिविर आयोजना, किशोरी सवाल सचेतीकरणका लागि किशोरी सञ्जाल परिचालन, जोखिममा परेका अशक्त, आकस्मिक कोष परिचालन र मनोपरामर्श केन्द्र सञ्चालन

**अपाङ्ग मैत्री कार्यक्रमः** अपाङ्गहरुको लागि आयआर्जन र सहयोग कार्यक्रम

**दलित लक्षित कार्यक्रमः** परम्परागत पेशामा आधुनिकीकरण, शिक्षामा जागरण गरी विद्यालय पहुँच कार्यक्रम, विद्यालय छाड्ने दरमा न्यूनिकरण, दलित महिला लोक सेवा आयोग कक्षा

**जेष्ठ नागरिक** : दिवा संरक्षण तथा सूचना केन्द्र, जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक

संरक्षण सचेतीकरण कार्यक्रम

**जनजाती लक्षित** : जनजातीहरुको क्षमता अभिवृद्धि कार्यक्रम, पारिवारिक सशक्तिकरण

**द्धन्द्धपिडित लक्षित** : द्धन्द्ध पिडित सूचिकरण तथा शहीद परिवार सम्मान कार्यक्रम, पारिवारिक सशक्तिकरण

**युवा लक्षित** : युवा सञ्चार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास, ग्रामिण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास । ग्रामिण युवा लक्षित कार्यक्रमहरु सञ्चालन ।

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.२०: लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८२८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | विपन्न र पिछडिएका महिलालाई सिप तथा उद्यमशिलता विकासमार्फत रोजगारीको अवसर वृद्धि | प्रतिशत | १०० | ३०० | गा.पा | गा.पा | लगानिमा कमी |
| | वाल विवाह, दाईजो प्रथा, तिलक, देउकी, वोक्सी, छाउपडी लगायत सबै प्रकारका कुरीती अन्धविश्वास र महिला हिंसामा न्युनीकरण | प्रतिशत | १०० | २० | गा.पा | गा.पा | जनचेतनाको कमी |
| | बालबालिका, महिला तथा लक्षित वर्गको निर्णय प्रकृयामा संलग्ता वृद्धि भएको हुनेछ | प्रतिशत | ३३ | ४० | गा.पा | गा.पा | जनचेतनाको कमी |
| | सामाजिक लैङ्गिक तथा जातिय विभेदमा कमी | उजुरी प्रतिशत | १०० | २० | प्रहरी चौकी | गा.पा | जनचेतनाको कमी |

### ४.२.८ खेलकुद

**क. सोच**

- खेलकुदको माध्यमबाट युवा तथा बालबालिकाहरुमा शारिरीक स्वास्थ्यका साथै सामाजिक सद्भाव वृद्धि गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- गा.पा. तथा वडास्तरमा खेलकुदका पूर्वाधारहरु विस्तार गर्ने ।

**ग. उद्देश्य**

- खेल, खेलकुद समूह तथा खेलाडीहरुलाई प्रवर्द्धन गर्ने ।
- खेलकुद क्षेत्र प्रवर्द्धनका लागि सामाजिक सहभागिता वृद्धि गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- गा. पा. स्तरिय फुटबल मैदान निर्माण गरी खेलकुद विकासमा टेवा पुऱ्याउने ।
- खेलकुद क्षेत्रको विकासको लागि खेलाडी पहिचान, सँगठन र प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।

**ङ .प्रमुख नतीजा**

- गा. पा. स्तरीय गा. पा. अध्यक्ष कप क्रिकेट तथा फुटवल प्रतियोगीता सञ्चालन हुनेछ ।
- जिल्लामा व्यवसायिक खेलकुदको विकास हुनेछ ।
- युवाहरुको सिर्जनाशिलता तथा क्षमता वृद्धि भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- खेलकुद पुर्वाधार विकास कार्यक्रम
- खेलकुद प्रवर्द्धन कार्यक्रम

**तालिका ४.२१: खेलकुद क्षेत्रका प्रमुख कार्यक्रमहरु**

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उप क्षेत्र : खेलकुद | हरेक वडामा १ वटा वडा स्तरिय खेल मैदान | १–७ | सबै वडाहरुमा |
| | गा. पा. स्तरीय गा. पा. अध्यक्ष कप क्रिकेट तथा फुटवल प्रतियोगीता सञ्चालन | ६ | गढवा |
| | खेलकुद क्लब गठन, खेलकुद सामाग्रीको व्यवस्थापन फर्निचर | १–७ | सबै वडाहरुमा |
| | गा. पा.स्तरीय कवर्डहल स्थापना | ५ | बाकी |

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.२२ खेलकुद क्षेत्रका अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७७८ अनुमानित | आ.व. २०८२८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | गा. पा. स्तरीय गा. पा. अध्यक्ष कप क्रिकेट तथा फुटवल प्रतियोगीता | संख्या | ० | १० | गा.पा | गा.पा | लगानिमा कमी |
| | क्रिकेट खेलमा पालिका स्तरिय खेलकुद केन्द्र स्थापना हुनेछ | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |

## ४.३ पूर्वाधार विकास

### ४.३.१ सडक तथा पुल

**क. सोच**

- सडक सञ्जाललाई आर्थिक समृद्धिको मेरुदण्डको रुपमा विकास गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- गा. पा. केन्द्र तथा सबै वडा केन्द्रसम्मको सडक सर्वयाम चल्नेगरी विकास गर्ने ।
- अनुसूचि ७ मा उल्लेखित एकिकृत वस्ती विकासको अवधारणासँग मेल खाने गरी पुर्वाधारका कार्यक्रम अघि बढाउने

**ग. उद्देश्य**

- सडक गुरुयोजना तयार गरी प्राथमिकिकरण गर्ने ।
- सडक पूर्वाधारको विकास तथा विस्तार गर्ने ।
- सबै वडाकेन्द्रसम्म सडक पुऱ्याउने ।
- सडक विस्तारलाई आर्थिक कार्यक्रमसँग जोडेर लैजाने ।

**घ. रणनीति तथा कार्यनीति**

**१. प्राथमिकिकरण र यसका आधार** : सडक महंगो पुर्वाधार हो यसको मर्मत सम्भार लागत पटक पटक लागिरहने, पहिरो जोखीम लगायतका जोखीम जोडिएकाले सडक निर्माणको औचित्य र खास महत्व हेरेर मात्र सडक नँया ट्र्याक खोलिने छ । नँया ट्र्याक खोल्नु पुर्व निम्न कुराहरुको आधारमा प्राथमिकिकरण गरिने छः

- विशेष आर्थिक उपार्जनका क्षेत्रहरु (कृषि पकेट, अन्न, तरकारी दुध, फलफुल) छन् छैनन ?
- गा. पा. र वस्तीलाइ खास आम्दानी र रोजगारी हुने क्षेत्र (निर्माण सामग्री) हो होइन ?
- खास पर्यटकिय आकर्षण, प्रवेशद्वार बन्ने स्थल हो होइन ?
- बजार केन्द्र, व्यापारिक केन्द्र सँगको सम्बन्ध विस्तार हो होइन ?
- वडा, गा. पा. का कार्यालय तथा अन्तर वडा, पालिका र अन्तर जिल्लाका घना वस्ती सँग सम्बन्ध विस्तार हुने
- नियमीत यातायात सूचारु भएका सडकसँग जोडिने शाखा सडकहरु

**२. सडक पुर्वाधारबाट प्रत्यक्ष लाभ पाउनु पर्ने** : पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आय आर्जनमा बढावा दिनसक्ने कृषि तथा पशुपंक्षी (कृषि, पशु विकास र मत्स्य विकास) तथा गैर कृषि (लघु उद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै केन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

३. सडकमा लगानी गर्दा ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरुलाई बाह्रै महिना यातायात सुचारु गर्न सडकको स्तर उन्नतिका साथै सडक संरचना र पुल-पुलेसा

निर्माणमा प्राथमिकता दिने । गाँउस्तरिय भन्दा बढी वडास्तरिय र वडास्तरिय भन्दा बढी वस्ती स्तरिय सडकमा वढी लागत सहभागिता जुटाउने ।

**सडक सम्बन्धि अन्य रणनितिहरु**

- वडास्तरीय सडकहरुलाई प्राथमिकीकरण गरी लागत सहभागिता बढाउने ।
- वडा स्तरीय योजना छनौट गर्दा न्यूनतम् रु. ५ लाखको मात्र छनौट गरि कार्यान्वयन तर्फ सुरुवात गरिने छ ।
- नियमित यातायात सञ्चालन हुँदै आएका कच्ची तथा ग्राभेल सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गरी दैनिक यातायात सञ्चालनमा सहजता ल्याउने ।
- निर्माण क्षेत्रमा वातावरणमैत्री हरित प्रविधिलाई पवर्द्धन गर्ने ।
- अन्य संघ संस्था समेतको सहयोगमा पुल पुलेसा तथा साँघुहरु निर्माण तथा मर्मत गर्ने ।
- गा.पा. का विशेष आयोजनालाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- आवश्यक पर्ने नयाँ ट्र्याकहरु २ वर्ष भित्र खोली सक्ने ।
- वडा नं. ४ स्थित वडा कार्यालय - सुतैया - पर्सा खडगपुर हुँदै गोविन्द नगर रिङ्ग रोड निर्माण भएको हुनेछ ।
- वडा नं २ स्थित बगमरुवा घुस्रा गाँउ धैरेनी सम्म दक्षिणी कृषि सडक विस्तार भएको हुनेछ
- सडक निर्माणका लागि प्रदेश तथा संघिय सरकार र अन्य संघ संस्थाहरुको लगानी भित्र्याउने ।

**च. प्रमुख कार्यक्रमहरु**

तालिका ४. सडक तथा पूलका कार्यक्रमहरु

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| | गढवा बजारमा व्यवस्थित बसपार्कको निर्माण गरिने छ । | ६ | गढवा |
| | गढवा गाँउपालिका भित्रका सडक विकासका लागि सडक गुरुयोजना तयार गरि लागू गरिने छ । | १ - ८ | सबै वडाहरुमा |

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.२३: सडक तथा पुल क्षेत्रका अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | आवश्यक पर्ने नयाँ ट्र्याकहरु २ वर्ष भित्र खोली सक्ने | वडा | ० | सबै वडा | गा.पा | गा.पा | लगानिमा कमी |
| | पालिका भित्रको व्यवस्थीत कालोपत्रे सडकको मात्रा | कि मि | ११ | ६५ | गा.पा | गा.पा | लगानिमा कमी |

४.३.२. भवन, वस्ती तथा शहरी विकास

क. सोच

- सुरक्षित तथा व्यवस्थित वस्ती विकास गरी सबै नागरिकलाई सुरक्षित आवासको पहुँच बढाउने ।

ख. प्रमुख लक्ष्य

- एकीकृत ग्रामिण वस्ती विकासको आधार तयार गर्ने ।
- गढवा बजारमा एकिकृत बजार व्यवस्थापन गर्ने ।
- एकिकृत वस्ती विकासको तथा पुर्वाधारको आधार तयार गर्ने ।

ग. उद्देश्य

- संरचनाको दिगो, सुरक्षित र योजनाबद्ध रूपमा यथाशीघ्र निर्माण गरी समुदायको जनजीवनलाई कम्तीमा पनि प्रकोपपूर्वको अवस्थामा पुनर्स्थापना गर्ने ।
- योजनाबद्ध शहरी तथा ग्रामिण पुर्वाधार विकास गर्ने ।

घ. रणनीति तथा कार्यनीति

- सडक निर्माण, विस्तार गर्दा वस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागु गर्ने
- अनुसूचि ७ मा उल्लेखित एकिकृत वस्ती विकासको अवधारण अनुसार कार्यक्रम अघि बढाउने
- राष्ट्रिय वन नीति, २०७१ ले आत्मसाथ गरेको "एक घर - एक रुख, एक गाँउ - एक वन, एक नगर - अनेक उद्यान" को अवधारणालाई मध्यनजर गर्दै "राष्ट्रिय भू उपयोग नीति २०६९" का आधारमा भूमिलाई विभाजन गर्ने गरी भू उपयोग नक्सा तयार गरी तोकिएको क्षेत्रमा तोकिएको प्रयोजनको लागि मात्र भवन निर्माण अनुमति प्रदान गर्ने । विशेषज्ञहरुको संलग्नतामा जोखिमयुक्त क्षेत्रको पहिचान गरी भवन निर्माण गर्न प्रतिबन्ध लगाउन सिफारिश गर्ने ।
- यस गाँउपालिकाको आन्तरिक आय अति नै कम भएकोले आयस्रोतमा वृद्धि गर्नको लागि बजार क्षेत्रमा आर्थिक क्रियाकलाप वृद्धि गर्ने खालको पुर्वाधार निर्माण गर्न आवश्यक व्यवस्था गरिने छ ।
- गा.पा. भित्र छरिएर रहेका वस्तीहरु छन् । यी वस्तीहरुलाई सडक कोरिडोर सँग मिलान हुने गरी उपलब्ध भूगोल र भू बनोट अनुसार प्रत्येक वडामा ३ देखी ५ वटा सम्म हुने गरी सरकारी नीजि साझेदारीमा एकिकृत वस्ती विकासका कार्यहरुको पवर्द्धन गर्ने ।
- व्यवस्थित सहरीकरणका लागि उपयुक्त स्थानको पहिचान गरी जग्गा एकीकरण आयोजना सञ्चालन गरिनेछ ।
- अति आवश्यक सेवा प्रदान गर्नुपर्ने संस्थागत भवनलाई पहिलो प्राथमिकतामा निर्माण गर्ने ।
- एकीकृत वस्ती निर्माणको वातावरण बनाउदै बजार केन्द्रहरु व्यवस्थापन गर्दै लैजाने ।

- सामुदायिक भवन निर्माणका लागि अन्य संघसस्थाको बजेटलाई प्राथमिकता दिने ।
- भौगोलिक रुपमा विपदको उच्च जोखिमयुक्त स्थानमा बसोबास भएका घरपरिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा एकिकृत वस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने ।
- पुर्वाधार विस्तारमा वातावरणमैत्री प्रविधिलाई प्राथमिकता दिने ।
- जोखिम संवेदनशिल भु-उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयार गरी कार्यान्वयनमा ल्याउने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- गा.पा. भित्र परेको हुलाकी राजमार्ग सडक खण्डको क्षेत्र लिई एकिकृत शहरी विकासको गुरु योजना निर्माण गर्ने ।
- छरिएर रहेका वस्तीहरुलाई सडक कोरिडोर सँग मिलान हुने गरी उपलब्ध भूगोल र भू बनोट अनुसार प्रत्येक वडामा ३ देखी ५ वटा सम्म हुने गरी सरकारी नीजि साझेदारीमा एकिकृत वस्ती विकासका कार्यहरुको पवर्द्धन गर्ने । शहरी विकास तथा भवन निर्माण विभाग सँगको सहकार्यमा सो को अवधारण पत्र तथा डी.पी.आर.गर्न प्रस्ताव गर्ने ।
- कम्तीमा वडास्तरमा १ वटा हाट बजार स्थापना तथा सञ्चालन हुनेछ ।
- कम्तीमा १ वटा एकीकृत नमुना वस्ती निर्माण भइ बसोबास हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- गढवा बजारमा व्यवस्थित बसपार्क तथा हाट बजार स्थल निर्माण
- नमुना वस्ती तथा एकिकृत वजार विकास
- व्यावस्थित बजारीकरणको लागि पुर्वाधार निर्माण, पुननिर्माण (सार्वजनिक शौचालय निर्माण, ढल नाला व्यवस्थापन( सडक तथा बजार क्षेत्र, ग्रीन पार्क व्यवस्थापन व्यवस्थीत पशु वद्यशाला निर्माण ।
- एक वडा एक सामुदायिक/विपद् आवास गृह
- बजार व्यवस्थापन समिति गठन तथा परिचालन,

### छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.२४: भवन, वस्ती तथा शहरी विकास क्षेत्रका अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | हुलाकी राजमार्गको सडक खण्डको क्षेत्र लिई एकिकृत शहरीको गुरु योजना निर्माण गर्ने । | वडा | ० | सबै वडा | गा.पा | गा.पा | लगानिमा कमी |
| | प्रत्येक वडामा ३ देखी ५ वटा सम्म हुने गरी सरकारी नीजि साझेदारीमा एकिकृत वस्ती विकासका कार्यहरुको पवर्द्धन गर्ने । | वडा | ० | सबै वडा | गा.पा | गा.पा | लगानिमा कमी |
| | हाट बजार स्थापना सञ्चालन | वडा | ० | सबै वडा | गा.पा | गा.पा | लगानिमा कमी |

### ४.३.३. सिँचाई

**(क) पृष्ठभुमी**

गढवा गाँउपालिकामा राप्ती नदी तथा ककहवा, सिकहवा, खबरी, चिमचिमे, कोइलाबास, सुपैला, बौराहा, आदि मख्य खोलाहरु बग्दछ। उक्त खोलाहरुको पानी प्रयोग गरेर हाल सम्म राप्ती नदि बाट एक र ककहवा सिंचाई आयोजना सञ्चालनमा रहेको छ। जसले कुल खेती योग्य जमिनको केहि प्रतिशत मात्र बाह्रमास सिंचित गर्ने गरेको छ। अन्य क्षेत्र मनसुने वर्षामा पूर्ण निर्भर रहेको छ।

**(ख) प्रमुख समस्या**

**तालिका ४.२५: सिँचाइ क्षेत्रको प्रमुख समस्याहरु**

| समस्या/सवालहरू | मुल कारणहरू |
|---|---|
| बोरिङ्गको सुविधा पर्याप्त नहुनु | प्रबिधि तथा उपकरणको खर्च बढी भएकाले |
| कुलो नहर आदिको व्यवस्थापन नहुनु | कुलो/पैनी निर्माण एवं मर्मत गर्ने। |
| वर्षे झरीको पानीमा निर्भर रहेर सिंचाई गर्नुपर्ने। | बोरिङ्ग/डिप बोरिङ्गको सिंचाइ आयोजना सञ्चालन गर्ने। |

**ग. सोच**

- सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने।

**घ. प्रमुख लक्ष्य**

- सिँचाइ गुरुयोजना तयार भई योजना अवधिमा सिँचाइ पुग्न बाँकी सिँचाइयोग्य भूमिको कम्तीमा ९० प्रतिशत लक्ष्य हासिल गर्ने।

**ङ. उद्देश्य**

- सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिने।

**च. रणनीति तथा कार्यनीति**

- सिंचाई सुविधामा वृद्धि गरी सिँचाइ व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
- पक्की कुलो आयोजनालाई साना सिंचाइ तथा गा.पा. को सहयोगमा सञ्चालन गर्ने।
- गा. पा. मा विस्तृत सिंचाइ योजना तयार गरी व्यवस्थित रुपमा सिंचाइको व्यवस्था मिलाउने।

**छ . प्रमुख परिमाणात्मक नतीजा**

- गा.पा. भित्रका ९०% खेति योग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध हुनेछ।
- गाँउ भित्रको सुख्खा क्षेत्रहरुमा डिप बोरिङ सिँचाई विस्तार हुनेछ।
- सिँचाईका लागि प्रत्येक वडाहरुमा बोरीङ स्थापना हूनेछ।

**ज. प्रमुख कार्यक्रमहरु**

- ठूला सिंचाइ कार्यक्रम
- साना सिंचाइ कार्यक्रम
- सिंचाइ जलाधार व्यवस्थापन कार्यक्रम

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६: सिँचाइ क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७/७८ अनुमानित | आ.व. २०८२/८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | गा.पा. भित्रका ९०% खेति योग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध हुनेछ | वडा | ० | सबै वडा | गा.पा | गा.पा | लगानिमा कमी |
| | सुख्खा तथा वगर क्षेत्र सिञ्चित भुमिमा परिणत हुनेछ | वडा | ० | १ - ७ | गा.पा | गा.पा | लगानिमा कमी |

४.३.४ उर्जा तथा विद्युत

क. सोच

- सबै घरधुरीमा विद्युत सेवा पुऱ्याउने ।
- वैकल्पिक उर्जा प्रयोगमा प्रोत्साहन गर्ने ।

ख. प्रमुख लक्ष्य

- घरेलु प्रयोजनको विद्युत सेवा सबै घरधुरीमा पुऱ्याइसक्ने ।

ग. उद्देश्य

- घरायसी तथा उत्पादन प्रयोजनका लागि विद्युत विस्तार गर्ने ।
- सरल र नियमित विद्युत आपूर्तिका लागि वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने ।

घ. रणनीति तथा कार्यनीति

- तिन फेजको विद्युत प्रसारण लाईन गा. पा. को प्रत्येक वडामा पुऱ्याउन पहल गर्ने ।
- सबैलाई आधुनिक तथा नविकरणनीय उर्जामा पहुँच पुऱ्याउन सबै सम्भाव्य स्थलहरुमा जलविद्युत सौर्य उर्जा, बायो उर्जा एवं अन्य नविकरणनीय उर्जाको प्रविधीलाई प्रोत्साहन गरिनेछ ।
- गा. पा. भित्रका वस्तीहरुमा सुरक्षित विद्युत सेवा उपलब्ध गराउने ।
- विद्युत प्रसारण लाइनको नाङ्गो तारबाट हुने जोखिम तथा दुर्घटनाबाट बच्न साविक सबै वडा तथा घरधुरी लाभान्वित हुने गरी कालो तार व्यवस्थापन गर्ने ।

ङ. प्रमुख परिमाणात्मक नतीजा

- आगामी २ वर्षभित्र गा.पा. का सबै घरमा सुरक्षित विद्युत सेवा पुग्नेछ ।

च. प्रमुख कार्यक्रमहरु

- विद्युत विस्तार कार्यक्रम
- वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम

छ) अपेक्षित उपलब्धिहरु

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

तालिका ४.२७: उर्जा तथा विद्युत अपेक्षित उपलब्धिहरु

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | आगामी ५ वर्षभित्र सबै घरमा ३ फेजको विद्युत सेवा पुग्नेछ । | घरधुरी प्रतिशत | ९८ | १०० | गा.पा | गा.पा | लगानिमा कमी |

४.३.५ यातायात

क. सोच

- बाह्रैमास यातायात सुचारु हुने सडक स्तरोन्नती गर्ने र यातायात सुचारु गर्ने
- नीजि क्षेत्र, यातायात व्यवसायीहरु सँग सहकार्य गरी कम खर्चिलो, भरपर्दो, सुरक्षित र प्रतिस्पर्धी यातायात प्रणालीको सुनिश्चितता गर्ने ।

ख. प्रमुख लक्ष्य

- यातायात सेवालाई बाह्रैमास चल्न सक्ने, पहुँचयोग्य, सुरक्षित, सर्वसुलभ, व्यवस्थित र वातावरणमैत्री बनाउने ।

ग. उद्देश्य

- यातायात व्यवस्थापन प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमन तथा ढुवानीलाई पहुँचयोग्य, सुरक्षित र व्यवस्थित बनाउने ।

घ. रणनीति तथा कार्यनीति

- सडक निर्माण, विस्तार गर्दा वस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागु गर्ने
- सडकहरुको स्तरोन्नती, ढल नाला व्यवस्थापन, यातायात सुचारु र सेवा प्रवाहको लागि नीजि क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा परिचालन

ङ. प्रमुख परिमाणात्मक नतीजा

- यातायात विकास गुरुयोजना निर्माण भइ लागु हुनेछ ।
- बसपार्क तथा टेम्पो स्ट्याण्ड निर्माण तथा भएको बसपार्कहरु उचित व्यवस्थापन हुनेछ ।
- गा. पा. का सबै वडाबाट सदरमुकाम तथा पुर्व पश्चिम राजमार्ग जोड्ने यातायात सुविधा पुग्नेछ ।

च. प्रमुख कार्यक्रमहरु

- यातायात पुर्वाधार विकास
- यातायात प्रणाली व्यवस्थापन
- गा.पा. बस सेवा

**छ) अपेक्षित उपलब्धिहरु**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२८: यातायात क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | *प्रमुख नतिजा* ***(Key Results)*** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | यातायात विकास गुरुयोजना | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |

## ४.४ वन, वातावरण तथा विपद व्यवस्थापन

### ४.४.१ वन तथा भू संरक्षण

#### क. सोच

- सघन तथा विविधतायुक्त वनस्रोत, विशिष्टीकृत जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र निर्माण गर्ने ।

#### ख. प्रमुख लक्ष्य

- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्वर्द्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

#### ग. उद्देश्य

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने ।

#### घ. रणनीति तथा कार्यनीति

- राष्ट्रिय वन नीति, २०७१ ले आत्मसाथ गरेको "एक घर - एक रुख, एक गाँउ - एक वन, एक नगर - अनेक उद्यान" को अवधारणालाई अनुशरण गर्ने
- निजी वन उद्यमलाई प्रोत्साहन गर्ने ।
- प्राकृतिक रुपमा जडिबुटी पहिचान, संरक्षण तथा पवर्द्धन गर्ने ।
- निजी वन तथा बारी कान्लाको रुखका काठ ओसार पसारलाई सरलीकृत गर्ने ।
- जलवायु प्रकोप न्युनीकरणका लागि स्थानीय अनुभव तथा परम्पराहरु प्रवर्द्धन गर्ने ।
- संरक्षण गर्नुपर्ने विशेष क्षेत्रहरु पहिचान गरी संरक्षण तथा व्यवस्थापन गर्ने ।
- गाँउपालिकामा वातावरण निरिक्षकको दरवन्दी व्यवस्था गर्ने ।

#### ङ. प्रमुख नतीजा

- भएको एक सामुदायिक वन समूहको कार्य योजना नविकरण भएको हुनेछ ।
- निजी वन समूहहरु विस्तार हुनेछ ।
- वैज्ञानिक वन व्यवस्थापनको नमुनाक्षेत्र विकास हुनेछ ।

#### च. प्रमुख कार्यक्रमहरु

- सामुदायिक वन विकास कार्यक्रम
- निजी तथा कृषि वन विकास कार्यक्रम
- संरक्षित तथा धार्मिक वन व्यवस्थापन कार्यक्रम
- वन उद्यम प्रवर्द्धन कार्यक्रम

- हरित पर्यटन प्रवर्द्धन कार्यक्रम

### ४.४.२ .जैविक विविधता संरक्षण

**क. सोच, कार्यकम**

- रैथाने विउ विजनको जगेर्ना, संरक्षण पवर्द्धन, हावापानी अनुसारका विविन्न जातका फलफुल, रुख, जडीबुटी बोट विरुवाहरुको संरक्षण मार्फत समृद्धीमा योजदान ।

**ख. प्रमुख लक्ष्य**

- जैविक विविधता (खास गरी कृषी जैविक विविधता) संरक्षणका लागि स्थानिय जातका विउ विजनहरुको संरक्षण गर्ने परम्परागत वालीहरु (धान, फापर, गहुँ, आलु, संरक्षण गर्ने, स्थानिय घिरौंला, काक्रो, फर्सी, लौका, फलफुलका विउ जगेर्ना गर्ने । सो को योजना र कार्यकम बनाई विउ बैंक स्थापना गर्ने ।

**ग. रणनीति तथा कार्यनीति**

- नेपाल पक्ष भएका जैविक विविधता महासन्धीका प्रावधानहरुको अनुशरण
- जैविक विविधता रणनीति तथा कार्ययोजना २०१४-२०२० को अनुशरण
- जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप न्युनीकरणका लागि जल पुनर्भरण क्षेत्र बढाउने
- जैविक विविधता तथा जलवायु अनुकुलनलाई स्थानीय अनुकुलन योजनामा समावेश गराउने

**घ. प्रमुख नतीजा**

- स्थानिय जातका अन्नबाली, दलहन, तेलहन, फलफुल बालीका जातहरुको सूचिकरण, विउ बैक स्थापना
- गा. पा. स्तरीय जलवायु परिवर्तन अनुकुलन योजना तयार हुनेछ ।

**ङ. प्रमुख कार्यक्रमहरु**

- कृषि जैविक विविधताको सचेतीकरण, सुचिकरण, संकलन, सँग्रह, संरक्षण र प्रवर्द्धन कार्यक्रम

**च) अपेक्षित उपलब्धिहरु**

गाँउपालिकाको दीर्घकालीन सोँच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२९: जैविक विविधता संरक्षण क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | *प्रमुख नतिजा* **(Key Results)** | एकाई | आधार वर्ष २०७७।७८ अनुमानित | आ.व. २०८२।८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेबार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | विउ बैक स्थापना | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |
| | स्थानिय जातका अन्नबाली, दलहन, तेलहन, फलफुल बालीका जातहरुको सूचिकरण, | वडा | ० | सबै वडा | गा.पा | गा.पा | लगानिमा कमी |
| | गा. पा. स्तरीय जलवायु परिवर्तन अनुकुलन योजना | संख्या | ० | १ | गा.पा | गा.पा | लगानिमा कमी |

### ४.४.४.भू तथा जलाधार संरक्षण

**क. सोच**

- जलको लागि जलाधार क्षेत्रहरुको वैज्ञानिक व्यवस्थापन गरी सुख्खा क्षेत्र व्यवस्थापन तथा भूसंरक्षण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- भूबनोटको आधारमा मुख्य जलाधार तथा उपजलाधार क्षेत्र विभाजन गरी गा. पा. को भूसंरक्षण कार्य व्यवस्थापन गर्ने ।

**ग. उद्देश्य**

- जलाधार संरक्षणको माध्यमबाट जल, वन तथा कृषिक्षेत्रको विकास गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- वातावरण मैत्री खेती प्रणाली विकास गर्ने ।
- थोपा सिंचाइ, वर्षात तथा भल पानी व्यवस्थापन गर्ने ।
- पोखरीहरुमा पानी पुनरभरण ड्याम निर्माण गरी आयआर्जन योजनामा उपयोग गर्ने ।
- जलाधार क्षेत्रको आसपासका बासिन्दालाई सँगठित गरी जलाधार संरक्षणमा परिचालन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- जलाधार संरक्षणको माध्यमबाट जल, वन तथा कृषिक्षेत्रको विकास
- पहिरो जोखीम क्षेत्रहरु पहिचान गरी तटबन्ध तथा बायो इन्जीनियरङ्ग, विपद् जोखिम नक्शांकन (Hazard Zoning), समुदायमा आधारित पुर्व सुचना प्रणालीको विकास र व्यवस्थापन भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- जलको लागि जलाधार व्यवस्थापन,
- जलवायु अनुकुलीत गाँउ (Climate smart village)
- दिगो भू व्यवस्थापन कार्यक्रम

### ४.४.५ जलवायु अनुकुलन

**क. सोच**

- जलवायु अनुकुलीत गाँउ (Climate smart village) निर्माण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने विकास पद्धतिहरु स्थापित गर्ने ।

ग. उद्देश्य

- मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउने ।

घ. रणनीति तथा कार्यनीति

- अनुसुचि २ मा उल्लेख भए बमोजिम सूख्खा क्षेत्र व्यवस्थापन गर्न संरक्षण पोखरी, पानी मुहान क्षेत्र संरक्षण, चेक ड्याम निमार्ण तथा खोला खहरेहरुमा हरित पेटीका निर्माणका कार्यहरु प्राथमिकताका साथ सञ्चालन गर्ने
- सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रर्वद्धन (फापर, अदुवा, बेसार) गर्ने ।
- बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, तरुल, फलफुल) गर्ने ।
- थोपा सिंचाइ, जुठेलो सिंचाई आदि प्रवर्द्धन गर्ने ।

ङ. प्रमुख परिमाणत्मक नतीजा

- प्राकृतिक स्रोत संरक्षण सम्बन्धी सबै सरोकारवालाहरुको योजनामा जलवायु अनुकुलन तथा प्रकोप न्युनीकरण योजना समावेश भएको हुनेछ ।
- सिमसार क्षेत्रको दर्ता तथा सुचिकरण भएको हुनेछ ।
- जलचर, लोपोन्मुख वनस्पती तथा जीवजन्तुको सुचिकरण र संरक्षण हुनेछ ।

च. प्रमुख कार्यक्रमहरु

- जलवायु अनुकुलन कार्यक्रम
- राष्ट्रिय, स्थानिय अनुकुलन योजना अनुरुप समुदाय स्तरिय अनुकुलन योजना-कापा) बनाई लागु गर्ने ।

४.४.६ प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन

क. सोच

- सबैखाले जोखिम तथा विपदहरु पहिचान र व्यवस्थापन गरी जन, धन तथा सम्पदाको संरक्षण गर्ने ।

ख. प्रमुख लक्ष्य

- जोखिमका कारक, सम्भावित स्थानहरु र नियन्त्रण विधि पहिचान भइ लागु हुनेछ ।

ग. उद्देश्य

- नागरिकहरुलाई सबैखाले जोखिम तथा विपदबाट जोगाइ सुरक्षित जीवनयापनको पहुँच बढाउने ।

### घ. रणनीति तथा कार्यनीति

- सडक निर्माण,विस्तार गर्दा वस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागु गर्ने ।
- जोखिम संवेदनशिल भू-उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयार गरी कार्यान्वयनमा ल्याउने ।
- पहिरो नजिकका वस्तीहरुमा विशेष सतर्कताका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- समुदायमा आधारित विपद जोखिम न्युनिकरण समुदाय गठन, कार्ययोजना निर्माण र परिचालन, विपद् व्यवस्थापन ऐन २०७४ को अनुशरण गर्ने ।
- प्रभावित क्षेत्रहरुको पहिचान, सरोकारवालाहरु बीच जानकारी तथा स्थानिय विपद् व्यवस्थापन संयन्त्र निर्माण र परिचालन गर्ने ।
- अन्तर गा. पा. को सहकार्यमा बारुण यन्त्र सञ्चालन गर्ने ।

### ङ. प्रमुख परिमाणात्मक नतीजा

- जोखिम संवेदनशिल भू-उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयार गरी कार्यान्वयनमा ल्याउने ।
- संवेदनशिल क्षेत्रमा सुरक्षा संरचना निर्माण, सुरक्षित स्थलको पहिचान तथा नक्सांकन हुनेछ ।
- जल तथा मौसम फिल्ड केन्द्र स्थापना र सञ्चालन हुनेछ ।
- विपद् व्यवस्थापन ऐन २०७४ को अनुशरण भएको हुनेछ ।

### च. प्रमुख कार्यक्रमहरु

- जोखिम न्युनीकरण तथा पूर्वतयारी कार्यक्रम
- उद्धार तथा पुर्नस्थापना कार्यक्रम
- एम्वुलेन्स तथा वारुणयन्त्र सेवा
- पूर्वाधार कार्यक्रम

## ४.५ न्याय, सुशासन तथा संस्थागत विकास

### ४.५.१ कार्यालय, जनशक्ति तथा सेवा व्यवस्थापन

### क. सोच

- सुविधायुक्त कार्यालय र सक्षम जनशक्तिमार्फत गाँउ प्रशासनलाई जनमैत्री र प्रतिस्पर्धी बनाउने ।

### ख. प्रमुख लक्ष्य

- गा. पा. प्रशासन सञ्चालनका लागि दरबन्दीअनुसारको पूर्ण जनशक्ति व्यवस्थापन गर्ने ।
- सेवा कार्यालयहरु एकीकृत भवनबाट प्रदान गर्ने गरी व्यवस्थापन गर्ने ।

### ग. उद्देश्य

- पूर्ण र सक्षम जनशक्तिको माध्यमबाट जनताका सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्ने ।
- नागरिकहरुको सोच, गुनासो, सुझाव तथा वडा कार्यालयका सूचनाहरु प्रशासनलाई सहज प्राप्त हुने व्यवस्था मिलाउने ।

### घ. रणनीति तथा कार्यनीति

- वडा कार्यालयहरुको भवन निर्माण गर्दा एकीकृत सेवा प्रवाह गर्ने गरी निर्माण गर्ने ।
- गा. पा. को कार्यविभाजन नियमावलीको पुर्ण रुपमा परिपालना,अनुगमण तथा मुल्याङ्कन गर्ने ।
- कर्मचारी प्रशासनलाई पर्याप्त, सक्षम र प्रभावकारी बनाउन सांगठनिक संरचना अनुसारको कर्मचारी आपूर्ति गर्न विशेष योजना बनाइ लागु गर्ने ।
- कर्मचारीहरुको क्षमता विकास तथा वृत्ति विकासमा विशेष योजनाहरु लागु गर्ने ।
- जनप्रतिनिधिलाई विषयगत कार्य विभाजन गरी जिम्मेवारी तोक्ने र सो को क्षमता विकासका लागि तालिम प्रशिक्षण भ्रमण लगायतका अवसरहरु प्रदान गर्ने ।
- गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने ।
- निश्चित विधि विकास गरी सार्वजनिक सेवाको सन्तुष्टी मापन गर्ने ।

### ङ. प्रमुख नतीजा

- गा.पा. को विषयगत समिति तथा शाखाहरु प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ ।
- आगामी २ वर्षभित्र पालिका तथा सबै वडा कार्यालयहरुको सुविधायुक्त भवन व्यवस्थापन भइसक्नेछ ।

### च. प्रमुख कार्यक्रमहरु

- कर्मचारी व्यवस्थापन
- सेवा व्यवस्थापन
- कार्यालय व्यवस्थापन
- क्षमता विकास कार्यक्रम
- तहगत सम्बन्ध तथा समन्वय

## ४.५.२ सूचना प्रविधि तथा प्रशासकीय सुशासन

### क. सोच

- आधुनिक सूचना प्रविधिसहितको प्रशासकीय सुशासन विकास गर्ने ।

ख. प्रमुख लक्ष्य

- सुशासनका सूचकहरुमा आधारित प्रशासकीय सुशासन प्रणाली विकास गर्ने ।

ग. उद्देश्य

- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

घ. रणनीति तथा कार्यनीति

- प्राविधिकहरुले गर्ने लगत ईस्टिमेटहरुमा सूचना प्रविधिको प्रयोग गर्ने ।
- गा.पा. को प्रोफाइललाई वार्षिक रुपमा अद्यावधिक गर्ने ।
- कम्तीमा वार्षिक रुपमा सेवाको गुणस्तर मापन गर्ने ।
- क्षमता विकास तथा अभिमुखिकरण तालिम दिने ।
- समिति तथा शाखाहरुलाई सक्षम र प्रतिस्पर्धी बनाउने ।

ङ. प्रमुख नतीजा

- डिजिटल प्रशासनिक सेवा सञ्चालन हुनेछ ।
- गा.पा.को वेबसाइट समय समयमा अद्यावधिक भएको हुनेछ ।
- गा. पा. प्रोफाइल वार्षिक अद्यावधिक हुनेछ ।
- नियमित तथा चौमासिक सूचना प्रवाहको संयन्त्र क्रियाशील हुनेछ ।

च. प्रमुख कार्यक्रमहरु

- सुचना तथा प्रविधि विस्तार
- प्रशासनिक व्यवस्थापन

४.५.३.राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन

क. सोच

- आन्तरिक आयमार्फत आर्थिक आत्मनिर्भरता वृद्धि गर्ने ।
- वित्तीय व्यवस्थापनलाई नियमसँगत, पारदर्शी, प्रभावकारी र सन्तुलित बनाउने ।

ख. प्रमुख लक्ष्य

- आन्तरिक राजस्वको स्रोत रणनीतिक योजनाको अन्तिम वर्षसम्म कम्तीमा २५ प्रतिशत पुऱ्याउने ।

ग. उद्देश्य

- गा. पा. को आन्तरिक स्रोत वृद्धि गरी आर्थिक आत्मर्निरता बढाउने ।

- वित्तीय जोखिमहरु घटाइ प्रभावकारी सेवा प्रदान गर्ने ।

## घ. रणनीति तथा कार्यनीति

- स्थानीय राजस्व वृद्धिका लागि एकीकृत कर प्रणालीलाई प्रवर्द्धन गर्ने ।
- करको दायरा विस्तार गर्ने ।
- दीर्घकालीन आयस्रोत हुने नँया सम्भावनाहरुमा लगानी गर्ने ।
- प्रभावकारी वित्तीय व्यवस्थान नीति तथा प्रक्षेपण योजना बनाई कार्यान्वयन गर्ने ।

## ङ. प्रमुख नतीजा

- विस्तृत राजस्व योजना तयार भइ कार्यान्वयन हुनेछ ।
- वित्तीय व्यवस्थापन योजना तयार भइ कार्यान्वयन हुनेछ ।

## च. प्रमुख कार्यक्रमहरु

- राजस्व परिचालन कार्यक्रम
- वित्तीय व्यवस्थापन कार्यक्रम

## ४.५.४ पारदर्शिता र जवाफदेहिता

## क. सोच

- पारदर्शी, जवाफदेही र जनविश्वासी गाँउपालिका विकास गर्ने ।

## ख. प्रमुख लक्ष्य

- वार्षिक लेखाजोखामा गाँउपालिकाले पारदर्शिता र जवाफदेहिताका सूचकहरुको उत्कृष्ट स्तर हासिल गरेको हुनेछ ।

## ग. उद्देश्य

- उत्कृष्ट सेवामार्फत गाँउपालिकालाई सक्षम र जनउत्तरदायी बनाउने ।

## घ. रणनीति तथा कार्यनीति

| ४१.१५ गोबरडिहा काष्ठ तथा फर्निचर उद्योग | वटा | ० | १ | २००० | ० | २००० | ० | २००० | | | |
| ४१.१६ वन जन्य उद्यम अन्तर्गत दुना टपरी उत्पादन | वटा | १ | ३ | ५० | ५० | १५० | ५० | १५० | | | गा.पा. |
| ४१.१७ फर्निचर उद्योगहरु | वटा | ३ | १० | २००० | ६००० | २०००० | ६००० | २०००० | | | गा.पा. |
| **जम्मा** | | | | | ८४९० | ३७४५० | ८४९० | ३७४५० | ० | ० | |
| **प्रतिफल ४.२: जलाधार तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा बृद्धि भएको हुनेछ ।** | | | | | | | | | | | |
| ४.२.१ लगत संकलन (सार्वजनिक पोखरीको पहिचान र नक्शाकंन) | एकमुस्ट | ० | १ | १०० | ० | १०० | ० | १०० | | | गा.पा. |
| ४.२.२ सिमसार क्षेत्र तथा सार्वजनिक पोखरीको व्यवस्थापन मर्मत सम्भार | एकमुस्ट | ० | ५ | १००० | ० | ५००० | ० | ५००० | | | गा.पा. |
| ४.२.३ माछा पालनको लागि अनदान/प्रोत्साहन | स्थान | २ | १५ | ८० | १६० | १२०० | १६० | १२०० | | | गा.पा. |
| ४.२.४ पानीको मुहान संरक्षण | स्थान | १ | ५ | ८० | ८० | ४०० | ८० | ४०० | | | गा.पा. र वडा |
| ४.२.५ वर्षातको पानी संकलन गरी सिँचाई गर्ने स्थानको छनोट | वटा | १ | ६ | ३०० | ३०० | १८०० | ३०० | १८०० | | | ककहवा, गोबरडिहा, खबरी, महदेवा, कुलपानी |
| **जम्मा** | | | | | ५४० | ८५०० | ५४० | ८५०० | ० | ० | |
| *प्रतिफल ४.३: गाउँको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिबृद्धि भएको हुनेछ ।* | | | | | | | | | | | |
| २.३.१ पूर्ण सरसफाई कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | २५०० | ५०० | २५०० | | | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.३.२ फोहर मैला संकलन | स्थान | १ | ७ | १०० | १०० | ७०० | १०० | ७०० | | | गा.पा. |
| २.३.३ दैनिकरुपमा घरबाट फोहर वर्गीकरण र व्यवस्थापन | एकमुस्ट | ०.२ | १ | २५०० | ५०० | २५०० | ५०० | २५०० | | | गा.पा. |
| २.३.४ करेसावारी र घरवगैचा कार्यक्रम तथा आवश्यक तालिम | एकमुस्ट | ०.२ | १ | २०० | ४० | २०० | ४० | २०० | | | गा.पा. |
| २.३.५ प्लाष्टिक रहित गाउँ अभियान कार्यक्रम | एकमुस्ट | ०.२ | १ | २०० | ४० | २०० | ४० | २०० | | | गा.पा. |
| २.३.६ डस्टबिन व्यवस्थापन (सार्वजनिक स्थान) | ओटा | २० | ८० | २ | ४० | १६० | ४० | १६० | | | सबै वडामा |
| २.३.७ इको क्लब र सेन्स नेपाल लाई वातावरण संरक्षणको क्षेत्रमा सक्रिय बनाउने | एकमुस्ट | ०.१ | १ | २०० | २० | २०० | २० | २०० | | | सबै वडामा |
| **जम्मा** | | | | | १२४० | ६४६० | १२४० | ६४६० | ० | ० | |
| *प्रतिफल ४.४: विपद् जोखिम तथा क्षती न्यूनीकरण भएको हुनेछ ।* | | | | | | | | | | | |
| ४.४.१ सुपैला खोलामा तटवन्ध (वडा नं. ३) | पटक | ० | १ | ५००० | ० | ५००० | ० | ५००० | | | वडा नं. ३ |
| ४.४.२ बारुण यन्त्र व्यवस्थापन संचालन | वटा | ० | १ | ८००० | ० | ८००० | ० | ८००० | | | गा.पा. |
| ४.४.३ विपद व्यवस्थापन सम्बन्धी उपकरण खरीद | एकमुस्ट | ० | १ | २००० | ० | २००० | ० | २००० | | | गा.पा. |
| ४.४.४ विपद जोखिमबाट बच्ने पूर्व तयारी सम्बन्धी तालिम | पटक | ० | ७ | ५० | ० | ३५० | ० | ३५० | | | सबै वडा |
| ४.४.५ फायर ग्यास (प्रत्येक वडा ,विधालय,स्वास्थ्य संस्था,) | संख्या | १० | ५० | २० | २०० | १००० | २०० | १००० | | | गा.पा. |
| ४.४.६ भु उपयोग नीति निर्माण गर्ने | वटा | ० | १ | ४०० | ० | ४०० | ० | ४०० | | | गा.पा. |
| ४.४.७ अस्पतालमा सर्पदंश उपचारको व्यवस्था मिलाउने | एकमुस्ट | ० | १ | १००० | ० | १००० | ० | १००० | | | गा.पा. |
| ४.४.८ बाँध निर्माण, तटबन्ध | कि.मि | १२ | १०३ | १०००० | १२०००० | १E+०६ | ३६००० | ३०९००० | ८४००० | ७२१००० | वृस्तित फिल्ड अध्ययन |
| ४.४.९ गा.पा. तथा वडा स्तरिय विपद व्यवस्थापन समितिको गठन गरी परिचालन गर्ने | वटा | १ | ८ | १०० | १०० | ८०० | १०० | ८०० | | | गा.पा. |
| ४.४.१० शितलहर प्रभावित घरधुरीहरूलाई न्यानो कपडा र ब्लाङकेट सहयोग | घरधरी | १०० | ५०० | १० | १००० | ५००० | १००० | ५००० | | | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.४.११ विपद व्यवस्थापन कोषको निरन्तरता, संचालन कार्यविधि तयारी | पटक | ० | १ | १०० | ० | १०० | ० | १०० | | | गा.पा. |
| ४.४.१२ सामुदायिक वन समुहलाई डढेलो नियन्त्रण सामाग्री वितरण | वटा | ५ | ३० | ५० | २५० | १५०० | २५० | १५०० | | | गा.पा. |
| ४.४.१३ नदी तथा खोला क्षेत्रमा तटिय वन वृक्षारोपण तथा तारबार | वटा | १ | ५ | २०० | २०० | १००० | २०० | १००० | | | गा.पा. |
| ४.४.१४ चोरी शिकारी नियन्त्रणका लागि कार्यक्रम सञ्चालन | पटक | १ | ५ | ५० | ५० | २५० | ५० | २५० | | | गा.पा. |
| ४.४.१५ समुदायमा रहेका अति विपन्नलाई घरधुरी घुम्ती कोष प्रदान गरी परिचालन | एकमुस्ट | ०.२ | १ | ५०० | १०० | ५०० | १०० | ५०० | | | गा.पा. |
| ४.४.१६ समुदायमा आधारित जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सम्बन्धी बनेका (CAPPA) लाई पनरावलोकन | एकमुस्ट | ०.२ | १ | १०० | २० | १०० | २० | १०० | | | गा.पा. |
| **जम्मा** | | | | | १२१९२० | १०५७००० | ३७९२० | ३३६००० | ८४००० | ७२१००० | |
| **वन, वातावरण तथा विपद व्यवस्थापनको जम्मा** | | | | | १३२१९० | ११०९४१० | ४८१९० | ३८८४१० | ८४००० | ७२१००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | ईकाई | आधार वर्ष ०७८/०७९ | कूल लक्ष्य ( २०८२/८३) | (रु. हजार) ईकाई दर | आधार वर्ष २०७८/०७९ बजेट | जम्मा बजेट | स्थानीय तह वजेट (नेपाल सरकार तथा प्रदेश अनुदान समेत) | | थप व्यवस्थापन गर्नुपर्ने बजेट | | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. सुशासन तथा क्षमता विकास | | | | | | | आधार वर्ष | कुल बजेट | आधार वर्ष | कुल थप बजेट | |
| प्रतिफल ५.१ (संस्थागत तथा मानव संसाधन क्षमता) | | | | | | | | | | | |
| ५.१.१ कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम | पटक | १ | ८ | १२० | १२० | ९६० | १२० | ९६० | | | गा.पा. र वडा |
| ५.१.२ कार्यालयहरुलाई आधुनिक प्रविधियुक्त बनाउने | पटक | १ | ५ | २०० | २०० | १००० | २०० | १००० | | | गा.पा. र सबै वडा |
| ५.१.३ कर्मचारीहरुलाई प्रविधिमैत्री तालिम संचालन गर्ने | पटक | १ | ५ | १०० | १०० | ५०० | १०० | ५०० | | | गा.पा र सबै वडा |
| ५.१.४ जनप्रतिनिधिहरू लाई क्षमता विकास कार्यक्रम (स्थानीय सरकार सञ्चालन, शुसासन, सूचना प्रविधि) | संख्या | २ | १० | १०० | २०० | १००० | २०० | १००० | | | सबै जनप्रतिनिधिहरू |
| ५.१.५ अवलोकन भ्रमण | पटक | १ | ५ | २०० | २०० | १००० | २०० | १००० | | | वडा, गा.पा. |
| ५.१.६ उत्कृष्ट कर्मचारी प्रोत्साहन | पटक | १ | ५ | २०० | २०० | १००० | २०० | १००० | | | वडा, गा.पा. |
| ५.१.७ घुम्ती सेवा सञ्चालन | एकमुस्ट | ०.२ | १ | ५०० | १०० | ५०० | १०० | ५०० | | | वडा, गा.पा. |
| ५.१.८ सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन | एकमुस्ट | ०.२ | १ | २०० | ४० | २०० | ४० | २०० | | | वडा, गा.पा. |
| ५.१.९ सोधपुछ र हेल्पडेस्क स्थापना | एकमुस्ट | ०.२ | १ | १५० | ३० | १५० | ३० | १५० | | | वडा, गा.पा. |
| ५.१.१० राय परामर्शको कार्य फछ्यौंट | एकमुस्ट | ०.२ | १ | १५० | ३० | १५० | ३० | १५० | | | वडा, गा.पा. |
| ५.१.११ नागरिक बडापत्र, सूचनापाटी, वेबसाइटको उपयोग | एकमुस्ट | ०.२ | १ | ३०० | ६० | ३०० | ६० | ३०० | | | वडा, गा.पा. |
| ५.१.१२ आन्तरिक नियन्त्रण प्रणालीको विकास | एकमुस्ट | ०.२ | १ | २०० | ४० | २०० | ४० | २०० | | | वडा, गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१.१३ सुझाव पेटिकाको व्यवस्थापन | एकमुस्ट | ०.२ | १ | ३० | ६ | ३० | ६ | ३० | | | वडा, गा.पा. |
| **प्रतिफल ५.१ जम्मा** | | | | | १३२६ | ६९९० | १३२६ | ६९९० | ० | ० | |
| **प्रतिफल ५.२ (गाउँपालिकाको आम्दानी तथा खर्च व्यवस्थापन):** | | | | | | | | | | | |
| ५.१.१४ आन्तरिक आय संकलन तथा प्रक्षेपण | संख्या | ०.२ | १ | ५० | १० | ५० | १० | ५० | | | गा.पा.मा शाखाद्वारा |
| ५.१.१५ समयमा पेश्की फछ्र्यौट र बेरुजु न्यूनिकरण | प्रतिशत | ०.२ | १ | ५० | १० | ५० | १० | ५० | | | वडा कार्यालय, गा.पा. |
| ५.१.१६ निजि क्षेत्र र विकास साझेदारसँग समन्वय तथा परामर्श कार्यक्रम | संख्या | १ | ५ | ३० | ३० | १५० | ३० | १५० | | | गा.पा. र वडा कार्यालय |
| ५.१.१७ राजश्व शाखा सुदृढीकरण कार्यक्रम | संख्या | १ | ५ | ३० | ३० | १५० | ३० | १५० | | | गा.पा. र वडा कार्यालय |
| ५.१.१८ करदाता शिक्षा तथा सचेतना कार्यक्रम वडा स्तरिय समेत | संख्या | १ | ५ | ३० | ३० | १५० | ३० | १५० | | | सबै वडामा |
| ५.१.१९ करदाता प्रोत्साहन कार्यक्रम | पटक | १ | ५ | ३० | ३० | १५० | ३० | १५० | | | गाउँपालिका |
| **प्रतिफल ५.२ वितिय श्रोत जम्मा** | | | | | १४० | ७०० | १४० | ७०० | ० | ० | |
| **प्रतिफल ५.३ (योजना तर्जुमा तथा अनुगमन ) :** | | | | | | | | | | | |
| ५.३.१ कर्मचारी तथा जनप्रतिनिधिहरूलाई वार्षिक योजना तथा योजना तर्जुमा सम्बन्धि क्षमता विकास कार्यक्रम | पटक | १ | ५ | १०० | १०० | ५०० | १०० | ५०० | | | गा.पा. तथा वडा कर्मचारी तथा जनप्रतिनिधि |
| ५.३.२ जनप्रतिनिधि तथा कर्मचारीहरूको लागी प्रभावकारी योजना कार्यान्वयन,अनुगमनन तथा मुल्यांकनकोलागि क्षमता विकास तालिम | पटक | १ | ५ | ५० | ५० | २५० | ५० | २५० | | | गा.पा. तथा वडा कर्मचारी तथा जनप्रतिनिधि |
| ५.३.३ नियमित अनुगमन तथा मूल्यांकन कार्यक्रम | संख्या | १ | ५ | ५० | ५० | २५० | ५० | २५० | | | योजना स्थलहरूमा |
| ५.३.४ विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा | वटा | १ | ५ | २० | २० | १०० | २० | १०० | | | गा.पा. |
| ५.३.५ बार्षिक योजना तथा बजेट तर्जुमा | पटक | १ | ५ | २० | २० | १०० | २० | १०० | | | वडा तथा गाउँपालिकाबाट सबै योजना तथा कार्यक्रमहरू |
| ५.३.६ नतिजामूलक तथा आवधिक योजना अध्यावधिक | पटक | ० | १ | ३० | ० | ३० | ० | ३० | | | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.३.७ गाउँपालिकाको बस्तुगत विवरण अध्यावधिक कार्यक्रम | पटक | ० | १ | १०० | ० | १०० | ० | १०० | | | गा.पा. |
| ५.३.८ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | १ | ५ | ५० | ५० | २५० | ५० | २५० | | | गा.पा. |
| ५.३.९ उत्कृष्ट उपभोक्ता समिति प्रोत्साहन | वटा | १ | ७ | २० | २० | १४० | २० | १४० | | | गा.पा. |
| **प्रतिफल ५.३ जम्मा** | | | | | ३१० | १७२० | ३१० | १७२० | ० | ० | |
| **प्रतिफल ५.४ (ऐन, नियम तथा कार्यविधि, जवाफदेहिता, पारदर्शिता):** | | | | | | | | | | | |
| ५.३.१० नागरिक वडा पत्र अध्यावधिक तथा व्यवस्थापन कार्यक्रम | पटक | १ | ८ | १० | १० | ८० | १० | ८० | | | गा.पा. तथा सबै वडा |
| ५.३.११ ऐन नियम तथा कार्यविधि निर्माण | संख्या | १ | ४ | २० | २० | ८० | २० | ८० | | | गा.पा. |
| ५.३.१२ सेवाग्राही संतुष्टी मापन कार्यविधि निर्माण तथा कार्यान्वयन | पटक | १ | ५ | २० | २० | १०० | २० | १०० | | | गाउँपालिका केन्द्र र वडा |
| ५.३.१३ सुशासन तथा जवाफदेहिता सम्बन्धि कार्यविधि निर्माण तथा कार्यान्वयन (सार्वजनिक सुनुवाई, सूचना पेटिका, गुनासो सुन्ने) | पटक | १ | ५ | २० | २० | १०० | २० | १०० | | | गाउँपालिका केन्द्र र वडा |
| ५.३.१४ सेवाग्राही प्रतिक्षालय व्यवस्थापन | संख्या | १ | ८ | ४० | ४० | ३२० | ४० | ३२० | | | गाउँपालिका केन्द्र र वडा |
| ५.३.१५ गाउँटोलमा सुशासन सम्बन्धी जनचेतनामुलक कार्यक्रम | पटक | १ | ८ | २० | २० | १६० | २० | १६० | | | गाउँपालिका केन्द्र र वडा |
| ५.३.१६ गाउँटोलमा शान्ती, सुरक्षा प्रयोजनार्थ नेपाल प्रहरी कार्यक्रम | पटक | १ | ८ | २० | २० | १६० | २० | १६० | | | गाउँपालिका केन्द्र र वडा |
| **प्रतिफल ५.४ जम्मा** | | | | | १५० | १००० | १५० | १००० | ० | ० | |
| ***सुशासन तथा संस्थागत विकास जम्मा*** | | | | | १९२६ | १०४१० | १९२६ | १०४१० | ० | ० | |
| | | | | | | | | | | | |
| **सम्पूर्ण क्षेत्रको जम्मा** | | | | | १०२२५०७ | ६६६६१९५ | ६१८२६७ | ३७१६९९५ | ४०४२४० | २९४९२०० | |

### ५.७ वित्तीय व्यवस्थापन तथा बजेट परिचालन

वित्तीय व्यवस्थापन तथा बजेट परिचालनलाई प्रभावकारी बनाउन गा.पा. ले निम्न प्रक्रियाहरु अपनाउने छः

क. ऐन, नियम तथा कार्यविधिहरुको परिपालन निम्न ऐन नियम तथा कार्यविधिहरुको आधारमा वित्तीय प्रणालीलाई व्यवस्थापन गर्नेछ :

- नेपालको संविधान २०७२,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- गाँउपालिका विकाश योजना २०७७/७८,
- गाँउपालिकाको वार्षिक नीति तथा बजेट
- वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- सार्वजनिक खरीद ऐन २०६३
- गढवा गाँउपालिकाको सार्वजनिक खरीद नियमावली २०७५

**ख. लेखा व्यवस्थापन तथा बजेट अनुगमन**

कानुनले तोके बमोजिम र रणनीतिक योजनाले परिकल्पना गरे बमोजिमको वित्तीय व्यवस्थापनका लागि गा. पा. ले आवश्यक कर्मचारी व्यवस्थापन वित्तीय व्यवस्थापन नीति तथा संयन्त्र र विद्युतीय प्रविधिलगायतका प्रणालीहरु व्यवस्थापन गर्नेछ ।

**ग. पारदर्शिता र जवाफदेहिता**

आर्थिक पारदर्शिता र जवाफदेहिताका लागि गा. पा. का योजना, प्रगति तथा अनुगमन प्रतिवेदनहरु वेभसाइटमा राख्ने, जनगुनासाहरु लिन र जवाफ दिन सकिने किसिमका एप्लिकेसनको पहुँच विस्तार गर्ने, वार्षिक प्रकाशन गर्ने, मिडिया अनुगमन गराउने तथा आमञ्चार संवाद कार्यक्रमहरु राख्ने योजनाहरु लागु कार्यान्वयन गर्नेछ ।

# अध्याय ६: लैंगिक समानता तथा सामाजिक समावेशीकरण

## ६.१ गढवा गाँउपालिकामा लै.स.सा.स को अवस्था

नेपालमा सामाजिक वञ्चितीकरणको कारण वर्षौदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेदबाट विकासमा अवरोध पुगिरहेको छ । गढवा गाँउपालिकाको सन्दर्भमा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूमा मुख्यतः महिला, दलित, आदिवासी जनजाति, सोह्र वर्ष मुनिका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनताहरु हुन । संविधानले दिएको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने र धारा ३८ (५) बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने विषयहरु योजनाको निर्माणको खाकामा राखी छलफल गराईएको थियो । नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता ( महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोविकासका लक्ष्यका सुचकहरुलाइ योजना निर्माणको आधारको रुपमा लिइएको भने वडा तथा वस्तीबाट आएका योजनाहरुलाई रणनीतिक योजनाको भाग ४ बजेट तथा कार्यक्रम खण्डमा बृस्तृत रुपमा राखिएको छ ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार यस गाँउपालिकामा रैथाने थारु, शुक्ला, यादब, लोध, कुर्मी, बरै, कलावर, हरिजन, गुप्ता, मुसलमान लगाएत जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृतिका ५,५९३ घर छन् जसमा महिला १९,९३२ र पुरुष १८,३०३ गरी जम्मा ४१,००६ जनसंख्या रहेकोछ यस्तै यहाँको लिगंको अनुपात १०४.६ र गरिवि ३१.५५% रहेको छ । शूरुका कक्षाहरुमा राम्रो नतिजा आए पनि उच्च शिक्षामा पुरुषको तुलनामा महिलाहरुको पहुँच निकै न्युन देखिन्छ ।यो अवस्थालाई मध्यनजर गरी गाँउपालिकाको रणनीतिक योजनाले तिनका आवश्यक्तालाई सम्बोधन र अधिकारलाई सुनिश्चित गर्न सबै विषयगत क्षेत्रमा सहभागिताको लागि समान अवसरको सिर्जना गर्ने रणनीति तथा कार्यक्रम समावेश गरेको छ ।

## ६.२ प्रमुख कार्यक्रमहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले गाँउ तथा नगरपालिकाहरुको काम, कर्त्तव्य, अधिकार र परिच्छेद ६ को योजना तर्जुमा तथा कार्यान्वयनले लैंगिक समता तथा सामाजिक समावेशीकरणमुखी जिम्मेवारी र योजना प्रक्रियाबारे स्पष्ट व्यवस्था गरेको छ । योजना तर्जुमा गर्दा स्थानीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरू र स्थानीय निकायको नेतृत्वमा आयोजना हुने सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा सहभागी हुने विकास साझेदारहरूको बजेट तर्जुमा कार्यलाई थप लैङ्गिक उत्तरदायी बनाउने उद्देश्यका साथ लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२ कार्यान्वयनमा आएको छ । रणनीतिले निश्चित अवधिका लागि आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढंगले, योजनाबद्धरूपमा, लैङ्गिक विश्लेषणसहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुनेगरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सुनिश्चित गरेको छ । वडा तथा वस्तीबाट आएका बृस्तृत बजेट तथा कार्यकमहरु शारंश निम्न बमोजिम रहेको छ :

**बालबालिकाः**

- बालमैत्री स्थानीय शासनका न्युनतम सुचक र मापदण्ड पुरा गर्न आवश्यक सम्पूर्ण कार्यक्रम संचालन

**लक्षित वर्ग कार्यक्रमः**

- समूह/सञ्जाल गठन / पुर्नगठन, महिला उद्यम दर्ता, वडा स्तरीय महिला सञ्जाल गठन र दिर्घकालीन योजना निर्माण, वस्ती स्तरीय महिला सञ्जाल सञ्चालन तथा व्यवस्थापन, समग्र महिला विकास सोच तयारीका लागि वडा स्तरीय महिला सम्मेलन आयोजना,
- वडा स्तरीय सूचना तथा सञ्चार केन्द्र स्थापना र सञ्चालन, वडा स्तरीय वार्षिक जेण्डर अडिट
- संयुक्त लालपुर्जाको वितरणमा वृद्धि,
- सामाजिक नेतृत्व विकास तालिम, लोकसेवा तालिम
- महिला स्वरोजगार सिर्जना कार्यक्रम, महिला रोजगारमा प्रोत्साहन ,
- एकल महिला संजाल गठन, एकल महिला आयआर्जन कार्यक्रम,
- महिला अभियानकर्मी नेतृत्व विकास तथा सामाजिक परिचालन कार्यशाला,
- वडा स्तरीय महिला स्वास्थ्य शिविर आयोजना,
- किशोरी सवाल सचेतीकरणका लागि किशोरी सञ्जाल परिचालन,
- जोखिममा परेका असक्त, बेवारिसे महिलाहरुलाई संरक्षणका लागि वडा स्तरीय सेफ हाउस
- आकस्मिक कोष परिचालन
- मनोपरामर्श केन्द्र सञ्चालन

**अपाङ्ग मैत्री कार्यक्रमः**

- अपाङ्गहरुको लागि आयआर्जन र सहयोग कार्यक्रम

**दलित लक्षित कार्यक्रमः**

- परम्परागत पेशामा आधुनिकीकरण, शिक्षामा जागरण गरी विद्यालय पहुँच कार्यक्रम , विद्यालय छाड्ने दरमा न्यूनिकरण, दलित महिला लोक सेवा आयोग कक्षा

**जेष्ठ नागरिकः**

- दिवा संरक्षण तथा सूचना केन्द्र, जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक संरक्षण सचेतीकरण कार्यक्रम

**जनजाती लक्षितः**

- जनजातीहरुको क्षमता अभिवृद्धि कार्यक्रम, पारिवारिक शसक्तिकरण

**द्वन्द्वपिडित लक्षित :**

- द्वन्द्व पिडित सूचिकरण तथा शहीद परिवार सम्मान कार्यक्रम , पारिवारिक शसक्तिकरण

## ६.३ समानता तथा समावेशीकरणका क्षेत्र र कार्यान्वयन रणनीतिहरु

राष्ट्रिय, अन्तरराष्ट्रिय अवधारणा, नीति तथा कानुनहरुको आधारमा गा. पा. ले तय गरेको विकास नीति, आर्थिक ऐन तथा बजेट विनियोजन नियमावलीको आधारमा लैंगिक समता तथा सामाजिक समावेशीकरण सम्बन्धी निम्न कार्यनीतिहरु तय गरेको छः

### क. योजना निर्माणका चरण

- योजना प्रक्रियामा लैङ्गिक संवेदनशीलता तथा समावेशीकरणका सवाललाई अन्तरनिहित साझा सवाल (cross cutting issues) को रुपमा अवलम्बन गरी सोही आधारमा योजना बनाउने ।

- योजना निर्माण प्रकृयामा अन्तर्राष्ट्रिय सन्धि सम्झौता ( महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW)र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोविकासका लक्ष्य कार्यान्वयन कार्यक्रमलाइ समावेश गरिनेछन् ।
- समावेशीकरणलाई निर्णय प्रक्रिया, कार्यान्वयन र परिणामको समग्र तहमा सुनिश्चित गर्ने ।
- सरकारी, गैरसरकारी, सामुदायिक, निजी संस्थाको विकास कार्यक्रममा लै.स.सा.स.अवधारणा समावेश गराउँदै लैजाने र योजना प्रक्रियामा लक्ष्यित वर्गको अर्थपूर्ण सहभागिता बढाउने ।
- योजना,कार्यान्वयन र परिणामको स्थिति यकिन गर्न लै.स.सा.स अभिलेख ढाँचा अपनाउने ।

**ख. कार्यान्वयन चरण**

- सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी संस्थाहरुमा स्थानीय संरचनाको आधारमा सँगठन प्रणालीमा सदस्यता, कर्मचारी, नेतृत्वको रुपमा समावेश र क्षमता विकास गराउने ।
- स्थानीय अवस्थाको आधारमा सार्वजनिक अवसरहरुमा सहुलियत कोटा निर्धारण गर्ने ।
- लक्ष्यित वर्गको संरक्षण, सशक्तिकरणसम्बन्धी ठोस प्रभावकारी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- लै.स.सा.स.सम्बन्धी बजेटलाई दिगो र परिणाममुखी बनाउने ।

**ग. परिणाम चरण**

- लै.स.सा.स.प्रभावकारिता मापनका लागि कम्तीमा वार्षिक रुपमा लै.स.सा.स.परीक्षण गर्ने ।
- लै.स.सा.स.परीक्षण नतीजाको आधारमा ागामी वर्षको योजनामा क्रमशः सुधार गर्दै लैजाने नीति तथा कार्यक्रम तय गर्ने ।

# अध्याय ७ : सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन

### ७.१.सेवा प्रवाह तथा संस्थागत विकास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सेवा प्रवाह र विकासको कार्यलाई व्यवस्थित रुपमा जनताको घरदैलोमा नै स्थानीय सरकारको अनुभुति दिन नयाँ व्यवस्था अनुसार कायम भएका वडा कार्यालयहरुका लागि भौगोलिक क्षेत्र अनुरुपका ७ वटै छुट्टा छुटै वडा कार्यालय भवनहरुको व्यवस्था गरी कार्यसञ्चालन गरिएको छ । नेपाल सरकारले स्वीकृत गरेको स्थानीय तहको अन्तरिम सँगठन संरचना र दरवन्दी तेरिज अनुसार सबै वडा कार्यालयमा निजामति तर्फका स्थायी कर्मचारीहरुलाई सचिवको जिम्मेवारी प्रदान गरि सेवा प्रवाह व्यवस्थित गर्न प्रयासरत छ भने वडा कार्यकालयको स्वीकृत अन्तरिम दरबन्दी अनुसार प्रत्येक वडाका लागि १/१ जना सब ईन्जिनियर करारमा भर्ना गरेको छ । नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा भत्तालाई वैंकिंग पद्धति र घटना दर्तालाई अनलाइन पद्धति मार्फत गर्ने कार्यलाई लागु गरिनेछ । निर्वाचित जनप्रतिनिधिबाट कार्यसम्पादन गर्दा सहज, सरल, व्यवस्थित र एकरुपता कायम हुन सकोस भनी संविधानको भावना, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको कार्यकारी आदेश तथा मन्त्रालयबाट समय समयमा भएका परिपत्रका निर्देशन र नेपाल सरकारको कार्य विस्तृतिकरण प्रतिवेदनलाई मध्यनजर गरी ७ वटै वडा कार्यालयहरुमा कम्प्यूटर, नेट र पावर व्याकअफको व्यवस्था गरी सबै वडा र गाँउपालिकाबीच सूचना प्रविधबाट जोडिने छ । गाँउपालिका तथा वडाबाट प्रदान गरिने सेवा,सेवा प्राप्त गर्ने विधि र जिम्मेवार व्यक्ति सकेत तोकी नागरिक वडा पत्र जारी गरी सेवा प्रवाह गरिएको छ । गाँउपालिकाको नागरिक वडा पत्र गा. पा. वस्तुगत विवरण भाग १ को अनुसूचि २ मा राखिएको छ । त्यसै गरी सेवा प्रवाहलाइ सरलीकृत गर्न र नेपालको संविधान र नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले स्थानिय तहलाइ प्रदन गरेका अधिकारहरुको कार्यान्वयनका लागि गा. पा. ले तपशिल बमोजिमका ऐन,नियमावली, निर्देशिका निर्माण गरी लागु गर्ने छ ।

**ऐनहरु**

- गढवा गाँउपालिकाको आर्थिक ऐन
- गढवा गाँउपालिकाको विनियोजन ऐन
- गढवा गाँउपालिकाको आर्थिक ऐन
- गढवा गाँउपालिकाको विनियोजन ऐन
- गढवा गाँउपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन
- गढवा गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन
- गढवा गाँउपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन
- गढवा गाँउपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन
- गढवा गाँउपालिकाको सहकारी ऐन
- गढवा गाँउपालिकाको शिक्षा ऐन

**नियमावलीहरु**

- गढवा गाँउपालिकाको कार्यसम्पादन नियमावली २०७४
- गढवा गाँउकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४
- गढवा गाँउपालिकाको कार्यविभाजन नियमावली
- गढवा गाँउकार्यपालिकाको प्रहरी नियमावली कार्यविधि

- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन
- गढवा गाँउकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यबिधि
- गढवा गाँउपालिकाका पदाधिकारीहरुको आचारसंहिता

### ७.२ गाँउपालिकाको सँगठन सेवा प्रवाह तथा सदाचारिता

साथै, स्वीकृत सँगठन संरचना बमोजिम कार्यपालिकामा विषयगत कार्यालयहरुबाट हस्तान्तरण भई आउने काम सहितको जनशक्तिलाई मध्यनजर गरी हाल सिमित शाखाहरुबाट कार्य सञ्चालन भै रहेकोमा निम्न बमोजिमको शाखा तथा उपशाखा गठन गरी सञ्चालनमा ल्याइने छ । तत्काल प्रत्येक शाखाको शाखागत कार्यजिम्मेवारी र त्यस शाखामा रहने कर्मचारीहरुको कार्य विवरण (TOR) बनाई गाँउपालिकाबाट स्विकृत गराइ लागु गरिने र सो को नियमीत अनुगमणका साथै मासिक, चौमासिक र वार्षिक रुपमा मूल्यांकन हुने छ । प्राप्त नतिजाका आधारमा कर्मचारीहरुलाई प्रचलित नियम कानुन अनुसार दण्डीत वा पुरस्कृत गरिने छ । सुशासन, सदाचार, मीतव्ययीता, प्रभावकारी सेवा प्रवाहका लागि गाँउपालिका भित्रको कर्मचारीहरुको छुट्टै आचार संहिता बनाइ लागु गर्ने छ ।

### ७.३ सरोकारवाला तथा भूमिका विश्लेषण

यस रणनीतिक योजनामा उल्लेखित लक्ष्य उद्धेश्य हासिल गर्न ग गाँउपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुँदैन न त यो योजना गाँउपालिका एक्लैको हो । यो योजना गाँउपालिका, गाँउपालिकाबासी, कर्मचारी, गाँउपालिकाका शुभेच्छुक ,बुद्धिजिवी, शिक्षा प्रेमी, समाजसेवी, कलाकार, पत्रकार, सामाजिक संघ संस्था, नागरिक समाज, अपाङ्ग लगायत सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको हो । यसर्थ यस योजनालाई सार्थक तुल्याउनमा पनि सम्पुर्ण नागरिक समुदायको उत्तिकै भूमिका हुने भएकोले यस अध्यायमा गाँउपालिका भित्रका विभिन्न विषय क्षेत्रका विकासका सरोकारवालाहरुको पहिचान तथा उनिहरुले निर्वाह गर्न सक्ने सम्भावित भूमीकाको पहिचान गर्ने प्रयास गरिएको छ ता कि भोलिका दिनमा उनिहरुसँग सहकार्य ,समन्वय र सहभागिता जुटाउन सकियोस ।

संघिय संरचना अनुसार गठन भएका तीन तहका सरकारहरुको प्रशासनिक कार्य क्षेत्र विभाजन, क्षेत्राधिकार तथा सांगठानिक संरचनाहरु निर्माण हुने क्रममा नै रहेको छ। यसर्थ यस योजना कार्यान्वयनका लागि कावश्यक पर्ने श्रोत साधन जुटाउन गा. पा. भित्रका सरोकारबालाहरुका साथै प्रदेशस्तरका सम्बन्धित मन्त्रालय,आयोजना तथा संघिय तहका मन्त्रालय,आयोजना ,परियोजनाहरुसँग सम्पर्क, समन्वय सहकार्य गरिने छ । यसमा गाँउपालिका भित्र विगतमा कार्यरत निकायहरुको आधारमा सम्भाव्य साझेदारहरुको संछिप्त सुचि प्रस्तुत गरिएको भएता पनि सम्भाव्य थप सरोकारबालाहरुको खोजी गरी यस सूचिमा थप गरी अद्यावधिक गरीने छ ।यसमा प्रक्षेपित वजेट तथा कार्यक्रमको लागि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा विशेष पहल,समन्वय र सहकार्य गरिने छ ।

#### ७.३.१ कृषि, खाद्य सुरक्षा र सहकारी

कृषि, पशुसेवा, खाद्य सुरक्षा र सहकारी विषयगत क्षेत्रमा यस गाँउपालिकामा कार्यरत सरकारी निकाय, विकास साझेदार, गैसस, नागरिक समाज, नीजि क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्थाहरु तिनले खेल्न सक्ने अपेक्षित भूमिका र भौगोलिक कार्य क्षेत्र तपसिलमा प्रस्तुत गरिएको छ । कृषि ,भूमी तथा सहकारी क्षेत्रको कार्यहरुमा बजार श्रृङ्खला,उन्नत विउ विजन, प्रधानमन्त्री कृषि आधुनिकीकरण, राष्ट्रियस्तरको कृषि सुचना तथा सञ्चार,बजार पवर्द्धनका कार्य संघीय कार्यालयहरुबाट हुने, प्रधानमन्त्री कृषि आधुनिकीकरणको ब्लक तथा पाकेट विकास कार्यक्रमहरु तथा प्रदेशस्तरको फार्म केन्द्रहरु, बीउ आपुर्ती तथा नियमन सम्बन्धी कार्यहरु प्रदेशस्तरिय कार्यालयहरुबाट हुने भएकोले कार्यक्षेत्र अनुसार संघिय तथा प्रादेशिक कार्यालयहरुसँग पनि सहकार्य र समन्वय गरी कार्य गरिने छ ।

तालिका ७.१ : सरोकारवाला तथा भूमिकाको विश्लेषण

| क.स. | नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | कृषि क्षेत्र विकास तथा समन्वय | गाँउपालिका भरी |
| २ | पशु अस्पताल,सेवा केन्द्र | पशु क्षेत्र विकास तथा समन्वय | गाँउपालिका भरी |
| ३ | गाँउपालिका,वडा कार्यालयहरु | श्रोत व्यवस्थापन तथा समन्वय | गाँउपालिका भरी |
| ४ | संचाई डिभिजन | सिंचाई विकास (ठूला/मझौला) | गाँउपालिका भरी |
| ५ | गाँउपालिका प्राविधिक शाखा । पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | साना सिंचाई निर्माण तथा व्यवस्थापन | गाँउपालिका भरी |
| ६ | डिभिजन वन कार्यालय | कृषि तथा पशु विकास सहयोग | गाँउपालिका भरी |
| ७ | भू-तथा जलाधार व्यवस्थापन कार्यालय । गा. पा. को विपद् व्यवस्थापन शाखा | भूमि व्यवस्थापन तथा संरक्षण | गाँउपालिका भरी |
| ८ | जि.स.स.।महिला।वालवालिका तथा समाज कल्याण शाखा | कृषिसँग सम्बन्धित महिला आय आर्जन र सिप विकास | गाँउपालिका भरी |
| ९ | सहकारी शाखा । उद्योग तथा व्याशशाय पवर्द्धन उपशाखा | कृषिभक्षेत्रमा सहकारीता प्रवर्द्धन | गाँउपालिका भरी |
| १० | सिंचाई महासंघ | सिंचाई व्यवस्थापन तथा पैरवी | गाँउपालिका भरी |
| ११ | गै.स.स. (CSS, CHURDEP, RBPW, TSS) लगायत | आय आर्जन र पूर्वाधार विकास, सामाजिक परिचालन,बैदेशिक रोजगारी | गाँउपालिका भरी |
| १२ | पहाडि मकैवाली अनुसन्धान | विज वृद्धि/प्रविधि हस्तान्तरण | गाँउपालिका भरी |
| १३ | लघु उद्यम विकास कार्यक्रम | आयआर्जन/लघुउद्यमी सृजना | गाँउपालिका भरी |
| १५ | कृषि सहकारीहरु | कृषि उत्पादन प्रवर्द्धन र बजार व्यवस्थापन | गाँउपालिका भरी |
| १६ | LIBIRD | खाद्य सुरक्षा, आय आर्जन र जैविक विविधता संरक्षण, | गाँउपालिका भरी |
| १७ | सिप्रेड | तरकारी विउ उत्पादन तथा ताजा तरकारी उत्पादन | गाँउपालिका भरी |

### ७.३.२ उद्योग, वाणिज्य, पर्यटन तथा सँस्कृति

यस विषयगत क्षेत्रमा यस गाँउपालिकामा कार्यरत सरकारी तथा सक्रिय गै.स.स., नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्थाहरु, सम्भाव्य विकास साझेदारहरु तथा तिनीहरुको क्षेत्रगत तथा भौगोलिक कार्य क्षेत्र,लक्षित वर्ग तालिकामा प्रस्तुत गरिएको छ ।उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न, नीति निर्माण र कार्यान्वयन गर्न, स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गर्न , लगानीमैत्री वातावरण सिर्जना गर्न तथा गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने कार्यहरुका लागि संघ तथा प्रदेशस्तरिय घरेलु तथा साना उद्योग विकास समितिहरुसँग समन्वय र सहकार्य गरिने छ ।

तालिका ७.२: सरोकारवाला निकायहरुको नक्शाङ्कन

| क.स. | नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| 1 | गाँउपालिका उद्योग तथा व्यवसाय पवर्द्धन शाखा | लघु तथा घरेलु उद्योग प्रवर्द्धन, विकास तथा प्रदेशस्तरिय निकायहरु सँग सहकार्य र समन्वय | गाँउपालिका भरी |
| 2 | गाँउपालिका,वडा कार्यालय | उद्यम प्रवर्द्धन, सहजीकरण र अनुगमन | गाँउपालिका भरी |
| 3 | गाँउपालिका कृषि सेवा केन्द्र,कृषि ज्ञान केन्द्र | कृषि उद्यमी प्रवर्द्धन | गाँउपालिका भरी |
| 4 | महिला । वालवालिका तथा समाज कल्याण उपशाखा | महिला उद्यमी प्रवर्द्धन | गाँउपालिका भरी |
| 5 | पशु अस्पताल केन्द्र | पशु उद्यमी प्रवर्द्धन | गाँउपालिका भरी |
| 6 | डिभिजन वन कार्यालय | वन उद्यमी प्रवर्द्धन | गाँउपालिका भरी |
| 7 | उद्योग वाणिज्य संघ | उद्योग तथा वाणिज्य प्रवर्द्धन र बजारीकरण | गाँउपालिका भरी |
| 8 | MEDEP /MEDPA कार्यक्रम । परियोजना | लघु उद्यमी सृजना तथा विकास | गाँउपालिका भरी |
| 9 | गाँउपालिका लघु उद्यमी संघ | लघु उद्यमी सृजना तथा विकास, प्रवर्द्धन, बजारीक | गाँउपालिका भरी |
| 10 | उद्यम विकास सेवा संघ | लघु उद्यमी सृजना तथा विकास | गाँउपालिका भरी |
| 11 | नेपाल घरेलु तथा साना उद्योग महासघ | उद्यमी प्रवर्द्धन तथा पैरवी | गाँउपालिका भरी |
| 12 | गाँउपालिका शिक्षा शाखा | सिप विकास र रोजगारी सृजना | गाँउपालिका भरी |
| 13 | सामुदायिक वन माहासंघ | वनजन्य उद्योग प्रवर्द्धन, पैरवी | गाँउपालिका भरी |
| 14 | वडा कार्यालय | सिप विकास | वडा क्षेत्र |
| 15 | दृष्टिविहिनहरुको गतिशिल समाज | दृष्टिविहिनको सिप विकास | गाँउपालिका भरी |
| 16 | अपांग सचेतना केन्द्र | अपांगको सिप विकास | गाँउपालिका भरी |
| 17 | F-Skill | सिप र रोजगारी प्रवर्द्धन | गाँउपालिका भरी |
| 18 | हेल्भेटास | सिप विकास र रोजगारी प्रवर्द्धन | गाँउपालिका भरी |

### ७.३.३ स्वास्थ्य तथा जनसंख्या

गाँउपालिकाको रणनितिक योजना निर्माण भविष्य उन्मुख छलफल र विश्लेषणको प्रकृया समेत भएकाले विभिन्न सरोकार वालाहरु, उनिहरुले गा. पा. को स्वास्थ्य क्षेत्रमा निर्वाह गर्न सक्ने भूमिका समेत यस विषयगत क्षेत्र भित्र उल्लेख गरिएको छ । स्वास्थ्य तथा जनसंख्या विषयगत क्षेत्रका लक्ष्य तथा विकास क्रियाकलापहरु सञ्चालनका लागि गाँउपालिकामा रहेका विभिन्न सरोकारवालाहरुको विश्लेषय यस योजना निर्माणको क्रममा गरिएको छ । प्रत्यक्ष वा परोक्षरुपमा स्वास्थ्य क्षेत्रमा सरोकार राख्ने विभिन्न सरोकारका निकायहरु र तिनको भूमिका विश्लेषण गरि कार्यक्षेत्रहरुको विश्लेषण गरिएको छ । कार्यक्षेत्र विभाजन अनुसार खोप, औषधी, उपकरण, अस्पताल तथा प्रयोगशाला सम्बन्धि मापदण्ड,

स्वास्थ्य विमा, महामारी प्रकोप नियंत्रण लगायतका विषयमा संघीय निकाय, खोप, औषधी, उपकरणको सञ्चालन लगायतको विषयमा प्रादेशिक तहका निकायहरुमा समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.३: सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.स. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | गाँउपालिकाको जनस्वास्थ्य पवर्द्धन उपशाखा | गा.पा. स्तरिय निति, कार्यक्रम पारित, अनुगमन, मुल्यांकन, समन्वय बजेट तथा स्रात वितरण | गाँउपालिकाका सबै वडाहरु |
| २ | शिक्षा शाखा | स्वास्थ्य शिक्षा, कार्यक्रममा समन्वय, स्वयं सेवक परिचालन, सुचना तथा संचार, किशोर किशोरी शिक्षा, खोप कार्यक्रम, विभिन्न दिवस मनाउन सहकार्य । | गाँउपालिकाका सबै वडाहरु |
| ३ | महिला तथा वालवालिका शाखा | विभिन्न तालिम तथा जनचेतना कार्यक्रम सञ्चालन, किशोर किशोर केन्द्रित कार्यक्रम, समुदाय परिचालन, लैगिंक समानताका क्षेत्रमा सचेतना, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य कार्यक्रम । | गाँउपालिकाका सबै वडाहरु |
| ४ | गाँउस्तरिय आमा समुह । स्वंसेविकाहरु संजाल | पारिवारिक सचेतना कार्यक्रम, आमा सचेतना कार्यक्रम, गर्भवति परिवार सचेतना कार्यक्रम, गर्भवति तथा सुत्केरी आमाहरुको लागि प्रोत्साहन (भोटो टोपी कार्यक्रम), नियमित बैठक, विभिन्न दिवस मनाउने, सडक नाटक तथा सामाजिक सचेतना कार्यक्रम, लैगिंक परिवार पुरस्कार, घरेलु हिंसा विरुद्ध अभियान । | गाँउपालिकाका सबै वडाहरु |
| ५ | स्वास्थ्य संस्था व्यवस्थापन समितिहरु | स्थानीय स्तरमा स्वास्थ्य योजना तर्जुमा, आवश्यकता पहिचान तथा स्रोत खोजी, कार्यक्रम व्यवस्थापनमा सहयोग, जनशक्ति परिचालन तथा आवश्यकता अनुसार<br>स्थानीय स्तरमा नियूक्ति, भौतिक पुर्वाधार निर्माणमा सह | गाँउपालिकाका सबै वडाहरु |
| ६ | राजनैतिक दलहरु | विभिन्न निति तर्जुमा, गा. पा. मा स्वास्थ्य क्षेत्रका आवश्यकत पहिचान, योजना प्राथमिकिकरण, योजना तर्जुमा, अनुगमन, सेवाको गुणस्तरसुझाव तथा आवश्यक स्थानीय स्रोत परिचालन । | गाँउपालिकाका सबै वडाहरु |
| ७ | नेपाल रेडक्रस | प्रकोप व्यवस्थापनका क्षेत्रमा सहयोग पुऱ्याउने, प्राथमिक उप तालिम तथा क्षमता विकास | गाँउपालिकाका सबै वडाहरु |
| ८ | गैर सरकारी संस्थाहरु | समुह परिचालन, सामाजिक सचेतना तथा आधारभुत सेवाहरुको पहुच वृद्धिमा सहजिकरण गर्ने । | गाँउपालिकाका सबै वडाहरु |

### ७.३.४ शिक्षा, खेलकूद तथा युवा

शिक्षा, खेलकूद तथा युवा विकासका क्षेत्रमा क्षेत्रमा गाउपालिका भित्र कार्यरत संघ/संस्था र सञ्जालहरुको विवरण कार्यक्षेत्र तजा भूमिकाको बारे तपसिलमा प्रस्तुत गरिएको छ । प्रदेशतहबाट प्रवाह हुने शिक्षाको लागि खाद्यान्न,व्यवसायिक शिक्षा तथा तथा प्रविधि तालिम लगायतका कार्यक्रमहरुका लागि प्रदेशको सामाजिक विकास मन्त्रालय तथा उच्च शिक्षा, विद्यालय शिक्षा सम्बन्धि नियमन्,पाठ्यक्रम विकास, परिक्षाको मानक तथा मापदण्ड लगायतका विषयहरुमा संघिय निकायहरुमा समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७. ४ : सरोकारवाला विश्लेषण**

| क्र.स. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाई | ·स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>·कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>·तथ्याङ्कीय आधार तयार तथा अद्यावधिक<br>·श्रोत साधन परिचालन र लगानी<br>·समन्वय, सहकार्य र साझेदारी | गाँउपालिका भरी |
| २ | गाँउपालिका शिक्षा शाखा । शिक्षा युवा तथा खेलकुद शाखा | ·योजना तर्जुमा तथा समीक्षा गुणस्तरिय शिक्षा<br>·कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>·तथ्याङ्कीय आधार तयार तथा अद्यावधिक<br>·श्रोत साधन परिचालन र लगानी<br>·समन्वय, सहकार्य र साझेदारी | गाँउपालिका भरी |
| ३ | अन्य विषगत शाखा | समन्वय, सहकार्य र साझेदारी कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>·श्रोत साधन परिचालन र लगानी | गाँउपालिका भरी |
| ४ | विषयगत समिति तथा संघ संस्थाहरु | समन्वय, सहकार्य र साझेदारी<br>कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>·श्रोत साधन परिचालन र लगानी<br>सामाजिक परिचालन | गाँउपालिका भरी |
| ५ | निजी क्षेत्र | समन्वय, सहकार्य र साझेदारी, अनुगमन र मुल्यांकन प्राविधिक शिक्षा प्रवर्द्धनको लागि लगानी गुणस्तरीय शिक्षा | आ-आफ्नो कार्य क्षेत्रमा |
| ६ | गाँउपालिका र जिल्ला खेलकूद<br>विकास समिति | समन्वय, सहकार्य र साझेदारी खेलकुद विकास र प्रवर्द्धन श्रोत साधनको खोजी प्रशिक्षक तथा खेलाडी निर्माण | गाँउपालिका भरी |
| ७ | गा. पा. प्रशासन शाखा | समन्वय, सहकार्य र सहजीकरण सेवाको गुणस्तरीयता अनुगमन शिक्षाका लागि स्थानीय सुशासन व्यवस्थापन | गाँउपालिका भरी |
| ८ | विद्यालय र क्यापसहरु | समन्वय, सहकार्य र साझेदारी गुणस्तरीयता | गाँउपालिका भरी |

| | | | |
|---|---|---|---|
| | | सेवाको प्रत्याभूती तथा लगानी दक्ष र गुणस्तरीय जनशक्ति उत्पादन | |
| ९ | गै.स.स.। बाल क्लब तथा संजालहरु | बाल हक हितका लागि अभियान तथा लगानी सामाजिक परिचालन | आ-आफ्नो कार्य क्षेत्रमा |
| १० | राजनीतिक दलहरु | स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार कार्यक्रम अनुगमन तथा मूल्याङ्कन श्रोत साधन परिचालन र लगानी समन्वय, सहकार्य र साझेदारी | गाँउपालिका भरी |
| ११ | नागरिक समाज | विकास व्यवस्थापनमा सक्रिय सहभागिता | गाँउपालिका भरी |
| १२ | संचार माध्यमहरु | गुणस्तरीय शिक्षाका लागि सञ्चार अभियान नागरिकहरुमा शिक्षा सम्बन्धी सूचना संप्रेषण | गाँउपालिका भरी |
| १३ | विद्यालय व्यवस्थापन समितिहरु | समन्वय, सहकार्य र साझेदारी शैक्षिक व्यवस्थापन अनुगमन तथा मूल्याङ्कन | गाँउपालिका भरी |
| १४ | पेशागत संघ संस्थाहरु | प्राविधिक शिक्षामा जोड अनुगमन तथा मूल्याङ्कन भौतिक क्षेत्र तथा विद्यालय सामाग्रीमा लगानी | आ-आफ्नो कार्य क्षेत्रमा |
| १५ | विद्यार्थी सँगठहरु | समन्वय, सहकार्य र साझेदारी विद्यार्थी हकहितका लागि अभियान | गाँउपालिका भरी |
| १६ | सामुदायिक संस्थाहरु | समन्वय, सहकार्य र साझेदारी सामाजिक परिचानल | आ-आफ्नो कार्य क्षेत्रमा |
| १७ | महिला संजालहरु | समन्वय, सहकार्य र साझेदारी मानव विकास र स्थानीय विकासमा सहयोग | गाँउपालिका भरी |

**७.३.५.खानेपानी तथा सरसरफाई**

खानेपानी तथा सरसफाई विषयगत क्षेत्रमा यस गाँउपालिकामा कार्यरत सरकारी, गैसस, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्थाहरु तथा सम्भाव्य विकास साझेदार तथा परियोजनाको विवरण र भौगोलिक कार्य क्षेत्र तथा लक्षित वर्ग क्षेत्र तपसिलमा प्रस्तुत गरिएको छ। संघिय तहका योजनाका लागि खानेपानी तथा सरसफाई मन्त्रालय तथा प्रादेशिक तहका योजनाका लागि भौतिक पुर्वाधार विकास मन्त्रालयमा समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७. ५ : सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| 1 | खानेपानी तथा सरसफाई डिभिजन | खानेपानी निर्माण र मर्मत संभार | गाँउपालिका भरी |
| 2 | गाँउपालिकाको पुर्वाधार विकास । प्राविधिक शाखा | पुर्वाधार विकास तथा समन्वय | गाँउपालिका भरी |
| 3 | गाँउपालिका | श्रोत व्यवस्थापन तथा समन्वय | गाँउपालिका भरी |
| 4 | महिला तथा वालवालिका शाखा | खानेपानीसँग सम्बन्धित महिला स्वास्थ्य सुधार | गाँउपालिका भरी |
| 5 | गै.स.स. | मागमा आधारीत खानेपानी र सरसफाई कार्यक्रम | गाँउपालिका भरी |
| 6 | सुख्खा क्षेत्र खानेपानी आयोजना | खानेपानी आपुर्ति गर्ने | गाँउपालिका भरी |
| 7 | गरिवी निकारण कोष | खानेपानी तथा सरसफाई कार्यक्रम | गाँउपालिका भरी |

### ७.३.६ महिला, बालवालिका तथा लक्षित वर्ग

स्थानिय स्तरका महिला विकास कार्यक्रम सञ्चालन,महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोविकासका लक्ष्य कार्यान्वयन गर्ने सवालमा सम्भाव्य सरोकारवालाहरुको सूचि निम्नानुसार रहेका छन् । यो सुचिमा समय समयमा अद्यावधिक गरिने छ ।

**तालिका ७. ६: सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.म. | नाम | भुमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| 1 | महिला तथा बलबालिका शाखा | पिछडिको वर्गको (महिला)आर्थिक, सामाजिक कानूनी रुपमा शसक्त (बढाउने गर्ने सम्पर्क र समन्वय (जेष्ठ नागरिक,अपाङ्ग)<br>बाल क्लब गठन दर्ता सन्बन्धि कार्य गर्ने<br>बालमैत्री स्थानीय शासन लागु गर्ने | गाँउपालिका भरी |
| 2 | शिक्षा शाखा | बाल क्लब गठन,बालमैत्री शिक्षण क्रियाकलापमा जोड तथा पहुँचमा अभि वृद्धि | गाँउपालिका भरी |
| 3 | गाँउपालिका | सरोकारवाला निकाय सँग समन्वय गरि काम गर्ने निति तथा निर्देशिकाहरु काकार्यान्वायन | गाँउपालिका भरी |
| 4 | गै स. स. हरु | लक्षितवर्ग सम्बन्धित कांय क्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |
| 5 | अपाङ्ग सचेतना सेवा केन्द्ब | पिछडिको वर्गको (महिला) आर्थिक, सामाजिक कानूनी रुपमा शसक्त (बराडने गर्ने) | गाँउपालिका भरी |
| 6 | द्बष्टिबिहीनहरुका लागि गतिशिल समाज | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्न | गाँउपालिका भरी |
| 7 | सेतो गुराँस (बालबालिका) | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्न | गाँउपालिका भरी |
| 8 | सेबक नेपाल (महिला, बालबालिका र अपाङ्ग) | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्न | गाँउपालिका भरी |
| 9 | गाँउपालिका बालकल्याण समिति | बालकल्ब गठन,बालमैत्री शिक्षण क्रियाकलापमा जोड तथा पहुँचमा अभि वृद्धि | गाँउपालिका भरी |
| 10 | नेपाल राष्ट्रिय दलित समाज वकालत कल्यान संघ | पिछडिको वर्गको (महिला) आर्थिक, सामाजिक कानूनी रुपमा शसक्त गर्ने | गाँउपालिका भरी |
| 11 | इन्सेक नेपाल | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्न | गाँउपालिका भरी |
| 12 | जेष्ठ नागरिक संरक्षण मन्च | दलित, महिला, बालबालिका, अपाङ्ग, जनजाती, जेष्ठ नागरीक | गाँउपालिका भरी |
| 13 | साहारा आश्राम | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |
| 14 | आदिबासी जनजाति माहासंघ | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |
| 15 | एडभोकेशी फोरम | लक्षितवर्ग सम्बन्धित कांयक्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |

| | | | |
|---|---|---|---|
| 16 | महिला सहकारी संस्था | लक्षितवर्ग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |
| 17 | एकल महिलाहरुको संस्था | लक्षितवर्ग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |
| 18 | गाँउपालिका महिला संजाल | लक्षितवर्ग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने | गाँउपालिका भरी |
| 19 | स्विस विकास सरकार | लक्षितवर्ग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सघाउने | गाँउपालिका भरी |

### ७.३.७ यातायात, विद्युत, संञ्चार तथा सार्वजनिक निर्माण

गाँउपालिका भित्र यातायात, विद्युत, संञ्चार तथा सार्वजनिक निर्माण विषयगत क्षेत्रमा कार्यरत सरकारी, गै.स.स., निजी क्षेत्र तथा सम्भाव्य विकास साझेदारहरुको विवरण तपसिलमा प्रस्तुत गरिएको छ । संघिय स्तरका पुर्वाधार विकासका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,प्रादेशिक कार्यक्रमका लागि प्रदेशको भौतिक पुर्वाधार विकास मन्त्रालय तथा सम्बन्धित आयोजनाहरुसँग समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.७: सरोकारवालाको विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्य क्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| १ | गाँउपालिका। पुर्वाधार विकास शाखा | श्रोत परिचालन तथा विकास समन्वय | गाँउपालिका भरी |
| २ | डिभिजन सडक | श्रोत परिचालन तथा कार्यान्वियन | गाँउपालिका भरी |
| ३ | वडा कार्यलयहरु | गाँउस्तरीय विकास समन्वय तथा श्रोत परिचालन | सम्बन्धित वडा |
| ४ | गाँउपालिका स्थित राजनीतिक दलहरु | समन्वय र विकासे वातावरण निर्माता | गाँउपालिका भरी |
| ५ | गाँउपालिका | गा. पा. विकास समन्वय तथा श्रोत परिचालन | गढवा गाँउपालिका |
| ६ | विभिन्न समिति तथा उप समितिहरु | मुल्यांकन अनुगमन | गाँउपालिका भरी |
| ७ | गै.स.स. महासंघ | गै.स.स.को क्षमता विकास | गाँउपालिका भरी |
| ८ | पत्राकार महासंघ | जनचेतना वाहक, अनुगमनकर्ता | गाँउपालिका भरी |
| ९ | नेपाल विद्युत प्राधिकरण | विद्युत विकास समन्वयकर्ता तथा श्रोत परिचालक | गाँउपालिका भरी |
| १० | DRSP | सडक विकास तथा स्तरोन्नति, श्रोत व्यवस्थापन | गाँउपालिका भरी |

### ७.३.८ वन, भू-संरक्षण तथा वातावरण

वन, भू -संरक्षण तथा वातावरण विषयगत क्षेत्रमा  गढवा गाँउपालिका कार्यरत तथा सक्रिय सरकारी, गैह्रसरकारी, नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्था तथा सम्भाव्य विकास साझेदारहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।संघिय कार्यक्रमका लागि वन तथा वातावरण मन्त्रालय, प्रादेशिक कार्यक्रमहरुका लागि प्रदेश ५ उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयसँग समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.८: सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका/कामको प्रकृति | कायक्षेत्र/लक्षित वर्ग |
|---|---|---|---|
| १ | गाँउपालिका | समन्वय तथा पूर्वाधार निर्माण गर्दा कुल लगानीको ५% रकम वातावरण संरक्षणको लागि छुट्याई वातावरण संरक्षणका कार्यहरु गर्ने गराउने | गाँउपालिका भरी |
| २ | डिभिजन वन कार्यालय | सामुदायिक वन, कबुलियति वन, राष्ट्रिय वन, वन संरक्षण र व्यवस्थापन, गा. पा. को समग्र जैविक विविधता संरक्षण, वातावरण संरक्षण वनश्रोतको सदुपयोग नियमन | गाँउपालिका भरी |
| ३ | भू-संरक्षण तथा जलाधार व्यावस्थपन कार्यालय | प्राकृतिक प्रकोप नियन्त्रण, भूमिको उत्पादन संरक्षण, पूर्वाधार संरक्षण, समूह परिचालन शसक्तिकरण | प्राथमिकता प्राप्त जलाधार क्षेत्र, जिल्ला भरी |
| ४ | गाँउपालिका कृषि सेवा केन्द्र | मल व्यवस्थापन, रासायनिक मल न्युनिकरण, कृषि-वन | गाँउपालिका भरी |
| ५ | महिला तथा बालबालिका शाखा | सुधारिएको चुलो | सबै वडाहरुमा |
| ६ | सामुदायिक वन उपभोक्ता महासँघ | समूह सचेतिकरण, परामर्श, जलवायु परिवर्तन | गाँउपालिका भरी |
| ७ | गै.स.स. | डालेघाँस विकास, कृषि वन | गाँउपालिका भरी |

### ७.३.९ विपद व्यवस्थापन

बिपद व्यवस्थापन बिषयगत क्षेत्रमा गढवा गाँउपालिकामा कार्यरत तथा सक्रिय सरकारी, गै.स.स., नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्था र सञ्जालकहरु, विकास साझेदार तथा परियोजनाको विवरण र भौगोलिक कार्यक्षेत्र तलसिलमा प्रस्तुत गरिएको छ ।

**तालिका ७. ९: सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्य क्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| 1 | नागरिक तथा समुदाय, लक्षित वर्ग | ▪ बिपदबाट सुरक्षित रहन चनाखो हुने | गाँउपालिका भरीका बासिन्दा |
| 2 | गाँउपालिका | ▪ स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>▪ समन्वय र सहकार्य, अनुगमन तथा मुल्याँकन<br>▪ श्रोत साधन परिचालन र लगानी | गाँउपालिका भरी |
| 3 | वडा कार्यलयहरु तथा गाँउपालिका | ▪ बिपद व्यवस्थापनको लागि कोष निर्माण<br>▪ बिपद व्यवस्थापनको लागि समन्वय र सहकार्य | सम्बन्धित वडा र गाँउपालिका |
| 4 | जल उत्पन्न प्रकोप | ▪ नदी किनारामा तटवन्धन गर्ने कार्य | |

| | | | |
|---|---|---|---|
| 5 | भू-तथा जलाधार व्यवस्थापन कार्यालय | ▪ पहिरोनियन्त्रण, तटबन्धन, भू -क्षय नियन्त्रण, पूर्वाधारहरुको संरक्षण | प्राथमिकता प्राप्त जलाधार क्षेत्र, गाँउपालिका भरी |
| 6 | नेपाल रेडक्रस सोसाइटी | ▪ राहत प्याकेज तयारी तथा वितरण, बिपद व्यवस्थापन संवन्धी प्राविधिक जानकारी प्रदान | गाँउपालिका भरी |
| 7 | गाँउपालिका प्रहरी शाखा | ▪ उद्दार कार्यमा जनशत्ति परिचालन | गाँउपालिका भरी |
| 8 | नेपाली सेना | ▪ उद्दार कार्यमा जनशत्ति परिचालन | गाँउपालिका भरी |
| 9 | यु एन डि.पी. | ▪ मानविय उद्धार केन्द्रित कार्यक्रम | गाँउपालिका भरी |
| 10 | उद्योग बाणिज्य संघ | ▪ राहातको लागि खाद्य सामग्री आदि सहयोग | गाँउपालिका भरी |
| 11 | गा. पा. प्रशासन शाखा | ▪ उद्धार कार्यमा प्रहरी प्रशासन परिचालन, राहात रकम वितरण | गाँउपालिका भरी |
| 12 | जनस्वास्थ्य शाखा | ▪ महामारी रोग निस्केको अवस्थामा माहामारी रोग नियन्त्रण तथा स्वास्थ्य उपचार सेवा (रु.२ लाखको कोष रहेको, आवश्यकता अनुसार थप हुन सक्ने ) | गाँउपालिका भरी |
| 13 | डिभिजन वन | ▪ जलवायु परिवर्तनका असरहरुको न्युनिकरण तथा अनुकुलन कार्यक्रम ( बहुसरोकारवाला वन कार्य समेत) | गाँउपालिका भरी |
| 14 | गैह्र सस्थाहरु | ▪ सचेतना, अध्ययन अवलोकन, अध्ययन विश्लेषण, तालिम तथा पुनस्थापना सहयोग | गाँउपालिका भरी |

### ७.३.१० संस्थागत विकास तथा सुशासन

संस्थागत तथा क्षमता विकास र सुशासन विषय क्षेत्रमा यस गाँउपालिकामा कार्यरत तथा सक्रिय सरकारी, गै.स.स., नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्था र सञ्चालकहरु, विकास साझेदार तथा परियोजनाको विवरण र भौगोलिक कार्य क्षेत्र तथा लक्षित वर्ग क्षेत्र तलसिलमा प्रस्तुत गरिएको छ।

**तालिका ७. १० : सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| १ | नागरिक तथा समदाय, लक्षित वर्ग | ▪ विकास व्यवस्थापनमा सक्रिय सहभागिता | गाँउपालिका भरी |
| २ | गाँउपालिका | ▪ स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>▪ योजना तर्जुमा तथा समीक्षा<br>▪ संरचनागत परिमार्जन<br>▪ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>▪ तथ्याङ्कीय आधार तयार तथा अद्यावधिक<br>▪ श्रोत साधन परिचालन र लगानी | गाँउपालिका भरी |

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| | | ▪ सामाजिक परिचालनमा सहयोग<br>▪ समन्वय, सहकार्य र साझेदारी | |
| ३ | वडा शाखाहरु | ▪ सामाजिक परिचालन<br>▪ तथ्याङ्कीय आधार तयार तथा अद्यावधिक<br>▪ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन<br>▪ समन्वय, सहकार्य र साझेदारी | सम्बन्धित वडा र गाँउपालिका |
| ४ | गाँउपालिका स्थित राजनीतिक दलहरु | ▪ नागरिक परिचालन र सम्लग्नता सुनिश्चितता<br>▪ स्थानीय नीति र संरचनामा सुधार<br>▪ सुशासन वकालत<br>▪ योजना तर्जुमा, अनुगमन तथा समीक्षा<br>▪ समन्वय र वातावरण निर्माण | गाँउपालिका भरी |
| ५ | गाँउपालिकास्थित विषयगत शाखा तथा सेवा केन्द्रहरु | ▪ सेवा तथा सुविधा प्रवाह<br>▪ सेवा सञ्चालन तथा व्यवस्थापन<br>▪ तथ्याङ्कीय आधार तयार तथा अद्यावद्यिक<br>▪ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन<br>▪ समन्वय, सहकार्य र साझेदारी | गाँउपालिका भरी तथा गाँउपालिका बासी |
| ६ | गाँउपालिकाको प्रशासन शाखा तथा अन्य शाखाहरु | ▪ समन्वय, सहकार्य र साझेदारी<br>▪ सेवा तथा वस्तुको गुणस्तरीयता अनुगमन<br>▪ स्थानीय सुशासनव्यवस्थापन | गाँउपालिका भरी |
| ७ | गाँउपालिकाको प्राविधिक शाखा | ▪ निर्माण व्यवस्थापन,प्राविधिक सहयोग,सहजीकरण<br>▪ सेवा व्यवस्थापन<br>▪ नीति तथा संरचना निर्माण र सुधार | गाँउपालिका भरी |
| ८ | विभिन्न समिति तथा उपसमितिहरु | ▪ संस्थागत तथा नीतिगत आधार र सहयोग<br>▪ समन्वय, सहकार्य र साझेदारी विकास<br>▪ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन<br>▪ सुशासन अभ्यास | गाँउपालिका भरी |
| ९ | विभिन्न गै.स.स. | ▪ सुशासन सम्बन्धी अध्ययन, अनुसन्धान र पैरवी<br>▪ सुशासन सम्बन्धी औजार तर्जुमा र सहजिकरण<br>▪ स्थानीय शासन उत्तरदायित्व अभिवृद्धि कार्यमा सहजिकरण<br>▪ संस्थागत तथा नीतिगत सुधार<br>▪ समन्वय, सहकार्य र साझेदारी पवर्द्धन<br>▪ तालिम तथा क्षमता विकास<br>▪ संजाल विकास, नीतिगत वकालत र पैरवी | गाँउपालिका भरी |
| १० | असल शासन गाँउपालिका समन्वय | ▪ सुशासन सम्बन्धी औजार तर्जुमा र सहजिकरण | गाँउपालिका भरी |

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| | समिति तथा असल शासन क्लब | ▪ स्थानीय शासन उत्तरदायित्व अभिवृद्धि संबन्धी सहजिकरण<br>▪ सार्वजनिक सेवा र सुविधा बारे सार्वजनिक सुनुवाई तथा वहश<br>▪ सार्वजनिक वहश तालिम तथा क्षमता विकास<br>▪ सुशासन संबन्धी नीतिगत वकालत र पैरवी<br>▪ सुशासन सम्बन्धी नीतिगत वकालत र पैरवी<br>▪ सशासन सम्बन्धी अन्तरक्रिया<br>▪ सुशासन र स्थानीय स्वायत्त शासन, ऐन, नियम तथा निर्देशिका सम्बन्धी तालि | |
| ११ | नेपाल राष्ट्रिय दलित कल्याण संघ | ▪ अधिकारमूखी अवधारणा बारे बहश र पैरवी<br>▪ नीति र संरचनागत परिवर्तनका लागि नागरिक वहश<br>▪ अधिकारमुखी विकास अवधारणा बहश र पैरवी<br>▪ रुपान्तरणीय सामाजिक परिचालन | गाँउपालिका भरी |
| १२ | उपभोक्ता महासंघ (वडा तथा गाँउ स्तर) | ▪ अधिकारमुखी विकास अवधारणा बहश र पैरवी<br>▪ नीति/संरचना परिवर्तनका लागि नागरिक वहश<br>▪ सामुदायिक सुशासन<br>▪ प्राकृतिक श्रोतमा नागरिक अधिकार र सुशासन संबन्धी वकालत र पैरवी<br>▪ स्थानीय शासन उत्तरदायित्व बारे सहजिकरण<br>▪ सामाजिक परिचालन र सशक्तिकरण | गाँउपालिका भरी |
| १३ | आदीबासी जनजाती महासंघ | ▪ सामाजिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्व संबन्धी बहश र पैरवी<br>▪ नीति/संरचना परिवर्तनका लागि नागरिक वहश<br>▪ अधिकारमुखी विकास अवधारणा बहश र पैरवी<br>▪ प्राकृतिक श्रोतमा समुदायको अधिकारका लागि वहश र पैरवी | गाँउपालिका भरी |
| १४ | पत्रकार महासंघ तथा मेडिया | ▪ स्थानीय सुशासन सम्बन्धी सञ्चार अभियान<br>▪ प्रिण्ट तथा रेडियो कार्यक्रम तर्जुमा र प्रसारण<br>▪ स्थानीय शासनको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि कार्यक्रम सञ्चालन<br>▪ नागरिकहरुमा सूचना संप्रेषण | गाँउपालिका भरी |

## ७.४ सुशासन तथा पारदर्शिता

सुशासन राज्यको अवस्यकता, जनताको चाहना, प्रशासनको लक्ष र नागरिक समाजको एजेन्डा हो। यसर्थ गाँउपालिकाले अधिकारको समुचित प्रयोग,सक्षम, निष्पक्ष, उत्पादनशील, मितव्ययी, छरितो, जनमुखी र उत्तरदायी प्रशासन संयन्त्र वनाएर कार्य गर्ने छ र यसको लागि नागरिक समाज समेतको सहभागिता गराईने छ । सुशासन कायम गर्ने सवालमा गा.पा. को निम्न मुल्य मान्यता रहनेछः

**क. नैतिक मूल्य मान्यतामा आधारित स्थानीय सरकार**

- असल शासनको आधारभूत मान्यताको आत्मसात
- सुशासनको प्रत्याभूति
- पारदर्शी, सहभागितामूलक, जवाफदेही सार्वजनिक प्रशासन
- कानूनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासन
- छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट सर्वसाधारणमा सेवा प्रवाह
- सेवा प्रदायकबाट सुनिश्चित र भरपर्दो सेवा प्रवाह

**ख. भ्रष्टाचारमा शुन्य सहनशीलता**

- उच्च नैतिकतामा आधारित पारदर्शी शासन व्यवस्था अवलम्बन गरी भ्रष्टचार न्यूनीकरण सघाउ पुऱ्याउने
- अनुचित कार्य तथा भ्रष्टाचार हुन नदिन निरोधात्मक र उपचारात्मक दुवै उपाय अवलम्बन ।

**ग. आचारसंहिता निर्माण र पालना**

- असल शासनको आधारभूत मान्यताको आत्मसात
- सार्वजनिक र नीजि व्यवहार
- कानून नबनाई निर्णय गर्न नहुने
- पदीय उत्तरदायित्वको निर्वाह
- आर्थिक पक्ष (विदेशी वैंकमा खाता, पेश्की, दानदन्तव्य र उपहार)
- निर्णय (काम कर्तव्यमा हस्तक्षेप, परिवारका सदस्यसँग सम्बन्धित निर्णय)
- नियुक्ति (विशेषज्ञ सेवाको सल्लाहकार, कायक्षेत्रगत सर्त
- सम्पत्ति विवरण

**घ. अधिकारमा आधारित पद्धती**

- सामाजिक परिचालन (नागरिक संजाल र संयन्त्र परिचालन
- असल मूल्य मान्यता र संस्कारको विकास र पवर्द्धन
- सेवा प्रवाह र प्रभावकारिता सम्बन्धमा अन्तरक्रिया र छलफल र मुल्यांकन

**ङ. प्रतिबद्ध प्रशासनिक संयन्त्र र प्रशासनिक तटस्थता**

- राजनीतिक नेतृत्व र कर्मचारी बीच कामको स्पष्ट सीमा निर्धारण हुने गरी कानूनी व्यवस्था गर्ने र प्रतिनिधि तथा कर्मचारीले सो अनुसार कार्यसम्पादन गर्ने (कार्यभिाजन र कार्यसम्पादन ऐन)
- कर्मचारीको कार्यसम्पादन अनुगमन, पुरस्कार र दण्ड
- निवार्चि त जनप्रतिनिधि र कर्मचारी प्रशासन बीच विश्वासको बातावरण श्रृजना
- प्रतिवद्ध प्रशासन निर्माणको लागि प्रशासनमा नैतिक मूल्य मान्यता, न्यायिक वकालत

● छ. ऐन, नीति, नियमको पालना, नागरिक सम्बध र पृष्ठपोषण

● नागरिक पृष्ठपोषण सर्वेक्षण, संक्षिप्त मतसँग्रह

● सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सावर्जनिक सुनुवाई ।

### ७.५ पारदर्शिता

गाँउपालिकाले सञ्चालन गरेका काम कार्यवाही जन समक्ष शुसुचित गर्न तथ सेवा प्रवाहको गुणस्तर,नागरिक सन्तुष्टि बुझ्न नागरिक तथा स्थानीय निकायहरु बीचको निरन्तर अन्तरक्रिया र बहश, सञ्चालित आयोजना तथा कार्यक्रमहरुको सामुदायिक तथा सार्वजनिक परिक्षण, स्थानीय निकाय तथा सार्वजनिक निकायले निर्वाह गरेको सामाजिक जिम्मेवारीको लेखाजोखा कार्यमा सहयोग पुऱ्याउन सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई जस्ता पारर्शिताका औजारहरुको समुचित उपयोग गरिने छ। उक्त कार्यविधिमा समयानुकुल परिमार्जन समेत गरी उत्तरदायित्व अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा तेश्रो पक्षको अनुगमन तथा सहजिकरण समेतलाई आत्मसात गरिने छ । स्थानीय शासन उत्तरदायित्व अभिवृद्धिका लागि स्थानीय शासन तथा उत्तरदायी संयन्त्र मार्फत नागरिक समाज संस्थाहरु समेतबाट स्थानीय निकायहरुको खर्च पुनरावलोकन, नागरिक सन्तुष्टी सर्वेक्षण र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समुदायमा आधारित अनुगमन कार्य गरिने छन ।

## अध्याय ८: योजना, अनुगमन, मूल्यांकन तथा अभिलेख व्यवस्थापन

### ८.१ योजना प्रक्रिया

संघ, प्रदेश र स्थानीय तहले तयार गरेका नीति, कार्यक्रम तथा योजनाहरुको अतिरिक्त यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, अभिलेख प्रणाली र सिकाइ प्रक्रियालाई यस खण्डमा व्यवस्था गरिएको छ । यी व्यवस्थाहरु संघीय तथा प्रादेशिक ऐन, नियमहरु र गाँउपालिकाले तय गरेको नीति, ऐन तथा नियमावलीहरुको आधारमा कार्यान्वयन हुनेछ ।

गा. पा. को वार्षिक योजना प्रक्रियालाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले मार्गदर्शन गर्नेछ । उक्त मार्गदर्शनभित्र रही निम्नअनुसार योजना तर्जुमा हुनेछः

#### क. योजना छनौटका तह

- संघ संस्था तहः संघ संस्थाका योजनाहरु संकलन गर्ने ।
- वस्ती तहः वस्तीस्तरको योजना संकलन गर्ने ।
- वडा तहः वडा तहको योजना संकलन गर्ने ।
- गाँउ कार्यपालिका तहः गाँउस्तरीय योजनाहरु छनौट गर्ने ।
- गाँउसभा तहः कार्यपालिकाले पेश गरेका योजनाहरुको अन्तिम छनौट गर्ने ।

विभिन्न तहमा योजना छनौट गर्दा दिग्दर्शनले तोकेको प्राथमिकताका आधारहरु र संघ, प्रदेश तथा स्थानीय तहबीच तालमेल मिलाउनुपर्ने विषयमा ध्यान दिइनेछ ।

#### ख. योजना तर्जुमा समितिहरु

- विषयगत समितिः विषयगत योजनाहरु तयार गर्ने ।
- स्थानीय राजस्व परामर्श समितिः राजस्व योजनाका लागि परामर्श दिने ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः आयस्रोत अनुमान गरी विनियोजन रकम निर्धारण गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिः विस्तृत कार्यक्रम तथा बजेट तयार गर्ने ।

#### ग. बजेट तयारी तथा अख्तियारी चरण

- बजेटको पूर्वतयारीः पौष मसान्तभित्र ।
- संघबाट बजेट सीमा प्राप्त गर्नेः फागुन मसान्तभित्र ।
- प्रदेशबाट बजेट सीमा प्राप्त गर्नेः चैत मसान्तभित्र ।
- कार्यपालिकामा वार्षिक बजेट तथा कार्यक्रम मस्यौदा पेशः असार ५ गतेभित्र ।
- गाँउ/गाँउसभामा पेशः असार १० गतेभित्र ।
- गाँउ/गाँउसभाबाट अन्तिम स्वीकृतिः असार मसान्तभित्र ।
- बजेट प्रकाशनः साउन १५ गतेभित्र ।
- अध्यक्ष/प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नेः सभाबाट पारित भएको ७ दिनभित्र ।
- प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विभागरशाखा तथा वडालाई कार्यान्वयनको अख्तियारी दिनेः आफूले अख्तियारी पाएको १५ दिनभित्र ।

**घ. वार्षिक योजनामा रणनीतिक योजना समावेश गर्ने प्रक्रिया**

वार्षिक योजना तयार गर्दा रणनीतिक योजनाले तय गरेका लक्ष्य, उद्देश्य, रणनीति तथा वडागत वार्षिक कार्यक्रमहरुलाई समावेश गर्नुपर्नेछ । यसरी प्रस्ताव गरिएका योजनाहरु हरेक तहगत योजना तर्जुमा प्रक्रियामा प्रस्तुत गर्नुपर्नेछ । मूलभूत उद्देश्य, लक्ष्य, नतीजा र रणनीति तथा कार्यनीतिहरुमा खास असर नपर्ने गरी स्थानीय क्रियाकलापहरुमा औचित्यतासहित सामान्य हेरफेर गर्न सकिनेछ । यसरी योजना बनाउँदा सबै सरोकारवालाहरुलाई जानकारी,सहभागिता र सहमतिको आधारमा तयार गर्नुपर्नेछ । यी प्रक्रियाहरु बैठकको रेकडबाट पुष्टि गर्नुपर्नेछ ।

**८.२ कार्यान्वयन प्रक्रिया**

**क. कार्यान्वयन योजना**

वार्षिक योजना तयार गर्दा कार्यपालिका बैठकमा कार्यान्वयन योजनाको मुख्य विषयहरु समावेश गरिनेछ । कार्यान्वयन योजनामा कार्यक्रम, बजेट, साझेदार, लाभग्राही, जिम्मेवारी, मुख्य नतीजा र समयतालिका उल्लेख हुनेछ । सो को आधारमा सम्बन्धित कार्यान्वयन निकायले विस्तृत कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।

**ख.कार्यान्वयन संयन्त्र**

विशेष योजनाबाहेक अल्पकालीन तथा दीर्घकालीन योजना कार्यान्वयनका लागि स्थायी प्रकृतिको निम्न संरचनाले योजना कार्यान्वयन गर्नेछः

- गा. पा. स्तरीय योजना तथा अनुगमन समितिः जनप्रतिनिधि तथा प्रमुख कर्मचारी सम्मिलित समिति ।
- गा. पा. स्तरीय योजना कार्यान्वयन समितिः विषयगत महाशाखा/शाखाका प्रमुखहरुको समिति ।
- विषयगत समितिः जनप्रतिनधिहरुको गा. पा. स्तरीय विषयगत समिति ।
- वडास्तरीय योजना तथा अनुगमन समिति ।
- विषयविज्ञ तथा परामर्श समिति ।

**ग. कार्यान्वयन विधि**

माथिको संयन्त्रले योजना कार्यान्वयनलाई व्यवस्थित गर्न निम्न विधिहरु अवलम्बन गर्नेछः

- कार्ययोजना विस्तृतीकरणः कार्यक्रम,बजेट, कार्यविधि, समय, जिम्मेवारी, नतीजाहरुको विस्तृत विवरण ।

- लागत इस्टिमेट तथा डिजाइन तयारी र स्वीकृति
- खरिद विधि छनोट
- योजना पेश, सम्झौता र कार्यादेश
- कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण
- प्रतिवेदन तथा मूल्यांकन
- योजना फरफारक

**८.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया**

वार्षिक योजना अनुगमनका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ तोकेबाहेक वार्षिक तथा आवधिक योजनाको प्रभावकारी अनुगमन तथा मूल्यांकनका लागि निम्न विधिहरु अवलम्बन गरिनेछः

**क. अनुगमन तथा मूल्यांकनका चरणहरु**

■ योजना चरण : यस चरणका रणनीतिक योजना तथा आवधिक कार्यक्रमका सूचीहरु वार्षिक योजनाभित्र के,कति समावेश भए भन्ने पक्ष यकिन गरिनेछ ।

■ कार्यान्वयन चरण : यस चरणमा योजनाको गति अनुगमन (Track monitoring) चौमासिक रुपमा गरिनेछ । यसमा मुख्यतयाः योजनाहरुको प्रगति अपेक्षित नतीजा र आवधिक लक्ष्य प्राप्तितिर उन्मुख भए नभएको यकिन गरिनेछ ।

■ कार्यसम्पन्न चरण : यस चरणमा योजनाको उद्देश्य, विधि, बजेट र समयभित्र तोकिएको नतीजा हासिल भए नभएको यकिन गरिनेछ ।

■ प्रभाव मूल्यांकन चरण : रणनीतिक योजनाले प्राथमिकतामा राखेका गौरव आयोजनामध्येका विषयगत, स्थानगत, लाभग्राही र बजेटअनुसार केही योजनाहरुको प्रभाव मूल्यांकन गरिनेछ । यस अन्तर्गत कार्यक्रमले जीवनस्तर सुधारमा ल्याएको परिवर्तनबारे लेखाजोखा गरिनेछ ।

**ख. अनुगमन तथा मूल्यांकन विधि**

१. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।

२. गा. पा. ले १० करोड बढी लागतका योजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनेछ ।

३. रणनीतिक योजनाको प्रभाव थाहा पाउन,योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ,आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन,योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न बहुसरोकारवाला निकायहरुको सहभागितामा साढे दुई वर्षपछि प्रभाव मूल्याङ्कनको व्यवस्था गर्नेछ । यस्ता प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक समेत गर्ने छ ।

४. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नेछ ।

५. रणनीतिक योजना कार्यान्वयनको बाह्य अनुगमण तथा मूल्यांकनको प्रयोजनको लागि गाँउ कार्यपालिकाले गा. पा. स्तरमा एक सर्वपक्षिय अनुगमण तथा मुल्यांकन समिति गठन गरी सो को कार्यविधि तोकिदिने छ । उक्त समितिले अर्ध वार्षिक रुपमा अनुगमण गरी समीक्षा तथा वार्षिक रुपमा मुल्यांकन गरी प्रतिवेदनसहित पृष्ठपोषण दिनेछ ।

६. यो योजनाको आन्तरिक प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुरुप गा. पा.,वडा तथा उपभोक्त समुहहरुको तहमा अनुगमन समिति गठन हुनेछ । उक्त समितिले यो नागरिक समुदाय, आम उपभोक्ता राजनिति दल,विषय विशेषज्ञ समेतको सहकार्यमा अनुगमन गर्ने छ । गा. पा. स्तरिय अनुगमण समितिले योजनाहरुको अनुगमणका अलावा अनुमान गरिएको श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, योजनाको कार्यान्वयन रणनीतिक योजना मुताविक भए नभएको अनुगमण गरी एवं आयोजना कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चन समाधानका लागि उपायहरुको समेत सुझाव दिने छ ।

७. वडास्तरको योजनाको अनुगमन वडास्तरीय अनुगमन समितिले गर्ने, गा. पा. स्तरिय योजनाको अनुगमन गाँउस्तरीय अनुमण समितिले गर्ने तथा रु २ लाख भन्दा भन्दा माथिको योजनाको अनुगमन गा. पा. स्तरिय अनुगमन समितिले गर्ने, वडास्तरमा सञ्चालित योजनाहरुको अनुगमन वडास्तरिय अनुगमनका अलावा गा. पा. स्तरिय अनुगमन समितिले सो मध्ये कम्तीमा २५ प्रतिशत योजना विषयगत प्राविधिक समेतको सहयोगमा स्वतन्त्र छनौट विधिबाट छनौट गरी अनुगमन गर्ने र संक्षिप्त

प्रतिवेदन समेत तयार गरी बैठकमा पृष्ठपोषणको लागि पेश गर्ने र गा. पा. प्रमुखले त्यसरी गरिएको अनुगमन मध्ये पनी कम्तीमा ५ प्रतिशत स्वतन्त्र रुपमा छनौट गरी स्वतन्त्र विषयगत प्राविधिक समेतको सहयोग लिइ अनुगमन तथा मुल्यांकन गरी आगामी वर्षको अनुगमन तथा मूल्यांकन नीति तथा कार्यक्रम तय गर्ने प्रयोगजनको बहुपक्षिय समीक्षा गर्नेछ ।

८. यसरी गरिने समिक्षाबाट गा. पा. बाट प्रवाह गरिएको सेवालाइ प्रभावकारी भए नभएको, गा. पा. का विभिन्न शाखा, विषयगत समिति, वडा कार्यालयहरुबाट सम्पादित हुने कार्यहरु बीच सहकार्य भए नभएको विषयमा यकिन गरी मासिक, द्वैमासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित पदाधिकारी वा निकायलाई पृष्ठपोषण दिने । गा. पा. बाट दिइने दण्ड, सजाय तथा पुरस्कार र कर्मचारीको कार्यसम्पादन मुल्यांकनको आधारबन्नेछ ।

९. अनुगमन तथा मूल्यांङ्गनलाईं श्रोत साधन कर्मचारीको व्यवस्था सहित छुट्टै शाखाको व्यवस्था गर्नेछ ।

१०. विषयगत ,क्षेत्रगत तथा कामको प्रकृति अनुसार अनुगमनको आधार,मापदण्ड तथा सूचकहरु निर्धारण गर्नेछ ।

११. रणनीतिक योजना कार्यान्वयनका लागि लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने दिशातर्फ क्रियासिल भएको छ छैन भनी नतिजामुलक अनुगमण तथा मुल्यांकन पद्धतिबाट चौमासिक तथा वार्षिक नियमित समिक्षाका अलावा विभिन्न सरोकारवालाहरुको सहभागितामा वर्षको कम्तीमा १ पटक रणनितिक योजना कार्यान्वयनको वार्षिक समिक्षा गरिनेछ ।

१२. वार्षिक रुपमा विभिन्न तहमा गरिने आन्तरिक अनुगमण समिति तथा त्यसको जिम्मेवारी स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेअनुसार हुनेछ ।

१३. अनुगमनका लागि निम्न विधिहरु प्रयोग गरिनेछ:

- स्थलगत अवलोकन,
- सरोकारवालाहरुसँग छलफल,
- नागरिक समाजका सँस्थाहरु परिचालन,
- मिडिया अनुगमन
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण
- बेव साइट, मोबाइल एप्स् तथा सूचना पाटीमा प्रकाशन

**ग. उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको अनुगमन तथा मूल्यांकन**

▪ आयोजना, परियोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न उपभोक्ता भेलाबाट कम्तिमा एक जना महिला सहित ३ देखि ५ सदस्यीय एक अनुगमन समिति गठन गर्नेछ ।

- यसरी गठित समितिले निम्न कामहरु गर्नेछ::
- योजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,
- योजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

- उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजाना तथा कार्यक्रमहरुसँग सम्बन्धित अन्य कार्य गर्ने ।

**घ. प्रतिवेदन र प्रयोग**

अनुगमन तथा मूल्यांकनकार्यबाट मुख्यतयाः निम्न प्रतिवेदनहरु तयार हुनेछन्:

- चौमासिक, वार्षिक प्रगति प्रतिवेदनः आयोजनाको लक्ष्य र प्रगतिको यथार्थ स्थिती थाहा पाउने ।
- आधारभूत तथ्याङ्क विवरण तथा अद्यावधिक फारामः आवधिक योजना र वार्षिक विकास कार्यक्रम तथा वजेट तर्जुमाका अवस्थामा आयोजनाको अद्यावधिक स्थितिको जानकारी लिने ।
- स्थलगत अनुगमन प्रतिवेदनहरू : आयोजनाको सम्बन्धमा आवश्यक सुधारका लागि निर्णय लिने ।
- मूल्याङ्कनप्रतिवेदनः मूल्याङ्कनबाट प्राप्त सल्लाह तथा सूझावहरूको कार्यान्वयनबाट आयोजनाको चालु अवस्थामा सुधार गर्न र अर्को चरण तर्जुमा वा म्याद थप गर्नुपर्ने अवस्थाको जानकारी प्राप्त गर्ने ।

**८.४ अभिलेख व्यवस्थापन**

रणनीतिक योजनाको सही मार्गदर्शन र लक्ष्य हासिललाई सहयोगी बनाउनका लागि कानुन तथा नीतिहरुले निर्धारण गरेका अभिलेख विधिको अतिरिक्त निम्न प्रणाली कार्यान्वयन गर्नेछ ।

- रणनीतिक योजनाअनुसारको डाटावेश
- अनुगमन तथा मूल्यांकन कार्यविधि
- चौमासिक तथा वार्षिक प्रतिवेदन
- मध्यावधि मूल्यांकन
- आवधिक मूल्यांकन

**८.५ अनुसन्धान र विकास**

विकास कार्य निरन्तर प्रगति र परिमार्जनको प्रक्रिया हो । विकास यात्रामा सिकाइ र सुधार निरन्तर प्रक्रिया हो । त्यसमा पनि हालै स्थापित गा. पा. विकासको यात्रामा प्रारम्भिक चरणमै छ । वार्षिक, आवधिक तथा अन्य विषयगत अल्पकालीन र दीर्घकालीन योजनाहरु सबै सिकाइ र परिष्करणकै प्रक्रियामा छन् । यस अर्थमा गा. पा. ले आफ्ना हरेक गतिविधिहरुलाई एक अनुसन्धानको रुपमा प्रयोग र विश्लेषण गर्दै त्यसबाट आएका सिकाइहरुलाई अभिलेख गर्ने र तिनलाई आगामी चरणको योजनामा समावेश गर्ने गरी वार्षिक प्रतिवेदनमा सिकाइ तथा सुधारका सिफारिसबारे छुट्टै अध्याय समावेश गर्नेछ । हरेक नयाँ वर्षमा अघिल्लो वर्षको सिकाइ कसरी प्रयोग गरिएको थियो र यसबाट के उपलब्धि भयो भन्ने विषय समावेश हुनेछ । रणनीतिक योजनाको मध्यावधि र आवधिक मूल्यांकन चरणमा अनुभव र सिकाइहरुको छुट्टै खण्ड तयार हुनेछ । जुन गा. पा. लगायत सबै विकास सरोकारवालाहरु लाई उपयोगी बन्न सक्नेछ । सिकाइ र संश्लेषणको आधारमा रणनीतिक योजनाका परिमाणात्मक लक्ष्य, कार्यक्रम तथा रणनीतिहरु मूलभूत मर्ममा हेरफेर नपर्ने गरी वार्षिक सभाले संशोधन गर्न सक्नेछ । तर यस्तो संशोधनको परिमाण र पटकलाई सीमित गरिनेछ ।

## अनुसूची १: रोजगारी तथा आय आर्जनका क्षेत्रगत रुपमा लागि सम्भाव्य क्षेत्रहरु

**कृषि तथा वन पैदावारमा आधारित उद्योग:**
फलफूल खेती/फलफूल प्रशोधन, खाद्य प्रशोधन, पशुपालन र पशु प्रजनन, पशुपंक्षी, पालन र प्रजनन, दुध उद्योग, कुखुरापालन/चल्ला काढ्ने व्यवसाय, मत्स्यपालन/भुरा उत्पादन, तरकारी बीउबिजन उत्पादन, तरकारी खेती/तरकारी प्रशोधन, हरित गृह स्थापना र सञ्चालन, नर्सरी व्यवसाय, गेडागुडी सङ्कलन केन्द्र, नगदेबालीको व्यवसायिक खेती तथा प्रशोधन, अदुवा, बेसार, तेलहन र गेडागुडी आदि) बाँस खेती र बाँसजन्य उत्पादनहरु ।

**परम्परागत तथा अन्य घरेलु उद्योगहरु:**
कृषि औजार निर्माण, माटोबाट बनेका हस्तनिर्मित भाँडा वर्तन हाते तान, खुट्टे तान, , कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाइ, तयारी पोशाकबाहेक र बुनाई, पोशाक, ज्यासलपसल, तामा, पित्तल, ढलौट, कांस र सुन चांदीबाट हस्तनिर्मित गर गहना, वस्तु, बाँस, चोया, बावियो, अल्लो आदि प्राकृतिक रेशामा परम्परागत संस्कृति, बाजागाजा र कलादर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।

**उर्जामूलक उद्योग** : बायो ग्याँस तथा अन्य स्रोतबाट उर्जा पैदा गर्ने उद्योग ।

**खानीजन्य उद्योग धातु तथा अधातु खनिज** : उत्खनन्, प्रशोधन, ढुङ्गा गिट्टी, वालुवा, रोडा उद्योग

**पर्यटन उद्योग** : गढवा क्षेत्रलाई समेटेर ग्रामिण पर्यटन तथा पर्या पर्यटन (Eco-tourism), सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुदपर्यटन, होमस्टे Cultural, Religious, Conference, Sports Tourism and Homestay पर्यटक आवास, होटेल, रिजोर्ट रेष्टुराँ

**सूचनातथा सञ्चार प्रविधि उद्योग** : टेक्नोलोजीपार्क, आइ.टि. पार्क, सफ्टवेयर विकास, कम्प्यूटर तथा सम्बन्धित सेवाहरु, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्ग, इन्टरनेट सेवा, टेलिफोन तथा सेलुलर टेलिफोन सेवाहरु, मोबाइल, टेलिफोन, टेलिभिजन प्रसारण (स्याटेलाइट तथा केबल टेलिभिजन प्रसारण) सेवा, एफ.एम. रेडियो प्रसारण सेवा

**सेवाउद्योग** : ब्यूटी पार्लर, निर्माण भईसकेका पूर्वाधारहरुको सञ्चालन (सभा भवन, खानेपानी, इन्धनजन्य ग्याँस आपूर्ति, गोदामघर तथा भण्डारण, स्पोर्टस् कम्प्लेकस, कम्प्लेक्स, डिपो, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु, सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय, निर्माण, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, शीत भण्डार सञ्चालन, वायरिङ्ग, फिटिङ्ग र मर्मत, फोहोर मैला सङ्कलन तथा सरसफाइ, खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग, कपडा, प्याकेजिङ्ग, कुरियर, ड्राइक्लिनिङ्ग, सुरक्षा सेवा प्रदान, विज्ञापन, समाचार सम्प्रेषण सेवा, डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण, सोइल टेष्टिङ्ग सेवा, Health Club, पिउने पानी ढुवानी सेवा, व्यवसाय सम्वर्द्धन सेवा (Business incubation service), व्यापारिक कम्प्लेक्स सञ्चालन, वैदेशिक रोजगार सेवा ।

## अनुसूची २: पर्यटन पवर्द्धनका प्याकेजहरु

गढवा गा.पा. लाई ऐतिहासिक, सांस्कृतिक, धार्मिक र राजनैतिक पर्यटनको रुपमा विकास गर्ने अवसर रहेको छ। यसका साथै ऐतिहासिक रुपमा पनि गढवा र वरिपरिको क्षेत्र साँस्कृतिक रुपमा पनि लुम्बिनी नजिकको गाँउ रहेकाले जसमा पुराना परम्परा तथा भेषभुषा अझै पनि चलनचल्तीमा रहेकाले आन्तरिक पर्यटकहरु प्रशस्त आउने सम्भावना रहेको छ । साथै, पर्यटकीय क्षेत्रलाई पहिचान गरि सम्वर्द्धन गर्न सके आन्तरिक तथा बाह्य आउने पर्यटकहरुलाई आर्कषण गर्न सकिन्छ। हाललाई निम्न प्याकेजहरु प्रस्ताव गरिएको छ।

### १. सास्कृतिक तथा धार्मिक नगरी गढवा

**पर्यटकिय आकर्षणहरु**

**होम स्टे सञ्चालन**

गढवा गाँउपालिकाको जातीय विभाजनलाई हेर्दा थारु जातिहरु करिब ४६ प्रतिशत रहेको देखिन्छ। थारु जातिको बाहुल्यता रहेको अवस्थामा थारु संस्कृतिको संरक्षणको लागि यस गाँउपालिकामा हो स्टे सञ्चालनको प्रचुर सम्भावना रहेको छ। थारु समुदाय, थारु नाच, थारु संस्कृति, थारु खाना परिकार आदि होम स्टेको प्रमुख आकर्षणको रुपमा राख्न सकिन्छ । यसो गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई गढवा गाँउपालिकामा आकर्षित गर्न सकिन्छ। मुख्य गरि गढवा गाँउपालिकाको वडा नं. ७ मा होम स्टे सञ्चालनको लागि अगाडि सारिएको छ।

**चम्बोला सिमसार क्षेत्र**

वडा नं ७ मा रहेको चम्बोला सिमसार क्षेत्र यस गा. पा. क्षेत्रको पर्यटकीय सम्भावना बोकेको आकर्षणको केन्द्र हो । हाल यस क्षेत्रलाई हेर्दा कुनै किसिमको व्यवस्थापन हुन नसकिरहेको अवस्था देखिन्छ । सिमसार क्षेत्रको विकासले भौतिक पर्यापर्यटनलाई समेत सन्तुलनमा राख्ने भएकोले यस क्षेत्रलाई सिमसार क्षेत्रको रुपमा विकास गर्न योजनामा राखिएको छ।

**बाघनाथ जंगल कुटी पर्यटन क्षेत्र**

ऐतिहासिक महत्वका दृष्टिले बाघनाथ जंगल कुटी क्षेत्रलाई गढवा गाँउपालिकाको प्रमुख आकर्षणको रुपमा राखिएको छ। यस क्षेत्रको विकासले गढवा गाँउपालिकाको ऐतिहासिक महत्वलाई उजागर गरि अगाडि बढाउछ।

### २. कोइलाबास पर्यटन विकास

गढवा गाँउपालिकाको वडा नं. ८ स्थित कोइलाबास क्षेत्रलाई पर्यटन विकासको हिसाबले विशेष रुपमा प्रस्तुत गरिएको छ। भारत सँग नाका जोडिएको र लमही-कोइलाबास सडक विकासले कोइलाबास क्षेत्रको पहुँचमा सहजता रहेको छ। अधिकतम भु उपयोग जंगल क्षेत्र रहेको र चुरे क्षेत्रको विविधता पुर्ण समुद्र सतहदेखिको उचाइले गर्दा पुरै देउखुरी उपत्यकाको दृश्यावलोकन गर्न सकिने अवस्था रहेको देखिन्छ। यसकारण यस क्षेत्रमा भ्यु टावर, पिकनिक स्पट, पैदल मार्ग निर्माण आदिको प्रचुर सम्भावना रहेको देखिन्छ।

### ३. सार्वजनिक स्थलमा रहेका पोखरिहरुको सुन्दरिकरण

गढवा गाँउपालिकाको विभिन्न सार्वजनिक क्षेत्रमा पोखरीहरुलाई मर्मतसम्भार गरी, वरिपरि पेटि बनाई पदमार्ग स्थापित गर्ने, डुङ्गाको व्यवस्था गर्ने तथा मत्स्यपालनको नमुनाको रुपमा यी पोखरी क्षेत्रहरु विकास गर्ने ।

**कृयाकलापः**

- अवलोकनः रमणिय पर्यटकिय गन्तव्यको रुपमा यि क्षेत्रहरु विकाश गर्ने
- मत्स्यपालनः कृषिका विषय पढाईहुने विद्यालय तथा कलेजहरुलाई यस क्षेत्रको अध्ययन तथा अनुसन्धानमा आर्कषित गर्नलाई स्कुल कलेजहरुसँग समन्वय गर्ने

## अनुसुची ३: गढवा गाँउपालिका शिक्षा शाखाको सोच पत्र २०७८

**क परिचयात्मक खण्ड**

**१. कार्यालयको नाम:** गढवा गाँउपालिका शिक्षा शाखा

**२. कार्यक्षेत्र:** गढवा गाँउपालिका भरी

**३. प्रदान गर्ने सेवा:**

- माग फाराम संकलन, छानविन, सिफारिस र निकासा
- निकासा ससर्त (पाठयपुस्तक, छात्रवृत्ति आदि)
- निकासा निःशर्त ( मसलन्द, बुककर्नर ...आदि)
- तथ्याङ्क संकलन
- स्रोतकेन्द्रमा प्र.अ. बैठक संञ्चालन
- सामाजिक परीक्षण फाराम संकलन र समष्टिगत तयार र प्रस्तुत
- अनुगमन, निरीक्षण, सुपरिवेक्षण
- विद्यालय सुधार योजना निर्माण र अद्यावद्यिक
- परीक्षा फल प्रमाणित
- भेला बैठकमा सहभागी
- EMIS सम्बन्धित कार्यहरुः वितरण, संकलन विश्लेषण र सत्यापन
- शिक्षकहरुको का.स.मू सम्बन्धित कार्यहरु
- भौतिक निर्माण सम्बन्धित सिफारिस
- सरकारी तथा गैर सरकारी संघ संस्था सँग समन्वय र सहजीकरण
- परीक्षा अनुगमन, सि.उ. विश्लेषण र प्रक्षेपण
- करार शिक्षक छनोटमा पर्यवेक्षण समन्वय र सहजीकरण
- अख्तियार दुरुपयोगका मुद्दा मामिलाहरुमा स्थलगत छानविन र राय सहित प्रतिवेदन

**ख) योजना खण्ड**

**१. वर्तमान स्थितिको विष्लेषण**

- पहुँचमा वृद्धि (छात्रा,दलित,सिमान्तकृत)
- भौतिक सुविधा विस्तार
- शिक्षक तालिम
- सूचना तथा संचार प्रविधिको उपयोग
- अंग्रेजी भाषाको मोह

२. यस अधिका कामका सबल पक्ष

- पहुँचमा वृद्धि (छात्रा, दलित, सिमान्तकृत)
- भौतिक सुविधामा बढोत्तरी
- सिकाइ उपलब्धिमा वृद्धि
- कक्षा १ देखि कक्षा ५ सम्म अनिवार्य रुपमा दिवा खाजा सञ्चालन

३. जनशक्ति

- श्री चयनपुर मा वि, श्री सरस्वति मा वि, जनता मा. वि. कालाकाटे, श्री जनता मा वि, गढवा
- कलेज १
- स्रोतव्यक्ति संख्या १
- करिव २०० शिक्षक स्टाफ (स.का.,कर्मचारी ,शिक्षक)

४ नीति तथा कार्यक्रम

- भौतिक सुविधा विस्तार
- गुणस्तर अभिवृद्धि
- विद्यालय बाहिर रहेका बालबालिका हरुलाई विद्यालयमा भित्र्याउने र टिकाउने
- प्राविधिक शिक्षाको विस्तार

५ विगतका प्रमुख उपलब्धि

- समयमा शिक्षकहरुको साथै कर्मचारीहरुको निकासा
- भौतिक व्यस्थामा सुधार
- सिकाइ उपलब्धिमा वृद्धि
- तथ्याङ्क अद्यावधिक
- भर्नादर, तह पूरागर्ने दर बढ्नु
- दोहोऱ्याउने दर र छाड्ने दर घट्नु
- विद्यालय सुधार योजना निर्माण र अद्यावद्यिक

६. गर्नुपर्ने काम, अवसर र चुनौतिहरुः

| क्र. स. | विषय क्षेत्र | मूख्य सवाल | अवसरहरु | चुनौतिहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | अंग्रेजी माध्यम | | | |
| २ | २ | तथ्याँक व्यवस्थापन ( स्रोतकेन्द्र तथ्याँक व्यवस्थापन (विद्यालय) | तथ्याँकलाई व्यवस्थित गर्न सकिने | स्रोतकेन्द्रः ल्यापटप, कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर, व्यवस्थापन विद्यालयः कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर | |
| ३ | ३ | लेखा व्यवस्थापन तालिम | लेखापाल र प्र. अ. ले तालिम पाउँने | विद्यालयको लेखा व्यवस्थित हुने साथै आर्थिक पारदर्शिता । | |
| ४ | ४ | विद्यालय गाभ्ने, कक्षा घटाउने र बन्द गर्ने | अनुत्पादक क्षेत्रको खर्च कटौती | सरोकारवालाहरुको असन्तुष्टी | |
| ५ | ५ | कम्प्युटर सम्बन्धित तालिम | सबै प्र अ, शिक्षकहरुले पाउने | अभिलेखहरु व्यवस्थित राख्ने | |
| ६ | ६ | मर्चवार आदर्श उच्च मा. वि. मा प्राविधिक शिक्षा | विद्यार्थीहरुले प्राविधिक ज्ञान हासिल गर्ने | अनुमति, सञ्चालन र व्यवस्थापन | |
| ७ | ७ | दरवन्दी मिलान | न्यायोचित वितरण | सरोकारवालाहरुमा असन्तुष्टी नियमित गर्न कठिनाइ, | |
| ८ | ८ | न्यून दरवन्दीहुनेलाई अनुदान | सि.उ.मा वृद्धि | न्यून दरवन्दीले पठनपाठनमा बाधा | |
| ९ | ९ | उत्कृष्ट सि उ भएकालाई प्रोत्साहन अनुदान | एस इ इ परीक्षामा र कक्षा ८ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने ३ ओटा विद्यालयलाई पुरस्कार | आर्थिक समस्या | |
| १० | १० | न्यून सि उ भएकालाई अनुदान | एस इ इ परीक्षामा र कक्षा ८ को परीक्षामा न्यून नतिजा ल्याउने ३ ओटा विद्यालयलाई सुधार गर्न सहयोग | आर्थिक समस्या | |
| ११ | ११ | नमूना विद्यालय भ्रमण | सबै विद्यालयका प्रअ, स्रोतव्यक्ति लगायतको समूह नमूना विद्यालय गई यसको अनुसरण गर्ने | आर्थिक व्यवस्थापन | |
| १२ | १२ | विद्यालयमा हरियाली | हरेक विद्यालय हरियाली युक्त हुने | इच्छाशक्तिको कमी | |
| १३ | १३ | विद्यालय घेरावार | विद्यालय भवन र वातावरण सुरक्षित हुने | आर्थिक व्यवस्थापन | |
| १४ | १४ | स्रोतकेन्द्र सुदृढिकरण | स्रोतकेन्द्र व्यवस्थित हुने र सेवा प्रवाहमा कठिनाइ नहुने | आर्थिक समस्या | |

| क्र. स. | विषय क्षेत्र | मुख्य सवाल | अवसरहरु | चुनौतिहरु | कैफियत |
|---|---|---|---|---|---|
| १५ | १५ | अभिभावक शिक्षा | अभिभावक शिक्षित हुने | अभिभावको चासो कमी, आर्थिक समस्या, विशेषज्ञको अभाव | |
| १६ | १६ | समूह सुपरिवेक्षण | विद्यालयको वास्तविकता ज्ञात | व्यवस्थापनमा कठिनाइ | |
| १७ | १७ | कार्यालय व्यवस्थापन | व्यवस्थित शिक्षा शाखा हुने, सेवा ग्राहीले समयमै सेवा पाउने | आर्थिक, भौतिक, प्रशासनिक र जनशक्ति | |

**७. दीर्घकालिन सोच**

शिक्षित र समृद्ध गढवा गाँउपालिका

- प्राविधिक शिक्षा युक्त उच्च मा. वि.,
- जनशक्ति युक्त र भौतिक रुपले परिपूर्ण स्रोतकेन्द्र
- जनशक्ति युक्त र भौतिक रुपले परिपूर्ण शिक्षा शाखा
- अत्याधुनिक सुविधा सम्पन्न हरियाली युक्त विद्यालयहरु

**८. लक्ष्य**

- आगामी ५ वर्ष भित्र सिकाइ उपलब्धि ७० प्रतिशत पुऱ्याउने
- प्राविधिक शिक्षालयको विकास गर्ने
- गाँउपालिका स्तरीय आवसीय मेगा विद्यालय स्थापना गर्ने ।

९. विषयगत क्षेत्र र सूचकहरु

| क्र. स. | प्रस्तावित कार्यक्रम | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | सूचक पुष्ट्याइका आधार | जोखिम पक्षहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा | पशुविज्ञानमा आधारित कुनैपनि विद्यालय नरहेको | मर्चवार आदर्श उच्च मा. वि. मा कृषि विज्ञानको विद्यालय स्थापना | शिक्षक व्यवस्थापन, कक्षा व्यवस्थापन, प्रयोगशाला व्यवस्थापन | जनशक्तिको अभाव, आर्थिक अभाव | |
| २ | अंग्रेजी माध्यमको सिकाइ | नेपाली माध्यमबाट अध्यापन भएको | ७५ प्रतिशत विद्यालयहरुमा अंग्रेजी माध्यमबाट सिकाइ हुने | विद्यालयको सिकाइ | जनशक्ति, शै सामग्री र इच्छाशक्तिको अभाव | |
| ३ | नमूना विद्यालय भ्रमण | नमूना विद्यालयको अवलोकन नभएको | सबै विद्यालयका प्रअ र विव्यसहरुले नमूना विद्यालयको भ्रमण गरी आफ्नो विद्यालयको योजना बनाउने | विद्यालय नमूना विद्यालय वन्ने | आर्थिक, भौतिक, इच्छाशक्ति र कार्यान्वयन | |
| ४ | अतिरिक्त कियाकलाप सञ्चालन | विद्यालयमा सञ्चान भएको | हरेक वर्षमा आधारभूत स्तरीय वडा वडामा र मावि स्तरीय पालिकामा | निर्णय पुस्तिका | भौगोलिक विकटता | |
| ५ | उत्कृष्ट सिउ भएकालाई प्रोत्साहन अनुदान ३ ओटा विद्यालयहरु लाई | नभएको | उत्कृष्ट विद्यालयहुन प्रतिस्पर्धा हुने साथै सिकाइ उपलब्धि बढ्ने | सि उ | | |
| ६ | ICT तालिम | नभएको | तालिम प्राप्त जनशक्ति तयार | हाजिरी र विद्यालयको गतिविधिमा परिवर्तन | हरेक विद्यालयमा कम्प्युटर र जनशक्ति नहुनु | |
| ७ | लेखा व्यवस्थापन तालिम | नभएको | तालिम प्राप्त जनशक्ति तयार हुने र लेखा व्यवस्थित हुने | हाजिरी र विद्यालयको गतिविधिमा परिवर्तन | हरेक विद्यालयमा तालिम प्राप्त जनशक्ति नहुनु | |
| ८ | स्रोतकेन्द्र व्यवस्थापन | नभएको | ल्यापटप, बाइक, प्रोजेक्टर, कार्यालय सहयोगी | सुविधा सम्पन्न र व्यवस्थित स्रोतकेन्द्र | आर्थिक अवस्था | |
| ९ | दरवन्दी मिलान | नभएको | विद्यालय गाभ्ने, आवश्यक ठाउँमा थप्ने, कक्षा घटाउने र वन्द गर्ने | दरवन्दी मिलानका निर्णय र कार्यान्वयन | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | समूह सुपरिवेक्षण | नभएको | विद्यालयको वास्तविकता ज्ञात | अभिलेख र व्यवहार परिवर्तन | भौगोलिक कठिनाइ | |
| ११ | न्यून दरवन्दी भएकालाई अनुदान | नभएको | न्यून दरवन्दी भएकालाई अनुदान दिने | शिक्षक नियुक्ति | दरवन्दीको अभाव | |
| १२ | नमूना विद्यालयलाई प्रोत्साहन | नभएको | नमूना २ ओटा विद्यालयलाई प्रोत्साहन | प्रतिवेदन | | |

## अनुसुची ४: गढवा गाँउपालिका स्वास्थ्य शाखाको सोचपत्र

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । प्रत्येक नागरिकलाइ स्वस्थ बनाउन गढवा गाँउपालिकाको स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाइ पुरा गर्ने नीति लिइएको छ । साथै महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुँच तथा उपभोगमा वृद्धि ल्याउनको लागि विभिन्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।

**क. उपचारात्मक सेवा तथा पूर्वाधार सुधारको सोच पत्र :**

**१. वडा नं. ६ मा १५ बेडको अस्पताल सञ्चालनमा ल्याउने**

क. आउदो वर्ष देखि १५ बेडको अस्पताल स्विकृति लिने र एक्सरे, ल्यावोरेटरी र इसिजी सेवाको व्यवस्था गर्ने

ख. २ जना मेडिकल डाक्टरको दरबन्दि राख्ने, एक जना डाक्टरलाइ यसै वर्ष देखि आलोपालो काजमा खटाउने । आवश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गर्ने ।

**२. वडा नं. १, ४, ७ र ८ को हेल्थपोष्ट, ३ बेडको प्राथमिक स्वास्थ्य केन्द्र**

क. आउदो वर्ष भित्र चिकित्सक सहित,नर्सहरुको व्यबस्था गरेर ३ बेडको प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना गर्ने ।

ख. सबै हेल्थपोष्टहरुमा सामान्य ल्यावोरेटरी र सामान्य १०० एमएमको एक्सरे सेवा उपलब्ध गराउने र महिनामा एक पटक चिकित्सकहरुको सेवा उपलब्ध गराउने ।

**३.प्रतिकारात्मक सेवा:**

१. अस्पतालहरु सहित सम्पुर्ण गाँउपालिकाको फोहोरको व्यवस्थापन वैज्ञानिक ढङ्गले कार्बन उत्सर्जन नगरि गर्न हेल्थकेयर फाउण्डेशनको एक्सपर्टिजको उपयोग गरि योजना तर्जुमा गर्ने ।

२. हरेक विद्यालय र क्याम्पसमा एक नर्सको व्यवस्था गर्ने । आधारभुत विद्यालयहरु, उच्च माध्यमिक र क्याम्पसहरुमा किशोरीहरुका लागि नुहाउने स्थान, रुमाल, साबुन र प्याडहरु निशुल्क वितरण गर्ने ।

## ४. कार्ययोजना तथा आवश्यक साधन स्रोत

| प्रस्तावित योजनाहरु | प्रस्तावित क्रियाकलापहरु | आवश्यक जनशक्ति र साधन स्रोत | अनुमानित रकम |
|---|---|---|---|
| **क. स्वास्थ्य सेवा पुर्वाधारमा थप गर्ने** | | | |
| १. स्वास्थ्य चौकिलाई स्तरोन्नती (हालको अस्पताललाई) | • Emergency operatin<br>• Digital X-ray | विशेषज्ञ चिकित्सकको व्यवस्था | |
| २. अस्पताल स्थापना | वडा नं. ६ मा (१५ शैयासम्मको अस्पताल) | जग्गा र भवनको व्यवस्था गढवा गा. पा.मा X-ray किन्ने | कारण : व्यापारिक केन्द्र, सडकको सुविधा, सबै वडाहरुबाट पहुँचमा रहेको |
| ३. वडा नं. १ र ७ को हेल्थपोष्ट, ३ बेडको प्राथमिक स्वास्थ्य केन्द्र | वडा नं. १ र ७ को हेल्थपोष्टमा | जग्गा र भवनको व्यवस्था | कारण : भविष्यको व्यापारिक केन्द्र, सडकको सुविधा (लुम्बिनी करिडोर निर्माण हुदै कपिलवस्तुमा समेत सेवा पुग्ने |
| **ख.स्वास्थ्य सेवा विस्तार** | | | |
| १. विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा | वडा नं. १, २ र ३ वडा नं. ४, ५, ६, ७ र ८ (प्रत्येक स्वास्थ्य संस्थामा २ दिन हरेक महिना) | डाक्टर १ जना<br>ल्या.टे. १ जना<br>ल्याव सामग्री<br>भिडियो एक्स रे औषधी | ५५०००। मासिक (दै. भ्र.भत्ता) १०००००।<br><br>१५००००। |
| २. गा.पा. आँखा क्लिनिक स्थापना | गा. पा. भित्र १ वटा | घर, कोठा व्यवस्था | तिलगंगा आखा<br><br>अस्पतालसँग समन्वय |
| ३. दन्त सेवा विस्तार | वडा नं. ५ को हेल्थपोष्टलाई हेर्ने गरी | डेन्टल हाईजेनिस्ट ( करार नियुक्ति) | ३०००००। |
| ४. Training | X-ray -14days USG- 1 months Dental - 1 month Eye -6 months | HA/AHW<br>Dr./Nurse<br>HA/AHW/ANM<br>HA/AHW/ANM | १५०००<br>६००००<br>६००००<br>१५०००० |
| ५. फोहोर मैला व्यवस्थापन ( बजार क्षेत्रमा) | वडा नं. ६ | HECAF सँग सहकार्य गर्ने । ( फोहोर प्रशोधन प्रविधि भित्र्याउने | तत्काललाई फोहोर संकलन<br><br>गर्ने कन्टेनरको व्यवस्था गर्ने |
| ६. प्रेषण प्रणालीलाई व्यवस्थित बनाउने | EPI/FP/MNH/TB/LEPROS<br><br>Y/MALARIA | कार्यरत कर्मचारीलाई प्रोत्साहन कार्यक्रम ( बार्षिक रुपमा उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गर्ने | २०००००/- |
| ७. महिनावारी स्वास्थ्य व्यवस्थापन | प्रत्येक विद्यालयमा mens. period को बेलामा नुहाउनको लागि किशोरीको लागि छुट्टै बाथरुम नि:शुल्क प्याड वितरण | वडा अध्यक्ष<br>र स्थानीय स्वास्थ्य संस्था प्रमुख | वडा कार्यालय, विद्यालय र स्थानीय<br>नाफामूलक संघसंस्थाको साझेदारीमा |

**ख. समग्र सेवा सुधारका लागि रणनितिहरु**

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइने छ ।

२. पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।

३ नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र बालमृत्युदरहरुलाई घटाई औषत आयु बढाइनेछ ।

४. स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा बृद्धि गरिनेछ ।

५. स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाइनेछ ।

६. स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, पवर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक र परामर्श सेवाहरु समेतका स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ ।

७. स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।

८. नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रर्वद्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

**बाल स्वास्थ्य सम्वन्धि नीतिहरु**

१. पुर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ साथै गा.पा. खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।

२. खोप कार्यक्रमलाई थप व्यवस्थित बनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।

३. खोप केन्द्रहरुलाई व्यवस्थित तथा निर्माण गरिनेछ क्रमस खोप केन्द्र भवन निर्माण गरिनेछ ।

४. कोल्डचेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानव्इप यवस्थापन गरिनेछ ।

५. गर्भवति महिलालाई हरेक पटक गर्भ जांच गर्न स्वास्थ्य संस्थामा जाँदा २ प्याकेट आयोडिन युक्त नुन वितरण गरिनेछ ।

६. पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

७. स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ । पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषीला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइनेछ ।

८. पाँच वर्ष मुनिका बच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी बनाइने छ साथै यस कार्यक्रमलाई प्रभावकारी बनाइने छ अनि यस कार्यक्रमलाई व्यवस्थित बनाउन रु पचास हजार र एक लाख जिवन जल तथा समोक्सीलिन रिदका लागि विनियोजन गरिएको छ ।

**परिवार स्वास्थ्य कार्यक्रम**

१. वर्षमा एक पटक संघ तथा प्रदेश स्वास्थ्य निकायसँग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।

२. नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।

३. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो र पिल्स र कण्डमर IUCD र इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।

४. सेवाग्राही मैत्री प.नि. सेवा प्रदान गरिनेछ ।

५.आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त बनाइनेछ ।

६. पुर्ण गर्भवति जाँच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ यसका लागि म. स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिनेछ यस अभियानको संयोजक उपप्रमुखलाई बनाइने छ ।
७. गा.पा. स्तरमा एउटा प्रसुति कुरुवा घरको स्थापना गरी त्यस अवधिमा सुत्केरी र एक जना कुरुवाको खाना खर्चको सोधभर्ना गरिने छ । यसबाट सुत्केरी हुनु अगावै दिनुपर्ने पूर्व तथा उत्तर प्रसुति सेवालाई प्रदान गर्न तथा सेवा उपभोग बढाउन मद्दत पुग्नेछ ।
८. इच्छ्याइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ ।
९. आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्मेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा लाग्ने एम्बुलेन्स खर्च यस गा.पा. बाट स्रोध भर्ना गरिनेछ । ( १०००० दस हजार सम्म)

**१. PMTCT कार्यक्रमलाई निरन्तरता दिइनेछ ।**

**१.१ स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरु राखिने छ ।**

**रोग नियन्त्रण कार्यक्रम**

- ➢ समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिनेछ र महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिनेछ ।
- ➢ सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- ➢ नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ । यसलाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गा.पा. बाट नै गरिने छ ।
- ➢ महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर आर टि लाइ तयारी अवस्थामा राखिनेछ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्बन्धि सामाग्रीहरु तयारी हालतमा राखिनेछ ।
- ➢ क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर सञ्चालन गरिनेछ ।
- ➢ डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ यसमा स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ ।
- ➢ जटिल प्रकारका क्षयरोगहरु (DR/SDR) लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि पहल गरिने छ ।
- ➢ क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याब सेवाको स्थापना तथा विस्तार गरिने छ ।
- ➢ क्षयरोगका विरामिलाई पोषण भत्ताको व्यवस्थापन गरिने छ ।
- ➢ कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याइनेछ ।

**म. स्वा. स्वं. से. कार्यक्रम**

१. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।
२. वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढृडिकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ ।

३. सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि सञ्चार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालानार्थ म.स्वा.स्वं.से. हरुलाई संचार खर्च वापत प्रति महिना रु २०० का दरले प्रदान गरिनेछ ।
४. ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिनेछ ।

**स्वास्थ्य संस्थाको फोहोर मैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम**

१. स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि स्वास्थ्य सेवा विभाग स्वास्थ्य मन्त्रालयको निर्देशिकाको पालना गरिनेछ ।
२.स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ गा.पा.अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स. हरुलाई पुरस्कृत गरिने छ ।
३. हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।
४. फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।
५. वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ ।
६. स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा खानेपानीको व्यवस्थापनको लागि यथेस्ट बजेटको व्यवस्था गरिने छ ।
७. गुणस्तरको स्वमूल्याङ्कन गरी उपभोक्ताको सुन्तुष्टीमा वृद्दि ल्याउने क्रियाकलाप सञ्चालन गरिने छ । स्वास्थ्य पुर्वाधार सेवामा सर्वव्यापी पहुँच वृद्धि गर्नको लागि यस गा.पा. अन्तर्गतका वडा स्वास्थ्य संस्था संस्थापना गर्नको निम्ति कम्तिमा ४ रोपनी तत् तत् स्थापनामा जग्गाको व्यवस्थापन गरिनेछ साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा समपुरक वजेटको व्यवस्था समेत गरिनेछ ।
८. यसरी हरेक वडामा स्वास्थ्य संस्था संस्थापना गर्दा पनि सेवाको मुलधारमा आउन नसकेका समुदायलाई आधारमूत स्वास्थ्य प्रदान गर्नको निम्ति स्थानिय स्रोतमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।
९. गा.पा. मा १५ शैया को अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो को स्थापनार्थ आवश्यक पर्ने १२ रोपनी वा जनसंख्याको आधारमा सो भन्दा वढी को जग्गा यसै वर्षमा व्यवस्थापन गरिनेछ ।

**स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली**

- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ ।
- म.स्वा.स्वं.से हरुको मासिक समिक्षालाई प्रभावकारी बनाइने छ साथै नियमानुसार उत्प्रेरणा गरिनेछ ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।
- मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टनेट सेवालाई उपलब्ध गराइने छ ।

- स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर पाइकमा लागि यथोचित बजेट व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि वा तालिम गर्नका लागि स्वास्थ्य संस्थामा नै कोचिङको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिने छ ।
- रेकडिङ रिपोटिङ कार्यमा संम्लग्न स्वास्थ्यकर्मिलाई DHIS 2 को तालिमको लागि प्रबन्ध मिलाइने छ ।

**सामाजिक सुरक्षा कार्यक्रम**

- राष्ट्रिय विमा कार्यक्रमलाई प्रचार प्रसार गरी थप प्रभावकारी बनाइने छ ।
- विमितहरुको संख्या वृद्धि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु सञ्चालन गरिनेछ । घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु)
- गरीवीको परिचय पत्र प्राप्त गर्न नसकेका विपन्न नागरीकहरुको विमाको लागि गा.पा.को तर्फबाट विमित गर्ने व्यवस्था मिलाइनेछ ।
- विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

**स्वास्थ्य शिक्षा र व्यवहार**

- समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।
- स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा पवर्द्धन गर्ने क्रियाकलापलाइ सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको अनिवार्यता गरिने छ ।
- किशोर किशोरीहरु सँग स्वास्थ्यकर्मी हरुको अन्तरकृया नियमित गरिनेछ ।
- सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि बनाइने छ ।
- माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्यका विषयहरुको कक्षा स्वास्थ्यकर्मी बाट गरिनेछ । यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गरिनेछ । खाजा खर्च व्यवस्थापन गरिने छ ।
- समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गित, वक्तृत्वकला जस्ता प्रतियोगिता सञ्चालन गरिने छ ।
- स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्धको दिवस लाई अवसरको रुपमा मनाइने छ ।
- सुर्तिजन्य पदार्थको नियमन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ । साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।
- निशुल्क औषधि तथा भण्डारण कार्यक्रम
- औषधि, खोप तथा स्वास्थ्य सम्बन्धि सामाग्रीहरुको भण्डारणको लागि अत्याधुनिक भण्डारण कक्षको निर्माण कार्य शुरु गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि
- उचित बजेट व्यवस्थापन गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसँग समन्वय गरीनेछ।निशुल्क औषधि को लागि थप रकम विनियोजन गरिनेछ ।

- गा.पा. बाट स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामाग्रीहरुको ढुवानी व्यवस्था मिलाइनेछ
- साथै केन्द्र तथा प्रदेशबाट जिल्ला मार्फत प्राप्त हुन आउने औषधिहरुको समेत ढुवानीको व्यवस्था मिलाइनेछ ।

**राष्ट्रिय यौन तथा एड्स नियन्त्रण कार्यक्रम**

- प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातयात खर्चको व्यबस्थापनको लागि पहल गरिने छ ।
- PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ ।
- एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी मासिक १ हजार रूपैया प्रदान गरिने क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

**जनसंख्या नीति**

- विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानताबाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा बसाइसराई जस्ता जनसंख्या सम्वन्धि परिसूचकहरुको प्रभावलाई मध्यनजर गरि नीति तय गरिनेछ ।
- प्रजनन दर र मृत्युदरको अध्ययन गरिनेछ ।
- मातृ र शिशु मृत्युदर घटाइनेछ ।
- जेष्ठ नागरिकको रेखदेख, उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्ययन गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ ।
- जनसंख्याको असमान वितरण, आन्तरिक र बाह्य बँसाइसराईको असर मूल्याङ्कन गरिनेछ ।
- लैङ्गिक असमानताको अध्ययन गरिनेछ ।
- विद्यालय स्तरमा किशोर किशोरी साथि शिक्षा तथा यौन शिक्षा कार्यक्रम लागु गरिनेछ ।
- जनसंख्या पार्श्र्वचित्र (Population Profile) तयार गरी जनसंख्याका आधारमा योजना तर्जुमा गरिनेछ ।

**अन्य**

- खानेपानी मुहान सुदृढिकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिने छ ।
- आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारका लागि खा.पा. उपभोक्ता समितिलाई थप जवाफदेही बनाइने छ ।
- जडिबुटि प्रशोधन केन्द्रको स्थापना गरिने छ साथै आयुर्वेद सेवालाइ थप व्यवस्थित एवं विस्तार गरिने छ ।
- स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरुमा स्वास्थ्यका लक्ष्यहरु हासिल हुनसक्ने नीतिहरु अवलम्बन गरिने छ ।
- स्वस्थ घर, स्वस्थ गाँउ तथा स्वस्थ नगर जस्ता अभियानहरु सञ्चालन गरिनेछ ।

## अनुसुची ५: गा. पा. को विभिन्न हावापानी र भुगोल अनुसारको भु उपयोग सोचपत्र

गा. पा. भित्रको वर्तमान भू उपयोगको अवस्था विश्लेषण गर्दा करीव १३ प्रतिशत खेती गरेको जमिन, ६४ प्रतिशत वन क्षेत्र र ३ प्रतिशत वस्ती रहेको देखिन्छ। खेतीयोग्य जमिन मध्ये ७० प्रतिशत प्रतिशत खेत,१० प्रतिशत अन्य खेति र २० प्रतिशत खेतिगर्न छाडेको बाँझो जग्गा देखिन्छ।

**क. राप्ती नदी र सिकहवा,रान्सिङ्ग, ककहवा खोला किनारका भ्फोडा क्षेत्रहरु**

गा. पा. को उत्तरपुर्वी भागबाट बग्ने राप्ती नदी तथा रान्सिङ्ग खोला र दक्षीण उत्तर भयर बग्ने सिकहवा,ककहवा खोला किनारका भ्फोडा क्षेत्रहरुमा पुर्ण रुपमा सिँचाइ पुर्याइ तीन बाली लगाएर अन्न भण्डारको विकास गरी खाद्यान्न बालीको श्रोत केन्द्र विकास गर्ने छ। यसको लागी वीउ मल प्रविधिको व्यवस्थापन, कृषि यान्त्रीकरण गर्न तर्फ गा. पा. ले ध्यान दिने छ।। यस्ता क्षेत्रमा निम्न बमोजिम भू उपयोग गर्न प्रोत्साहित गरिने छ :

१. खाद्यान्नबाली: धान ,गहु, मकै
२. तरकारीबाली: लौका, करेला, फर्सी, काक्रो, काउली, बन्दा, खुर्सानी
३. मसलाबाली: लसुन, प्याज, खुर्सानी
४. फलफुलबाली: अम्बा, आप, लिचि, भूइकटहर, रुख कटहर, एभोकार्डो, किवि
५. कृषि वन बाली : सजिउन, टाकी, ईपील, किम्बु
६. तेलहन वाली: तोरी
७. मत्स्यपालन
८.पशुपालनः भैसीपालन, बाख्रा पालन, दुग्धजन्य पदार्थ

**ख. सुख्खा क्षेत्रका लागी**

गा. पा. को सुख्खा गर्मी क्षेत्रको लागी, (आँप लिची कटहर अम्बा अनार कफी) को सम्भावना देखिन्छ। यो क्षेत्रको लागि उपयोगी बालीहरु निम्न देखिन्छ :

१. **सुख्खा क्षेत्रको निजी जग्गा जमीनको लागि**

- ➢ खाद्यान्नबाली : मलीलो ठाउमा मकै पाकेट क्षेत्र तर रुखो ठाउहरुमा परम्परागत लोपोन्मुख बाली जोगाउने
- ➢ दलहन वाली : गहत, सिमी, बोडी, रहरी
- ➢ नगदेवाली : कपास, सुर्ति, सैजुन, बदाम
- ➢ तेलहन वाली : तील, आलस
- ➢ तरकारीबाली : लौका, करेला, फर्सी, काक्रो, खुर्सानी, आलु
- ➢ मसलाबाली : लसुन,प्याज, खुर्सानी
- ➢ फलफुलबाली : आप, भूइकटहर, रुख कटहर
- ➢ कृषि वन बाली सम्भाव्य समिश्रण ईपील, किम्बु, सिसौ, बकाइनो, टाकी, कोइरालो, मेवा, केरा, कफी, रुख कपास, पिडालु, तरुल, सिमल तरुल, उखु, भूइकटहरु, सैजुन, नेपीयर घास, एन वि २१ घास
- ➢ पशुपालन :उन्नत बाख्रापालन, गाई गोरु पालन, जलवायु पर्माचल्चर अर्गानिक उत्पादन र बजारीकरण

**२. चिस्यान भएका क्षेत्र तथा सिँचाई हुने क्षेत्रका लागी**

१. खाद्यान्नबाली: मकै पाकेट क्षेत्रका साथै फापर समेत
२. दलहन वाली : मास, बोडी, खेसरी, मसुरो

३. तेलहन वाली तोरी, सुर्यमुखी, सर्स्यू, तिल, आलस
४.नगदेवाली/मसलाबाली : पीडालु, अदुवा, बेसार, आलु
४.तरकारीबाली : हरियो सागपात, काउली, बन्दा, मुला, खुर्सानी, आलु, करेला
५.फलफुलबालीः सून्तलाजात फलफुल ( कागती, निवुवा, भोगटे, आरु, किवीफल )
७. कृषि वन बाली सम्भाव्य समिश्रण : उपयोगी डालेघास, टाँकी, ईपील, किम्बु, टाकी, नेपीएर, मोलासेस, भेटीभर, एन वि २१ घाँस
८. पर्माचल्चर,अर्गानिक उत्पादन र बजारीकरण

**३. दिगो भू व्यवस्थापन र अर्गानिक उत्पादन**

कृषि उत्पालनलाई विषादी मुक्त राखी अर्गानिक उत्पादनमा जोड दिइने र सो का लागि निम्न बमोजिमका उपायहरु अपनाई दिगो भू व्यवस्थापन गरिने छ।

## अनुसूची ६: एकीकृत बस्ती विकास योजना अवधारणा

वस्ती एउटा मानव निर्मित वातावरण हो, जहाँ मानिसहरु बास बस्छन्, आर्जित सम्पत्तिको भण्डारण गर्छन् र अन्य जीवन सुरक्षित कामहरु गर्दछन् । गा.पा. को झन्डै ९०% जनसंख्या भित्रि वस्तीहरुमा बस्ने गर्दछन । जसले गर्दा शिक्षा, स्वास्थ्य, खानेपानी, पुर्वाधार, बाटोको पहूँच लगायतका सेवा सूविधाहरुबाट यी जनसंख्या वञ्चित रहेका छन र पाएकाहरुलाई पनि सूविधाको पहूँच प्राप्त गर्न गाह्रो छ । यस्ता धेरै वस्तीहरु आगलागी र बाढी पहिरोको दृष्टिले जोखिमपूर्ण रहेका छन् । प्रत्येक वर्ष बाढीपहिरोले पुर्‍याउने जनधनको नोक्सानीले समेत नेपालका धेरैजसो वस्तीहरु जोखिममा रहेको प्रष्ट हुन्छ । बढ्दो जनसंख्या, अव्यवस्थित शहरीकरण र आवश्यक इन्जिनीयरिङ प्रक्रिया विना गरिएका भौतिक पूर्वाधारहरुको विस्तारले वस्तीहरु अझ बढी जोखिमपूर्ण हुँदै गएकाछन् । छरिएर रहेका ग्रामिण वस्ती संरचनामा स्थान अनूकुलता अनुसार फेरबदल गरी सुविधा सम्पन्न, सुरक्षित र समृद्ध मानव वस्ती बनाउन वस्ती स्वयं विकासको मुख्य साधन (Instrument) बन्नु आवश्यक छ । विकासको विद्यमान चुनौती सामना र नयाँ अवसरको प्रयोग गर्न विकास योजनाको स्थलीय आधार (Spatial base), सहभागितामुलक विकास पद्धति, विकास निर्माणका उपलब्धि र प्रकृयामा स्थानीय समुदायको स्वामित्व विकास गर्दै विकास निर्माणमा खर्चिएको लगानीलाई मितव्ययी एवं उपलब्धिपूर्ण बनाउन, सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा योजना तलबाट (Planning from Bottom) र विकास भित्रबाट (Development from Within) भन्ने आधुनिक एवं वैज्ञानिक विकास अवधारणालाई कार्यान्वयन गर्न एकीकृत वस्ती विकास एउटा कोशेढुङ्गा सावित हुनसक्दछ ।



## सर्न्दभ सामाग्री


- स्थानिय सरकार सञ्चालन ऐन २०७४
- नेपालको संविधान, २०७२
- केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८
- जिविस, दाङ, जिल्ला पार्श्व चित्र, २०७२
- नापी विभाग, टोपोग्राफिक नक्शाहरु, १९९२
- गढवा गाँउपालिकाको आर्थिक प्रतिवेदन, २०७५
- गाँउपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका, २०७४
- Geographical Coding of States, Districts and Local units : NPC/CBS, 2017
- NEPAL Multidimensional Poverty Index, 2018: National Planning Commission
- A study on Foreign Aid Mobilization in Federal Nepal, Dec. 2017: Ministry of Finance
- नेपालको पन्ध्रौ आवधिक विकास योजना (२०७६/७७-२०८०/८१)
- सहस्राब्दी विकास लक्ष्य
- सार्वजनिक खरिद ऐन,२०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक वर्ष २०७६/०७७को बजेट वक्तव्य, २०७७: अर्थ मन्त्रालय
- राजस्व परामर्श समितिको प्रतिवेदन,२०७४: अर्थ मन्त्रालय
- अन्तर सरकारी वित्तीय हस्तान्तरण, आर्थिक वर्ष २०७५र०७६: अर्थ मन्त्रालय २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७३: अर्थ मन्त्रालय
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४
- आर्थिक वर्ष २०७५र०७६ का लागि प्रदेश सरकारबाट स्थानीय तहमा हुने सवारी साधन
- कर बाँडफाँटम्बन्धी सिफारिस, २०७५: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- आर्थिक सर्वेक्षण २०७४ र ०७५: अर्थ मन्त्रालय
- दिगो विकास लक्ष्य २०३०: राष्ट्रिय योजना आयोग २०७३